- फ्रान्सिसी कम्युनिष्ट पार्टीको विघटन
- एकै महिनामा तीन तीनवटा साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय सम्मेलनहरु
- देङको मृत्युपछिको चीन
- के राज्यले शंकराचार्यको यत्रो स्वागत गर्नु उचित छ ?
- स्विट्जरलैण्डका उद्योगहरु टाट पल्टने दिशातिर


यसरी पसिरहेछ नेपाली संस्कृतिमा साम्राज्यवाद

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ४६
वैशाख, २०५४


मूल्य रु. १५।-
(भारतमा भारु १२।-)



## राप्रपा-एमाले संयुक्त सरकार

# कता लम्कँदैछ नेपालको बहुदल ?

आदरणीय निर्माणकर्ताहरु,
के तपाईं असली टोरकारी (फलामे छड) को साटो नक्कली फलामे छड प्रयोग गर्न चाहनु हुन्छ ?




अवश्य पनि चाहनु हुन्न... !
कसैले पनि चाहँदैनन्...... !

तर अचेल बजारमा हिमाल टोरकारी जस्तै फलामे छडहरु विभिन्न नामले बिक्री वितरण भइराखेका छन् । सम्झनुहोस्, यी छडहरु झट्ट हेर्दा मात्र हिमाल टोरकारी जस्ता छन् तर प्राविधिक परीक्षण गर्दा गुणस्तरीय नभएको पाइएकोले उपभोक्ता वर्गमा आफ्नो निर्माण कार्यको लागि छडको खरीद गर्दा सावधान भई हाम्रा अधिकृत विक्रेताहरु कहाँबाट मात्र खरीद गर्न अनुरोध गर्दछौं ।

सधैं हिमाल टोरकारी प्रयोग गरौं र
अरुलाई पनि यही सल्लाह दिऔं ।

हिमाल टोरकारीः लगानीको अधिकतम प्रतिफल

नेपालमा एक मात्र निर्माता
हिमाल वायर्स लि.
ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोनः २२५४९०, २२६३२७



श्री ५
महाराजाधिराज
वीरेन्द्र वीर विक्रम
शाहदेव सरकारको
गद्दी आरोहण
रजत महोत्सवको
सुखद् उपलक्ष्यमा
मौसूफप्रति हार्दिक
शुभकामना चढाउँदै
मौसूफको समृद्धि तथा
सुकीर्तिका लागि प्रार्थना
गर्दछौं !

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ४६
२०५३-५४, चैत/वैशाख



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं




राप्रपा-एमाले संयुक्त सरकार

## कता लम्कँदैछ नेपालको बहुदल ?

पद्मरत्न तुलाधर, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, डा. मथुराप्रसाद श्रेष्ठ, सुशीलचन्द अमात्य, चन्द्रराज ढुंगेल, विश्वकान्त मैनाली, गणेशमान सिंह, डा. देवेन्द्रराज पाण्डे, कपिल श्रेष्ठ, अशोष मल्ल, खगेन्द्र संग्रौला, प्रदीप गिरी, कविताराम श्रेष्ठ, श्यामकृष्ण कोजू, चित्र ब. के.सी.का विचारहरु

उपप्रधानमन्त्री क. वामदेव गौतमसंगको ताजा अन्तर्वार्तासहित

२०४६ को परिवर्तनपछिको नेपाली राजनीतिक यात्राको गन्तव्यका बारेमा विशेष विश्लेषण !

नेपाली संस्कृतिमा पसिरहेको साम्राज्यवाद

## यसको प्रतिरोधका निम्ति के गर्नु जरुरी छ ?

गोविन्द भट्ट, खगेन्द्र संग्रौला, निनु चापागाई, डा. चैतन्य मिश्र, श्याम श्रेष्ठ, हरिगोविन्द लुईटेल, विमल फ्युँयाल र राजेन्द्र महर्जनका विचारहरु

अन्तर्क्रिया रिपोर्टको अन्तिम भाग ।

विश्लेषण

## देङ सियाओपिङ र देङपछिको चीन



देङका कामहरूको समग्रमा मूल्यांकन

आजको चीन कुन दिशामा अघि बढ्दैछ ?

० फ्रान्सेली कम्युनिष्ट पार्टीले मार्क्सवाद लेनिनवादलाई त्याग्यो ।
० साम्राज्यवादको विरोधमा हालै फिलिपिन्स, जर्मनी र क्यूबामा भएका सम्मेलन र सेमिनारहरू


**हाम्रो मूल्यांकन**
के राज्यले शंकराचार्यको यत्रो स्वागत गर्नु ठीक छ ? ३
**आवरण कथा**
कता लम्कँदैछ नेपालको बहुदल ? ३
**विश्व कम्युनिष्ट आन्दोलन**
फ्रान्सेली क.पा.ले सिद्धान्त त्याग्यो १७
साम्राज्यवादका विरूद्ध फिलिपिन्स, जर्मनी र क्यूबाका सम्मेलनहरू १८
**आँखीझ्याल**
क्यानडामा गरीबी २८
स्विट्जरल्याण्डका उद्योगहरू टाट पल्टिने २८
जर्मनीमा बेरोजगारी- दीपक वैद्य २८
**अचेल**
झापा विद्रोहका योद्धा राजन राजवंशी के गर्दैछन् ?- कृष्ण प्र. भट्टराई ३०
**जीवनको झाँकी**
देङ र देङपछिको चीन १४
**संघर्षको गाथा**
पेरिस कम्युन र यसबाट सिक्नु पर्ने पाठहरू- प्रा. माणिकलाल श्रेष्ठ ३२
**प्रेरक प्रसंग**
काम नगर्ने नियम टाँस्नु नै किन ? १६
रोजा लक्जम्वर्गबारे गलत हल्ला १७
**नीति/संस्कृति**
मैले खाएको ठीक तैले खाएको बेठीक -चन्द्रदेव नेपाली ३४
**साहित्य**
कविता-पुरूषोत्तम सुवेदी ३८
**पर्दा/रंगमंच**
भारतका प्रसिद्ध जन-कलाकार गद्दरमाथि गोली प्रहार ४१
**उत्पीडित चौतारी**
घरेलु दासताबाट महिलाहरूको मुक्ति कसरी ? २९
**मार्क्सवाद परिचयमाला**
मार्क्सभन्दा अघिका सबै भौतिकवादको दोष ३९
**विज्ञान/प्रवधि**
आफूले आफैं जस्तो मान्छे जन्माउन सक्ने प्रविधि- क्लोनिङ्ग २६
**अन्तर्क्रिया**
नेपाली सांस्कृतिमा साम्राज्यवाद २१
**विचारमंच**
विकृत फिल्महरूका प्रभावहरूलाई कसरी रोक्ने ? ४०
**रिपोर्ट**
मूल्यांकनको समीक्षा भेला ३६
**पाठकको कुरो-** ४२



आवरणमा: उपप्रधानमन्त्री बामदेव गौतम/फोटो: उषा तिवारी /कलाकारहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक
कम्प्युटर सेटिङ्ग: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

# के राज्यले शंकराचार्यको यत्रो स्वागत गर्नु ठीक छ ?

❑ भारतको काँची कामकोटी पीठका पीठाध्यक्ष हिन्दू धर्मगुरु शंकराचार्य जयेन्द्र सरस्वती र उनका उत्तराधिकारी ने नका राजाको शासनकाल २५ वर्ष पुगेको उपलक्ष्यमा आशीर्वाद चढाउन नेपाल आएका छन् । यसअघि पनि उनी दुई पटक नेपाल आइसकेका हुन् । तथापि, बहुदलीय व्यवस्थापछिको नेपाली राज्यले उनको यति ठूलो स्वागत गर्‍यो, जति एउटा आमन्त्रित विदेशी राष्ट्राध्यक्षको हुनेगर्छ । स्वयं देशका शक्तिशाली बाम उपप्रधानमन्त्री उनको दर्शनका खातिर स्वागत समितिको अध्यक्षसमेत बनेर जुटे । स्वर्गद्वारीको यात्रा गर्न नेपालको टट्टीटाट राज्यले आफ्नो खर्चमा उनलाई हेलिकोप्टर सुविधासमेत उपलब्ध गरायो र भनिन्छ-जिन्दगीमा पहिलो पटक शंकराचार्यले नेपालमै हेलिकोप्टर चढे । यस्तो सुविधा त स्वयं भारतीय राज्यले समेत उनलाई उपलब्ध गराएको इतिहास छैन ।

यतिखेर धर्मभीरु नेपाली जनताको आस्थालाई 'प्रसिद्ध' हिन्दू धर्मगुरु शंकराचार्यका माध्यमबाट समेत आफूतिर तान्न दरवार उद्यत देखिन्छ । शंकराचार्यको आशीर्वाद-यात्रा त्यही नियतको उपज हो भन्ने हामीलाई लाग्छ । र, नेपालको सत्तारुढ सबैभन्दा ठूलो वामशक्तिका प्रतिनिधि उपप्रधानमन्त्री दीगो सत्तासुखका लागि दरवारलाई आफ्नो समर्थनमा तान्न नै हिन्दू धर्मगुरुको स्वागतार्थ राज्यको खर्चमा यति सुन्दर रातो तूल बिच्छ्याउँदै हिँडिरहेका देखिन्छन् ।

धर्म भन्ने कुरा मान्छेको व्यक्तिगत आस्थाको विषय हो । र, कसैको धार्मिक आस्थामा चोट पुर्‍याउनु हामी उचित ठान्दैनौं । जनताको कुनै पंक्तिले आस्थावश आफ्नो धर्मगुरुलाई भव्य स्वागत गर्छ भने त्यसमा केही भन्नु जरुरी रहन्न । तर हाम्रो गम्भीर आपत्ति- धर्मको मामलामा प्रजातान्त्रिक राज्य तटस्थ नबसेकोमा हो, प्रजातान्त्रिक राज्यले एउटा धर्मविशेषलाई विशेष ग्राह्यता दिएकोमा हो । र, धर्मलाई तुच्छ राजनीतिक स्वार्थको साधन बनाएकोमा हो ।

नेपाल बहुधार्मिक देश हो । र, प्रजातन्त्रको चूरो कुरो भनेको समानता हो । यो समानताभित्र धार्मिक समानताको सवाल पनि पर्छ । प्रजातान्त्रिक राज्यले सबै धर्म र धर्मावलम्बीहरुलाई समानताको आँखाबाट हेर्नुपर्छ । कसैलाई काखा र कसैलाई पाखा गर्न पाईंदैन । धर्मको मामिलामा राज्य मुछिन पनि पाईंदैन । नागरिकहरु आफूलाई मन लागेको धर्म आफ्नो खर्चमा, आफ्नो इच्छामुताबिक मान्न वा नमान्न स्वतन्त्र छन् र हुनुपर्छ । र, राज्य यो मामलामा तटस्थ हुनुपर्छ । कुनै धर्मलाई राज्यधर्म बनाउने, कुनै धर्मलाई सौताको छोराको व्यवहार गर्ने- यो प्रजातन्त्रको लक्षण होइन । राज्य कुनै पनि धार्मिक सम्प्रदायको मामलामा निरपेक्ष हुनुपर्छ, बेसरोकार हुनुपर्छ । धर्मको मामलामा प्रजातन्त्र भनेकै यही हो ।

तर हामी प्रश्न गर्न चाहान्छौं- जुन स्वागत राज्यले आफनो खर्चमा शंकराचार्यको लागि नेपालमा अहिले जुटाइरहेको छ, नेपालमा प्रचलित कुनै अर्को धर्मका धर्मगुरुलाई त्यस्तै स्वागत उसले कहिल्यै गरेको थियो ? वा कहिल्यै गर्नेछ ? के प्रजातान्त्रिक राज्यले धर्मको मामलामा तटस्थ नबसेर यति नांगो पक्षपात र भेदभाव गर्नु जायज छ ? कुनै खास धर्मगुरुको स्वागतार्थ वा कुनै धर्म विशेषको लागि प्रजातान्त्रिक राज्यले आफ्नो ढुकुटी खोल्नु के उचित कुरा हो ? यसबाट के नेपालमा धर्म-धर्मबीच आपसी सदभाव र सहिष्णुता कायम रहला ?

हामीलाई लागेको छ- निहित राजनीतिक स्वार्थका लागि धर्मलाई र धार्मिक आस्थालाई पनि साधनका रुपमा प्रयोग गर्ने जुन षड्यन्त्र नेपालमा अहिले भइरहेछ, त्यसले नेपाललाई पनि भारतको बाबरी मस्जिद काण्ड जस्तै उन्माद र उपद्रवतिर धकेल्ने छ, धार्मिक असहिष्णुता र साम्प्रदायिक दंगातिर धकेल्नेछ ।

धर्मको सम्बन्ध भावनासित हुन्छ र धामिर्क पक्षपात र दंगाको कारणले मान्छे-मान्छेमा एकचोटी भावनात्मक फाटो आयो भने त्यो फेरि जोडिनु धेरै नै गाह्रो कुरा हुन्छ । राष्ट्र त्यो हालतमा एकताबद्ध रहनै सक्दैन । त्यसैले देशव्यापी रुपमा यो षड्यन्त्रहरुको विरोध हुनु जरुरी छ । धर्मको मामलामा राज्य तटस्थ नबस्ने, शंकराचार्यलाई राजनीतिक स्वार्थसिद्धको गोटी बनाउने र गरीब राज्यको अमूल्य ढुकुटी यस प्रयोजनको निम्ति खर्च गर्ने- यो दुष्प्रवृत्ति अबिलम्ब रोक्नु जरुरी छ । यो प्रवृत्तिको सर्वत्र विरोध हुनु जरुरी छ ।

❑ धर्मको जरो मान्छेको दुःख, असहाय भाव र अज्ञानमा निहित छ । पहिले प्रकृतिको अन्धाधुन्ध र प्रलयकारी शक्तिका सामुन्ने मान्छेको दुःख, असहायता र अज्ञानले मान्छे प्रकृति पूजा हुँदै वर्गहरुको उत्पत्तिपछि ईश्वर पूजातिर लाग्यो । अहिले पूँजीवादी युगमा भीमकाय पूँजी र पूँजीवादी राज्यका सामुन्ने मान्छेको दुःख र असहायपन अरु बेसी गहिरो र विस्तृत भएको छ । दुःखको मूल कारण थाहा नपाएका मान्छे आफ्नो दुःख भुल्न र असहाय स्थितिमा सहायकको अनुभूति गर्न धर्मको शरणमा जाँदैछन् । त्यसैले, जबसम्म धर्मको जरो अन्त गरिनेछैन, धर्मको अन्त हुनेछैन ।

सबै धर्मका शुरु प्रवर्तकहरुले दुःखको कारण र त्यसबाट मुक्ति खोज्ने सिलसिलामा नै धर्मको विकास गरेको देखिन्छ । धर्मलाई अन्धसम्प्रदाय बनाएको त धर्मलाई अति सजिलो नाफादायक व्यापार बनाउने पण्डा-पुरोहितहरुले हो, धर्मलाई आफ्नो राजनीतिक स्वार्थसिद्धिको भरेङ बनाउने राजनीतिज्ञहरुले हो । उनीहरुको हातमा परेर धर्म साह्रै नै अन्धो सम्प्रदाय बनेको छ, नाफा-नोक्सानको व्यापार बनेको छ । मान्छेलाई दुःखको कारण, आफ्नो मुक्तिको असली बाटो नै पत्ता लाग्न नदिने मुक्तिको तगारो बनेको छ ।

धर्मको उत्पत्ति कसरी भयो र कसरी कतातिर यसको विकास हुँदैछ, त्यसबारे विभिन्न कोणबाट स्वस्थ र पर्याप्त बहस, छलफल र वादविवाद हुनु जरुरी छ, खोज अनुसन्धान आवश्यक छ । तर बहुदल आएपछिको खुल्ला वातावरणमा पनि त्यसतिर विशेष पाइला कतैतिर बाट पनि चालिएको देखिन्न । बहुदल आएपछि उल्टो, कुनै खास धर्म विशेषलाई भोट-बैंक बनाउने नियतले अस्वस्थ वादविवाद र झै-झगडा उचाल्ने प्रयत्नहरु भइरहेका देखिन्छन् । कुनै खास विदेशी धर्मलाई आर्थिक भौतिक सहयोगको प्रलोभनमा गाउँ गाउँसम्म पुर्‍याउने प्रयत्न यतिखेर निकै विस्तारित हुँदै गएको पनि देखिएको छ । त्यसैले, अहिले पनि धार्मिक अन्धविश्वास बहुसंख्यक नेपाली जनतामा ज्यूँकात्यूँ रहेको छ ।

सचेत रुपले र योजनाबद्ध रुपले वैज्ञानिक शिक्षा-अभियान संचालन गरी अन्धविश्वासबाट बहुसंख्यक जनतालाई मुक्त पार्न नसकिएसम्म धर्मका आडमा राज्यको ढुकुटी खर्च गरेर निहित स्वार्थ पूरा गर्ने घटना पटक पटक भइरहनेछ । त्यसैले समाजका सबै प्रगतिशील शक्तिको ध्यान यतातिर जानु जरुरी भएको छ । ◆

# राप्रपा-एमाले संयुक्त सरकार

## यहाँ सम्म आइपुग्दाको नेपालको बहुदलीय व्यवस्थाको चिरफार

**२०४६** सालको ऐतिहासिक जनआन्दोलन सफल भएर बहुदलीय पूँजीवादी प्रजातन्त्र नेपालमा कायम भएको सात वर्ष मात्र भएको छ, नेपालको राजनीतिमा फेरि पंचायती भूत मडारिन थालेको छ । ती व्यक्ति प्रजातान्त्रिक नेपालका पाँचौं प्रधानमन्त्रीका रूपमा सिंहदरवारको अग्लो कुर्सीमा विराजमान भएका छन्, जो जन-आन्दोलनको उत्कर्षको बेला चैत्र २४ गते भएको आम-हत्याकाण्डका दमन-नायक थिए ।

पराजित शासक वर्ग आन्दोलनको ज्वारभाटा अलि शान्त भएपछि फेरि सत्तामा फर्कने जमर्को गर्छ, यसमा आश्चर्य मान्नुपर्ने कुनै कारण छैन । यो उसको स्वाभाविक प्रवृत्ति हो । तर आश्चर्यको कुरा के भएको छ भने- जन-आन्दोलनका नेतृत्वदायी महारथीहरूले नै पटक पटक प्रतिगामी शक्तिलाई काँध र थाप्लामा बोकेर सिंहदरबारको गद्दीसम्म पुर्‍याएका छन् ।

जसरी पनि एमालेलाई सत्ताच्यूत गर्न नेपाली कांग्रेसले अठार महिनाअघि पहिलो पटक परराष्ट्रमन्त्री र जलस्रोत मन्त्रीको पगरी सुम्पेर र विश्वमा कतै नभएको साराका सारा सांसद सबैलाई मन्त्री पदको उपहारसमेत सुम्पेर विटुलो राप्रपालाई सुनपानीले चोख्याएको थियो । अहिले कांग्रेसलाई जसरी पनि सत्ताबाट विस्थापित गर्न एमालेले कांग्रेस समेत पुड्को हुने गरी राप्रपालाई रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, जलस्रोत मन्त्रालय जस्ता आधारभूत

## जनताले देखाएको यस प्रकार-को आक्रोश र आन्दोलनकारी भावनाको कदर किन गरिएन ?

२०४६ सालको जनआन्दोलनमा राजा महेन्द्रको शालिकलाई जुत्ता प्रहार गर्दै एक आन्दोलनकारी युवक






२०४६ को परिवर्तन-पछिको नेपाली राजनीतिक यात्राको गन्तव्यका बारेमा विशेष विश्लेषण !

# कता लम्कँदैछ नेपालको बहुदल ?

वर्तमान प्रम लोकेन्द्र ब. चन्द



**पद्मरत्न तुलाधर, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, डा. मथुरा प्र. श्रेष्ठ, सुशीलचन्द अमात्य, चन्द्रराज ढुंगेल, विश्वकान्त मैनाली, गणेशमान सिंह, डा. देवेन्द्रराज पाण्डे, कपिल श्रेष्ठ, अशेष मल्ल, खगेन्द्र संग्रौला, प्रदीप गिरी, कविताराम श्रेष्ठ, श्यामकृष्ण कोजू, चित्र ब. के.सी.का विचारहरु**

*उपप्रधानमन्त्री क. वामदेव गौतमसंगको ताजा अन्तर्वार्तासहित*

मन्त्रालय मात्र होइन, शक्तिशाली प्रधानमन्त्रीको पगरी पनि सुम्पेको छ ।


सातै वर्षमा नेपालको बहुदल प्रतिगमनको दिशातिर ओरालो लागेको छ । र, यस्तो भएको प्रतिगामी शक्तिहरूले राम्रा र लोकप्रिय काम गर्नाले होइन, जनआन्दोलनका दुई सबैभन्दा ठूला नेतृत्वदायी शक्तिको स्वार्थ-केन्द्रित निम्छरो नेतृत्वको कारण भएको छ । अहिले यी दुई ठूला शक्तिहरू सत्तालाई साधन होइन, साध्य बनाउँदैछन् । जसरी पनि सत्तामा पुग्न मूर्खतापूर्ण प्रतिक्रिया र प्रतिशोधको राजनीति गर्दैछन् । परिणाम यो भएको छ कि- उनीहरूको प्रत्येक कदमले प्रजातन्त्र र जनता होइन, जनआन्दोलनमा पराजित भएको दरबार पहिलेभन्दा बलियो र स्थापित बन्दै जाँदैछ ।

अहिलेको शक्ति-सन्तुलनमा दरबार फेरि तुरून्त नै सत्र सालमा जस्तै सर्वशक्तिमान एकतन्त्र भएर निक्लने सभावना त देखिदैन । तर संविधानतः कुनै निर्णायक शक्ति दरबारसित नभए पनि राज्य-यन्त्रका महत्वपूर्ण कडीहरूमा आफ्ना मान्छे पुनरारोपित गरेर अघोषित रूपमा पुनः नयाँ तरीकाबाट शक्तिशाली बन्ने दरबारको नयाँ रणनीति भने कांग्रेस र एमालेका हालका हरेक कदमहरूबाट सफल हुँदै गएको देखिन्छ । दुई चार वर्ष अघिसम्म पराजित र टाउकै उठाउन नसकेका पुराना पंचहरू अब राजधानीमै सम्मेलन गरेर सक्रिय राजतन्त्रको माग गर्ने साहस गर्न थालेका छन् । दरबार रिझाउन संवैधानिक राजाको शासनकाल पच्चीस् वर्ष पुगेको उपलक्ष्यमा करोडौंको थैली नेपाल जस्तो अति गरीब देशले बेफ्वाँकमा फुक्ने हरकतसमेत यहाँका जनआन्दोलनका अगुवाहरूबाट हुन थालेको छ ।

## एक समीक्षा विगतको

खोजेको भए २०४६ सालमा संयुक्त अन्तरीम सरकार बनेजस्तै २०४८ सालको आम चुनावपछि पनि ५-१० वर्षसम्म वाम-कांग्रेस सरकार नेपालमा कायम रहन असंभव थिएन । यो सरकारले मल्लिक आयोगको प्रतिवेदन लागू गर्न संभव थियो । नेपालमा पूँजीवादी हदका केही आधारभूत सुधारहरू गर्न संभव थियो । जस्तो, औद्योगीकरण, विद्युतीकरण, भूमिसुधार, महिला समानताको क्षेत्रमा केही दरा कदमहरू उठाउन संभव थियो । आम जनतालाई परिवर्तनको अनुभूति हुने केही राहतकारी कदमहरू उठाउनु संभव थियो । दरर्बारलाई कमजोर र जनतालाई बढी शक्तिशाली बनाउने केहीकदम उठाउनु संभव थियो । यस्तो गरिएको भए ०४८ सालमा दुई सीटको राप्रपा तीनै वर्षमा २० सीट ल्याउने स्थितिमा कदापि पुग्ने थिएन । नेपाल पूँजीवादी प्रजातान्त्रिक दिशामा थोरै भएपनि अघि बढ्थ्यो । जनतालाई विजयको र परिवर्तनको अनुभूति हुन्थ्यो ।

यो विकल्प असफल भएको स्थितिमा अर्को प्रगतिशील विकल्प पनि नेपालमा विद्यमान थियो, त्यो हो- संयुक्त वाम सरकार । २०४८ सालकै चुनावमा वामपन्थीहरू संयुक्त भएर लडेको स्थितिमा संसदीय बाटोबाटै नेपालमा संयुक्त वाम सरकार बन्ने स्पष्ट संभावना थियो । त्यसले पनि नेपालमा संसदीय सीमाअन्तर्गतका अझ बेसी परिवर्तनकारी पूँजीवादी प्रजातान्त्रिक सुधारहरू गर्न संभव थियो । जनतालाई बढी शक्तिशाली बनाउने कदमहरू माथि



फोटो: उषा

# अब आम जनताबाहेक बहुदलप्रति गंभीर रूपले जिम्मेवार को त ? को हो यसको वारिस ?

## यो साझेदारीले मुलुकलाई सही दिशातिर डोऱ्याउँला भनेर जनताले बिश्वास गर्ने आधार के ?

क. माधव नेपाल, क. मनमोहन अधिकारी, लोकेन्द्र ब. चन्द र रवीन्द्रनाथ शर्मा

र तल दुवै ठाउँबाट गर्न संभव थियो।

तर वस्तुगत स्थिति नभएर होइन, आत्मगत तम्तयारी नभएर यी दुवै बिल्कुलै संभव विकासका दिशाहरू यहाँको नेपाली कांग्रेस र वामपन्थी शक्तिबाट अप्नाउने काम भएन। यी दुवै शक्तिहरूमध्ये नेपाली कांग्रेस र एमाले जसरी पनि एक्लै सत्तामा जान यति आतुर देखिए कि, त्यसको तुलनामा अर्को कुनै लक्ष्य प्राथमिकताको विषय बनेन। अन्य वामपन्थी शक्तिमा शान्तिपूर्ण संसदीय बाटोबाटै वामपन्थीहरू संसदको बहुमतमा र सरकारमा पुगेर केही प्रजातान्त्रिक सुधारहरू गर्ने विशिष्ट संभावना, जुन नेपालमा पैदा भइरहेको थियो, त्यसलाई बुझ्ने र पक्रने हदको वैचारिक स्पष्टता नै रहेन। उनीहरू क्रान्तिको बाटोबाहेक शान्तिपूर्ण बाटोबाट सरकारमा जान बिल्कुलै सम्भव भएपनि नयाँ जनवादी सत्ताबाहेक अर्को कुनै सत्तामा वामपन्थीहरू जानुहुन्न भन्ने सोचमै टाँसिइरहे।

सारमा, यहाँको जनआन्दोलनका नेतृत्वदायी पार्टीहरूले जुन प्रजातान्त्रिक परिवर्तन आफू स्वयंले लडेर ल्याए, त्यही प्रजातान्त्रिक परिवर्तनको प्रक्रिया र आदर्शप्रति उनीहरू प्रतिबद्ध देखिएनन्। दोस्रो, जन-आन्दोलनको सफलतापछि परिवर्तित परिस्थितिमा देश र प्रजातन्त्रलाई कसरी सर्वोत्तम र प्रगतिशील ढंगले अघि बढाउने ?- यो बारेमा उनीहरूसित वैचारिक स्पष्टता नै देखिएन। त्यसैले, परिवर्तनका जे जति संभावनाहरू थिए, ती उत्तिकै तुहिएर गए।

२०४६ सालको जनआन्दोलनमा तीस वर्षसम्म चर्को शोषण र उत्पीडन, अन्याय र अत्याचारले जनतामा पैदा भएको जनआक्रोशले बेसी काम गरेको देखियो, नेतृत्वको बुद्धिमानी र स्पष्ट दिशाबोधले कम। नेतृत्व एउटै कुरामा स्पष्ट देखिन्थ्यो- बहुदल ल्याउने र आफू सत्तामा पुग्ने। त्यसैले, चैत्र २६ गते बहुदलको घोषणा हुनासाथ नेतृत्वलाई के के न पाएको जस्तो अनुभूति भयो। सडकमा आन्दोलनकारी जनता गणतन्त्रको माग गर्ने हदसम्म अघि बढिसकेको थियो। तर प्रजातान्त्रिक आन्दोलनको नेतृत्व स्वयं बहुदलभन्दा अघि बढेर प्रजातान्त्रिक आन्दोलनको उत्कर्षमा जान तयार थिएन। एउटा विचित्रको अन्तरविरोध त्यतिखेर के देखिएको थियो भने- प्रजातान्त्रिक चेतनाको सवालमा जनता अघि-अघि, नेतृत्व पछि-पछि देखिन्थ्यो।


प्रजातान्त्रिक परिवर्तनको दिशामा नेतृत्व प्रतिबद्ध र स्पष्ट भएको भए अन्तरीम शासनकालमा नै काफी ठूलो प्रजातान्त्रिक सुधारको संभावना थियो। त्यतिखेर अन्तरीम सरकारसित सिंगै संसदको सर्वाधिकार हातमा थियो। आन्दोलनकारी जनताको व्यापक समर्थन उसको पछाडि थियो। यो शक्तिको आधारमा माथि भनिएका सबै प्रजातान्त्रिक सुधारहरू त्यतिखेरै भटाभट लागू गर्न थाल्न संभव थियो। जन-आन्दोलनका दमन-नायकहरूलाई एक एक गरी कठघरामा उभ्याउन संभव थियो। तर अन्तरीम सरकार सीमित भयो- खालि नयाँ संविधान बनाउने सवालमा। अझ संविधानकै सवालमा समेत "संविधान सुझाव आयोग" जुन प्रजातान्त्रिक परिवर्तनको हदसम्म गयो, त्यही हदलाई समेत अन्तरीम सरकारले खुम्च्याउने काम गऱ्यो। जस्तो उदाहरणका लागि, राजपरिवारको संख्या सिर्फ तीनजनाको पार्ने सवालमा र नेपाललाई हिन्दू राज्य नबनाउने सवालमा।

२०४८ सालको आम चुनावपछि गिरिजाको प्रधानमन्त्रीत्वमा नेपाली कांग्रेसको एकलौटी सरकार सत्तामा आयो। तर त्यसले प्रजातान्त्रिक परिवर्तनको दिशामा र जनतालाई परिवर्तनको अनुभूति गराउने दिशामा सिन्को भाँचेन। उल्टो, त्यसले पंचायती निरंकुशतन्त्रलाई समेत बिर्साउने हदको दमनतन्त्र, नातागोतातन्त्र, भ्रष्टाचार, र राष्ट्रघातका कदमहरू चाल्यो। जनताले आफ्ना समस्यालाई लिएर सडकमा उत्रँदा गिरिजा सरकारले तीन वर्षमै त्यति धेरै नागरिकको हत्या गऱ्यो, जति तीस वर्षमा पंचायती दरबारले गरेको थिएन। नेपाली अर्थतन्त्रको स्वाधीनतालाई धराशायी बनाएर साम्राज्यवादी लूटको निमित्त नेपालको अर्थतन्त्रमा राज्यको भूमिका उदार बनाउने प्रक्रिया पनि यही सरकारले शुरू गऱ्यो। विश्व बैंकका सबै शर्तहरू स्वीकार गरेर देशलाई ऋणको धरापमा पार्ने प्रक्रिया पनि यो सरकारले अत्यन्त तीव्र पाऱ्यो।

गिरिजाको पक्षपात, व्यक्तिवाद र तानाशाही पार्टीभित्रै पनि यति हदसम्म अघि बढ्यो कि, नेपाली कांग्रेसभित्र नै यसको विरूद्ध विद्रोह शुरू भयो। छत्तीसे काण्ड यसको ज्वलन्त उदाहरण हो। आफ्नो पार्टीको स्पष्ट बहुमत हुँदाहुँदै र पार्टीभित्रैबाट वैकल्पिक सरकारको स्पष्ट संभावना र माग हुँदाहुँदै देशलाई जबर्दस्ती चुनावमा धकेल्ने काम गिरिजाको अगुवाइमा कांग्रेसको तत्कालीन बहुमतले गऱ्यो। प्रजातान्त्रिक आदर्श र मूल्यहरूप्रति पनि यो बहुमतको कुनै प्रतिबद्धता देखिएन। लाठी र पैसाको भरमा देश चलाउने पंचायती संस्कार यो बहुमतले पनि प्रदर्शित गऱ्यो।

२०५१ को मध्यावधि चुनावताका

# जनताको हित र स्वार्थ अनुकूल काम गर्नुभन्दा आफ्नो व्यक्तिगत स्वार्थमा नेताहरू अल्झिरहे।



◆ पद्मरत्न तुलाधर

जन-आन्दोलनको उपलब्धिको रूपमा नेपाली जनताले केही मानव अधिकार र राजनैतिक अधिकार त पाए, तर बहुदलीय व्यवस्थामा जनताहरूले जुन कुराको आशा गरेका थिए, ती कुराहरू प्राप्त गर्न सकेनन्। बहुदलीय व्यवस्थाको सीमाभित्रै जनताको पक्षमा धेरै कामहरू हुन सक्थ्यो। किसान, मजदूर, जनजाति, दलित जाति, आदिवासीहरूको समस्या हल गर्न सकिन्थ्यो। ती कामहरूसमेत हुन सकेन। यसले गर्दा जनताहरू निराश हुनथालेका छन्। जनआन्दोलन भएको सात वर्षपछि पनि अन्यौल र अव्यवस्था हावी भइरहेको छ।

संसदभित्र शक्तिको रूपमा रहेका पार्टीहरूभित्र अन्तरकलह र व्यक्तिगत स्वार्थ हावी हुन थालेको छ। जनताको हित र स्वार्थ अनुकूल काम गर्नुभन्दा आफ्नो व्यक्तिगत स्वार्थमा नेताहरू अल्झिरहे। यस्तैमा उनीहरू सीमित भइरहे भने जनताले उनीहरूबाट आशा गर्ने कि नगर्ने ?- भन्ने स्थिति भएको छ। मार्क्सवादी दृष्टिकोणले हेर्ने हो भने- संसदीय व्यवस्थाबाट आमूल परिवर्तन र जनताको मुक्ति संभव पनि छैन।

यस अवस्थामा जनताहरू सचेत र संगठित हुनु आवश्यक छ। जनताले आफ्नो हकहितको सुरक्षा र समस्याको समाधान सरकारले गरिदेला, नेताहरूले गरिदेलान् भन्ने कुरा सोच्नु भएन। आफ्नो समस्या समाधानको लागि जनताहरू आफै जागरूक र आन्दोलित हुनु आवश्यक छ। जनताहरूले आ-आफ्नै क्षेत्रबाट सरकार र पार्टीहरूलाई दवाब दिने कार्यक्रमहरू गरिरहनु आवश्यक छ। ◆

**पंचायतको अन्त र बहुदलको स्थापनाको निम्ति हास्यव्यंग्यको क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्ने कलाकार द्वय मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य**



# अब योभन्दा राम्रो प्रजातन्त्र ल्याउनको लागि जनता लाग्नु पर्‍यो

**◆ मदनकृष्ण श्रेष्ठ**

-निरंकुश पंचायत व्यवस्थाको अन्त्य र प्रजातान्त्रिक व्यवस्थाको स्थापनाको लागि नेपालका बुद्धिजीविहरू, कलाकर्मीहरू, राजनैतिक पार्टीहरू, शिक्षक, कर्मचारी, किसान-मजदूर आदि आन्दोलनमा उत्रेका थिए । फलस्वरूप, प्रजातन्त्र पनि आयो । प्रजातन्त्र आएपछि सात वर्षसम्म कम्युनिष्ट, कांग्रेस र संयुक्त सरकार आदि सबैको अनुभव गरिसक्यौं । तर जनताहरूले जे कुराको आशा गरेका थिए, ती कुराहरू पाउन सकेनन् । सबै राजनैतिक पार्टीहरू आ-आफ्ना डम्फू बजाउनतिर लागेका छन् । देशको र प्रजातन्त्रको स्थिति देखेर प्रजातन्त्रप्रेमी जनताहरू जिल्ल पर्नथालेका छन् ।

हामीले 'लण्डन एयरपोर्ट' भन्ने प्रहसनमा 'प्रजातन्त्र भनेको बच्चाको हातमा राख्यो भने बच्चा जस्तै, बहुलाको हातमा राख्यो भने बहुला जस्तै र बाँदरको हातमा राख्यो भने बाँदरजस्तै हुन्छ' भनेर एउटा पात्रलाई बोल्न लगाएका थियौं । अहिले साँच्चै नै नेपालको प्रजातन्त्र बाँदरकै हातमा परेको जस्तो भइरहेको छ । नेपालको अहिलेको स्थिति देख्दा हामीले पनि प्रजातन्त्रको लागि लडेका थियौं भन्नै लाज लागिसक्यो ।

प्रजातन्त्र भनेको 'अफ द पिपुल, बाइ द पिपुल, फर द पिपुल' भन्ने नारा सुनेका थियौं । अहिले हाम्रो नेपालमा भने प्रजातन्त्र भनेको 'अफ द पिपुल, बाइ द पिपुल, फर द पोलिटिसियन' भएको छ । पहिले पनि यस्तै थियो, अहिले त त्योभन्दा धेरै भइरहेको छ । पहिले देशलाई लुछेर खानेहरूको संख्या थोरै थियो, अहिले झन् धेरै हुन थाल्यो ।

अहिले देशको स्थिति झन्झन् विकराल भइरहेको छ । देशमा बेरोजगारीको समस्या बढ्दो छ, महँगीको समस्या बढ्दो छ । नेपाली युवाहरू विदेशमा अपमान सहेर पनि कमाउन जान बाध्य भइरहेका छन् । वातावरणको प्रदुषणले सास फेर्न गाह्रो भइरहेको छ । जनताहरूको आधारभूत आवश्यकता पनि पूरा हुन सकिरहेको छैन । जनताहरू निराश पनि हुन थालेका छन् ।

तर मलाई लाग्छ- अहिले जनताहरू निराश हुने स्थिति होइन । प्रजातन्त्र भनेको जनताको तन्त्र हो, जनताले जनताको तन्त्रलाई बचाउनु पर्दछ । यो प्रजातन्त्रले राम्रो गर्न सकेन भने यो भन्दा राम्रो प्रजातन्त्र ल्याउनको लागि जनता लाग्नुपर्‍यो । त्यसको लागि जनताले फेरि एकचोटी आवाज उठाउनुपर्‍यो । ❑

# नेताहरूका गल्ती कमजोरीका विरूद्ध आवाज उठाउनु पर्छ

**◆ हरिवंश आचार्य**

धेरै मान्छेहरूले धेरै वर्षसम्म संघर्ष गरेर र आफ्नो ज्यानको बाजी लगाएर आएको बहुदल हो यो । तर अहिले तीस वर्षसम्म भोकाएर बसेका एक दुई सयजना नेताको लागि सम्पत्ति कमाउन, घर बंगला बनाउनको लागि बहुदल ल्याएको जस्तो भइरहेको छ । सबै राजनैतिक पार्टीहरूले आफूले गरेका त्याग तपस्याहरू बिर्सन लागिसके । आफैंले बहुदललाई सिध्याउन लागिसके । जनताको भावना अनुकूल कामहरू पटक्कै हुन सकेको छैन । बहुदल आएर पनि देशमा आर्थिक, राजनैतिक स्थिरता हुन सकेन । जुन जुन पार्टीहरू आए, त्यही अनुसार नीतिहरू बन्न थाले, प्रशासनमा आफ्ना मान्छेहरू घुसाउन थाले । यसले गर्दा उद्योगधन्दाहरूको स्थापना हुन सकेन । बेरोजगारहरूको संख्या बढ्न थाल्यो । प्रशासन निष्पक्ष हुन सकेन । युवा शक्तिहरू विदेशिन थाले । यो सबै हुनुको कारण नेताहरूले देश देख्न छाडेको र पैसा कमाउनतिर लागेकोले हो । यसले गर्दा जनताहरूमा असन्तुष्टि बढ्न थालेको छ । देश अथवा बहुदलीय व्यवस्था गलत बाटोतिर जान थालेको मलाई महसुस भइरहेको छ ।

यसको समाधानको एउटै उपाय- जनचेतना र जनसजगता हो । जसरी ४६ सालमा जनताहरू सजग भएर पंचायती शासनको विरूद्ध आन्दोलन गरे र बहुदलीय व्यवस्था ल्याए, त्यसरी नै अहिले पनि नेताहरूले गरिरहेका गल्ती-कमजोरीहरूका विरूद्ध आवाज उठाउनुपर्छ । र, राजनीतिलाई व्यापार बनाएर कमाएको पैसा खोस्न सक्नुपर्दछ । अनि मात्र यी नेताहरू तह लाग्छन् ।

राप्रपासंग मिलेर सरकार बनाइहाल्नु हुँदैनथ्यो । राप्रपासंग मिलेर गठबन्धन सरकार बनाएर नेका र एमाले दुबैले गल्ती गरेको जस्तो लागेको छ । यसले जनआन्दोलनको भावनालाई ठेस पुऱ्याएको छ । बरू जनआन्दोलनका दुइटै शक्तिहरू मिलेर सरकार बनाएको भए बेस हुन्थ्यो । ❑

नेपाली कांग्रेस अलोकप्रियताको चुलीमा थियो । पार्टीमा खुलेआम विग्रह देखापरेको थियो । यो स्थितिमा नेपालका वामपन्थीहरू र अन्य प्रजातान्त्रिक शक्तिहरूको संयुक्त सरकार टड्कारो संभावनाको सवाल थियो । त्यो संभव नभएको खण्डमा वामपन्थीहरू मात्र सयुक्त भएको स्थितिमा पनि वामपन्थीहरूको अत्यधिक बहुमत आउने संभावना त्यतिखेर स्पष्ट थियो । तर यस मामलामा न त एमालेले नै बुद्धिमत्ता र लचकता देखायो, न अन्य वामशक्तिले नै । एमालेको नारा रह्यो- "आगामी सरकार एमालेको- देशभक्त र प्रजातन्त्रवादीको !" र, एमालेको मुख्य नीति रह्यो- मूलत: एक्लै चुनाव जित्ने र अन्य वामशक्तिसित निश्चित दूरीमा आफू रहेको विश्वसामु प्रदर्शित गर्ने । उता, अन्य वामशक्तिको चाहिँ सरकारमा जाने सोच नै रहेन । नेपालको विशिष्ट अवस्थाप्रति उनीहरूको वैचारिक स्पष्टता नै देखिएन, न त आफ्नो संगठनको मूर्त हैसियतबारे नै उनीहरूको स्पष्ट र वस्तुसम्मत सोच रह्यो ।

फलस्वरूप, 'मूल्यांकन'कै पहलमा देशका केही प्रमुख वामपन्थी बौद्धिकहरूले संयुक्त वाम तालमेल र उम्मेदवारीको निम्ति अत्यन्तै गम्भीर प्रयत्न गर्दागर्दै पनि यो प्रयत्न विफल भयो । एउटा स्पष्ट संभावना, जसले नेपालको इतिहासलाई नै अर्को दिशामा लान सक्थ्यो, त्यो उत्तिकै तुहियो । नेपाल सिंगै अहिले त्यसकै पीडा भोगिरहेछ ।

मध्यावधि चुनाव, २०५१ मा पहिलेको ११४ सिट भएको नेपाली कांग्रेस खालि ८४ सीटमा खुम्चन आइपुग्यो । र, एमाले सबैभन्दा ठूलो संसदीय दलका रूपमा देखापर्‍यो । एमालेको अल्पमतको सरकार त्यसपछि सत्तामा आयो । परिवर्तनको अनुभूति हुने केही सुधारवादी कामहरू त्यसले प्रारम्भ गर्‍यो । जस्तो वृद्धभत्ता, आफ्नो गाउँ आफैं बनाउँ कार्यक्रम, 'नौ स' को अभियान, महिलालाई संपत्तिको हक दिन ऐन ल्याउने घोषणा, भूमि सुधारको लागि गृहकार्य, आदि । तर साम्राज्यवादी चगुलबाट नेपाललाई मुक्त गर्ने मामलामा त्यसले पनि कुनै ठोस पाइला चाल्न सकेन । उल्टो, विश्व बैंकका राष्ट्रघाती शर्तहरूलाई त्यसले पनि मूलत: मंजुर गर्न पुग्यो । सत्तामा जसरी पनि टिकिराख्न दरबारको चाकडी एमालेले पनि प्रारंभ गर्‍यो ।

तर एमालेले आफ्नो पहिलो पूर्ण बजेट र कार्यक्रम नै पेश गर्न भ्याएको थिएन, एमालेले थालेका केही सुधारवादी र लोकप्रियतामुखी कामबाट नेपाली कांग्रेस र राप्रपा अत्यधिक अत्ताल्लिए । जसरी पनि एमालेलाई सत्तात्यूत गर्न दुवैथरी एकढिका भए र षड्यन्त्रपूर्वक, उसकै नजीरविपरीत अदालतलाई समेत आफ्नो दुष्प्रभावभित्र तानेर एमालेलाई सत्ताच्यूत गरियो । नेपाली कांग्रेसले सत्तालिप्सावश पहिलोचोटि राप्रपालाई सुनपानीले चोख्यायो र विश्वमै कतै नभएको कुरा- राप्रपाका भएभरको सांसदलाई मंत्री पद दिएर भए पनि नेपालकै सबैभन्दा ठूलो जम्बो मन्त्रीमण्डल बनाएर भएपनि आफू सत्तामा पुग्यो । प्रतिशोध र प्रतिक्रियाको राजनीति यसरी नेपाली कांग्रेसले शुरू गर्‍यो ।

षड्यन्त्रपूर्वक आफू सत्ताच्यूत भएपछि एमालेले पनि प्रतिशोध र प्रतिक्रियाको राजनीति प्रारम्भ गर्‍यो । कांग्रेसले राप्रपालाई परराष्ट्र मन्त्रालय

# अहिलेको गठबन्धन सरकारको कुनै महत्व छैन

**◆ डा. मथुराप्रसाद श्रेष्ठ**


जन आन्दोलनमा चिकित्साकर्मीहरुका अगुवा



नेपालको बहुदलीय प्रजातन्त्र अहिले संक्रमण अवस्थामा रहेको छ । यहाँको पार्टी नेतृत्वद्वारा बहुदलीय व्यवस्था जुन तरीकाले अगाडि बढाउनु पर्ने हो, त्यस तरीकाले अगाडि बढाइएको छैन । यो सात वर्षको गतिविधि हेर्दा सत्तामा जाने पार्टीहरूले प्रजातन्त्रको मूल शक्ति र स्रोत जनता नै हुन् भन्ने गरी अर्थलाई बुझ्न सकेजस्तो मलाई लागेन । अथवा, बुझेर पनि बुझ पचाए । उनीहरूले जनताको हित र आकांक्षालाई मुख्य ध्येय बनाएर शासन चलाउने काम गरेनन् । खालि सत्ता स्वार्थमा मात्र उनीहरू लिप्त देखिए । नेताहरूले के बुझ्नु पर्‍यो भने- जनताको हित र आकांक्षाका विरूद्ध शासन गर्ने राज्यसत्ता टिक्न सक्तैन र जनताहरू मुठ्ठी कसेर सडकमा ओर्ले भने कुनै पनि राज्यशक्तिले जनतालाई रोक्न सक्तैन । नेपाल अहिले त्यही दिशामा जाँदैछ । त्यसैले आजको आवश्यकता भनेको जनता सडकमा जान बाध्य हुनुअघि जनताको हित र आकांक्षा अनुसार राजनैतिक पार्टीहरूले आफ्नो कामहरू गर्नु हो ।

अहिलेको गठबन्धन सरकारको कुनै महत्व छैन । पहिले कांग्रेसहरूले नैतिकताको सीमालाई नाघेर राप्रपासित गठबन्धन सरकार बनायो । अहिले फेरि एमालेले पनि त्यही काम दोहर्‍याइरहेछ । ❑

# फेरि अर्को जन-आन्दोलन जरूरी



**◆ सुशीलचन्द्र अमात्य**

तात्कालीन जन आन्दोलनमा शिक्षकहरूका एक अगुवा

ऐतिहासिक जन-आन्दोलन भएको सात वर्ष भइसक्यो, तर जनताहरुले अहिलेसम्म एकमात्र पनि आधारभूत परिवर्तन भएको अनुभव गर्न पाएका छैनन् । महँगी, भ्रष्टाचार, तस्करी, कालाबजारी, कमिशनखोरी, मानव अधिकारको हनन्, राजनीतिक अपराधीकरण, साम्राज्यवाद र सामन्तवादको चाकडी जस्ता जे जति पञ्चायतकालीन खराबीहरु थिए, त्यसका विरुद्ध जनताहरुले आन्दोलन गरेका थिए । जनआन्दोलनपछि त्यस्ता कुरीति र कुप्रवृत्ति झन् धेरै बढ्न थालेको छ । नेपाली जनताले राहत महसुस गर्नुको सट्टा आहत महसुस गर्न थालेका छन् । आन्दोलनकारी राजनैतिक पार्टीहरु र नेताहरु आफ्ना आदर्श, सिद्धान्त, मूल्य र मान्यता बिर्सेर जनहित विपरीत दिशातिर उन्मुख भएका छन् । देश र जनताको हितविपरीत आफ्नो निकृष्ट स्वार्थपूर्ति गर्न आफ्ना चिन्तन र क्रियाकलाप केन्द्रित गर्न थालेका छन् । फलस्वरुप, प्रजातन्त्र अपांग, जर्जर र विकृत हुन पुगेको छ । राजनीतिक दलहरु र नेताहरुको दिमागमा सत्ताको मोह र चुनावबाहेक अरु कुनै कुराहरु रहेको छैन । इमान्दार राजनैतिक कार्यकर्ताहरु, स्वाभिमानी बुद्धिजीवीहरु, पेशाकर्मीहरु सबै निराश हुन थालेका छन् । आम जनतामा राजनैतिक व्यवस्थाप्रति नै वितृष्णा जागेको छ । देश अन्धकारको दलदलमा भासिइरहेको छ ।

स्वाभिमानी र सचेत नेपाली जनताहरुले नयाँ मान्यता र आदर्श बोकेर हिम्मतका साथ उज्वल भविष्यको लागि फेरि एक पटक अर्को जन-आन्दोलनमा जुट्न तयारी गर्नुपर्ने आवश्यकताबोध भइरहेको छ । ◆

# २०४६ को परिवर्तनले हामीलाई सुखद बाटोमा हिंडाइरहेको छैन



**◆ चन्द्रराज ढुंगेल**

प्रगतिशील प्राध्यापकहरूको तर्फबाट जनआन्दोलनका एक अगुवा

२०४६ सालमा जुन भावना लिएर जनताहरु आन्दोलनमा उत्रेका थिए, त्यस भावनाअनुरुप बहुदलीय व्यवस्था चलिरहेको छैन भन्ने गुनासो जनस्तरबाट भइरहेको छ । नेपाल जस्तो गरीब मुलुकमा जनतालाई बोल्न र लेख्न अधिकार दिएर मात्र प्रजातन्त्र आएको मान्न सकिँदैन । उनीहरुले सामाजिक र आर्थिक अधिकार पाएपछि वा दुई छाक पेट भर्न र एकजोर लुगा लगाउन पाएपछि नैं प्रजातन्त्रको अनुभूति गर्न सक्तछन् ।

तर नेपालमा बहुदलीय व्यवस्था आएपछि जनताको सामाजिक र अर्थिक सुरक्षामा उल्टो प्रभाव पर्न गएको देखिन्छ । विश्वव्यापी रुपमा आएको आर्थिक उदारीकरण र निजीकरण जस्ता नाराहरुले नेपालमा पनि धनी र गरीबको बीचमा ठूलो खाडल पर्न थालेको छ ।

देशका ठूला राजनैतिक पार्टीहरु नेकपा एमाले र नेपाली कांग्रेसमा अस्वस्थ प्रतिस्पर्धा हुनथालेको छ । त्यसको फाइदा राप्रपाले उठाइरहेको छ । जनप्रतिनिधि भएर संसदमा पुगेका नेताहरु, जो जनताको विश्वास र आस्था लिएर संसदमा पुगेका छन्, उनीहरुले पनि आफ्ना बाचाहरु पूरा गरेका छैनन् । उनीहरु आफ्ना व्यक्तिगत स्वर्थ पूरागर्नेतिर मात्र लागिरहेका छन् । यी कुराहरुले गर्दा ४६ को परिवर्तनले हामीलाई सुखद बाटोमा हिंडाइरहेको छैन । यो गलत बाटोतिर गइरहेको छ । यो २६ गते जनआन्दोलन मनाउन थालेकोबाट पनि के भन्न सकिन्छ भने- २०४६ को जनआन्दोलनबाट सिर्जित प्रजातन्त्रलाई थाम्न सकिँदैन कि ?- भन्ने शंका हाम्रा मूर्धन्य नेताहरुमा पनि लाग्न थालिसकेको छ ।

अब यसको समाधानको उपाय भन्ने हो भने- सबै पार्टीहरुले, नेताहरुले, कार्यकर्ताहरुले इमान्दारीतापूर्वक जनहितका कामहरु गर्नुपर्‍यो । नेताहरु र पार्टीहरुमा प्रजातान्त्रिक आदर्शप्रति राजनैतिक प्रतिबद्धता हुनुपर्‍यो । जनताहरु पनि सचेत र संगठित हुनुपर्‍यो र जनताले संघर्ष गर्नुपर्ने स्थिति देखापरेको छ । ❑

# नेपालको बहुदल केही मध्यम वर्गले उपभोग गर्न पाइरहेछन्

**◆ विश्वकान्त मैनाली**

अधिवक्ताहरूका तर्फबाट जनआन्दोलनमा क्रियाशील एक अगुवा



तीस वर्षे निरंकुश पंचायती व्यवस्थाबाट वाक्कदिक्क भएका जनताहरूको संघर्षबाट यो बहुदल आएको हो । यसबाट प्राप्त भएको संविधान अहिलेसम्म लागू भएको संविधानभन्दा सबभन्दा प्रगतिशील संविधान हो । तर हाम्रा नेतृत्वहरूले प्रजातान्त्रिक आदर्श र संविधान अनुसार व्यवस्थालाई अघि बढाएनन् । सरकारले नागरिक, राजनैतिक अधिकार मात्र होइन, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारलाई संगसंगै अगाडि लानुपर्थ्यो । यी सबै अधिकारहरूको प्राप्तिबाट मात्रै जनताले प्रजातन्त्रको अनुभूति गर्न सक्छन् र प्रजातन्त्रको विकास हुन सक्छ । तर यहाँ जनताहरूले केही राजनैतिक र नागरिक अधिकार मात्र उपभोग गर्न पाइरहेका छन् । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबिना राजनैतिक र नागरिक अधिकारको कुनै उपयोगिता नै हुँदैन । राजनैतिक र नागरिक अधिकार खालि शिक्षित र टाठाबाठा नागरिकहरूले मात्र उपभोग गर्न सक्ने कुरा हो । त्यसैले नेपालको बहुदल केही मध्यम वर्गले मात्र उपभोग गर्न पाइरहेका छन्, आम जनताहरूले अनुभूति गर्न पाइरहेका छैनन् । यसो हुनुमा कारण राजनैतिक पार्टीहरूमा हुनुपर्ने प्रजातान्त्रिक आचारण, इमान्दारिता, जनताप्रतिको उत्तरदायित्वको कमी हुनु हो ।

तर म अझै पनि आशावादी छु । नेपालका देशभक्त, प्रजातन्त्रवादी र वामपन्थी पार्टीहरू एकजुट भएर जनतालाई सचेत पार्दै, संगठित पार्दै र आन्दोलनको दिशातिर अग्रसर हुँदै गएको खण्डमा जनताहरूले अवश्य पनि आफ्ना अधिकारहरू प्राप्त गर्न सक्नेछन् । ◆



# प्रजातन्त्र आहत भएको छ

◆ गणेशमान सिंह
जनआन्दोलनका सर्वोच्च कमाण्डर

४६ सालको जनआन्दोलनपछि देशमा खुला वातवरणको सृजना त भएको छ तर जननिर्वाचित सरकारहरुबाट जनतालाई अलमल्याउने कामबाहेक उनीहरुलाई प्रजातन्त्रको प्रत्यक्ष अनुभूति दिलाउनसक्ने काम हुन सकेको छैन । देशमा सिद्धान्तप्रतिको असंलग्नता, भ्रष्टाचार, अनैतिकता, गैरजिम्मेदार राजनैतिक जीवनशैली विकास हुँदैआएको छ । जनताको विश्वासबाट जीवनरस प्राप्त गर्नुपर्ने राजनैतिक पार्टीहरु जनता र प्रजातन्त्रप्रति कुनै माया र जिम्मेदारी नभएका तत्वहरुसंग निकटता बढाएर सत्तामा पुग्ने र टिक्ने सपना देख्ने प्रवृत्तिबाट ग्रस्त हुनथालेका छन् ।

फलस्वरुप, कानूनी राज्यको अवधारणालाई निस्तेज पार्ने काम राज्यस्तरबाट समेत बारम्बार हुन थालेको छ । यसले राष्ट्रिय जनजीवनमा अन्यौल, अस्थिरता र असुरक्षाको भावनालाई बढाउँदै लगेको छ ।

यस्तै प्रवृत्ति र क्रियाकलापबाट प्रजातन्त्र आहत भएको छ र प्रतिगामी तत्वहरुको उत्साह बढेको छ । जनआन्दोलनका सहयात्री राजनैतिक शक्तिहरुले यस वस्तुतथ्यलाई मनन गरुन् र गलत मार्ग परित्याग गरी सही बाटो अवलम्बन गरुन् भनी म सचेत गराउन चाहन्छु । ❑

-हालै प्रशारित गणेशमान सिंहको वक्तव्यबाट

# इतिहासले यो विडम्बनाको छिनोफानो अवश्य गर्नेछ ।

◆ डा. देवेन्द्रराज पाण्डे
जन आन्दोलनमा पेशागत सोलीड्यारिटीका संयोजनकर्ता



श्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा जनआन्दोलनकारी शक्ति नेकपा (एमाले) ले सरकार बनाई त्यसै माध्यमबाट समाज विकासका प्रगतिशील आधारशीलाहरू स्थापना गर्छु भन्नु साह्रै दुखद विडम्बना हो । तर यसो किन भयो ?- भनी गहिरिएर सोच्दा अचम्म भने लाग्दैन । पुरानो पंच शक्तिलाई बहुदलीय व्यवस्थाअन्तर्गत कहिल्यै पनि सत्तामा जान नदिने नै जनआन्दोलनको उद्देश्य हुँदो हो त २०४७ को संविधानमा त्यही बमोजिमको व्यवस्था गर्न पनि मिल्थ्यो- पुराना पंच नेताहरूले पार्टी खोल्न पाउँदैनन् वा १० वर्षसम्म निर्वाचन लड्न पाउँदैनन् आदि भनेर । प्रजातन्त्रवादीहरूले सो गर्न मिल्ने कुरा थिएन, गरिएन - यदि २०४६ साल चैत्र २६ गते भएको भनिएको त्रिपक्षीय संझौताले बाधा पुऱ्याउने थिएन भने पनि । सोमध्येका केही अपराधीहरूलाई सजाय गरी अरू नागरिकलाई समान व्यवहार गर्न मिल्थ्यो होला । सो पनि गरिएन । किनभने, अब स्पष्ट भयो कि- जनआन्दोलनकारीहरूमध्ये पनि कतिलाई त अपराध नै गर्नुरहेछ !

अहिले सात वर्षपछिको स्थितिमा अडिएर हेर्दा अचम्म लाग्ने कुरा अर्कै छ । सात वर्षअघि नेपाली कांग्रेस र बाममोर्चा, अझ भनौं नेपाली कांग्रेस र त्यसबखतको नेकपा (माले), संयुक्त जनआन्दोलनको निम्ति, पंचायत व्यवस्थाको विरुद्ध कार्यगत एकता गर्न कसरी सहमत भए ? यी दुई पार्टीको बारेमा त्यस बेलासम्म चलिआएको सम्बन्ध र मान्यता किन र कसरी तोडियो ? यस्तो विषयमा मेरो सोच के रहिआएको छ भने- यहाँ दृश्य, अदृश्य शक्तिको प्रभावले गर्दा जे जति राजनैतिक गठबन्धन हुन्छन्, सामान्यतया ती सबै यथास्थिति वा प्रतिगमनको पक्षमा र परिवर्तनको विरोधमा हुन्छन् । २०४६ मा पनि एक छिनलाई परिवर्तनका निम्ति देखिएको गठबन्धन वास्तवमा होइन रहेछ । यदि मानव समाजको नियम यथास्थिति होइन, परिवर्तन हो भने, इतिहासले यो विडम्बनाको छिनोफानो अवश्य गर्नेछ । कहिले गर्छ, कसरी गर्छ ?- म भन्न सक्दिनँ । ❑

# प्रजातन्त्र विरोधीहरू प्रजातन्त्रप्रति नै अनास्था जगाउने षड्यन्त्रमा लागीपरेका छन् !



◆ कपिल श्रेष्ठ
जनआन्दोलनका एक अगुवा, प्राध्यापक, बौद्धिककर्मी


यो सात वर्षभित्रको राजनैतिक परीक्षणहरू र अहिलेसम्म गठन भएका सरकारहरूको क्रियाकलापबाट मैले के अनुभव गरें भने- नेपालमा बहुदलीय व्यवस्था संचालन गर्नको लागि राजनीतिक नेतृत्वमै आवश्यक प्रजातान्त्रिक संस्कृति, संस्कार र व्यवहारको कमी रहेछ । ४६ सालको जनआन्दोलनमा पंचायती व्यवस्थाबाट निस्सासिएका र जकडिएका जनताहरू सडकमा ओर्लेका थिए । निरंकुश पंचायती व्यवस्थाको विकल्पमा नयाँ प्रजातान्त्रिक व्यवस्था र नयाँ नेतृत्व खोजेका थिए, जनताहरूले । नयाँ नेतृत्वलाई विश्वास गरेर छातीमा राजाको गोली थापेका थिए ।

तर नयाँ नेतृत्वले जनताको त्यो इच्छा आकांक्षालाई बुझ्न सकेनन् । अहिलेसम्म जति पनि सरकार आए, उनीहरूले जनता र देशको दीर्घकालीन र दूरगामी हित गर्ने कामभन्दा तात्कालीन र सस्तो लोकप्रियता पाउने कामहरू मात्र गरिरहेका छन् । ४६ सालमा जनताहरू विद्रोह गर्न गएको राजदरबारको ढोकामा अहिले ठूला ठूला नेताहरू जनताले चुनेको संसद विघटन गर्न र पुनर्स्थापना गर्न, अनि सरकार बदल्न र बिन्तीपत्र हाल्न गए । हाम्रा जिम्मेवार नेताहरू र पार्टीहरूले राजनीतिमा हुनुपर्ने नैतिक बैधता पनि क्रमशः गुमाउँदै गएका छन् । यही कुरा बुझेर पुनरूत्थानवादीहरू र प्रजातन्त्रविरोधीहरू प्रजातन्त्रप्रति नै अनास्था जगाउने क्रियाकलाप र षड्यन्त्रमा लागिपरेका छन् । हामी अहिले संक्रमण र प्रशवपीडा भोगिरहेका छौं ।

यस स्थितिमा राजनैतिक पार्टी र नेताहरूबाट मात्रै प्रजातन्त्रको संरक्षण हुन सक्तैन । यसको लागि जनताको चेतनास्तर उठाएर एउटा शक्तिशाली नागरिक समाजको स्थापना गरिनु पर्दछ, जसबाट जनताले नेताहरूलाई अंकुश लगाउने काम गर्न सकून । ❑

# नेपथ्यमा लगाम लिएर कोही अझै कालो घोडा दौडाइरहेछ !

◆ अशेष मल्ल
जनआन्दोलनका एक संस्कृतिकर्मी



जनआन्दोलनपछि बितेको सात वर्ष राष्ट्रमा थुप्रै विकृतिहरु देखापरेका छन् । शहीदको उपहास भएको छ । कठोर यातना सहेर प्रजातन्त्रका लागि होमिएका नेतृत्व वर्गमा नै व्यक्तिगत स्वार्थ र सत्तालिप्सा ज्यादा देखिन थालेको छ । आन्दोलनका शक्तिहरु बीच तनावको स्थिति बढ्दा प्रजातन्त्रविरोधी अनुहारहरु राष्ट्रलाई हाँक्ने दुस्साहस गर्न थालेका छन् । नेपथ्यमा लगाम लिएर कोही अझै कालो घोडा दौडाइरहेछ । यो अपशकुन हो- राष्ट्रको लागि । तथापि, समय बितिसकेको छैन । आन्दोलनमा उठेका हातहरु फेरि एकपल्ट जुटेर उठ्ने बेला आएको छ । शायद राष्ट्र त्यसैको प्रतीक्षामा छ । ❑

र जलसोत मन्त्रालय जस्ता आधारभूत मन्त्रालय मात्र सुम्पेको थियो । एमालेले प्रधानमन्त्रीको पगरी नै सुम्पेर कांग्रेसलाई सत्ताच्यूत गर्ने दुई दुई पटक प्रयत्न गर्‍यो । तर त्यो प्रयत्न विफल भयो । यसलाई विफल पार्न नेपाली कांग्रेसले सांसदहरूको खुलेआम अपहरण र किनबेचको घिनलाग्दो र निकृष्ट प्रक्रिया प्रारम्भ गर्‍यो । एमालेले पनि त्यही प्रक्रियाको सिको गर्‍यो, आफू सत्तारूढ हुनका लागि ।

देउवा सरकारको अठार महिनामा प्रजातान्त्रिक परिवर्तनको अनुभूति हुने कुनै एउटा पनि महत्वपूर्ण प्रजातान्त्रिक सुधारको कदम चालिएको देखिएन । व्यापक जनविरोध हुँदाहुँदै उल्टो यसले बदनाम महाकाली सन्धि संसदबाट पारित गरिछाड्ने दुष्कर्म गर्‍यो । भारतीय शासक वर्गलाई खुशी पारेर आफ्नो सत्ता दिगो पार्ने देउवा सरकारको यस प्रयत्नमा सत्तास्वार्थकै कारणले एमाले नेतृत्वले पनि साथ दियो, यद्यपि यसमा एमालेकै केन्द्रको एक पक्ष र कार्यकर्ता तहबाट व्यापक विरोध भएको थियो । उच्चकोशी बाँध सम्बन्धी गोप्य सम्झौता भारतसित गरेर यसले भारतीय शासक वर्गलाई खुशी पार्ने अर्को जमर्को पनि गर्‍यो । बहुसङ्ख्यक मोहीलाई होइन, थोरै मोही र खालि जमीन्दार वर्गलाई र नेपालका नवधनाढ्य वर्गलाई मात्र फाइदा गर्ने गरी जमीनमा द्वैध नियन्त्रण व्यवस्था खत्तम गर्ने काम पनि यो सरकारले गर्‍यो । एक वर्षमा ६ दर्जनभन्दा बढी माओवादीको हत्या गरेर यसले गिरिजाले राखेको जनहत्याको रेकर्ड पनि तोड्यो ।


तर गत चैत्र महिनाको अन्त्यतिर आफ्नै पार्टीका दुई जना सांसदले संसदमा विश्वासको मतको बेला, सम्भवतः गिरिजाको संकेतमा, अन्तर्घात गरेपछि देउवा सरकार पनि ढल्यो । अझ भनिन्छ, कर्णाली आयोजना अमेरिकी बहुराष्ट्रिय कम्पनी एरोनलाई दिने देउवा सरकारको प्रयत्नलाई अवरूद्ध गर्न भारतीय शासक वर्गले नै ती दुई सांसदको क्षेप्यास्त्र फ्याँकेर देउवा सरकार गिराएको हो । त्यसपछि नै चन्दको नेतृत्वमा राप्रपा-एमाले सरकार बनेको हो ।

यसरी देशमा राप्रपाको अगुवाईमा मिनी जंबो मन्त्रीमण्डल सत्तामा आएको छ । जनआन्दोलनपछिको सातै वर्षमा जनआन्दोलनको प्रमुख प्रहार-लक्ष्य नेपालमा हालीमुहालीसहित सत्तारूढ भएको छ । यो सरकारको तुलनामा बरू एमाले-कांग्रेस संयुक्त मन्त्रीमण्डल नेपालको निम्ति कम हानिकारक हुन्थ्यो नै । जनआन्दोलनका दुई सहकर्मीहरूले यसरी सरकार बनाउन नसक्ने कुनै वस्तुगत कारण नेपालमा थिएन । तर छेक्यो- फेरि पनि अहंकार र व्यक्तिगत स्वार्थले नै ।

## गएको सात वर्षमा

गएको सात वर्षमा नेपालको बहुदल यतिखेर नेतृत्व तहमा बेवारिस भएको छ । कांग्रेस र एमाले सत्तान्ध भएका छन् । सत्तामोहबाहेक बहुदलीय प्रजातान्त्रिक परिवर्तनप्रति उनीहरूमा कुनै प्रतिबद्धता नै देखापरिरहेको छैन । अरू त अरू, उनीहरूका आफ्नै पार्टीहरू स्वस्थ प्रजातान्त्रिक पद्धतिबाट चल्न छोडेका छन् । त्यहाँभित्र पनि सत्ताकै छिनाझप्टीमा सबै सर्वांग नांगो उत्रने गरिरहेछन् । षड्यन्त्र र प्रतिशोधको राजनीति त्यहाँभित्र पनि हावी हुन थालेको छ । अन्य वामपन्थी शक्तिहरू बहुदललाई आफ्नो ठान्दैनन् र नयाँ जनवाद नआएसम्म बहुदलीय सरकारमा जाँदै नजान उनीहरू प्रतिबद्ध देखिन्छन् । दरबारको निम्ति बहुदल आफ्नो होइन ।

# कानूनी राज्यको मन्त्र जप्दै फासीवादको अभ्यास गरियो



◆ खगेन्द्र संग्रौला

जनआन्दोलनका एक संस्कृतिकर्मी

२०४६ सालको जनआन्दोलनको सौर्य र बलिदानको मसीले लेखिएको संविधानमा मूलतः वाक्-प्रकाशन-सभा संगठनका अधिकारहरु प्राप्त भएका हुन् । राज्यसत्ताको शक्ति विभाजनका दृष्टिबाट हेर्दा संविधानमा जनताको सर्वोच्चता स्थापित भएको कुरा साँचो होइन । विगत सात वर्षको बहुदलीय पूँजीवादी शासनको परिणाम आम नेपाली जनताका लागि सुखद र उत्साहबर्धक रहेको देखिन्न ।

जनआन्दोलनपश्चात् नेपाली कांग्रेस र एमाले जनआन्दोलनको भावना र आकांक्षा विपरीत संकीर्ण व्यक्ति स्वार्थ, गुट स्वार्थ र पार्टी स्वार्थलाई सर्वोपरी राखी जनआन्दोलनविरोधी तत्वहरुसंग साँठगाँठ गर्ने प्रतिस्पर्धामा संलग्न रहे । नेपाली कांग्रेसका नेतात्रयले पंचायती प्रतिकार समितिका नायक परशुनारायण चौधरीलाई भावविभोर मुद्रामा पार्टीमा भित्र्याई यस क्रमको थालनी गरेका हुन् । मल्लिक आयोगको प्रतिवेदनको उपेक्षादेखि लिएर एमालेले चैत्र २४ को जघन्य जनहत्याका खलनायक लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीका रुपमा वरण गरेको घटनासम्म आइपुग्दा साठगाँठको यो अध्याय उत्कर्षमा पुगेको छ ।

यसबीच राष्ट्रियता, जनजीविका र जनसुरक्षा- यी तीनै मोर्चामा ह्रास र प्रतिगनतर्फको प्रवृत्ति टड्कारो रुपमा देखियो । अरुण विवाद र महाकाली सन्धिदेखि लिएर निजीकरण तथा सत्ता समीकरणको निर्माण र विनाशजस्ता यावत घटनाहरुमा ठूला संसदीय दलहरुले संकीर्ण पार्टी स्वार्थका निमित्त बाहिरिया प्रभाव र हस्तक्षेपलाई आमन्त्रण र स्वागत गरे । नेपालका भौतिक र भावनात्मक सामर्थ्य तथा सम्भावनाको सीमाभित्र राष्ट्रिय स्वाभिमान र जनहितको रक्षा गर्न तिनले लेस मात्र पनि चेष्टा गरेनन् । सत्तामा लखनउ लूटका निम्ति सर्वदलीय सहमतिहरु भए र जनजीवन झन्झन् कष्टकर हुँदै गयो । परिणामस्वरुप, कुण्ठित जन-आकांक्षा नेपाली भूगोलको एक कुनामा माओवादी जनयुद्धको आक्रोशका रुपमा विस्फोट हुन पुग्यो । जनयुद्धका सामाजिक कारकहरुको अध्ययन गरी समस्याको राजनीतिक समाधान खोज्नुको सट्टा त्यसलाई मुढेबलले दमन गर्ने प्रयासको क्रममा संसदीय सत्ताले स्थापित नियम-कानून र मानव अधिकारको खुलेआम उल्लंघन गर्‍यो । यसरी कानूनीराज्यको मन्त्र जप्दै फासीवादको अभ्यास गरियो ।

नेपाली संसदवादको यस नकारात्मक पृष्ठभूमिमा चैत २४ गतेका खलनायकको नेतृत्वमा हाल गठित सरकार अन्तर्गत नेपाली जनताका वाक्-प्रकाशन-सभा संगठनका अधिकारहरुको समेत पनि संरक्षण र सम्बर्द्धन होला भन्ने कुरामा हाल ठूलो प्रश्नचिन्ह खडा भएको छ । यस प्रकारको घोर प्रतिगामी गठबन्धनको औचित्य सिद्ध गर्न एमाले पार्टीका नेताहरु र बौद्धिकहरुले बाध्यता, आवश्यकता, दुर्घटना, नयाँ प्रयोग आदि जस्ता हास्यास्पद संज्ञाहरु प्रयोग गर्ने गरेका छन् । समस्यालाई ऐतिहासिक सन्दर्भमा हेरी यो बाध्यता सत्तास्वार्थका लागि जनविरोधी तत्वहरुसंग साँठगाँठ गर्ने लामो प्रक्रियाको तर्कसंगत परिणति हो भन्ने तथ्यलाई तिनीहरु उपेक्षा गर्न र ढाकछोप गर्न चाहन्छन् । इतिहासको यस घडीमा संविधानमा लेखिएका जनअधिकारहरुको रक्षा गर्न सजग र सचेष्ट रहनु जनतन्त्रका पक्षधर पार्टी र बौद्धिकहरुका सामु आइलागेको आजको ज्वलन्त चुनौती हो भन्ने मलाई लाग्छ । ❑

# फटाहाहरूलाई पार्टीहरूमा हुलेदेखि नै प्रतिगमन शुरू भएको थियो

◆ चित्रबहादुर के.सी.

जनआन्दोलनमा संयुक्त राष्ट्रिय जनआन्दोलनको पक्षका एक भूमिगत नेता



*नेपालको तीस वर्षे पंचायती शासनकालमा नेपाली जनताले मौलिक अधिकार उपभोग गर्न पाएका थिएनन् । त्यसका विरुद्धमा देशभक्त र क्रान्तिकारी नेपाली जनताहरुले घनघोर संघर्ष गरेर यो सीमित बहुदलीय व्यवस्था प्राप्त गरेका हुन् । बहुदलीय व्यवस्थाको प्राप्तिपछि पंचायतकालका घुस्याहा, फटाहाहरुलाई छोटोमोटो कारवाही हुन्छ भन्ने कुराको आशा र आग्रह नेपाली जनताको थियो । तर बहुदलपछिका अन्तरिम सरकारदेखि नै उनीहरुलाई कारवाही गर्नुको सट्टा जब आफ्ना आफ्ना पार्टीहरुमा हुल्ने काम भए, त्यसबेलादेखि नै यो बहुदल प्रतिगमनको दिशातिर जान शुरु भएको थियो ।*

*सात वर्षको अवधिमा पाँच पाँच वटा सरकारहरु फेरिए । एमाले र कांग्रेसले सत्तामा जानको लागि नै पुनरुत्थानवादी र दरबारिया तत्वहरुसंग पालो गरी गरी साँठगाँठ गर्ने काम गरे । अहिले एमालेले त सरकारको नेतृत्व र महत्वपूर्ण मन्त्रालयहरु समेत सुम्पेर "अर्को विकल्प नभएकोले यसो गर्नु परेको" भन्ने भ्रम दिन थालेको छ । यसले गर्दा यो सीमित बहुदलले पनि उज्यालो दिशाबाट अँध्यारो दिशा पक्रेको जस्तो मलाई लागेको छ । यसमा एमाले र कांग्रेस दुवै दोषी छन् । यसरी, एकातिर बहुदल अँध्यारो दिशातिर उन्मुख भएको छ भने अर्कोतिर, दरबारिया शक्तिले देशी-विदेशीहरुको शक्ति र समर्थन जुटाएर राजतन्त्रको औचित्य प्रमाणित गर्नेतिर लागिरहेको छ । राज्य आरोहण रजत जयन्तीको निहुँ पारेर भारतका जोगी र मठाधीशहरुलाई राजतन्त्रको औचित्य प्रमाणित गराउन र त्यसलाई प्रचार गर्न बोलाइएको छ । एमाले र राप्रपाको सरकारले त्यसलाई समर्थन गर्दै आइरहेको छ ।*

*यो सीमित प्रजातन्त्रलाई पनि दरबारमा बुझाउने क्रियाकलापका विरुद्ध जनतालाई सचेत गराउने, संगठित गराउने र आन्दोलित गर्ने काम गरिनुपर्छ । एमाले र कांग्रेसको गलत तौरतरिकाबाट जनतालाई मुक्त गरिनुपर्छ ।*

# सत्ता र सरकारको सुख सुविधामा लट्ठिन र मात्तिन यो संविधान लेखिएको होइन

*जनआन्दोलनपछि लगत्तै श्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको संयुक्त सरकारले आफ्ना न्यूनतम दायित्वहरु पूरा गर्‍यो ।*

*त्यसपछि विकृति र विसंगति शुरु भए । अब कुनै नेता विशेषलाई औंल्याएर भन्ने दिन बिते । हाम्रा सबै शीर्षस्थ नेताहरु सत्ता "साधन हो वा साध्य" हो भन्ने विषयमा अझै अलमलिनु भएको देखिएको छ । यसको परिणाम नराम्रो भएको छ । उग्र वामपन्थी र दक्षिणपन्थीहरु वर्तमान संविधान र व्यवस्थाप्रति वितृष्णा उत्पन्न गर्न सुस्तरी सफल भइरहेका छन् ।*



◆ **प्रदीप गिरी**
जनआन्दोलनका एक राजनीतिकर्मी

*आजको प्रमुख राजनैतिक कार्य भनेको यो संविधानको रक्षा नै हो । तर रुढीवादी ढंगबाट यस संविधानको संरक्षण हुन सक्तैन । यस संविधानमा हाम्रो समाज र राज्यको गहन र व्यापक प्रजातान्त्रिकरणको संभावना निहित छ । हाम्रा राजनैतिक दलहरुले त्यता ध्यान दिनुपरेको छ । सत्ता र सरकारको सुख सुविधामा लट्ठिन र मात्तिन यो संविधान लेखिएको होइन । बलिदानी जनताको रगतले यो संविधान तैयार भएको छ । तदनुरुप, आमजनताको पक्षमा यस संविधानको उपयोग हुनु आजको ऐतिहासिक कार्यभार हो । गएको सात वर्षमा यो भएको छैन ।*

*देशमा बेलाबखतमा कांग्रेस-एमाले सरकारको कुरा उठ्छ । ढिलो चाँडो यो प्रयोग पनि होला । तर त्यो प्रयोगअघि नै एउटा दीर्घकालीन राजनैतिक र आर्थिक कार्यक्रमको निरुपण हुनुपर्छ । नत्र त्यस्तो संयुक्त सरकार अझ निराशामूलक र प्रत्युत्पादक हुनसक्छ । यस विषयमा आज कतै ठोस बहस छैन । ठोस बहस र दूरदृष्टिको अभावमा भएको यस्तो भावुक एकताको झन् ठूलो दुष्परिणाम हुनसक्छ । यस क्षेत्रमा गंभीर विचारधारात्मक र सांस्कृतिक कार्य आवश्यक छ ।*

*आज सांस्कृतिक क्षेत्रमा गरिनुपर्ने धेरै काम छ । आमजनता, विद्यार्थी किसान, मजदूरको चेतनाको स्तर उकास्ने काम भइरहेको छैन । २० औं शताब्दीको अवसान भइसक्यो । तर हामीले यस शताब्दीको शिक्षा हृदयंगम गर्न सकेका छैनौं । यसै सांस्कृतिक संघर्षको कमीले पनि उग्रवामपन्थी र उग्र दक्षिणपन्थीहरु बलिया भएका हुन् । कांग्रेस र एमालेभित्र पनि यस्ता प्रवृत्ति बलियो भएको देखिएको छ । त्यसैले ४६ सालको उपलब्धिमा प्रश्नचिन्ह लागेको हो ।*

---

अब आम जनताबाहेक बहुदलप्रति गंभीर रूपले जिम्मेवार को त ? को हो यसको वारिस ?

बहुदल ल्याउने आन्दोलनका एकजना सर्वमान्य कमाण्डर गणेशमान थिए । गएको सात वर्षमा गणेशमान आफ्नै पार्टीमा समेत अमान्य हुनपुगेका छन् । उनले पनि भाइभतिजावाद र कम्युनिष्ट-फोबियाबाट माथि उठेको हैसियत देखाउन सकेनन् ।

आम जनतामा नेतृत्वको असक्षमता, अकर्मण्यता र अनैतिकताको कारणबाट गएको सात वर्षमा व्यवस्थाप्रति नै निराशा छाउन थालेको छ । यो निराशाको जगबाट एकातिर अति दक्षिणपन्थी विचारको उदय भएको छ, अर्कोतिर अति वामपन्थी । बीचको समतल भूमि देखापर्न सकिरहेको छैन, जहाँ जनताले आफ्नो आशा र भरोसा बाँधेर राख्न सकून्, विश्वासिलो नेतृत्वशून्यता यतिखेरको मुख्य विशेषता हुन थालेको छ । विकल्पको अभावमा मानिसहरू यो वा त्यो पार्टी पक्रिरहेछन्, तर 'सबै चोरैचोर' भन्ने मनस्थिति भित्रभित्रै पालेर । दरबार यो स्थितिबाट अधिकतम फाइदा उठाउन निकै क्रियाशील हुन थालेको छ ।

यसैबीच गएको सात वर्षमा एमालेले आफ्नो क्रान्तिकारी वर्ग र वर्ग दृष्टिकोण परिवर्तन गरिरहेको देखिएको छ । यसको नेतृत्व अहिले मध्यमवर्गमा रूपान्तरित भइरहेको देखिएको छ । अहिले एमालेको राजनीतिक स्वभावमा र लाइनमा जे जति परिवर्तन देखापरिरहेको छ, त्यो यही वर्ग परिवर्तनको उपज देखिन्छ । एमालेले यतिखेर लिइरहेको लाइन सारमा सामाजिक जनवादी देखिन्छ । छनौट-उदारवाद, मिश्रित अर्थतन्त्र, महाकाली सन्धि काण्ड, बहुदलीय जनवाद यसैका बाहिरि अभिव्यक्ति हुन् । एमाले पार्टी हिजोको श्रमिक वर्ग, निम्नपूंजीपति वर्ग र क्रान्तिकारीहरू मात्र अट्ने पार्टीबाट आज 'सबै जनताको पार्टी' हुन लाग्दैछ । यो वर्ग परिवर्तनले नेपालको राजनीतिक शक्ति सन्तुलनमा काफी हेरफेर ल्याएको छ ।

माओवादीबाहेक अरू वामपन्थी पार्टीहरू गएको सात वर्षमा पहिलेभन्दा निकै खिइनपुगेका छन् । मूलतः अरूभन्दा उन्नत र भिन्न कार्यदिशाको अभाव, दिशा अस्पष्टता र अकर्मण्यताले गर्दा यस्तो भएको देखिएको छ ।

गएको सात वर्षमा देश सिंगैको कुरा गर्ने हो भने- यो पहिलेभन्दा निकै बेसी नवउपनिवेशवादको चपेटामा जाकिन पुगेको छ । नेपाल राष्ट्रको खूद तिर्न बाँकी विदेशी ऋण २०४६/४७ सालमा ३६ अरब ८० करोड थियो । अहिले त्यो चारगुणाभन्दा पनि बेसी बढेर १५० अरब नाघिसकेको छ । पोहोर चैत्र मसान्तमै यो १२१ अरब पुगिसकेको थियो । देशको चौथाई राजश्व हरेक वर्ष विदेशी ऋणको साँवा-ब्याज तिर्न मात्रै खर्च हुने स्थिति भएको छ ।

२०४६/४७ सालतिर नेपालमा गरीबीको रेखामुनि बाँच्ने जनसंख्या ४३ प्रतिशत बताइन्थ्यो । अहिले विश्व बैंकका अनुसार, त्यो ७१ प्रतिशत पुगेको छ । सरकारी तवरबाट करीब ५ प्रतिशत मानिसहरू अहिले पनि पूर्ण बेरोजगार बताइएको छ, यद्यपि सात वर्षअघि पनि यति नै बताइन्थ्यो, जबकि हरेक वर्ष दुई लाख बेरोजगारहरू नेपालको श्रम बजारमा काम खोज्न प्रवेश गरिरहेछन् । गएको १० वर्षमा नेपालको जनसंख्या साढे दुई प्रतिशतका दरले बढिरहेको छ । तर कृषि उत्पादनको बृद्धिदर यही अवधिमा १ प्रतिशतभन्दा पनि मुनि छ ।

अन्तर्राष्ट्रिय व्यापारमा पनि नेपालको निर्यातभन्दा आयात झण्डै तेब्बरभन्दा बेसी हुन पुगेको छ, जुन २०४६/४७ सालसम्म दोब्बरभन्दा केही बेसी हुन्थ्यो । २०४६ सालमा हाम्रो व्यापार घाटा करीब १३ अरब थियो । अहिले त्यो ४० अरब नाघिसकेको छ ।

यसरी जम्माजम्मीमा, गएको सात वर्षमा नेपाल उकालो लागिरहेको छैन, ओरालो लागिरहेको छ । नेपाल राष्ट्र र नेपाली जनताको गरीबी र विपन्नता घटेको छैन, बढेको छ ।

यसको मुख्य कारण, नेपालको राजनीतिक नेतृत्व हो, जुन निम्छरो छ, अति स्वार्थकेन्द्रित छ, अदूरदर्शी छ, र भ्रष्ट छ । प्रजातान्त्रिक परिवर्तनप्रति कुनै प्रतिबद्धता उसमा गएको सात वर्षमा देखिएको छैन । न त देश विकासको निम्ति नै उसमा दिशास्पष्टता छ ।

यी सबै कुराको पृष्ठभूमिमा वर्तमान राप्रपा-एमाले सरकार सत्तामा आएको छ । यसले आफ्नो न्यूनतम सहमतिको कार्यक्रमका रूपमा बीस सूत्रीय लक्ष्य तथा नीति घोषित गरेको छ । सरकारको बीस बुँदे लक्ष्य तथा नीतिले मुलुकमा राजनीतिक स्थिरता कायम गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ । 'गरीबीको रेखामुनि रहेका जनताको जीवनस्तर माथि उठाउन र महंगीले पिल्सिएका गरीब जनतालाई राहत दिन' विशेष कार्यक्रम ल्याउने घोषणा पनि त्यसमा गरिएको छ । त्यसले माओवादी समस्याको समाधान राजनीतिक ढंगबाट खोजिने प्रतिबद्धता पनि जाहेर गरेको छ । अर्थ व्यवस्थाको हकमा त्यसले 'राष्ट्रिय दृष्टिकोणमा आधारित उदार तथा बजारमुखी अर्थव्यवस्था' को वकालत गरेको छ । महाकाली सन्धिलाई त्यसले

## हामी प्रयोगको चरणमै छौं !



◆ **कविताराम श्रेष्ठ**
(साहित्यकार तथा समाजशास्त्री)

**२०४६ पछि हामीले प्राप्त गरेको नयाँ संविधानले हामीलाई दिएका थुप्रै अधिकारहरु उपभोग गर्नमा नेपाली समाजले हालसम्म विविध प्रयोग नै गर्दै आइरहेको मैले देखेको छु । प्रयोगको चरणमै हामी छौं । संक्रमण-कालीन विशेषताहरु अझै समाजमा बग्रेल्ती विद्यमान छन् । यसअर्थमा यहाँ थुप्रै भद्रगोल पनि कायम छ ।**

**तर म निराश छैन । कारण, संक्रमणकालमा यो स्वाभाविकै कुरा हो । यो अभ्यासका निम्ति भारतलाई वा पश्चिमी मुलुकहरुलाई योभन्दा धेरै समय लागेको थियो भन्ने कुरालाई पनि हामीले बिर्सनु हुन्न ।**

**जहाँसम्म, वर्तमानमा एमाले र राप्रपाको समीकरण भई सरकार बनेको सवाल छ, यसबारेमा मलाई लाग्छ- जोकोही व्यक्तिले पनि आफूलाई सच्याउने मौका पाउनुपर्छ । जेलमा राखिएका अपराधी भनिएका व्यक्तिहरुले पनि छुटेपछि अन्य नागरिकसरह बाँच्न पाउँछन् । फेरि अपराध दोहोर्‍याएमा कुरा अलगै हो, नत्र उनीहरुले पनि बाँच्ने र सच्चिने मौका पाउनुपर्छ । राप्रपा वा पूर्व पंचहरुले पनि वर्तमान संविधान मानेर आफूलाई प्रस्तुत गरिसकेपछि उनीहरुलाई फरक सोच्नु मिल्दैन । उनीहरुले पुनः पुरानै व्यवस्था फर्काउने प्रयत्न गरे भने अलग कुरा हो । हैन भने, संसदका अन्य पार्टीहरु सरह नै उनीहरुलाई कार्यक्रमका आधारमा नजिक वा टाढा राख्नुपर्छ, नाम हेरेर वा व्यक्ति हेरेर फरक व्यवहार गर्नु जरुरी छैन भन्ने मलाई लाग्छ । एमाले र राप्रपाहरुले अब काम कस्तो गर्छन्, त्यसैका आधारमा मात्र उनीहरुको संयुक्त सरकारको मूल्यांकन हुनुपर्छ । ❑**

'व्यापक राष्ट्रिय हित अनुकूल हुने गरी कार्यान्वयन गरिने' बताएको छ ।

सरकारको नीति तथा लक्ष्य जम्माजम्मीमा, निकै अमूर्त देखिन्छ । ठोस नीति र लक्ष्य कमैमात्र देखिन्छ । धेरैजसो पहिलेदेखि भन्दै आएका सामान्य नीति र लक्ष्यहरू नै यसमा पनि परेका देखिन्छन् । केही त विरोधाभाषपूर्ण लक्ष्य र प्राथमिकताहरू पनि यसमा परेका देखिन्छन् ।

जस्तो, 'उदार तथा बजारमुखी अर्थव्यवस्था' अप्नाउने भनिएको छ । साथसाथै, 'दिगो र भरपर्दो राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने' प्रतिबद्धता पनि यसमा जाहेर गरिएको छ । जब 'उदार र बजारमुखी अर्थव्यवस्था' अप्नाइन्छ, तब अर्थतन्त्र न त 'राष्ट्रिय' रहन्छ, न त यो 'दिगो र भरपर्दो' नै हुनसक्छ । 'उदार र बजारमुखी अर्थव्यवस्था' भनेकै राष्ट्र-राज्यको भूमिका न्यूनतम वा खत्तम पारिएको अर्थव्यवस्था हो । जब अर्थतन्त्रमा राष्ट्र र राज्यको भूमिका न्यूनतम हुन्छ, अर्थव्यवस्थामा त्यो स्थितिमा अन्तर्राष्ट्रिय साहुकारको भूमिका अधिकतम हुन जान्छ । त्यो स्थितिमा अर्थतन्त्र 'राष्ट्रिय' कसरी रहन्छ ? जब सारा अर्थतन्त्रको लगाम बजारमा छोडिन्छ, कसरी अर्थतन्त्रको विकास 'दिगो र भरपर्दो' रहन सक्छ ? त्यो त पूरापूर बजारको आधारमा उतारचढाव गरिरहने हुन्छ ।

अर्को उदाहरण हो- राजनीतिक स्थिरतालाई उच्च प्राथमिकता दिने भन्ने सवाल । यो गठबन्धन सरकार स्वयं कांग्रेसले भन्दा एमालेले राप्रपालाई बेसी हालीमुहाली सुम्पनाले सम्भव भएको छ । अब के ठेगान छ कि, एमालेलाई पनि उछिन्ने 'उपहार' कांग्रेसले राप्रपालाई सुम्पने छैन ? त्यस्तो भयो भने- यो सरकार त फेरि पनि तुरून्तै ढल्ने छ । अनि राजनीतिक स्थिरता कसरी सम्भव हुन सक्छ ? राजनीतिक स्थिरता त या त कांग्रेस-एमाले सरकार हुँदा सम्भव हुन्थ्यो, या पुनः वामपन्थी एकतासहित मध्यावधि चुनावमा जाँदा । तर यो विकल्प त अप्नाउँदै अप्नाइएन ।

२० सूत्रीय कार्यक्रम र सरकारको संरचना हेर्दा यसले कुनै आधारभूत प्रजातान्त्रिक सुधार गर्ने लक्षण देखिन्न । यसले चुनावलाई ध्यानमा राखेर केही लोकप्रियतामुखी सुधारका कामहरू मात्र थाल्ने अत्यधिक सम्भावना देखिन्छ । तर यसले ढिलासुस्ती र भ्रष्टाचार, महँगी थोरै भए पनि घटाउने र जनतालाई थोरै मात्र पनि राहत हुने काम गर्न सक्यो भने मात्र पनि यो ठूलो कुरा हुनेछ ।

महाकाली सन्धि संसदले पास गरेको पत्राचार अझैसम्म भारतलाई गएको छैन । त्यो पत्राचारसँगै संसदले पास गरेको संकल्प प्रस्ताव पनि सँगै पठाउने, र सन्धिलाई बुझ्दा संकल्प प्रस्तावसहित मात्र पास भएको बुझ्ने आग्रह भारतलाई गर्न सकेको खण्डमा पनि यो सरकारको ठूलो उपलब्धि हुनेछ । यसो भएको खण्डमा पानी र बिजुलीको मूल्यमा महाकाली सन्धिका धारामार्फत नेपाललाई ठग्ने सम्भावना धेरै हदसम्म कम हुनेछ । सन्धिका ती धाराको पुनर्व्याख्या हुनेछ ।

### बाटो के त ?

मूलतः समाजलाई पछाडि धकेल्ने परिस्थिति सिर्जना भइरहेको यो स्थितिमा बाटो के त ? भन्ने प्रश्न हाम्रो सामु चुनौतीको रूपमा खडा छ ।


बहुदलीय व्यवस्थाले महँगी हटाएन, गरीबी खत्तम पारेन, बेरोजगारी अन्त

(बाँकी ३३ पेजमा)

## निहीत स्वार्थ र सत्तालिप्साले काम भइरहेको छ

◆ **श्यामकृष्ण कोजू**

तात्कालीन संयुक्त वाममोर्चाका केन्द्रीय सदस्य



*निरंकुश निर्दलीय पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापना नै २०४६ सालको जनआन्दोलनको उद्देश्य थियो । राजनैतिक दलहरुको नेतृत्व र आह्वानमा भएको जनआन्दोलन देशभरिका सम्पूर्ण तप्काका जनताको अभूतपूर्व सहभागिता र बलिदानी संघर्षबाट सफल भएको थियो । बहुदलीय व्यवस्थाको स्थापना र वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता जस्ता मौलिक र राजनैतिक अधिकारहरु आन्दोलनका राजनैतिक उपलब्धि हुन् ।*

*परिवर्तनपछि भ्रष्टाचार, महँगी, कमिशनतन्त्रजस्ता विकृतिबाट मुक्त भएर सामाजिक र आर्थिक विकास हुने आकांक्षा जनताले लिएका थिए । तर आन्दोलनपछिका सरकारहरुले जनताको जनजीविकामा सुधार ल्याएर जनतालाई राहत दिन सकेका छैनन् । राजनैतिक दलहरुमा आएको मूल्य र मान्यताको ह्रास आज चिन्ताको विषय बनेको छ । जनताप्रतिको प्रतिबद्धताभन्दा निहित स्वार्थ र सत्तालिप्साले काम भइरहेको छ । तर निराश हुनुपर्ने स्थिति छैन । जनतालाई चेतनशील बनाएर गरिने निरन्तरको संघर्ष र आन्दोलनबाट यस स्थितिको अन्त्य हुनेछ ।* ❑

# गठबन्धन सरकारका उप-प्रधानमन्त्री वामदेव गौतमसंगको ताजा अन्तरवार्ता

**❑ ०४६ सालको आन्दोलनको प्रमुख वर्ग दुश्मन शक्तिसंग गठबन्धन सरकार बनाउन नेकपा एमाले किन तयार भयो ?**

-अहिले एमालेले राप्रपा र सद्भावनासंग मिलेर जुन सरकार बनायो, निश्चितै रूपले त्यसमा कम्युनिष्ट आन्दोलनमा लागेका बुद्धिजीवी र आन्दोलनकारीहरूको निम्ति प्रश्न खडा भएको छ । तर यस प्रश्नलाई मैले त्यति गंभीर ठानेको छैन । किनकि, वर्गीय शक्ति सन्तुलन कायम गर्नको लागि कस्तो कार्यनीति अप्नाएर जाँदा त्यस सन्तुलनलाई आफ्नो पक्षमा ल्याउन सकिन्छ ?- भन्ने आधारमा नै विभिन्न राजनैतिक शक्तिहरूसंग तालमेल गर्ने, निकट वा दूरीको सम्बन्ध कायम गर्ने, संघर्ष संचालन गर्ने, संघर्षका कस्ता कस्ता रूपहरू संचालन गर्ने भन्ने कुराहरू निश्चित हुन्छन् । हाम्रो देशमा अहिले जुन जुन वर्गहरू छन्, ती वर्गहरूको राजनैतिक प्रतिनिधित्व गर्ने राजनैतिक शक्तिहरूले विद्यमान राजनैतिक स्थितिमा आफ्नो वर्गस्वार्थलाई पूरा गर्नको निमित्त कुन वर्गसंग सम्बन्ध कायम गर्ने र कुन वर्गसंग नगर्ने भन्ने कुराको निर्क्योल गर्नुपर्छ ।

हामीले अहिले हाम्रो देशमा शान्ति, राजनैतिक स्थिरता र विदेशी तथा स्वदेशीको प्रभुत्वबाट राष्ट्र र जनतालाई मुक्त गर्नको निम्ति राप्रपासंग राजनैतिक संयुक्त मोर्चा कायम गरेका छौं । अहिले भएको वर्गीयसंन्तुलनमा श्रमजीवी वर्गको राजनैतिक प्रभुत्व कायम गर्ने दिशामा यो सन्तुलनलाई कुशलतापूर्वक उपयोग गर्नको निम्ति नै हामीले राप्रपासित संयुक्त भएर जाने निर्णय गरेका हौं ।

**❑ यो दौरानमा इच्छा भए जनआन्दोलनको सहकर्मी शक्ति नेपाली कांग्रेससंग मिलेर सरकार बनाउन सकिँदैनथ्यो र ? विकल्प हुँदा हुँदै दर्बारिया शक्तिसितै टाँसिनु पर्ने बाध्यता थियो र ?**


-२०४६ सालमा पनि अहिलेको जस्तै तात्कालीन परिस्थितिमा वर्गीय शक्ति सन्तुलनलाई श्रमजीवी जनताको पक्षमा ल्याउनको लागि नै संयुक्तमोर्चा गरिएको थियो । जनआन्दोलन भएको धेरैवर्ष बितिसकेको छ । ४६ सालको जनआन्दोलनमा संलग्न भएका कम्युनिष्ट पार्टीबाहेक अरू राजनैतिक पार्टीहरूमध्ये नेपाली कांग्रेसले नेकपा एमालेसित सँगै जाने वातावरण कायम गर्न सकेन । त्यस्तो किसिमको वातावरण कायम गर्ने कुरालाई त्यसले सधैं बाधा र अवरोध सृजना गर्ने काम नै गर्‍यो । यसले गर्दा नेपाली कांग्रेससग मिलेर सरकार बनाउने स्थिति नै रहेन ।

**❑ तपाईको सरकारले श्रमजीवी वर्ग र देशको हितको लागि के के नीति र कार्यक्रमहरु ल्याउँदैछ त, जुन योभन्दा अगाडिको सरकारले ल्याउन सकेको थिएन ?**

-यो सरकार नेकपा एमालेको मात्र सरकार होइन । नेकपा एमाले, राप्रपा र सद्भावना तीनै पार्टीको सरकार हो ।

'नेकपा एमाले राप्रपासंग मिलेर सरकार बनाएकोमा नेकपा एमाले बिग्रने हो कि भनेर नेपाली जनताले चिन्ता लिएको भए उनीहरूप्रति मेरो सहानुभूति छ ।'





फोटो: उषा

# जनपक्षीय काम गर्न नसके तापनि जनविरोधी काम गरिने छैन

हाम्रोबीचमा अत्यन्त गम्भीर खालका राजनैतिक, सैद्धान्तिक मतविरोधहरू छन् र अरू कार्यशैलीगत कुराहरूमा पनि मतविरोधहरू छन्। त्यसैले, अहिले सम्झौता र समझदारीको वातावरणबाटै सबै कुराहरू अगाडि बढाउनुपर्ने बाध्यता रहेको छ।

यस्तो स्थितिमा हाम्रो राष्ट्रियताको संरक्षण र सम्वर्द्धन गर्ने, प्रजातन्त्रको मूल्य-मान्यतालाई कायम गर्ने, जनताको प्रजातान्त्रिक हक अधिकारको संरक्षण र सुदृढीकरण गर्ने काममा हाम्रो अधिकतम प्रयत्न रहनेछ। त्यस्तै, स्वाधीन अर्थतन्त्रलाई टेवा दिने नयाँ अर्थतन्त्रको निर्माण गर्ने, श्रमजीवी वर्गको हितको निम्ति राष्ट्रिय पूँजीको संरक्षण गर्ने काममा पनि हाम्रो प्रयत्न रहनेछ। विश्वमा देखापरेका आर्थिक नीतिको सबै प्रवृत्तिहरूमध्ये हाम्रो राष्ट्रको पक्षमा कतिसम्म प्रयोग गर्न सकिन्छ ? भन्नेतर्फ पनि हाम्रो प्रयत्न रहनेछ।

त्यस्तै किसिमले, भूटानी शरणार्थी समस्या, महँगीको समस्या, माओवादी समस्या समाधान गर्ने, कानूनको रक्षा गर्ने शान्ति सुरक्षा गर्ने कामलाई हामीले प्राथमिकता दिनेछौं। भ्रष्टाचारलाई नियन्त्रण गर्दै त्यसलाई उन्मूलन गर्ने दिशातर्फ पनि हामीले केही कदम चाल्ने छौं। यी कामहरूका दौरानमा पनि हामीले सोचेजति कामहरू गर्न सक्ने छैनौं। तर पनि हामीले अधिकतम काम गर्ने प्रयत्न गर्नेछौं। र, जनताको सहयोग लिएर हामीले कामलाई अगाडि बढाउने छौं। नेकपा एमालेको प्रयत्न भनेको आफ्नो नौ महिने शासनकालमा यसले अगाडि सारेका जनप्रिय र राष्ट्रियताका कार्यक्रमलाई निरन्तरता दिने काममा जोड दिनु रहनेछ।

**❑ तपाईहरूले महाकाली सन्धिको सम्बन्धमा संसदमा जोडदार रुपले आवाज उठाउनु भएको थियो। अहिले त तपाईहरु आफैं सरकारमा आउनु भएको छ। अब महाकाली सन्धिबारे पारित संकल्प प्रस्ताव कार्यान्वयनबारेमा ठोस रुपमा के गर्न लागिँदैछ त ?**

-महाकाली सन्धि भइसकेको छ। अब त्यसलाई हामीले खारेज गर्न वा उल्ट्याउन सक्दैनौं। तर त्यस सन्धिलाई हाम्रो राष्ट्र र जनताको हितमा अधिकतम प्रयोग गर्ने हाम्रो प्रयत्न रहनेछ। र डि.पि.आर. बनाउँदा पनि जनता र देशको हितमा के कति कुराहरू समावेश गर्न सकिन्छ, त्यसमा पनि हामी लाग्नेछौं।

**❑ भारतले महाकालीको मुहान नै खाएको र कालापानीमा भारतीय फौज रहेको सवालबारेमा नि, त्यस सम्बन्धमा तपाईहरु के गर्दै हुनुहुन्छ ?**

-त्यस पक्षमा हामीले गंभीरतापूर्वक अध्ययन गर्न पाएका छैनौं। तै पनि हामीले जे जति तथ्यहरू पाएका छौं, त्यसको आधारमा राष्ट्रको हित हुने काम नै हामी गर्नेछौं। महाकाली नदीको मूललाई टुंगो लगाउने र कालापानीमा भारतीय फौज रहेको भन्ने सम्बन्धमा पनि नेपाल र भारतका सम्बन्धित निकायहरूको बीचमा वार्ता गर्ने काम हामी गर्नेछौं।

**◆ वास्तवमा अहिले नेपालको अर्थतन्त्र कांग्रेसले ल्याएको जस्तै उदार अर्थतन्त्र हुनेछ कि एमालेले वकालत गरेको छनौटवादी मिश्रित उदार अर्थतन्त्र हुनेछ ? तपाईहरुको मन्त्रीमण्डलका अर्थमन्त्रीले त उदारवादी अर्थतन्त्रकै वकालत गर्दैछन् !**

-उदारवादी अर्थतन्त्रको सिद्धान्त मान्ने राप्रपा र स्वतन्त्र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने तथा मिश्रित अर्थतन्त्रलाई अगाडि बढाउने भन्ने मान्यता राख्ने एमालेसमेतको सरकार भएको हुनाले यसै अवधारणामा आधारित भएर जे जति राष्ट्रको र जनताको हितमा हुन सक्छ, तिनै कुराहरूलाई लिएर हामी अगाडि बढ्न सक्छौं।

**◆ अहिले जुन भूमिमा द्वैध भूस्वामित्व मात्र खत्तम गर्ने, अरु केही पनि नगर्ने खालको मोही र जोताहा किसानमारा भूमि ऐन आएको छ, त्यसमा तपाईहरु के गर्दै हुनुहुन्छ ?**

-मोही किसानहरूको हितको निम्ति अधिकतम प्रयोग गर्नेतिर हामी जान्छौं। र कानूनको अगाडि सबै बराबर भन्ने आधारमा हामी त्यसलाई लागू गर्छौं।

**❑ त्यो ऐनबाट त आमरुपमा मोहीहरु बेदखली हुने र अब उता मोही लगाए पनि हक दिनु नपर्नाले आमरुपमा मोहीहरुको समस्या पैदा हुने स्थिति पैदा भएको छ नि ?**

-त्यसमा हामी अध्ययन र छलफल गर्नेछौं।

**❑ माओवादीको समस्या हल गर्नको लागि ठोस कदम के चालिँदैछ ?**

-माओवादीहरूसंग राजनैतिक वार्ता चलाउनको लागि कुरा गरिरहेका छौं। उताबाट के प्रयत्न हुन्छ ?- त्यसलाई पनि हेर्नुछ। तर उहाँहरूलाई हामीले सकारात्मक दृष्टिले हेर्दाहेर्दै उहाँहरूले कानूनलाई आफ्नो हातमा लिएर नागरिकहरूको हत्या गर्ने कामहरू गरिराख्नु भएको छ। त्यो राम्रो भइरहेको छैन।

**❑ संसद चालु हुँदाहुँदै कानून नबनाएर किन अध्यादेशबाट विधेयक ल्याउनुभयो, स्थानीय निकायका सम्बन्धमा ?**

-नेपाली कांग्रेसले विकेन्द्रीकरणको नाममा यो सालभरिनै चुनाव गर्न नदिने र सार्वभौम नेपाली जनताहरूलाई उनीहरूको मौलिक अधिकारबाट बन्चित गर्ने जुन काम गर्दैथियो, हामीले त्यसलाई अन्त गरिदियौं। यही असारभित्र स्थानीय चुनाव गर्ने भन्ने कुरा तय भइसकेको छ। त्यसभन्दा अगाडि नै विकेन्द्रीकरणको उद्देश्य र मर्ममुताबिक जनतालाई स्वायत्त-शासनको अधिकार प्रदान गर्नको लागि अध्यादेशमार्फत् हामीले अहिले ढाँचा निर्माण गरेका हौं। पछि, असारको अधिवेशनमा हामी संसदमा विधेयक ल्याउँदैछौं। स्वायत्त-शासनका बाँकी सबै कुराहरू त्यही विधेयकमा ल्याइनेछ। अहिले अध्यादेश समयमै चुनाव सम्पन्न गराउन ल्याइएको मात्र हो।

> **जनप्रिय र राष्ट्रियताका कार्यक्रमलाई निरन्तरता दिने काममा जोड रहनेछ।**

**❑ नियुक्ति भइसकेको आई.जी.पी. हटाएर त्यसको ठाउँमा नयाँ आई.जी.पी. ल्याउनु भएको छ। यसले प्रशासनमा गडबड गर्ने प्रयत्न गरियो भन्ने व्यापक आरोप छ। आई.जी.पी. हटाउनुपर्ने कारण के थियो ? के यो मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन हो वा अरु नै स्वार्थ छन् यसमा ?**

-देशमा शान्ति सुरक्षा कायम गर्न र प्रभावकारी ढंगबाट भ्रष्टाचार नियन्त्रण गर्न उपयुक्त मानिसलाई उपर्युक्त ठाउँमा राख्ने निर्णय भएको हो। नियम कानून अनुसार नै प्रहरीको आई.जी.पी. र अन्य पदहरूमा हेरफेर गरिएको हो। यसमा व्यापक जनताहरूको समर्थन प्राप्त भएको छ। जनताले अहिले सुरक्षाको महसूस पनि गरेका छन्। तर सत्ताबाट हट्न बाध्य भएको पार्टीले नै यसको विरोध गरिरहेको हो। प्रहरी क्षेत्रमा नेपाली कांग्रेस सत्तामा आएको बेलामा पनि एउटा खास कार्यकाल पूरा नगरिसकेको प्रहरी महानिरीक्षकलाई बीचैमा हटाएर अर्कोलाई प्रहरी महानिरीक्षक बनाउने काम भएको थियो। अहिलेको सरकारले प्रभावकारी ढंगबाट शासन संचालन गर्न यो फेरबदल गरेको हो। यो राष्ट्रको, जनताको हितमा छ।

**◆ अहिले जनताको दुश्मनको रुपमा रहेको राप्रपासंग मिलेर एमालेले सरकार बनाएकोमा जनताहरूमा निराशा छाएको छ। निराश भएका जनतालाई तपाई कसरी आश्वस्त पार्नुहुन्छ ?**

-एकचोटी शत्रु भएको व्यक्ति सधैंभरि शत्रु भइरहन्छ भन्ने कुरा हुँदैन। पंचायतकालमा जुन जुन राजनैतिक शक्तिहरूको उदय भएको थियो, त्यतिबेला त्यो शक्ति जुन अवस्थामा थियो, अहिले पनि त्यही अवस्थामा हुन्छ भन्ने कुरा म मान्न सक्तिनँ। गइसकेको पंचायती व्यवस्था फेरि आउँछ भन्ने कुरामा म विश्वास पनि गर्दिनँ। यदि नेकपा एमालेले राप्रपासंग मिलेर सरकार बनाएकोमा नेकपा एमाले बिग्रने हो कि भनेर नेपाली जनताले चिन्ता लिएको भए उनीहरूप्रति मेरो सहानुभूति छ। त्यसप्रति सम्मान दिन चाहन्छु र जुनसुकै पार्टीसंग मिलेर नेकपा एमाले सरकारमा गए तापनि नेकपा एमालेको चरित्र बिग्रने छैन र जनता र देशको विपक्षमा कामहरू गर्नेछैन। अथवा, यसले जनपक्षीय काम गर्न नसके तापनि जनविरोधी कामहरू गर्नेछैन भन्ने कुरामा म जनतालाई विश्वास दिलाउन चाहन्छु। ◆





# देङ र देङपछिको चीन

## अब चीन कुन दिशामा जाला ?

दीपक वैद्य

जुन रोगबाट चीनका महान नेता माओको मृत्यु भयो, त्यही पक्षघातको रोगबाट ९२ वर्षको उमेरमा वर्तमान चीनका सर्वोच्च नेता देङ शियाओपिङको गएको फागुन ७ गते पेकिङमा निधन भयो । माओको मृत्युमा जुन असीम श्रद्धामिश्रित शोकको लहर चीन र संपूर्ण उत्पीडित विश्वमा छाएको थियो, त्यो देङको मृत्युमा किंचित देखिएन ।

"**सबैजना पैसा कमाउनमा यति व्यस्त छन् कि, कसैलाई शोकाकूल हुने फुर्सदै छैन**", डिङ् नाम गरेका एक जना तीस वर्षीय ट्याक्सी ड्राइभरले पेकिङमा बताए । वास्तवमा, ती ट्याक्सी ड्राइभरले जुन कुरा भने, त्यो चीनको राष्ट्रिय यथार्थ थियो । यस्तो भान हुन्थ्यो- उनको मृत्यु चीर प्रतिक्षित थियो, चीनमा पनि र बाँकी विश्वमा पनि । एउटा कटु यथार्थ के पनि देखियो भने- उनको देहावसानमा सबैभन्दा बेसी शोक श्रद्धाञ्जली पूँजीवादी विश्वले चढायो ।

अहिले चीन विश्वको तेस्रो ठूलो आर्थिक शक्ति भइसकेको छ । गएको १८ वर्षमा वार्षिक सरदर १० प्रतिशतका दरले उसको आर्थिक बृद्धि भइरहेको छ । यही गतिमा उसको आर्थिक बृद्धि भइरहने हो भने आगामी तेह्र वर्षमै चीनको राष्ट्रिय आयले अमेरिकालाई समेत उछिन्ने र चीन सन् २०१० मै विश्वको नम्बर एक आर्थिक शक्ति भइसक्ने देखिन्छ । विकासशील देशहरूमध्ये सबैभन्दा बेसी विदेशी पूँजी लगानी तान्ने देश यतिखेर चीन नै भएको छ । गएको वर्ष मात्रै उसले करीब ४० अरब अमेरिकी डलर विदेशी लगानी चीनमा भित्र्याएको थियो । अन्तर्राष्ट्रिय व्यापारमा पनि चीन विश्वमा एघारौं सबैभन्दा ठूलो निर्यातकर्ता हुन पुगेको छ ।

पूँजीवादी खुला बजार अर्थतन्त्रको बाटोबाट अहिले चीनले जुन गतिमा आर्थिक समृद्धि हासिल गरेको छ, त्यसमा अग्रगामी भूमिका देङको रहेको छ । देङले मूलत: आर्थिक हिसाबले उन्नत चीनको निर्माण गर्ने प्रयत्न गरे, वैचारिक-सांस्कृतिक हिसाबले समेत उन्नत समाजवादी चीन होइन । र, त्यसमा उनी धेरै हदसम्म सफल पनि भए ।

आर्थिक हिसाबले समृद्ध चीन पूँजीवादी विश्वको निम्ति यतिखेर विश्वकै सबैभन्दा लोभलाग्दो बजार ठहरिएको छ । किनभने, त्यहाँ श्रम निकै सस्तो छ, विशाल दक्ष जनशक्ति र एउटै मुलुकमा खल्तीमा मनग्य पैसा भएका सारै खंचुवा सवा अरब उपभोक्ता छन् । यति ठूलो आकर्षक बजार विश्वमा अन्त कतै एकै मुलुकमा उपलब्ध छैन । त्यस्तो बजारलाई देङले सन् १९७८ देखि सारा पूँजीवादी जगत्को निम्ति खुला गरिदिएका छन् । विश्वका सबै ठूला बहुराष्ट्रिय कम्पनीहरूले देङको यो कदमलाई '**व्यापारिक क्रान्ति**' को नाम दिएका छन् । यसका निमित्त उनीहरू देङप्रति निकै कृतकृत्य देखिन्छन् । एउटा समाजवादी मुलुकमा शान्तिपूर्वक यस्तो 'क्रान्ति' सम्पन्न हुन सक्नुमा मूल श्रेय उनीहरू देङलाई नै दिन चाहन्छन् ।

देङको अगुवाईमा चीनमा विगत दुई दशकमा भएको यो आमूल आर्थिक परिवर्तनले चीनमा सर्वत्र समृद्धि मात्र छाएको छ भन्नु एकपाखे कुरा मात्र हुनेछ । खुला बजार अर्थतन्त्रले चीनमा अहिले गरीब र धनीबीचको खाडल चौपट्टै फराकिलो पारेको छ । यसले गाउँ र शहरका बीचमा काफी ठूलो अन्तर ल्याएको छ । नोकरशाहीतन्त्र र भ्रष्टाचार सर्वव्यापी पारेको छ । गरीबी, बेरोजगारी र बेश्याबृत्ति खत्तम भइसकेको मुलुकमा फेरि ती सबै छाउन थालेका छन् । सामाजिक अपराधहरू काफी बढेका छन् । समाजमुखी मान्छेहरू अब अधिकांश पैसामुखी भएका छन् ।

चीनमा अहिले साँढे ६ करोड मानिसहरू गरीबीको रेखामुनि हरिकंगाल पशु-जिन्दगी भोगिरहेछन् । उनीहरूको औसत वार्षिक आय ६४ डलर मात्रै छ । शहरबासीहरूको औसत आम्दानी गाउँबासीहरूको भन्दा ३.३४ गुणा बेसी छ । सबैभन्दा बिजोग गाउँका ८० करोड किसानहरूको भएको छ । उनीहरूको औसत वार्षिक आम्दानी १८० डलर मात्रै छ, जबकि, सयुक्त लगानीका र विदेशी फर्ममा काम गर्ने मजदूरको तलब वार्षिक औसत ९०० डलर छ ।

सरकारी कार्खानामा काम गर्ने र निजी कार्खानामा काम गर्ने मजदूरहरूको वेतनमा थोरैमा पनि दोब्बरभन्दा बेसी अन्तर छ । गएको दुई दशकमा पन्ध्र करोड जति किसानहरू खेतीमा भएको यान्त्रिकरण र अन्य फेरबदलले गर्दा रोजगारविहीन भएका छन् । १० करोड जति किसानहरू कामको खोजीमा शहरहरूमा, विशेष गरी बेइजिङ, सांघाइ र ग्वाङडोङ जस्ता ठूला शहरहरूमा धुइरिएका छन् । बेरोजगारीले गर्दा शहरमा चोरी, डकैती, बेश्याबृत्ति, र गुण्डागर्दी जस्ता कुवृत्तिहरू निकै बढेको छ र श्रम निकै सस्तो भएको छ । सरकारी आँकडा अनुसार, अहिले चीनमा अढाई प्रतिशत मानिसहरू पूर्ण बेरोजगार छन् ।

किसानको बढ्दो गरीबी, सरकारको गाउँप्रतिको उपेक्षा, चर्को महँगी र भ्रष्टाचारले गर्दा चिनियाँ गाउँहरूमा किसानहरूको विद्रोह भड्कन थालेको छ । सबैभन्दा ठूलो किसान विद्रोह देङकै गृहप्रदेश सिचुवान प्रान्तमा भएको छ । यस्तै विद्रोह शान्सी, हेनान, हुवेइ, गुइजाउ,

गुवानसी, जियाङसी, आन्हुई, शान्डोङ र जियाङसु प्रान्तमा भड्केको छ ।

खालि गाउँ र शहरमा मात्र होइन, शहर र शहरका बीचमा पनि निकै ठूलो आर्थिक विभेद चीनमा देखापरेको छ । आय स्तर सबैभन्दा बेसी दक्षिणी समुद्री किनारका शहरमा चुलिएको छ । चीनको औसत शहरियाको आम्दानी २००० युआन छ । तर पेकिङ्ग निवासीले ५१०० युआन कमाउँछ र सांघाइ निवासीले ६४०० युआन ।

भ्रष्टाचार र तस्करी कति व्यापक भएको छ भने, १९९६ मा मात्रै तेह्र हजार जना सरकारी अधिकारीलाई भ्रष्टाचारवापत मुद्दा चलाइयो र अठ्तीस हजार वटा अपराधी समूहलाई कार्वाही गरियो ।

देङको नेतृत्वमा चीनमा भइरहेको आर्थिक समृद्धिलाई बुझ्दा पूँजीवादी आर्थिक समृद्धि संगसंगै चीनमा विकसित भइरहेका यी विकृतिहरूलाई पनि बुझ्नु पर्छ । नत्र हाम्रो धारणा एकांगी मात्र हुनेछ, सर्वांगीण हुनेछैन ।

## जीवन र योगदान

देङले समाजवादी चीनमा पूँजीवाद भित्र्याए, यो सत्य हो । तर देङको जीवनलाई यसरी मात्र अर्थ्याउनु पनि ऐतिहासिक यथार्थका हिसाबले गल्ती हुनेछ ।

देङ अगस्त २२. १९०४ मा सिचुवान प्रान्तको बाइफाङ गाउँमा एउटा सम्पन्न जमीन्दारको घरमा जन्मेका थिए । २५ एकड जमीनको मालिक उनको परिवारलाई नपुग्दो केही थिएन । तर उनी १६ वर्षकै उमेरमा काम गरेर पढ्नका लागि फ्रान्सतिर लागे । त्यहाँ उनले पढेनन्, मजदूरीको काम गरे । यही मजदूरीको दौरानमा चाओ एन लाईसित सम्पर्क भयो । र, १९२२ मा उनी उनैमार्फत् कम्युनिष्ट यूथ लिगको सदस्य बने । चीनविज्ञ एडगर स्नोका अनुसार, उनी फ्रान्सेली कम्युनिष्ट पार्टीको सदस्य पनि बने । पाँच वर्ष पेरीस बसेपछि उनी मस्को हुँदै १९२६ मा चीन फर्के । मस्कोमा रोकिँदा उनले त्यहाँ मार्क्सवाद-लेनिनवादको महत्वपूर्ण शिक्षा प्राप्त गरे । त्यसपछि त उनी ढलपल नगरेर पूरापूर चिनियाँ क्रान्तिमा होमिए । उनको सम्पूर्ण यौवन चीनको नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नमा बित्यो । क्रान्ति सम्पन्न हुँदा उनी ४५ वर्षका भइसकेका थिए ।

१९२७ मा चिनियाँ कम्युनिष्ट पार्टीमाथि च्याङ काइशेकबाट चरम दमन भएपछि उनले दुई वर्षसम्म सांघाइमा भूमिगत भएर कम्युनिष्ट पार्टीको काम गरे । उनलाई माओको ग्रामीण वर्ग संघर्षको बाटो मन पर्‍यो । उनले तुरुन्तै क्वाङसीमा सातौं लालसेना गठन गरे । त्यहाँ क्वोमिन्ताङले फ्रेन्च शक्तिसित मिलेर भीषण दमन गरेपछि उनी बचेखुचेको सेना लिएर चियाङकाङशान पुगे, जहाँ उनको माओसित भेट भयो । त्यसपछि दुई दशकसम्म वामपन्थी र दक्षिणपन्थी अवसरवाद विरोधी पार्टीभित्रको संघर्षमा उनी हमेशा माओको पक्षमा दृढतापूर्वक उभिए । यसवापत तीसको दशकको शुरूमा माओ कार्वाहीमा पर्दा देङ पनि कार्वाहीमा परे । यसबीच, माओ र उनको दोस्ती निकै घनिष्ट भयो ।

१९३४-३५ को १२,५०० किलोमिटर ऐतिहासिक लामो यात्रा **'लङ्ग मार्च'**मा उनी माओसितै थिए । उनी त्यतिखेर बाह्रौं डिविजनको डिपुटी कमाण्डर र राजनीतिक कमीसार थिए । १९३५ मा चुन्यी सम्मेलनमा उनी पार्टीमा माओको नेतृत्व स्थापना गर्ने पक्षमा खडा भए ।

**'लामो यात्रा'**पछि चिनियाँ कम्युनिष्ट पार्टीमा माओको नेतृत्वको श्रेष्ठता दृढतापूर्वक स्थापना भयो । देङ पनि अब लाल सेनाको विभिन्न अंगमा उच्च पदस्थ राजनीतिक कमीसारको रूपमा स्थापित भए । देङको सेनाले १९३७ देखि १९४५ सम्मको जापानविरोधी राष्ट्रिय युद्धमा शत्रुलाई परास्त गर्न निकै महत्त्वपूर्ण भूमिका खेल्यो । उनको प्रशंसनीय कार्य क्षमताको कारण उनलाई १९४३ मै माओको अगुवाईमा रहेको पार्टीको केन्द्रीय सचिवालयमा लिइयो । येनानमा सम्पन्न पार्टीको पाँचौं महाधिवेशन (१९४५) बाट त उनी केन्द्रीय समितिकै सचिव र पोलिट ब्यूरो सदस्यको रूपमा निर्वाचित भए ।

१९४५ देखि १९४९ सम्म क्वोमिन्ताङसित भएको इतिहासको सबैभन्दा भीषण गृहयुद्धमा उनको बुद्धिमानी र बहादुरीले शत्रुलाई परास्त गर्न निकै ठूलो भूमिका खेलेको थियो । उनी त्यतिखेर मध्य समतल भूमिमा भएको सम्पूर्ण चिनियाँ जनमुक्ति सेनाको सेनाध्यक्ष भएर युद्ध लडेका थिए ।

त्यसैले, क्रान्तिपछि १९५२ मा उनी अन्तरीम सरकारको उपाध्यक्ष र अर्थमन्त्री भए र सन् १९४५ मा नयाँ संविधान बनेपछि उपप्रधानमन्त्री । १९५६ को आठौं पार्टी महाधिवेशनबाट उनी पार्टीका महासचिव चुनिए । क्रान्तिपछि सिचुवान प्रान्तमा क्रान्तिकारी भूमिसुधार सम्पन्न गर्न पनि उनको महत्वपूर्ण भूमिका रहेको थियो । र, १९५७ देखि चलेको दक्षिणपन्थीविरोधी संघर्षमा पनि उनी माओकै साथमा थिए ।

माओसित उनको मुख्य अन्तरविरोध १९५६ पछि चीनमा तुरून्तै समाजवादीकरण गर्ने सवालबाट भयो । माओको 'अविलम्ब सहकारीकरणबाट समाजवादी कम्युन व्यवस्थातिर जानु पर्छ' भन्ने धारणा रह्यो । चिनियाँ नेता ल्यू शाओ चीहरू जस्तै देङको धारणा रह्यो कि, 'चीनमा यसको निम्ति स्थिति परिपक्व भइसकेको छैन । चीनमा अहिले भूमिसुधारपछि उत्पादन सम्बन्ध नै फेर्ने होइन, उत्पादक शक्तिको विकासतिर लाग्नु पर्छ ।' माओको जोड समाजवादी क्रान्ति र वर्ग-संघर्ष अघि बढाउनेतिर रह्यो, देङको जोड उत्पादन बढाउनेतिर । माओ अब चीनले ठूलो फड्को हान्नुपर्छ भन्ने पक्षमा रहे, देङ त्यसको विरूद्धमा ।

**माओसित देङ शियाओपिङको मुख्य अन्तरविरोध १९५६ पछि चीनमा तुरून्तै समाजवादीकरण गर्ने सवालबाट भयो.............**



यद्यपि, १९५६ पछि सोभियतसंघको ख्रुश्चोभको संशोधनवादी बाटोविरोधी संघर्षमा देङ माओसंगै, माओको विचारको पक्षमा थिए, तर देशभित्र भने माओको समाजवादी क्रान्तिलाई जगसम्म गहिरोसित लाने र सर्वहारा वर्गको अधिनायकत्वलाई मजबूत पार्ने लाइनको पक्षमा देङ उभिएनन् । देङ र माओबीचको तीव्र अन्तरविरोध यहींबाट प्रारम्भ भयो । उनी यी सवालमा ल्यू शाओ चीसित सहमत रहे ।

दश वर्ष लामो अन्तरपार्टी संघर्षपछि जब माओलाई लाग्यो कि- पार्टीयन्त्र मूलतः देङ र ल्यूको कब्जामा छ र त्यो यन्त्रमार्फत् समाजवादी क्रान्ति सम्पन्न गर्न संभव छैन, माओ सर्वाजनिक रूपमा पार्टीको केन्द्रीय कार्यालयविरूद्धै खडा भए । "पूँजीवादी पार्टी केन्द्रीय कार्यालयमाथि बम वर्षा गर', यो नारा दिएर सांस्कृतिक क्रान्तिको आह्वानसहित माओ सडकमा उत्रिए । जनसमुदाय र सेनाको दरो समर्थन माओलाई प्राप्त भयो । त्यसैको सहाराले उनले सांस्कृतिक क्रान्तिको शुरूमै १९६६ मा देङ र ल्यू शाओ चीहरूलाई पदबाट बर्खास्त गरे । देङ त्यसउता २ वर्षसम्म बेइजिङमै नजरबन्द अवस्थामा बसे । त्यसपछि दक्षिणी चीनमा निर्वासित भए, जहाँ उनले बिहान बिहान ट्र्याक्टर कार्खानामा फिटरको काम गर्नुपर्‍यो ।

सांस्कृतिक क्रान्तिको ज्वारभाटा अलि शिथिल भएपछि र आफू पूँजीवादपन्थी भएकोमा देङले आत्मलोचना गरेपछि उनलाई १९७३ मा माओले नै पेकिङमा फिर्ता बोलाए र उपप्रधानमन्त्रीमा नियुक्त गरे । तर जनवरी १९७६ मा प्रधानमन्त्री चाओ ऐन लाइको मृत्युपछि तीनै महिनाभित्र उनी फेरि अपदस्थ गरिए । यसपटक चाओ ऐनलाई श्रद्धा व्यक्त गर्ने निहुँमा जन समुदायलाई सडकमा उत्रन भड्काएको आरोप उनीमाथि लाग्यो ।

सन् १९७६, सेप्टेम्बर ९ मा माओको मृत्युपछि ह्वा को फेङ पार्टीको अध्यक्ष भए । उनले नै जुलाई १९७७ मा देङलाई फेरि पुरानै पदहरूमा पदस्थापन गरे । तर देङको सेना र पार्टीमा निकै राम्रो पकड अझै कायम थियो । सेनामा उनी विगत पृष्ठभूमिका कारण निकै सम्मानित थिए । देङको अगाडि ह्वा को फेङ निकै कम्जोर ठहरिए । अन्ततः देङले ह्वालाई नै अपदस्थ गरे । १९७८ को एघारौं केन्द्रीय समितिको तेस्रो बैठकदेखि चीनमा फेरि देङकै विचार लागू हुन थाल्यो । देङकै हालीमुहाली हुन थाल्यो ।

देङले आफ्नो हालीमुहालीको बीस वर्षमा चीनका सारा समाजवादी कम्युनहरू भंग गरे । खेतीपातीलाई **'उत्तरदायित्व व्यवस्था'** अन्तर्गत सानो सानो टुक्रामा विभाजित गरेर लीजमा व्यक्तिगत खेती गर्न किसानहरूलाई बाँडी दिए । आफूलाई मनलागेको बाली

लगाउने र आफूले उब्जाएको फसललाई मन लागेको भाउमा बजारमा बेच्ने पूँजीवादी छूट पनि उनले किसानलाई दिए ।

उनले अर्थतन्त्र, राजनीति र संस्कृतिमा कम्युनिष्ट पार्टीको नेतृत्वदायी र नियन्त्रणकारी भूमिका पनि समाप्त गरे । पार्टीको कामलाई उनले **'बाटो देखाउनु'** सम्म मात्र सीमित पारे । उद्योग र व्यापारमा राज्यको भूमिकालाई अत्यन्त सीमित र न्यून पार्ने काम पनि उनले गरे । उद्योग र व्यापारमा उनले निजी क्षेत्रका पूँजीपति र व्यापारीहरूको हालीमुहाली काफी मात्रामा बढाए । सन् १९७८ मा राज्यको हातमा ७८ प्रतिशत उद्योग व्यवसाय थिए, बाँकी सामूहिक स्वामित्वमा थिए । १९९५ मा राज्यको स्वामित्वमा उद्योग व्यवसाय घटेर ३४ प्रतिशत हुन आइपुग्यो । देङको हालीमुहाली शुरू हुँदा चीनमा निजी क्षेत्रमा कुनै उद्योग व्यवसाय थिएन, १९९५ मा २९ प्रतिशत उद्योग व्यवसाय निजी क्षेत्रको हातमा हुन पुग्यो ।

देङले चीनको केन्द्रिकृत आर्थिक व्यवस्थालाई विकेन्द्रित गरे । माओको जोड थियो- वर्ग संघर्षलाई जोड दिँदै- उत्पादन बढाउने । देङले त्यो नीति पूरै परित्याग गरे । उनले सिर्फ उत्पादन र उत्पादकत्व बृद्धिमा जोड दिए । उत्पादन बढाउन यथासंभव धेरै विदेशी पूँजी, प्रविधि र व्यवस्थापन विधि भित्र्याउनु पर्छ भन्नेमा देङको जोड रह्यो । माओ मूलतः आफ्नो खुट्टामा उभिएर विदेशी ज्ञान, पूँजी र प्रविधि स्वीकार्ने विचार राख्थे ।

देङले माओकालीन चीनले अप्नाइरहेको सर्वहारा-अन्तर्राष्ट्रवादलाई पूरापूर तिलाञ्जली दिए । **'चीनले आफूलाई छिटोभन्दा छिटो आर्थिक हिसाबले विकसित राष्ट्र पार्ने कुरामै मुख्य रुपमा ध्यान दिनुपर्छ'** भन्ने राष्ट्रवादी विचारलाई उनले व्यवहारमा उतारे । र, विश्व क्रान्तिमा चीनले दिइरहेको सहयोगलाई बन्द गरे, मार्क्सवादको विश्वव्यापी प्रचारमा चीनले गरिरहेको लगानी पनि बन्द गरे ।

माओकालीन चीनले आवास, शिक्षा, स्वास्थ्य, रोजगारीलाई जनताको अधिकार बनाएको थियो । देङको चीनले त्यो बाटो छोडेको छ । त्यसलाई उसले अब खुला बजारमा किनबेचको वस्तु बनाएको छ । बालक, बृद्ध र बिरामीको हेरचाहलाई माओकालीन चीनले राज्यको दायित्व बनाएको थियो । देङको चीनले त्यसलाई क्रमशः राज्यको दायित्वबाट निजी दायित्वमा हस्तान्तरण गर्दैछ ।

देङले चीनमा माओले सम्पन्न गरेको सांस्कृतिक क्रान्तिलाई "ठूलो ऐतिहासिक गल्ती' ठहऱ्याए । पूँजीवादी सांस्कृतिक विकृतिलाई चीनमा निष्फिक्री भित्रिन दिए । **झ्याल खोलेपछि अलि अलि झिंगा त पसिहाल्छन्** नि, 'पूँजीवादी संस्कृति' देशमा भित्रिन दिने बारेमा उनको दृष्टिकोण यस्तो रह्यो ।

जम्मामा, देङको नेतृत्वमा चीन आमूल रूपमा परिवर्तित भयो । र, यो परिवर्तन समाजवादीबाट पूँजीवादी दिशामा भयो । चीन आर्थिक रूपले निकै समृद्ध त भयो, तर यो समृद्धि संगसंगै गरीबी, बेरोजगारी, उत्पीडन, सामाजिक अपराध , विकृति र असमानता पनि काफी मात्रामा चुलियो, जुन २० वर्षअघि धेरै हदसम्म हल गरिसकिएको थियो । देङले चीनमा जे लागू गरे- त्यो सारमा व्यवहारवाद थियो, समाजवाद थिएन । तर देङको भाषामा यो नै 'चिनियाँ विशेषता भएको समाजवाद' थियो ।

एउटा खान पुग्दो जमीन्दार वर्गको मान्छे हुँदाहुँदै पनि चिनियाँ नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुमा देङको भूमिका काफी ठूलो र असाधारण देखिन्छ । र, पूँजीवादी जनवादी क्रान्ति संपन्न गर्ने हदसम्म देङको भूमिका मूलतः क्रान्तिकारी देखिन्छ । तर जब समाजवादी क्रान्तिको चरण शुरू भयो, विशेषतः सन् १९५६ देखि, उनको विचार र व्यवहार सारमा सुधारवादी र व्यवहारवादी देखिन्छ । उनले वैज्ञानिक समाजवादी सिद्धान्त व्यवहारमा परित्याग गरेको देखिन्छ ।

जम्माजम्मीमा, चीनको जनवादी चरणका एक जना ठूला क्रान्तिकारी नेता र सेनानीको रूपमा इतिहासमा देङको स्थान सुरक्षित छ । साथसाथै, चीनमा निर्मित भइरहेको समाजवादलाई भताभुंग पारेर पूँजीवादतिर सिंगै चीनलाई धकेल्ने निर्णायक संशोधनवादी नेताका रूपमा पनि देङलाई इतिहासले सम्झिरहनेछ ।

## देङपछिको चीन

देङपछि चीनको नेतृत्व जियाङ जेमीनको हातमा आएको छ, जो पहिले सांघाइका मेयर थिए । उनी अहिले सेना र पार्टी दुवैको सर्वोच्च नेताका रूपमा छन् । सेना र पार्टी दुबैमा उनको पकड त्यति बलियो छैन, जति देङको थियो । र, उनी बराबरहरूमध्ये जेठा पार्टी नोकरशाह हुन्, संघर्षबाट खारिँदै आएका स्थापित नेता होइनन् । यो परिस्थितिमा यस्तो देखिन्छ- चीनमा देङको अवसानपछि शक्ति संघर्ष शुरू हुन् बिलकुलै संभव छ । विशेषतः प्रधानमन्त्री ली पेङ र उप-प्रधानमन्त्री झु रोङजीबाट उनको श्रीपेचमा कुनै पनि बेला दावी हुन सक्छ । भनिन्छ, प्रधानमन्त्री ली पेङलाई कट्टरपन्थीहरू र पुराना क्रान्तिकारी नेतृत्व पंक्तिको समर्थन प्राप्त छ ।

चीनमा अहिले एकातिर चर्को आर्थिक विकासको गति छ, अर्कोतिर राष्ट्रवाद चीनमा झनपछि झन् हुर्कँदै जाँदो छ । यी दुई प्रवृत्तिको संयोजनबाट चीन चाँडै नै आर्थिक महाशक्ति मात्र होइन, राजनैतिक महाशक्तिका रूपमा समेत उदीयमान हुन सक्ने संभावना व्यापक छ । चीनले आफूमा यसप्रकार साम्राज्यवादी चरित्र विकास गऱ्यो भने त्यो अनौठो कुरा हुने छैन । देङपछि पनि चीन त्यही दिशातिर अग्रसर हुने व्यापक संभावना छ ।

चीनमा अझै पनि सेना र पार्टी दुवै ठाउँमा माओ विचार पक्षधर क्रान्तिकारी तप्का बाँकी रहेको बताइन्छ । भनिन्छ, उनीहरू बलियो अवस्थामा छैनन्, तर उनीहरू छन् । यो तप्काले देङको मृत्युपछि पैदा भएको नेतृत्वको शून्यताको स्थितिमा आफ्नो उपस्थिति महसूस हुने गरी बढाउन थाल्ने संभावना पनि देखिन्छ ।

चीन अब फेरि तुरुन्तै समाजवादी चीनमा बदलिनेछ, र यसले पहिले जस्तै विश्व-क्रान्तिमा भूमिका खेल्न थाल्नेछ, यस्तो संभावना तत्कालै देखिन्न । विश्व साम्राज्यवादी खेमालाई, त्यसैले, यो सवालमा त्यस्तो भय देखिन्न । तर चीन चाँडै नै विश्व आर्थिक महाशक्ति बन्न लाग्दैछ, यसमा उनीहरूलाई पर्याप्त भय देखिन्छ । यस्तो हुनबाट रोक्न अमेरिकाको नेतृत्वमा उनीहरू पूरै चीनमा विशेषगरी तिब्बतमार्फत् साम्प्रदायिक र पृथकतावादी गतिविधि बढाउन हरतरहले सक्रिय छन् । देङको मृत्युपछि बलवान नेतृत्वको अभावमा यो गतिविधि अरू तेज हुने संभावना छ ।

चीनमा अहिले गाउँहरूमा र शहरहरूमा जुन बिभेद देखिँदैछ, धनी र गरीबबीचमा जुन खाडल देखिँदैछ, त्यसले चीनमा विशेषतः उत्तर पश्चिमी दरिद्र ग्रामीण क्षेत्रमा किसान विद्रोह भड्किने संभावना फेरि पनि व्यापक छ ।

देङले अनुशरण गरेको बाटोबाट चीनबाट अहिले नयाँ वर्ग पैदा भइरहेको छ- एउटा चरम व्यक्तिवादी र स्वच्छन्दतावादी मध्यम वर्ग, अर्को जीवन-स्थिति खस्कँदै गएको, हरिकंगाल हुँदै गएको निम्न पूँजीपति र कामदार वर्ग, तेस्रो- द्रुत गतिमा उक्सँदै गएका ठूला पार्टी नोकरशाह र ठूला पूँजीपति वर्गहरू । यी तीनैथरिले थप पूँजीवादी सुधारको माग गर्दै र वर्तमान नियन्त्रणकारी राज्य व्यवस्थाविरूद्ध विद्रोह गर्ने संभावना व्यापक छ । १९८९ को तियानमेन घटना त्यसैको पूर्व संकेत हो । यस्तो तियानमेन घटनाहरू अरू धेरै घट्ने संभावना छ । ❑

**देङले अनुशरण गरेको बाटोबाट चीनबाट अहिले नयाँ वर्ग पैदा भइरहेको छ– एउटा, व्यक्तिवादी मध्यम वर्ग, अर्को, हरिकंगाल हुँदै गएको निम्न पूँजीपति र कामदार वर्ग, तेस्रो, ठूला पार्टी नोकरशाह र ठूला पूँजीपति वर्गहरु ।**

---

## जुन नियमले काम गर्दैन भने त्यो नियम टाँग्नु नै किन ?



**सन् १९२२ को कुरो हो, गोलीद्वारा घाइते भएपछि भरखर भरखर मात्रै स्वास्थ्य लाभ गरेर लेनिन काममा फर्केर आएका थिए । डाक्टरले उनलाई 'चुरोटको धुँवा भएको कोठामा नबस्नू' भनेर सल्लाह दिएका थिए । त्यसैले, सम्मेलन कक्षमा कडाइका साथ धुम्रपान निषेध गरिएको थियो । लेनिनकै सुझाव अनुसार, उनको अफिसमा पनि ठूलठूला अक्षरले 'धुम्रपान निषेध' लेखिएको सूचना पाटी भित्तामा झुण्ड्याइएको थियो ।**

**तर पनि त्यहाँ आउने सबै मानिसहरु त्यस नियमको पालना गर्दैनथे । एक दिन सम्मेलन सकेर लेनिन आराम गर्न खोज्दै थिए, त्यतिबेला कोठा चुरोटको धुँवै-धुँवाले भरिएको लेनिनले देखे । उनले आफ्नो सेक्रेटरीलाई तुरुन्तै बोलाएर भने- 'त्यो सूचना पाटी निकाली दिनु पऱ्यो ।'**

**सेक्रेटरी अक्क न बक्क भयो । लेनिनले तुरुन्तै फेरि भने- 'यदि हामी कुनै नियमको पालना गराउन सक्तैनौं भने, त्यो नियम झुण्ड्याएर राख्नुको मतलब नै के रह्यो र ? त्यो नियमलाई हामीले हटाउनु पर्दछ ताकि नियमको महत्व नष्ट नहोस् ।"**

❑ विष्णुदेवी श्रेष्ठ

# फ्रान्सेली कम्युनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवादलाई त्याग्यो !

पुस महिनामा पेरिसमा सम्पन्न भएको फ्रान्सेली कम्युनिष्ट पार्टीको २९ औं महाधिवेशनको बहुमतले आफ्नो मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवादलाई खुला रूपमा त्यागेको घोषणा गरेको छ। बहुमतको निर्णय अनुसार, फ्राकपाले 'सर्वहारा वर्गको अधिनायकत्व' शब्दावलीलाई पनि मिल्काएको छ। र, त्यस पार्टीको रातो झण्डाबाट हँसिया हथौडा चिन्ह पनि झिक्ने प्रस्ताव पारित गरेको छ। र, यतिसम्म कि- महाधिवेशन स्थलमा फहराइरहेको हँसिया-हथौडासहितको रातो झण्डा तुरून्तै झारिएको कुरासमेत थाहा भएको छ।

स्मरणीय छ, यो प्रस्तावको पक्षमा १०८० जना प्रतिनिधिहरू थिए भने ४३ जना प्रतिनिधिहरूले मात्रै यो प्रस्तावको कडा विरोध गरेका थिए।

कम्युनिष्ट पार्टीका सबै आधारभूत कुराहरू फ्याँकीसकेपछि पनि फ्राकपाका नेताहरूले आफ्नो पार्टी अहिले पनि 'कम्युनिष्ट पार्टी' नै रहेको दावी गरेका छन्। फ्राकपाका महासचिव तथा यी प्रस्तावका मूल प्रस्तावक रबर्ट हेले लाज पचाएर दावी गर्छन्- 'तै पनि हामी कम्युनिष्ट नै हौं।'

फ्राकपाका महासचिव रबर्ट हेको भनाइ अनुसार, आजको कम्प्युटरको युगमा पार्टीलाई बढी सान्दर्भिक बनाउन र आउँदो वर्षको आमचुनावमा फ्रान्सेली जनताको व्यापक मत हासिल गर्ने प्रयासकै सिलसिलामा यी फेरबदलहरू गरिएका हुन्।

स्मरणीय कुरा के छ भने- फ्राकपा अहिले पनि फ्राँस्वाँ मित्तराँको नेतृत्वमा संचालित समाजवादी पार्टीहरू सहितको वामपन्थीहरूको एउटा संयुक्त मोर्चा आवश्यक ठान्दछ। र, यस्तो संयुक्त वाममोर्चामार्फत् १९९८ मा हुने आम चुनावमा विजय हासिल गरेर वाम-सरकार बनाउनु पर्दछ भन्ने मान्यता राख्दछ। समाजवादी पार्टीको नेतृत्वमा संचालित सरकारमा मन्त्रीसमेत भइसकेका फ्राकपाका नेताहरूले समाजवादी पार्टी झन् झन् दक्षिणपन्थी हुँदै गएको आरोप लगाएर सरकार त्याग गरेका थिए। अहिले दक्षिणपन्थीहरूको हालीमुहाली चलिरहेको फ्रान्समा वामपन्थीहरूको सरकार बनाउनु अत्यन्त जरूरी भइसकेको महसूस गर्दै फ्राकपा चुनावबाट सरकारमा जान साह्रै नै हतारिएको देखिन्छ। एउटा टि.भि. संगको कुराकानीमा फ्राकपाका महासचिव रबर्ट हेले भनेका छन्- 'पीडित फ्रान्सलाई स्वस्थ बनाउन कम्युनिष्टहरू सरकारमा गएर योगदान दिनु पर्दछ।'

फ्राकपाले सरकारमा गएर अर्थतन्त्रको विकास गर्ने, न्यूनतम ज्यालामा बृद्धि गर्ने, कार्य दिन हप्ताको ३९ घण्टा भएकोमा ३५ घण्टामा घटाउने, दुई वर्षभित्र १५ लाख रोजगार सिर्जना गर्ने जस्ता कामहरू गर्न सकिने दावी गरिरहेको छ। निश्चय पनि पूँजीवादी सत्ता अन्तर्गतको सरकारमा गएर केही सुधारवादी कामहरू त गर्न सकिन्छ नै। तर के कार्यनीतिक रूपले यस्ता सुधारका कामहरू गर्नका लागि आफ्नो पार्टीको मार्ग-निर्देशक सिद्धान्त, हँसिया-हथौडाको प्रतीक चिन्ह र सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्त नै हटाउनु जरूरी छ र ?

जसरी पनि, जे जे फेरेर हुन्छ, त्यो त्यो फेरेर भए पनि 'सरकारमा जाने' फ्राकपाका नेतारूको यो हतारोपनले फ्राकपाले दक्षिणपन्थतिरको यात्राको आधा-आधी बाटो तय गरिसकेको तथ्यलाई पुष्टि गरिरहेको छ। स्मरणीय छ- पेरिस कम्युन जस्तो प्रथम मजदूर शासन स्थापना भएको देश फ्रान्सको कम्युनिष्ट पार्टी फ्राकपाको इतिहास दक्षिणपन्थतिर यात्रा गरिरहेका कम्युनिष्ट पार्टीहरूको लागि एउटा सजीव ऐना हो। सोभियत संघको कम्युनिष्ट पार्टीमा छाएको खुश्चोभी संशोधनवादकै प्रभावस्वरूप संशोधनवादी बनेको फ्राकपा १९७० को दशकमा आएर उग्र सोभियत विरोधी हुँदै 'यूरो-कम्युनिज्म'तिर आकर्षित भएको थियो। 'यूरो -कम्युनिज्म'मा चुर्लुम्मै डुबेर र फ्राँस्वाँ मित्तराँको समाजवादी सरकारमा सामेल भएर फ्राकपाले दक्षिणपन्थी बाटोको यात्रा तय गरेको थियो। यही दक्षिणपन्थी र संशोधनवादी बाटोमै हिँड्ने क्रममा जसरी पनि सरकारमा जाने हतारोपनकै परिणामस्वरूप यी जम्मै फेरबदलहरू भएका देखिन्छन्। यी फेरबदलहरूले गर्दा पूँजीवादी खेमाबीच त फ्राकपा स्वीकार्य हुँदै जाला, तर मजदूर र उत्पीडित फ्रान्सेली जनताबीच यो कम्युनिष्ट पार्टी झन् झन् उपेक्षित हुने निश्चित छ।

अन्तमा, यी फेरबदलहरूका बारेमा महाधिवेशनका एक प्रतिनिधिले व्यंग्य गर्दै पोखेको असन्तोष यहाँ उल्लेखनीय देखिन्छ- 'आज यस महाधिवेशनमा हामीले हँसिया र हथौडा त्याग्यौं, समाजवादी खुड्कलो त्याग्यौं, साम्राज्यवादविरोधी संघर्षलाई त्याग्यौं, अब पछि हुने तीसौं महाधिवेशनमा हामीले त्याग्नु पर्ने बाँकी नै के छ र ?' ☐




**'आज यस महाधिवेशनमा हामीले हँसिया र हथौडा त्याग्यौं, अब पछि हुने तीसौं महाधिवेशनमा हामीले त्याग्नु पर्ने बाँकी नै के छ र ?'**

**सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्त र हँसिया हथौडा चिन्ह पनि हटाइयो**

प्रेरक प्रसंग

## रोजा लक्जम्वर्ग र गलत हल्ला

रोजा लक्जेम्बर्ग जर्मनीकी एक प्रसिद्ध समाजवादी नेतृ तथा विचारक थिइन्। उनको प्रसिद्धिमा उनका विरोधीहरु जल्न थालेका थिए। उनको ईर्ष्या गर्ने कुनै इर्ष्यालुले उनको विरुद्धमा केही कुराहरु छपाइदिए। तर त्यसप्रति उनले कुनै प्रतिक्रिया जनाइनन्।

यो कुरा उनका शुभचिन्तकहरुलाई सह्य भएन। शुभचिन्तकहरु उनीकहाँ गएर भन्न थाले- "तपाईंका विरुद्ध त्यस्तो गलत हल्ला फिँजिरहेको छ। तपाई भने त्यसको खण्डन नगरिकन बसिरहनु भएको छ। यसले गर्दा मानिसहरुमा संदेह पैदा भइरहेको छ।"

रोजाले बिनम्रतापूर्वक जवाफ दिइन्- "हामीले कसैलाई एउटा औंलाले औंल्याउँछौं भने हाम्रा तीनवटा औंलाहरु हामीतिर फर्किन्छन्। अथवा, कसैलाई हामीले एउटा दोष देखाउँछौं भने आफ्नो तीन वटा दोष देखाइरहेका हुन्छौं। त्यसैले जसले यो समाचार छापेको हो, उसले पहिले नै आफ्नो तीनवटा दोष कबुल गरिसकेको छ। फेरि त्यसको विरोध मैले किन गर्नु पर्‍यो ?" ☐

# साम्राज्यवादको विरोधमा विश्वभरि आवाज घन्किँदैछ !



भूतपूर्व सोभियत संघको विघटन र पूर्वी यूरोपीय समाजवादी देशहरूको पतन भएपछि साम्राज्यवादी शक्तिहरूको हौसला निकै बुलन्द भएको छ । अमेरिका, ब्रिटेन, फ्रान्स, जर्मनी र जापान जस्ता साम्राज्यवादी मुलुकहरू विश्वमाथि आफ्नो निरंकुश साम्राज्यवादी प्रभुत्वलाई सुनिश्चित गर्न दौडिरहेका छन् ।

अमेरिकाको नेतृत्वमा रहेका यी साम्राज्यवादी मुलुकहरू विश्वभरिका गरीब र विकासशील राष्ट्रहरूमाथि, विश्वका न्यायप्रेमी जनतामाथि हिंस्रक ढंगले विभिन्न रूपबाट आक्रमण गरिरहेका छन् । यी साम्राज्यवादी मुलुकहरू सबैतिर आक्रमण गर्न, डकैती गर्न, षड्यन्त्रको जालो बुन्न र सैनिक हस्तक्षेप गर्न कृतसंकल्पका साथ लागिपरेका छन् । स्वतन्त्रता, मानव अधिकार र प्रजातन्त्रको नाममा र शान्ति स्थापना गर्ने नाममा, राहत मिशनहरू पठाउने नाममा आफ्नो स्वार्थ अनुकूलको सत्ता परिवर्तन गर्ने यस्ता अप्रजातान्त्रिक कार्यहरू गर्नमा उनीहरू निकै अगाडि देखिएका छन् ।

उनीहरूले संयुक्त राष्ट्रसंघलाई आफ्नो साम्राज्यवादी अभियानको सुरक्षित आवरण बनाउने, ग्याट र विश्व व्यापार संगठनलाई आर्थिक शोषणको नयाँ हतियार बनाउने, नेटो (Nato) लाई झन् डरलाग्दो विश्व सैनिकयन्त्र बनाउने कार्य गरिरहेका छन् । र, आफ्ना विरोधीहरूलाई विशेष गरी इराकमाथि बर्बर हमला गर्ने, सोमालियामाथि राहत दिने नाममा षड्यन्त्र गर्ने, क्यूबामाथि आर्थिक नाकाबन्दी लगाउने, हैटीमा सैनिक हस्तक्षेप गरी आफ्नो मतियारलाई स्थापित गर्ने, उत्तर कोरियामाथि धाकधम्की प्रदर्शन गर्ने, बोस्नियामा जातीय युद्ध भड्काउने, रूवान्डामा नरसंहार गर्न लगाउने र सशस्त्र हस्तक्षेप गर्ने कार्यहरू साम्राज्यवादी मुलुकहरूका असंख्य कुकृत्यहरूको सूचीमा रहेका केही नमूनाहरू मात्र हुन् ।

मानवजातिकै विरूद्ध गरिएका यस्ता कुकृत्यहरूको विरोधमा अर्कोतर्फ साम्राज्यवादविरोधी जनसंघर्षहरू त्यत्तिकै तीव्रताका साथ भइरहेका छन् । विभिन्न देशहरूमा रहेका जनसंघर्ष र सशस्त्र संघर्षहरूको एउटा मूल मुद्दा यही साम्राज्यवादको अन्तसंग सम्बन्धित छ । पेरिस, ब्रसेल्स, बर्लिन र लण्डनदेखि लिमा, बोगोटा र मेक्सिको सिटीसम्म भइरहेका मजदूर र किसान संघर्षहरू मूलतः साम्राज्यवादीहरूको आर्थिक नीतिविरूद्ध केन्द्रित छन् ।

अहिले विश्वभरि साम्राज्यवादी शक्तिहरू जति जति संगठित, आक्रमक र संहारक हुँदै आइरहेका छन्, त्यति त्यति साम्राज्यवादी आक्रमण, युद्ध, षड्यन्त्र, सैनिक हस्तक्षेप र आर्थिक युद्धको विरोधमा विश्वभरि जनमत पनि बन्दै गइरहेको छ, जनसंघर्षहरू पनि बढ्दै गइरहेका छन् । सशस्त्र संघर्षहरू बढी मात्रामा विस्फोटकै हुँदै गइरहेका छन् । साम्राज्यवादविरोधी मोर्चाहरू निर्माण गर्ने, आ-आफ्नो देशका जनसंघर्ष र वर्गसंघर्षहरूलाई संयोजित र संगठित गरी विश्वव्यापी रूप दिने, अन्तर्राष्ट्रिय स्तरका संयोजन यन्त्रहरू निर्माण गर्ने काम शुरू भएका छन् ।

यसै सन्दर्भमा, विश्वव्यापी रूपमा साम्राज्यवाद विरोधी संघर्षलाई संगठित गर्न र यस संघर्षमा रहेका वैचारिक अस्पष्टताहरू हटाउन विश्वभरिका वामपन्थी, देशप्रेमी र प्रजातन्त्रवादी शक्तिहरू क्रियाशील हुन थालेका छन् । नेपाल र भारतमा जस्तै अन्यत्र पनि साम्राज्यवादविरोधी मञ्चहरू निर्माण गर्ने कार्य जारी रहेको यस स्थितिमा अब अन्तर्राष्ट्रिय स्तरको साम्राज्यवादविरोधी सम्मेलन गर्ने र एउटा विश्वव्यापी मञ्च निर्माण गर्नुपर्ने कुरा बहसको विषय हुन थालेको छ ।

## फिलिपिन्समा साम्राज्यवादी भूमण्डलीकरणका विरुद्ध जन-कन्फ्रेन्स
## जर्मनीको कोलोन शहरमा 'नयाँ विश्व-व्यवस्थाः परिणाम र चुनौतीहरु' विषयक सेमिनार
## क्यूबामा विदेशी सैनिक अखडाहरु विषयमा अन्तर्राष्ट्रिय सेमिनार

—राजेन्द्र महर्जन—

गत मंसिर महिनामा मात्रै विश्वव्यापी स्तरमा तीन तीन वटा साम्राज्यवादविरोधी सेमिनार, सम्मेलन र र्‍यालीहरू भएको खबरले साम्राज्यवादविरोधी शक्तिहरूबीच हर्षको लहर छाएको छ । एशियाको फिलिपिन्समा, यूरोपको जर्मनीमा र ल्याटिन अमेरिकाको क्यूबामा भएका साम्राज्यवादविरोधी सम्मेलनहरूले विस्तारै विस्तारै साम्राज्यवादको बारेमा रहेका वैचारिक अस्पष्टताहरू हटाउने, साम्राज्यवादका विरोधमा संघर्षरत शक्तिहरूलाई एक ठाउँमा ल्याउने र अन्ततः विश्वव्यापी साम्राज्यवादविरोधी मञ्चको निर्माणमा समेत सहयोग पुऱ्याउने आशा र विश्वास लिइएको छ ।

**प्रस्तुत छ- यी तीन वटै सम्मेलनहरुको रिपोर्टः**

# फिलिपिन्समा साम्राज्यवादी भूमण्डलीकरणका विरुद्ध जन-कन्फ्रेन्स

पूँजीवादी र साम्राज्यवादी शक्तिहरूको नाइके अमेरिकाको नेतृत्वमा फिलिपिन्समा एपेक (APEC) को शिखर सम्मेलन भइरहेकै बेला त्यहाँ एशिया-प्रशान्त क्षेत्रका काम गरीखानेहरूले र देशप्रेमीहरूले साम्राज्यवादी भूमण्डलीकरण (Globalization) का विरूद्ध सफलतापूर्वक जन-कन्फ्रेन्स आयोजना गरेका छन् ।

पूँजीवादी र साम्राज्यवादीहरू अहिले विश्वव्यापार संगठन (WTO) को भूमण्डलीकरणको नारा अन्तर्गत दुई वटा स्वार्थहरू पूरा गरिरहेका छन् । एउटा हो- पूँजीवादी देशहरूको व्यापार वाणिज्यसम्बन्धी मतभेदहरू र संघर्षहरूबाट बच्दै विश्वमा एउटा 'कुशल र नियन्त्रित व्यापार प्रणाली' लागू गर्नु । दोस्रो हो- विश्व बजारको विभाजन र पुनर्विभाजनका बारेमा साम्राज्यवादी शक्तिहरूबीच सहमति, समझदारी र संझौताको वातावरण तयार गर्दै बहुराष्ट्रिय कम्पनीहरूका लागि विकासशील देशहरूको बजारको ढोका खोल्नु ।

यसरी पूँजीवादी-साम्राज्यवादी शक्तिहरूले आफ्नो सकंट मोचन गरेर विकासशील देशका विशाल प्राकृतिक र मानव निर्मित स्रोत, साधनहरू लुट्ने, बजार हडप्ने, सस्तो श्रमको फाइदा लुट्ने काम गरिरहेका छन् । त्यसमाथि अहिले आएर आ-आफ्नो क्षेत्र वरिपरिका देशहरूसंग संझौता कायम गरी तिनीहरूले नाप्टा, युरोपीय यूनियन जस्ता क्षेत्रीय आर्थिक र व्यापारिक बजार पनि निर्माण गरिरहेका छन् ।

यसैक्रममा, अमेरिकाले चार वर्ष अगाडि फिलिपिन्स, इण्डोनेशिया, जापान, चीन र मलेशियालाई जोडेर 'एशिया प्यासिफिक इकोनोमिक कोआपरेशन (एपेक APEC) नामक क्षेत्रीय आर्थिक शक्ति निर्माण गरेको थियो । एपेक पनि मूलतः मुक्त व्यापार र भूमण्डलीकरणका नाममा साम्राज्यवादी शक्तिहरू, विशेषतः अमेरिका र जापानले शुरू गरेको एशिया-प्रशान्त क्षेत्रका जनताको विरोधमा बजाएको खतराको घण्टी नै हो ।

यही कुरालाई महसूस गरेर फिलिपिन्समा एपेकको शिखर सम्मेलन भइरहेकै बेला मंसिर ६ देखि ८ गतेसम्म साम्राज्यवादी भूमण्डलीकरणका विरूद्ध जन सम्मेलन आयोजना गरिएको थियो । सम्मेलनको समाप्तिपछि एपेकको शिखर सम्मेलनको विरोधमा दुई दिवसीय अन्तर्राष्ट्रिय जन र्‍याली पनि संचालन गरिएको थियो ।

जन सम्मेलनमा ३५ देशका प्रतिनिधिहरूको सहभागिता थियो । त्यसमा एशिया-प्रशान्त क्षेत्रका साथै अफ्रिका, यूरोप, उत्तर अमेरिका र ल्याटिन अमेरिकाका विभिन्न देशका जनसंगठनहरू, गैर सरकारी संस्थाहरू (NGO), ऐक्यबद्धता समूहरू, विभिन्न जनआन्दोलनका नेताहरू र प्रख्यात व्यक्तिहरूको उपस्थिति थियो । सम्मेलनमा अमेरिका, फिलिपिन्स, क्यानडा, मेक्सिको, जर्मनी, बेल्जियम, ग्रीस, न्यूजील्याण्ड, अस्ट्रेलिया, जापान, ताईवान, इण्डोनेशिया, मलेशिया, जिम्बाबे, दक्षिण अफ्रिका, स्विट्जरलैण्ड र भारत लगायतका जननेताहरू, सामाजिक कार्यकर्ताहरू, शिक्षाविद्हरू, पत्रकार-लेखक र न्यायाधीशहरूको समेत उपस्थिति रहेको थियो ।

स्मरणीय छ, त्यस सम्मेलनमा चीन सम्बन्धी अमेरिकी विशेषज्ञ तथा बाम बुद्धिजीवी विलियम हिन्टन, जोन हिन्टन, डा. पाओ-यु चिंग जस्ता विश्वविख्यात साम्राज्यवादविरोधी व्यक्तित्वहरूले मानव जातिकै शत्रुः साम्राज्यवादको विरोधमा बोलेका थिए ।

जन कन्फ्रेन्सको उद्घाटन समारोह विशाल आमसभाबाट शुरू भएको थियो । ३ दिवसीय सो जन सम्मेलनमा साम्राज्यवादीहरूको भूमण्डलीकरणको नाराअन्तर्गत आइरहेका विभिन्न पक्षहरूको चिरफार गर्ने उद्देश्यले व्यापक रूपमा अन्तर्क्रिया गरिएको थियो ।

विशेष गरी, भूमण्डलीकरण र बहुराष्ट्रिय कम्पनीहरू, एपेक, एशिया प्रशान्त क्षेत्रका जनताको बसाई सराई आदि विषयमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । तेस्रो दिन मंसिर ८ गते बिहानदेखि नै भूमण्डलीकरण र श्रमिक संघर्ष, भूमिहीनता, महिलाहरूको बस्तुकरण (Commodification) शिक्षा, आदिवासी र पर्यावरणमा परेका असरहरू र अमेरिका-जापान सुरक्षा संझौता आदि विषयमा अलग अलग कार्यशाला गोष्ठीहरू सफतापूर्वक आयोजना गरिएको थियो । त्यही दिन साँझ जन सम्मेलनका सबै प्रतिनिधिहरूले एक मतले साम्राज्यवादीहरूको भूमण्डलीकरणको विरोधमा घोषणा पत्र जारी गर्नुका साथै विभिन्न महत्वपूर्ण प्रस्तावहरू पारित गरे ।

साम्राज्यवादीहरूले एशिया प्रशान्त क्षेत्रको लागि तयार गरेको आफ्नो क्षेत्रीय आर्थिक व्यापारिक समूह एपेक (APEC) र त्यसको भूमण्डलीकरणको नाराको घोर भर्त्सना गर्दै जन-सम्मेलनले भूमण्डलीकरणका कारणले दुःख, पीडा, गरीबी र शोषण सहन बाध्य भइरहेका विश्वका सबै जनताले साम्राज्यवादका विरूद्ध सशक्त संघर्ष संचालन गर्न पनि आ ह्वान गरेको छ ।

साम्राज्यवादविरोधी अन्तर्राष्ट्रिय आन्दोलन संचालन गर्ने सहमतिका बीच आउँदो वर्ष क्यानडामा हुने एपेकको पाँचौं शिखर सम्मेलनमा क्यानडामै भेट्ने बाचासहित सम्मेलनको अन्त गरिएको थियो । सम्मेलनको अन्त भएपछि मंसिर ९ गते र १० गते दुई दिवसीय जन-र्‍याली जस्ता ऐतिहासिक र्‍याली आयोजना गरिएको थियो । साम्राज्यवादीहरूसंगको साँठगाँठका कारणले सत्तामा टिकिरहन सफल फिलिपिन्सको रामोस सरकारले एपेकको शिखर सम्मेलन विरोधी जन सम्मेलन र ऐतिहासिक र्‍यालीमाथि दमन गर्न सबै उपाय प्रयोग गरेको थियो । सरकारी दमनका बाबजूद प्रहरी र सैनिकहरूका असंख्य ब्यारिकेडहरूका बाबजूद ऐतिहासिक र्‍यालीले राजधानी मनिलादेखि दिनालुपिहान, बातानसम्मको यात्रा तय गर्न सफलता हासिल गरी छाड्यो ।

फिलिपिनो कम्युनिष्ट पार्टीका जुझारू नेता र कार्यकर्ताहरूको संघर्षशील र कुशल कार्यशैलीले पनि आयोजकहरूलाई निकै सहयोग गरेको थियो । ऐतिहासिक र्‍यालीको अन्तमा एपेक र साम्राज्यवादी भूमण्डलीकरणको विरोधमा जनसंघर्ष जारी रहने उद्घोष गरिएको थियो । ◆

**सम्मेलनमा चीन सम्बन्धी अमेरिकी विशेषज्ञ तथा बाम बुद्धिजीवी बिलियम हिन्टन, जोन हिन्टन, डा. पाओ-यु चिंग जस्ता विश्वविख्यात साम्राज्यवादविरोधी व्यक्तित्वहरुले मानव जातिकै शत्रुः साम्राज्यवादको विरोधमा बोलेका थिए ।**



# साम्राज्यवादीहरुको 'नयाँ विश्व व्यवस्था' विरुद्ध सम्मेलन

## जर्मनीको कोलोन शहरमा 'नयाँ विश्व-व्यवस्थाः परिणाम र चुनौतीहरू' विषयक सेमिनार सम्पन्न

साम्राज्यवादी देशको रूपमा पुनः विकसित भएको यूरोपेली देश- जर्मनीमा गत मंसिर महिनामै साम्राज्यवादीहरूको 'नयाँ विश्व-व्यवस्था' का विरूद्ध अन्तर्राष्ट्रिय सेमिनार भएको छ ।

मंसिर ८ र ९ गते जर्मनीको कोलोन शहरमा 'एसोसियनसन फर दि प्रोमोशन अफ दि स्टडिज अफ दि वर्कर्स' मुभमेन्ट, कोलोन, जर्मनीको आयोजनामा भएको सो सेमिनारको विषय थियो- नयाँ विश्व-व्यवस्थाः परिणाम र चुनौतिहरू (The New world order- consequences and challenges)

सेमिनारमा ब्रिटेन, क्यूबा, टर्की, फिलिपिन्स, भारत, पोल्याण्ड, लक्जम्बर्ग, बेल्जियम, नेदरल्याण्डका वामपन्थी पार्टीहरू, संगठनहरू र साम्राज्यवादविरोधी संघ-संस्था र व्यक्तित्वहरूको महत्वपूर्ण उपस्थिति थियो । जर्मनीकै विभिन्न वामपन्थी पार्टीहरू र संगठन एवं व्यक्तित्वहरूको सहभागिताले सेमिनारलाई अझ महत्वपूर्ण बनाएको थियो । त्यसमा जर्मनीको 'क्यूबा सोलिडेरिटी मुभमेन्ट' नामक सशक्त संगठनको नाम उल्लेखनीय छ ।

सेमिनारमा अमेरिकी गुप्तचर संस्था सी.आई.ए. का पूर्व एजेन्ट फिलिप एजीको उपस्थिति र उनको वक्तव्यलाई निकै महत्वपूर्ण रूपमा लिइएको थियो । अमेरिकी साम्राज्यवादको विरोध गरेर सोभियत संघ भागेका फिलिप एजीले साम्राज्यवादी देश- अमेरिकाका काला करतूतहरूको भण्डाफोर गर्ने काममा

निकै महत्वपूर्ण भूमिका खेलिरहेका छन् । उनले सो सेमिनारमा समाजवादी क्यूबाको विरूद्ध अमेरिकाले सि.आई.ए. मार्फत् चलाएको युद्धको बारेमा विस्तृत रिपोर्ट र व्याख्या गरेका थिए ।

ब्रिटेनबाट सहभागी भएका भारतीय मूलका वामपन्थी बुद्धिजीवी हरपाल बराडले साम्राज्यवादको विकासमाथि लेनिनको प्रस्थापनाको सत्यता र उपयोगिताको सन्दर्भमा आफ्नो विचार प्रस्तुत गरेका थिए । जर्मनीका राल्फ भेल्लेले पुनः साम्राज्यवादी रूप धारण गर्न थालेको जर्मनीका खतरनाक भूमिकाहरूको बारेमा विश्लेषण गरेका थिए । जर्मनीकै माइकल अपरकाल्स्कीले मेक्सिकोमा बढ्दै गइरहेको क्रान्तिकारी आन्दोलनको वर्तमान रणनीतिको विश्लेषण गरिएको कार्यपत्र प्रस्तुत गरेका थिए ।

क्यूबाको प्रतिनिधित्व गर्ने कमरेडले साम्राज्यवादी देश- अमेरिकाको थिचोमिचोमा पर्दै आएको क्यूबाले समाजवादको प्रतिरक्षा कसरी गर्दै आइरहेको छ ?-भन्ने विषयमा भाषण दिएका थिए ।

फिलिपिन्समा क्रान्ति गर्नका लागि साझा छाताको रूपमा काम गरिरहेको 'नेशनल डेमोक्रेटिक फ्रन्ट (NDF) का प्रतिनिधिले फिलिपिन्सको दीर्घकालीन जनयुद्धको आफ्नो रणनीतिको विस्तारपूर्वक विवरण प्रस्तुत गरेका थिए ।

टर्कीको 'यूनियन अफ रिभोल्यूसनरी टर्कीश कम्युनिष्ट्स (TIKB) का प्रतिनिधि कमरेडले कन्फ्रेन्समा उपस्थित प्रतिनिधि पर्यवेक्षकहरूलाई टर्कीमा राजनीतिक कैदीहरूले भोक-हड्तालला्ई संघर्षको हतियारको रूपमा सफलतापूर्वक प्रयोग गरिरहेको बारेमा जानकारी प्रस्तुत गरेका थिए ।

भारतको 'सोसलिष्ट यूनिटी सेन्टर अफ इण्डिया' (SUCI) र 'अल इण्डिया एन्टी इम्पीरियालिष्ट फोरम' का प्रतिनिधि कमरेड माणिक मुखर्जीले साम्राज्यवादी शक्तिहरूले विश्वमाथि आफ्नो प्रभुत्व कायम गर्नका लागि ल्याएको 'नयाँ विश्व व्यवस्था' (The New world order) को नारा र त्यसका परिणामहरूको विश्लेषण गरेका थिए । उनले विभिन्न साम्राज्यवादी शक्तिहरूबीच विश्वको भागबण्डाको कुरो नमिलेका कारणले केही कटुतापूर्ण अन्तर्विरोधहरू पनि रहेका बताउँदै घोषणा गरेका थिए- 'समाजवादको वर्तमान पतन शाश्वत एवं अन्तिम नियति होइन । हामी कम्युनिष्टहरूले संयुक्त र एकताबद्ध भएर मानवजातिकै घोर शत्रु- पूँजीवादीहरू र साम्राज्यवादीहरूका विरूद्ध संग्राम छेड्नु जरूरी छ । र, उनीहरूलाई समूल नष्ट गर्नका लागि, विश्वका सबै जनतासंग अरू बढी व्यापक र महान एकता निर्माण गर्नका लागि संयुक्त र एकताबद्ध भएर अडिग रूपमा डटिरहनु पर्दछ ।'

सेमिनारमा दक्षिण कोरियाको नेशनल डेमोक्रेटिक फ्रन्ट (NDF SK) का प्रतिनिधिहरू जर्मन अधिकारीहरूले भीसा दिन अस्वीकार गरेको कारणले उपस्थित हुन सकेनन् । त्यसैले सेमिनारका सहभागीहरूले फ्रन्टसंग ऐक्यबद्धता जाहेर गर्दै जर्मन साम्राज्यवाद र दक्षिण कोरियाली तानाशाहहरूप्रति खेद व्यक्त गरेका थिए ।

कोलोन सेमिनारका सहभागीहरूले १९९५मा कलकत्तामा भएको साम्राज्यवादविरोधी सम्मेलनद्वारा पारित 'कलकत्ता प्रस्ताव' लाई अनुमोदन गरेका थिए । विशेष गरी, जर्मनीका प्रतिनिधिहरूले 'कलकत्ता प्रस्ताव' का उद्देश्यहरूलाई जर्मनीमा पनि कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गर्दै आउँदो वर्षभित्रमा त्यहाँ पनि साम्राज्यवादविरोधी मञ्च निर्माण गर्ने घोषणा गरेका थिए ।

# क्यूबामा विदेशी सैनिक अखडाहरू विषयमा अन्तर्राष्ट्रिय सेमिनार

**सा**म्राज्यवादको विरोधमा बढ्दो आवाजसंगै आवाज मिलाउन क्यूबाको राजधानी हवानामा पनि अन्तर्राष्ट्रिय स्तरको साम्राज्यवाद विरोधी सेमिनार गरिएको छ । मंसिर १३ देखि १५ गतेसम्म भएको सो सेमिनारको मूल विषय थियो- 'विदेशी सैनिक अखडाहरू !' सो सेमिनार क्यूबन पीस काउन्सिल र निनो पास्टी (Nino pasti) अर्थात् The International Foundation for peace and Independence नामक संस्थाले संयुक्त रूपले आयोजना गरेका थिए ।

साम्राज्यवादविरोधी सो अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वका ३४ राष्ट्रका ५२ वटा पार्टी र संगठनहरूको सहभागिता थियो । सम्मेलनमा ल्याटिन अमेरिकी देशका वामपन्थी पार्टीहरू र संगठनहरूको सहभागिता उल्लेखनीय मात्रामा थियो । त्यसका अलावा चीन, भियतनाम, उत्तर कोरिया, दक्षिण कोरिया, भारत, इटाली, पोर्चुगल, आयरल्याण्ड र जर्मनी लगायत अन्य थुप्रै देशका वामपन्थी पार्टी र संगठनहरूका प्रतिनिधिहरूको सहभागिताले सम्मेलनको गरिमा र सार्थकतामा बृद्धि गरेको बताइन्छ ।

तीन दिवसीय सम्मेलनको शुरूको दिन मंसीर १३ गते सम्मेलनको भव्य उद्घाटन समारोह गरिएको थियो । त्यसपछि प्रतिनिधिहरूलाई दुई भागमा विभाजित गरी आ-आफ्ना कार्यपत्रहरू प्रस्तुत गर्ने, बोल्ने र अन्तरक्रिया गर्ने व्यवस्था मिलाइएको थियो । व्यापक अन्तर्क्रियापछि सम्मेलनको घोषणापत्र तयार गर्ने काम १४ गते सम्पन्न गरिएको थियो । र, १५ गते घोषणापत्रलाई उपस्थित सबै प्रतिनिधिहरूले एकमतले पारित गरेपछि सम्मेलनको समापन समारोहमा सो घोषणा पत्र जारी गरिएको थियो ।

सम्मेलनमा सबै प्रतिनिधिहरूले एकै स्वरमा साम्राज्यवादी शक्तिहरूले विदेशी भूमिमा आ-आफ्ना सैनिक अखडाहरू निर्माण गर्ने र त्यसलाई विस्तार गर्ने क्रम जारी राखेकोमा घोर विरोध गरेका थिए । विशेष गरी सैनिक शक्तिको भरमा विश्वमाथि आफ्नो आफ्नो साम्राज्य लाद्न चाहने साम्राज्यवादी देशहरू अमेरिका, ब्रिटेन र फ्रान्सका सैन्यवादी नीति र तिनीहरूका सैनिक अखडाहरूको विस्तारको विरोधमा सबै प्रतिनिधिहरूबाट कडा आलोचना भएको थियो ।

स्मरणीय कुरा के छ भने, यी तीनवटै साम्राज्यवादी राष्ट्रहरूले विश्वभरि नै आफ्ना सैनिक अखडाहरूको जालो बिछ्याइराखेका छन् । अमेरिकाको मात्रै विश्वका ३३२८ ठाउँमा सैनिक अखडाहरू छन् । त्यस्तै, सातै वटा महासागरहरूमा ७० वटा विशाल आणविक हात-हतियारले युक्त सबमेरिनहरू सहितका नौसैनिक अखडाहरू छन् । जापान, फिलिपिन्स, सिंगापुर, अस्ट्रेलिया र कुवेतमा अमेरिकी नौसैनिक अखडाहरू छन् । फिलिपिन्स, हिन्द महासागर, साउदी अरब र टर्कीमा अमेरिकी हवाई सैनिक अखडाहरू रहेका छन् । पश्चिमी यूरोप, ल्याटिन अमेरिका, एशिया-प्याशिफिक क्षेत्र, मध्यपूर्व र अफ्रिकी क्षेत्रमा विभिन्न नाममा रहेका अमेरिकी सैनिक अखडाहरूको संख्याको बारेमा त धेरैलाई थाहा पनि छैन ।

त्यस्तै, ब्रिटेनले पनि आफ्नो आफ्नो मर्न लागेको साम्राज्यलाई बचाइ राख्न जिब्राल्टर, साइप्रस, फक्ल्याण्ड जस्ता ठाउँहरूमा सैनिक अखडा राखिछोडेको छ । फ्रान्सले जिबाउटी (Djbouti), कोट डी. इभ्वाइर (Cote d' Ivoir), मध्य अफ्रिकी गणतन्त्र, ग्याबोन र सेनेगल आदि देशमा आफ्ना सैनिक अखडाहरू कायम राखेर आफ्नो साम्राज्यवादी चाहनालाई विस्तृत गर्न खोज्दैछ ।


यी तीन वटा सैन्य शक्ति राष्ट्रहरू र यिनीहरूसंग सम्बद्ध अन्य पूँजीवादी र साम्राज्यवादी राष्ट्रहरूले आफ्नो प्रतिस्पर्धी शक्ति सोभियत संघको विघटन भएपछि विश्वव्यापी रूपमा साना र न्यायप्रेमी राष्ट्र र जनतामाथि भन्भन् अन्याय, अत्याचार र थिचोमिचो गर्नुका साथै अन्यायपूर्ण युद्धहरू थोपर्दैछन् । यसै सन्दर्भमा सम्पन्न हवाना सम्मेलनले एक स्वरले साम्राज्यवादी शक्तिहरूले विश्वव्यापी रूपमा चलाइरहेको आक्रमण र थिचोमिचोको विरूद्ध आवाज बुलन्द गरेको छ । सम्मेलनले साम्राज्यवादी शक्तिहरूको प्रत्यक्ष सैनिक आक्रमण, आर्थिक दवाब र नाकाबन्दीहरूको विरोध गर्दै साम्राज्यवादीहरूका विरूद्ध अन्तिम संघर्ष चलाइरहन जोड दिएको छ ।

सम्मेलनमा अधिकांश प्रतिनिधिहरूले क्यूबाली भूमि- ग्वान्तानामोमा अमेरिकी सैनिक अखडा राखीछाड्ने अमेरिकी सरकारको कडा आलोचना गर्दै क्यूबाविरूद्ध अमेरिकाले चलाउँदै आइरहेको थिचोमिचोको भर्त्सनासमेत गरेका थिए । ❑

**साम्राज्यवादी राष्ट्रहरुले विश्वभरि नै आफ्ना सैनिक अखडाहरुको जालो बिछ्याइराखेका छन्, अमेरिकाको मात्रै विश्वका ३३२८ ठाउँमा सैनिक अखडाहरु छन् ।**



# कसरी पसिरहेछ साम्राज्यवाद नेपालको संस्कृतिमा ?



## अन्तर्क्रियाको रिपोर्ट

के कस्तो कार्य गर्दैछ साम्राज्यवादले ? कसरी पसिरहेछ साम्राज्यवाद अहिले हाम्रो घर-घरमा नयाँ व्यक्तिवादी नैतिक मूल्य-मान्यता बोकेर ? कस्तो मान्छे तयार पार्न खोज्दैछ उसले ? कस्तो संस्कृति हुर्काउन खोज्दैछ उसले हाम्रो समाजमा ? के फरक पार्दैछ यसले हाम्रो सामाजिक संबन्धमा ?

**यिनै प्रश्नका उत्तरहरु खोज्न हामीले केही समयअघि एउटा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनुहुन्थ्यो- प्रलेसका वर्तमान अध्यक्ष तथा चिन्तक एवं साहित्यकार गोविन्द भट्ट, साहित्यकार खगेन्द्र संग्रौला र समालोचक निनु चापागाई, समाजशास्त्री डा. चैतन्य मिश्र र साहित्यकार तथा हाम्रो श्रव्य-दृश्य स्तंभका स्तंभकार हरिगोविन्द लुइँटेल ।**

**करीब ३ घण्टासम्म चलेको उक्त अन्तर्क्रिया कार्यक्रमलाई संयोजन गर्नुभएको थियो- हाम्रा प्रधान संपादक श्याम श्रेष्ठले । कार्यक्रममा युवा समाजशास्त्री विमल फुँयाल र हाम्रा सहसम्पादक राजेन्द्र महर्जनले पनि पर्यवेक्षकको रुपमा भाग लिनु भएको थियो ।**

**प्रस्तुत छ- त्यही अन्तर्क्रिया कार्यक्रममा अभिव्यक्त भएका विचारहरुका मूलभूत अंशहरु र संपादित सारहरुको अन्तिम भाग ।**

**-मूल्यांकन**

गोविन्द भट्ट
डा. चैतन्य मिश्र
निनु चापागाई
खगेन्द्र संग्रौला
हरिगोविन्द लुइँटेलका
विचारहरू

- ☐ सांस्कृतिक क्षेत्रमा साम्राज्यवादले आक्रमणको निम्ति के-कस्ता उपायहरू अप्नाइरहेको छ ?
- ☐ सांस्कृतिक क्षेत्रमा साम्राज्यवादी आक्रमणका असरहरू के ?
- ☐ हाम्रो साहित्य र कलाको क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?
- ☐ साम्राज्यवादी संस्कृतिलाई स्वीकार गर्ने भावभूमि कतै हांमीभित्रै त छैन ?

### हरिगोविन्द लुइँटेल

आफ्नो संस्कृतिको प्रवेशबाट एउटा नेपालीलाई अमानवीय र अनेपाली उपभोक्तावादी मान्छे बनाउँने साम्राज्यवादीहरूको खंचुवा डिजाइन देखिन्छ । मान्छेमा सत्य र न्यायको भोक नरहोस् भन्ने उनीहरूको प्रयत्न देखिन्छ । उनीहरूको ध्येय मान्छेलाई जिज्ञाषुपन समेत नभएको पशु बनाउनुमा देखिन्छ ।

खासगरी, भारतीय मोडेलको मान्छे ऊ बनोस् र ऊ भारतीय सामग्रीहरूको राम्रो उपभोक्ता बनोस् र आफ्नो प्रभुत्वलाई त्यो पशु मान्छेले चूपचाप स्वीकारोस् भन्ने भारतीय साम्राज्यवादको चाहना देखिन्छ ।

यसको लागि प्रयुक्त एउटा प्रमुख माध्यम नेपालमा बेला बेलामा आउने साम्राज्यवादीहरूका दलाल सरकारहरू हुन् । टि.भि., रेडियो र सरकारी पत्रपत्रिकामार्फत् नेपाललाई वा नेपालीपनलाई निचा देखाएर साम्राज्यवादीहरूलाई उँचो देखाउने कामहरू उनीहरूले गरिरहेका छन् ।

हाम्रो सरकारको नीति अन्तर्गत भारतीय पत्रपत्रिका अधिक मात्रामा नेपालमा आउँछ । तर त्यही नीति अन्तर्गत नेपाली पत्रपत्रिका भारततिर बेरोकटोक प्रवेश गर्न पाउँदैन । यसले गर्दा नेपालका सूचना र जानकारीहरू पनि विदेश वा भारतसम्मै पनि पर्याप्त मात्रामा पुग्न सकेको छैन । भूटानी शरणार्थीहरू अस्ति भरखर नेपालबाटै गएका र उनीहरू अहिले नेपाल फर्केका हुन् भन्ने भ्रामक प्रचार भारतमा व्याप्त छ । यसबारेमा समेत हामीले सही सूचना त्यहाँ पुऱ्याउन सकेका छैनौं । उनीहरूको प्रचारलाई काट्ने माध्यम हामीसंग केही छैन र हाम्रा पत्रिकाहरूलाई उनीहरूले बेला-बेलामा बाटोमा रोकिदिन्छन् । हाम्रो सरकार त्यसको विरूद्धमा केही बोल्दैन ।

यसबाहेक, सरकारको नियन्त्रण नै नरहेका टि.भि.हरूबाट विकृत र उपभोक्तावादी मान्छे बनाउने काम उनीहरूले गरिरहेको प्रसंग त माथि नै आइसकेको छ ।

तेस्रो माध्यम, एन.जी.ओ.हरू र ईसाइ धर्म प्रचारक संस्थाहरू हुन् । सबै एन.जी.ओ. त्यस्ता नहोलान् तर कतिपय एन.जि.ओ.हरूको उद्देश्य सुधारको माध्यमबाट नेपालको सशक्त वामपन्थलाई क्षीण पार्नु, भुत्ते बनाउनु, यसबाट मानिसहरूलाई दिग्भ्रमित पार्नु र राम्रा मान्छेलाई आन्दोलनबाटै पलायन पार्नु रहेको देखिन्छ । यसले नेपालका सक्षम मस्तिष्कलाई, क्रियाशील बुद्धिजीवीहरूलाई ठूलो तलब सुविधाप्राप्त जागीरे बनाउने, भौतिक रूपमै सानातिना कामहरूमा अल्झाउने कामहरू गरिरहेको छ । उनीहरूलाई सुधारवादी बाटोतिर सीमित पारेको छ । यो काम साम्राज्यवादीहरूको

**हाम्रो सरकारको नीति अन्तर्गत भारतीय पत्रपत्रिका अधिक मात्रामा नेपालमा आउँछ । तर त्यही नीति अन्तर्गत नेपाली पत्रपत्रिका भारततिर बेरोकटोक प्रवेश गर्न पाउँदैन ।**

निश्चित डिजाइनअन्तर्गत नै भइरहेको देखिन्छ ।

साम्राज्यवादीहरूले अपनाइरहेको अर्को माध्यम घूसपैठ हो । पत्रकारितामा घूसपैठ हामीले महसूस गरिरहेका छौं । अमेरिकाका शासकहरू वा भारतीय शासकहरूकै निमित्त काम गरिरहेका पत्रपत्रिकाहरू पनि यहाँ देखिन्छन् ।


भारतीय प्रभाव र भारतीय प्रभुत्वलाई नेपालमा बढाउनको लागि सरकारमार्फत् र सरकार बाहिरका माध्यमहरूलाई भारतीय विस्तारवादले प्रयोग गरिरहेको देखिन्छ । भारतमा हिन्दी सिनेमाको निर्माण शुरू भएदेखि नै नेपालमा त्यसको एकलौटी प्रभाव र प्रभुत्व स्थापित भइरहेको छ । यसले गर्दा नेपाली सिनेमाको विकास त्यति हुन सकिरहेको छैन ।

नेपालमा अहिले एफ.एम.-रेडियोका कार्यक्रममा जति गीतहरू दिइन्छन्, ती गीतहरू बढी मात्रामा हिन्दी फिल्मकै हुन्छन् । रातको कार्यक्रममा गजल वा फिल्मी गीत भनेपछि स्वतः त्यो हिन्दी गजल र हिन्दी फिल्मी गीत भन्ने नै बुझिन्छ । रात्री बसहरूमा बजाइने प्रायः क्यासेटहरू हिन्दी फिल्मी क्यासेटहरू नै हुन्छन । र, विहामा, व्रतबन्धमा बजाइने बाजाका धूनहरू पनि हिन्दी फिल्मकै हुन्छन् । यसो हेर्दा मानौं, नेपाल भारतको एउटा प्रान्त पो हो कि भन्ने प्रभाव त्यसले सहजै दिन्छ ।

खेलकूदकै क्षेत्रमा पनि नेपालले केही खोजीनीति गरेर नेपालको मौलिक खेलकूदको विकास गर्न सकेको छैन । आफ्नै देशमा भएका डण्डीबियो, कपर्दी अवैज्ञानिक छ भनेर यहाँ लागू हुँदैन । तर भारतले त्यही खेललाई आफ्नै किसिमले चलाइरहेको छ । हामी अरू देशका खेलहरूको नक्कल गर्छौं ।

## निनु चापागाई

**संस्कृतिको** वाहक भाषा हो तर यहाँ भाषालाई नै खत्तम गर्ने काम भइरहेछ । यहाँ नेपाली भाषालाई पनि बिकृत बनाउने प्रयास भइरहेको छ । एफ.एम.-रेडियोमा नेपाली बोल्नै नजान्ने मान्छेहरूले आधा अंग्रेजी मिसाएर नेपाली बोलेको देखिन्छ । यसले नेपालीहरूमा अंग्रेजी भाषाको सर्वोच्चताको मनोविज्ञान संचार गरिरहेको छ । आफ्नो भाषाप्रति लघुताभाषको मनोविज्ञान संचार गरिरहेको छ ।



## विमल फुयाँल

**यौनजन्य साहित्य र कला जति सबै साम्राज्य-वादले नै निकालेको भन्ने कुरा चाहिं सही होइन ।**

साम्राज्यवादले नेपालको आर्थिक सामाजिक संरचनामा पुनः अतिक्रमण गरेको छ । त्यसले एउटा नयाँ वर्ग नेपालमा सिर्जना गरिरहेछ- त्यो हो भुइँफुट्टा नवधनाढ्य वर्ग । त्यो नवधनाढ्य वर्ग नै नेपालमा देशभित्रैबाट सामाज्यवादी संस्कृति सबैभन्दा बेसी निम्त्याउने र स्वीकार गर्ने वर्गको रूपमा देखापरेको छ ।

हामीले खालि साम्राज्यवादी संस्कृति बाहिरबाट नेपालमा लादिएको कुरा मात्रै गर्‍यौं । तर यहींभित्रै जुन नयाँ वर्ग जन्मिएको छ- साम्राज्यवादी संस्कृति निम्त्याउने, त्यसको चर्चा गरेनौं । यहींभित्रै अहिले जन्मिएको नयाँ मध्यम वर्ग र दलाल पूँजीपति वर्ग त्यस्तो वर्गको रूपमा देखा परेको छ, जुन वर्गको स्वभाव-संस्कृति साम्राज्यवादको स्वभाव-संस्कृति अनुरूप देखिन्छ । त्यसैले हामीले हाम्रो देशभित्रैको त्यस्तो वर्गलाई किन ध्यान नदिने, जसले साम्राज्यवादी संस्कृति निम्त्याइरहेछ, हुर्काइरहेछ ?

-अर्को कुरा, अश्लील यौनजन्य साहित्य र 'सुन्दरी'लाई महत्व दिने संस्कृति विदेशबाटै मात्रै आयात भएको भन्ने कुरा सही होइन । किनभने साम्राज्यवादको प्रवेश हुनुभन्दा अगाडिदेखि नै नेपालमा सामन्ती युगमै यस्ता काम प्रशस्तै हुन्थे । असारमा वा अन्य मेलामा यौनजन्य दोहोरी गीतहरू गाएर सार्वजनिक रूपबाटै यौनका कुराहरूलाई प्रकट गरिन्थे । मन्दिरको बाहिरपट्टि टुँडालमा यौनजन्य मूर्तिहरू प्रशस्तै टाँगिन्थे, जुन अहिले पनि हामी देख्नसक्छौं । हामी अहिले 'सुन्दरी प्रतियोगिता'को कुरा गर्छौं । सामन्ती युगमा सुन्दरी प्रतियोगिताहरू अहिलेको रूपमा हुन्नथे । तर राणाकालीन समयमा विभिन्न ठाउँ वा जातिहरूबाट राम्रा राम्रा केटीहरूलाई छानेर ल्याउने र शासकहरूबाट उनीहरूको उपभोग गर्ने गरिन्थ्यो । हेलम्बूकी सेर्पिनी, रूम्जाटारकी गुरूङ्नी यसका लागि नामी थिए । मेरो सोचाइमा, यौनजन्य भावनामा आधारित भएर यौनको पनि व्यापार गर्ने, सुन्दरीहरूको सौन्दर्यको पनि व्यापार गर्ने काम मात्र अहिले साम्राज्यवादी युगमा भएको हो । अरू कुरा पहिले पनि हुन्थ्यो । अश्लील यौनचित्र अर्थात् पोर्नोग्राफी नेपालमा पहिले अरू भाषामा आउँथ्यो । तर अब नेपालमा साक्षर समूह बढेकोले नेपाली भाषामा नै यौनचित्र निकाल्न सकियो भने बढी बिक्री हुने र त्यसबाट बढी नाफा कमाउन सकिने भएकोले नेपालीमा पनि ती कुराहरू प्रकाशित हुन थालेका छन् । किनभने दशौं हजार पाठक नेपालमा छन् । पाठक नै नभए के ती छापिन्थे ?

व्यक्तिगत रूपमा मलाई के लाग्छ भने, मानिसहरूको सम्पूर्ण जीवनको एउटा अंश यौन पनि हो । तर यौनलाई साम्राज्यवादीहरूले जीवनको सम्पूर्ण कुरा हो भनेर त्यसको सैद्धान्तीकरण गरेका छन्, त्यसको व्यापारीकरण गरेका छन् । आफ्नो व्यापारलाई दिगो र दरिलो बनाउन यसलाई व्यापक रूपमा प्रयोग गरेका छन् । यी कुराहरू साहित्य र संस्कृतिका धारामार्फत् प्रकट भइरहेको छ । साम्राज्यवादले गरेको यत्ति हो । यौनजन्य साहित्य र कला जति सबै साम्राज्यवादले नै निकालेको भन्ने कुरा चाहिं सही होइन । पूँजीवादको विकास र शहरीकरणको विकासको क्रममा जहाँ-जहाँ वस्तीहरू बढ्दै गएका छन्, त्यहाँ त्यहाँ एउटा सानो भए पनि भिडिओ राखेर सिनेमा हलको निर्माण भएको छ । र, त्यसबाट अहिलेसम्म नपुगेका वर्गहरूमा समेत निरन्तर रूपमा साम्राज्यवादी संस्कृतिको विस्तार भएको छ । नेपालमा नयाँ कामदार वर्गसम्म पनि तिनै साना फिल्म हलमार्फत साम्राज्यवादी संस्कृति विस्तार भइरहेको छ । श्रमिक वर्ग, शिक्षक, विद्यार्थी, किसान सबैसम्म सबैभन्दा प्रभावकारी रूपमा टि.भि. र फिल्म हलमार्फत् नै यो विस्तार भएको छ । यसबाट आम नेपालीहरूमा भोगवादी संस्कार पैदा भइरहेको छ । उपभोक्तावाद यसबाट खुब फष्टाइरहेछ ।

मेरो अन्तिम थप कुरा के छ भने, साम्राज्यवादको आजको विशेषता विश्वव्यापीकरण हो । त्यसले यौन उच्छृंखलता, विकृति र यौनजन्य व्यापारलाई पनि विश्वव्यापीकरण गरिरहेको छ । अरू विकृतिको विकासक्रमसँगै सांस्कृतिक विकृतिको विकास क्रम जोडिएको छ । विकृति हाम्रो समाजमा पनि प्रशस्तै थिए । साम्राज्यवादी संस्कृतिको अतिक्रमणपछि ती विकृतिहरू अरू तेज र व्यापक भएका छन् । बढी संस्थागत भएका छन् । साम्राज्यवादले गर्दा हाम्रो विकृति विश्व संरचनासित जोडियो र व्यापक बन्यो । कुरा यति मात्रै हो ।

## डा. चैतन्य मिश्र

**अहिले** हामी साम्राज्यवादी संस्कृतिको असरको कुरा गरिरहेछौं । साम्राज्यवादी संस्कृतिको असर शहरीकरण भएका ठाउँहरूमा ज्यादा परिरहेछ । अझ, सबैभन्दा बेसी त काठमाडौं उपत्यकामा परिरहेछ । यस्तो किन त ? हामीले घोत्लिनु जरूरी छ ।

हामीले अघि व्यक्तिवादिता बढेको, उच्छृंखलता बढेको, छाडा यौन प्रवृत्ति बढेको कुरा गर्‍यौं । यो साम्राज्यवादी संस्कृतिको असर हो भन्यौं । असलमा यी कुराहरू शहरीकरणका परिणाम हुन् । कारण के हो भने, शहरी क्षेत्र भनेको नवधनाढ्य वर्ग बस्ने ठाउँ हो । नव धनाढ्य वर्ग स्वभावतः बेसी व्यक्तिवादी र अरूभन्दा स्वतन्त्र एवं स्वच्छन्द हुन्छ । शहरीकरण भनेकै व्यक्तिवादिता ज्यादा हुने, सामाजिक नियन्त्रण कम हुने परिवेश हो । गाउँका मानिसहरू आएर शहरमा बस्छन् र उनीहरू बाबु आमाबाट टाढा हुन्छन् । यो प्रक्रिया संगसँगै उनीहरू सामाजिक नियन्त्रणभन्दा बाहिर हुन जान्छन् । कसले नियन्त्रण गर्ने बाबुआमा नजिक नभएका मान्छेलाई ? फेरि शहरीकरण भएका ठाउँमा, खास गरी काठमाडौंमा, छोराछोरी बाबुआमासित सुत्दैनन्, जस्तो गाउँमा हुने गर्छ । उनीहरू अलग्गै सुत्छन्, अलग्गै हिँड्छन । उनीहरूको रूचि के-केमा बढ्दैछ, उनीहरू के-के गरिरहेछन, बाबु आमालाई कम थाहा हुन्छ । यो

**साम्राज्यवादी संस्कृतिको असर सबैभन्दा बेसी त काठमाडौं उपत्यकामा परिरहेछ, यस्तो किन त ?**



**बाबुको संपत्तिबाट अंश लिएर खाने किसानहरू भन्दा आफ्नै ज्यालादारीमा खाने मजदूरहरू ज्यादा स्वतन्त्र, व्यक्तिवादी र स्वेच्छाचारी हुन्छन् नै । उनीहरू प्रेमको मामलामा, विहाको मामलामा, यौनको मामलामा आफैं निर्णय गर्ने स्थितिमा त हुन्छन् नै ।**

परिवेशमा छाडा यौन प्रवृत्ति बढ्ने संभावना प्रशस्त हुन्छ । शहरी क्षेत्रमा एकको अर्कोप्रति वास्ता पनि कम हुने हुनाले व्यक्तिवादीकरण हुने गुंजाइश प्रशस्त हुन्छ । स्वच्छन्द हुने संभावना प्रशस्त हुन्छ ।

शहरी क्षेत्रमा काम गरीखाने वर्ग पनि गाउँमा भन्दा धेरै फुक्का हुन्छ । मजदूरी गऱ्यो, खायो, गाउँमा जस्तो अन्तर्निभरतामा बाँच्नु पर्ने स्थिति शहरमा हुँदैन । त्यसैले यहाँ मजदूरहरूमा पनि व्यक्तिवादिता र स्वच्छन्दता ज्यादा हुन्छ । बाबुको संपत्तिबाट अंश लिएर खाने किसानहरू भन्दा आफ्नै ज्यालादारीमा खाने मजदूहरू ज्यादा स्वतन्त्र, व्यक्तिवादी र स्वेच्छाचारी हुन्छन् नै । उनीहरू प्रेमको मामलामा, विहाको मामलामा, यौनको मामलामा आफैं निर्णय गर्ने स्थितिमा त हुन्छन् नै ।

व्यक्तिले आफ्नो भाग्य निर्धारण आफ्नै परिश्रमले गर्नु पर्ने आर्थिक परिवेश र संस्कृतिको निर्माण शहरमा हुने हुनाले शहरमा व्यक्तिवादिता, स्वतन्त्रता र स्वच्छन्दता गाउँमा भन्दा धेरै बेसी हुन्छ । यो साम्राज्यवादी संस्कृतिको प्रभावले गर्दा मात्र भएको भन्ने कुरा सही होइन । यो शहरी क्षेत्रको आर्थिक परिवेशको परिणाम हो । यो शहरीकरण, औद्योगीकरण र स्वतन्त्र ज्यालादारीको परिणाम हो । शहरीकरण, व्यक्तिवादिता र स्वच्छन्दता संगसंगै हिँड्छन् नै । यो नेपालको मात्रै होइन, जहाँसुकैको पनि विशेषता हो ।

अब प्रश्न उठ्छ- हामीले शहरीकरणको विरोध गर्ने कि नगर्ने ? यसमा सन्देह छैन कि शहरीकरणले निश्चय पनि साम्राज्यवादी संस्कृतिको प्रभाव बढाएको छ । तर प्रश्न हो- के हामी शहरीकरणको प्रक्रिया रोक्न सक्छौं ? रोक्न सक्दैनौं भने के हामी शहरीकरणको वर्तमान डिजाइन फेर्न सक्छौं ? हामीले व्यक्तिवादिता बढ्यो, स्वच्छन्दता बढ्यो, उच्छृंखलता बढ्यो भनेर चिन्तित मात्र भइराख्ने हो कि यो किन बढिरहेछ, र कसरी र कतिसम्म यसलाई निर्दिष्ट दिशा दिन सकिन्छ भनेर सोच्ने हो ?

मेरो ठम्याइमा हामी शहरीकरणको प्रक्रिया रोक्न सक्दैनौं । तर हामी शहरीकरणको वर्तमान डिजाइन फेर्न सक्छौं । हामी शहरीकरणको प्रक्रियालाई बढी समानुपातिक, बढी न्यायपूर्ण, कम शोषणयुक्त बनाउन सक्छौं । हामी गाउँ-गाउँमा उद्योग लाने, शोषणलाई कमभन्दा कम पार्दै अन्ततः खत्तम पार्ने कुरा गर्न सक्छौं । हामीले खालि छाडा साहित्य, छाडा फिल्म र टि.भि. प्रोग्रामको विरोध गर्नु सतही विरोध हुन जान्छ । जुन परिवेशले छाडा साहित्य, छाडा टि.भि. प्रोग्राम र फिल्म जन्माइरेछ, त्यो परिवेशमै हामी कसरी आमूल अन्तर ल्याउन सक्छौं, हामीले त्यो दिशातिर सोच्नु जरूरी छ । खालि हाँगाको विरोध गर्नु गलत हो, त्यो हाँगा जोडिएको फेद र त्यसको जराकै विरोध हुनु जरूरी छ ।

संस्कृति त सामाजिक वास्तविकताको प्रतिबिम्ब हो । त्यसैले, सामाजिक वास्तविकतालाई नै नबदली संस्कृतिको मात्रै बदलाहट संभव छैन । हामीले प्रतिबिम्बको मात्र विरोध गर्ने होइन, त्यसको स्रोतकै विरोधमा संघर्ष गर्नु पऱ्यो ।

## श्याम श्रेष्ठ

**त्यसको स्रोतकै विरोधमा संघर्ष गर्नु पऱ्यो भन्नुको तात्पर्यलाई अलिकता मूर्त भाषामा राख्न सकिएला ?**

## डा. चैतन्य मिश्र

**यौन** साहित्य बाबु आमाको घेराभन्दा बाहिर बस्ने केटाकेटीले नै बेसी पढिरहेछन् । बाबु आमाको निकटमा बस्ने केटाकेटीले त्यो पढ्ने कम संभावना छ । अब हाम्रो चूरो प्रश्न के हो भने- हामीले केटाकेटीलाई बाबु आमाको नियन्त्रणभित्र बस्नु पर्छ भन्ने हो कि केटाकेटीको यौनको रूचिलाई नै अर्को निर्दिष्ट दिशा दिने हो ?

जस्तो प्रेम र विवाहकै कुरा लिऊँ । शहरीकरण भएपछि कारखानाहरू बन्छन्, गाउँका केटा र केटीहरू आएर त्यहाँ काम गर्छन् । जस्तो, गलैंचा कार्खानामा, गार्मेण्ट कारखानामा । त्यहाँ उनीहरू बाबुआमाभन्दा धेरै टाढा छन् । पैतृक संपत्तिमा भर परेर होइन, आफ्नै ज्यालामा भर परेर बाँच्छन् । यो परिवेशमा ती मजदूरहरू त्यहाँ खुलेआम प्रेमका कुरा गर्न सक्छन् । यौनका कुरा गर्न सक्छन् । यौन साहित्य र फिल्म हेर्न सक्छन् । विवाहको स्वतन्त्र निर्णय लिन सक्छन् । यी व्यक्तिगत ज्यालादारी मजदूहरू हुन् । यिनीहरूको जीवनशैली सामन्ती युगको किसानभन्दा बिलकुलै भिन्न छ । उनीहरूको जीवनशैली औद्योगिक क्रान्तिताका लण्डनमा जस्तो थियो, यहाँ पनि त्यस्तै छ । उनीहरूको स्वास्नी र लोग्ने खोज्ने ठाउँ नै त्यही कारखाना हो । प्रेम गर्ने र मानवता प्रदर्शन गर्ने ठाउँ पनि त्यही हो । छाडा यौन-सम्बन्ध, उच्छृंखलता र स्वच्छन्द हुने ठाउं पनि त्यही हो ।

अब प्रश्न के हो भने- हामीले छाडा यौन सम्बन्ध, उच्छृंखलता र स्वच्छन्दताको समस्या हल गर्न उनीहरूलाई गाउँकै परिवेशमा, बाबु आमाकै छत्र-छहारीमुनि पठाइदिने हो कि ? कारखानामै काम गर्नु हुन्न भन्ने हो कि, फिल्म र टि.भि. नै हेर्नु हुन्न भन्ने हो कि ? स्वतन्त्र निर्णय नै लिनु हुन्न भन्ने हो कि प्रेम र विवाहको सम्बन्धमा ?

पत्रिका, फिल्म र टि.भि.ले साम्राज्यवादी संस्कृति र यौन-स्वच्छन्दता बढायो भनेर पत्रिका फिल्म र टि.भि.को मात्र विरोध गरेर हुँदैन । पढिदिने र हेरिदिनेले त्यस्तो किन गर्छन् त ? तिनीहरू त्यो पढ्नु पर्ने र हेर्नु पर्ने परिस्थितिमा किन छन् ? त्यो तहमा हाम्रो विरोध केन्द्रित हुनु पऱ्यो । त्यो परिस्थिति नै अन्त गर्नु पऱ्यो, जसको कारणले उनीहरूले यस्ता सामाग्री उपभोग गर्नु परिरहेछ ।

हामी संस्कृतिलाई समाजको अर्थतन्त्र र राजनीतिको प्रतिबिम्ब भन्छौं भने प्रतिबिम्बको तहमा मात्र विरोध गरेर पुग्दैन, त्यो जगकै विरोध गर्नु पऱ्यो, जसले यो प्रतिबिम्ब पैदा गर्छ । हो, साम्राज्यवादले यौनलाई व्यापारीकरण गऱ्यो । तर त्यो व्यापारीकरण गर्न सहयोग गर्ने त हामी नै हौं नि फेरि । हामी यौन-साहित्य पढ्छौं, त्यो हामी पढिदिन्छौं र त प्रकाशकले त्यसको प्रकाशन गर्छ । हामीले पढी नै नदिए त्यो कसरी बिक्छ र टिक्छ ? त्यसैले, त्यो प्रकाशन गर्ने साम्राज्यवादी उत्पादकको मात्र विरोध गरेर पुग्छ ? हामीले पढ्नुका पनि कारणहरू होलान् । त्यो कारण नै अन्त गर्ने कसरी ? यो दिशामा पनि हामी जानु पऱ्यो । त्यो परिवेश नै अन्त गर्ने कसरी, जहाँ मान्छे काम गर्छ, बाँच्छ, खान्छ, सुत्छ र मनोरंजनका लागि यौन-साहित्य पढ्नु पर्ने स्थितिमा हुन्छ, नांगा फिल्महरू हेर्नु पर्ने स्थितिमा हुन्छ ? त्यो दिशामा हामी जानु पऱ्यो ।

## राजेन्द्र महर्जन

**साम्राज्यवादको** प्रभावको बारेमा कुरा गर्दा यहाँ रहेका विदेशी नियोगहरूका बारेमा पनि उल्लेख गर्नुपर्ला जस्तो लागिरहेको छ । यी नियोगहरू साम्राज्यवादी संस्कृति फैलाउनमा सक्रिय भइरहेका देखिन्छन् । पैसा दिएर, फेलोसिप दिएर, किताब बाँडेर, फिल्म प्रदर्शित गरेर, र अन्य विभिन्न किसिमको उपायहरूद्वारा साम्राज्यवादी संस्कृतिलाई प्रोत्साहित गर्ने काम उनीहरू गरिरहेको छन् ।

कतिपय विदेशी समाचार एजेन्सीहरू पनि यस क्षेत्रमा सक्रिय रूपमा लागिरहेका छन् । उनीहरूले समाचार दिँदा मूलतः साम्राज्यवादलाई प्रोत्साहित हुने र त्यसलाई हित हुने कुराहरू दिने गर्छन् । वामपन्थी र जनताका कुराहरू साह्रै कम दिने र उनीहरूलाई हतोत्साहित हुने कुराहरू बढी दिने गरिरहेका छन् ।

साम्राज्यवादी संस्कृतिलाई प्रचार गर्ने एउटा माध्यम अहिले कम्प्युटर पनि भइरहेको छ । त्यहाँ विशेष रूपमा इन्टरनेटको माध्यमद्वारा अश्लील यौन साहित्य मजासंग पढ्न र हेर्न सकिन्छ । यस छेउतिर पनि हाम्रो ध्यान जानु जरूरी छ ।

## श्याम श्रेष्ठ

**पहिले** साम्राज्यवाद भन्नाले उत्पादन र वित्तीय पूँजीको एकाधिकार भनेर बुझिरहेका थियौं । अहिले पनि त्यो त छँदैछ । तर अहिले साम्राज्यवादको क्षेत्र विस्तार भएको देखिएको छ । अहिले साम्राज्यवाद भन्नाले ज्ञान र सूचनाको क्षेत्रमा पनि एकाधिकार भइरहेको छ । जस्तो सबभन्दा राम्रो डाक्टर इङ्गल्याण्डबाट शिक्षाप्राप्त डाक्टर र सबभन्दा राम्रो पत्रकार अमेरिकाबाट तालिमप्राप्त पत्रकार भन्ने धारणा व्यापक छ । त्यस्तै हामीले

**जुन परिवेशले छाडा साहित्य, छाडा टि.भि. प्रोग्राम र फिल्म जन्माइरेछ, त्यो परिवेशमै हामी कसरी आमूल अन्तर ल्याउन सक्छौं, हामीले त्यो दिशातिर सोच्नु जरूरी छ ।**

**पत्रिका, फिल्म र टि.भि.ले साम्राज्यवादी संस्कृति र यौन-स्वच्छन्दता बढायो भनेर पत्रिका फिल्म र टि.भि.को मात्र विरोध गरेर हुँदैन । पढिदिने र हेरिदिनेले त्यस्तो किन गर्छन् त ?**

**यसरी हामीले लिने ज्ञानको स्रोत नै साम्राज्यवादबाट प्राप्त हुने भएपछि हामीले बनाउने धारणा र विचार, आचरण र व्यवहारहरु कसरी हाम्रो स्वतन्त्रता र मुक्तिको निम्ति अनुकूल हुन सक्छ त ?**

सुन्ने सूचना र समाचारहरूको एकाधिकार लिएर उनीहरू नै बसिरहेका छन् । साम्राज्यवादको अहिले यसरी नयाँ क्षेत्र विस्तार भएको छ- सूचना साम्राज्य र ज्ञान साम्राज्यको रूपमा ।

हाम्रो नेपालको लागि उपयुक्त होस् वा नहोस् वा त्यसको उपादेयता होस् वा नहोस् हामीले त्यो शिक्षा आँखा चिम्लेर लिइरहेका छौं । किनभने, त्यो अमेरिका र बेलायतबाट आएको हो ।

यसरी हामीले लिने ज्ञानको स्रोत नै साम्राज्यवादबाट प्राप्त हुने भएपछि हामीले बनाउने धारणा र विचार, आचरण र व्यवहारहरू कसरी हाम्रो स्वतन्त्रता र मुक्तिको निम्ति अनुकूल हुन सक्छ त ? हामीले ठीक वा बेठीक, राम्रो वा नराम्रो, नैतिक वा अनैतिक, विकास वा अवनति केलाई भन्ने ? यी सारा कुराहरूको मापदण्ड अब साम्राज्यवादी स्रोतबाट प्राप्त धारणाका आधारमा, यही ज्ञानको र सूचनाको कच्चापदार्थका आधारमा निर्माण हुने भएको छ । यसको असर घर-घरमा पर्न थालेको छ । यसले गर्दा हामीसंग भएका केही उन्नत मानवीय नैतिक मूल्य-मान्यताहरू पनि नाश हुँदै गएका छन् । र, अघि डा. चैतन्य मिश्रले भन्नु भएजस्तै हामी एउटै एउटै साँचोमा बदलिँदै गइरहेका छौं । यो कुरा शहरी क्षेत्रमा बढी भइरहेको छ । गाउँ क्षेत्रमा पनि जति जति यातायात र संचार पुग्न थालेको छ, त्यति त्यति नै यसको प्रभाव बढ्दै गएको छ । अब हामीले ज्ञान र सूचनाको यो विश्वव्यापी एकाधिकार कसरी भत्काउने हो, यसमा पनि सोच्नु जरूरी भएको छ ।

**अब** हामी विषयको टुंगोतिर लागौं । साम्राज्यवादी संस्कृतिको विरोध नेपालमा वा विश्वमै तीव्र रूपमा भइरहेको छ, अब यसलाई रोक्ने र योसंग प्रतिरोध गर्ने कसरी ? अहिले आइरहेका कुराहरूमध्ये विरोध गर्नु नपर्ने कुरा के हो र त्यसमा विरोध गर्नु पर्ने र त्यसको विरूद्धमा जुध्नु पर्ने कुरा के हो ?




## खगेन्द्र संग्रौला

**हामीकहाँ साम्राज्यवादी संस्कृतिको प्रवेश हुनुमा सरकार पनि दोषी छ । हाम्रो नेपालको सरकार साम्राज्यवाद मुखी र आत्म–समर्पणवादी सरकार हो ।**

**साम्राज्यवादको** विश्वको चक्रवर्ती राजा हुने जुन सपना छ, यो कुरा विश्वको एउटा वर्गको विश्व दृष्टिकोणसंग सम्बन्धित छ । यस्तो खाले प्रतिक्रियावादी, जनविरोधी र उन्नत मूल्यविरोधी दृष्टिकोणसंग लड्नको निम्ति पहिलो कुरा त, हामीसित उन्नत विश्व दृष्टिकोण हुनुपर्दछ । त्यो उन्नत वैज्ञानिक दृष्टिकोण भनेको मार्क्सवाद अर्थात् द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद हो ।

दोस्रो, यो शक्तिसंग लड्नको लागि अहिले हामीले जुन किसिमको मोटामोटी छलफल गरिरहेका छौं, त्यति गरेर पुग्दैन । यसको लागि प्रमुख रूपमा हामीले संस्कृतिको विभिन्न क्षेत्रमा यसले गरेको आक्रमणको वास्तविक प्रकृतिलाई सूक्ष्म रूपमा केलाउनु आवश्यक छ । त्यसको आक्रमण कुन-कुन क्षेत्रमा के कसरी भएको छ ? त्यसका सूक्ष्म रूपहरू के के छन् ? त्यसलाई बढावा दिने, त्यसलाई बोक्ने राष्ट्रभित्रका वर्गहरू, शक्तिहरू को हुन् ? तिनीहरू बीचको गठबन्धनको स्तर के हो ? त्यसलाई वस्तुवादी र व्यवहारिक रूपमा पहिचान र निरूपण गर्नु पर्दछ ।

तेस्रो कुरा, साम्राज्यवादको विभिन्न मोर्चाको अतिक्रमणका विरूद्धमा नेपाली समाजमा जस्तै विश्वभरि राजनीतिक स्तरमा, आर्थिक स्तरमा र सांस्कृतिक स्तरमा संघर्ष पनि भइरहेको छ । यी प्रयत्नहरू छरिएका छन् र खण्डित भएका छन् । तत्काल हामीले गर्नु पर्ने काम भनेको त्यसरी साम्राज्यवाद र साम्राज्यवादी संस्कृतिका विरूद्ध रहेका तर छरिएका व्यक्ति वा शक्तिहरूलाई एकीकृत गर्न प्रयत्न गर्नु हो । यो विश्वव्यापी समस्या भएकोले राष्ट्रिय वा स्थानीय रूपमा मात्र एकतावद्ध भएर पुग्दैन । जहाँ, जहाँ हाम्रो पहुँच पुग्न सक्छ, त्यहाँ त्यहाँका शक्तिहरूलाई क्षेत्रीय वा विश्वस्तरमा मोर्चाबद्ध गर्नु पर्दछ ।



साम्राज्यवादी अतिक्रमण र हस्तक्षेपको विरूद्ध विरोध त हामीले गरिरहेका छौं । तर हामी खालि रूपको मात्र विरोध गरिरहेका छौं । हामी जड कुरोमा गइरहेका छैनौं । हाम्रो विरोध उत्पादनशीलभन्दा पनि कतिपय सन्दर्भमा प्रतिउत्पादनशील पनि भएको हुनसक्छ । त्यसैले समस्याको जड कारण पत्ता लगाउनमा हाम्रो प्रयत्न हुनु पर्दछ ।

अर्को कुरा, हाम्रो संघर्ष र विरोधका शैलीहरू र विधिहरू पनि प्रभावकारी हुन सकेका छैनन् । साम्राज्यवादीहरूको आक्रमणको शैली र विधिको जुन प्रभावकारिता र सूक्ष्मता छ, त्यसको सापेक्षतामा हाम्रा शैली र विधिहरूमा पनि त्यस्तै किसिमको प्रभावकारिता र सूक्ष्मता ल्याउनु पर्नेहुन्छ । मेरो ठम्याइमा हामीले गर्नु पर्ने कुरा यिनै लाग्छन् ।

## गोविन्द भट्ट

**सैद्धान्तिक** रूपले हेर्दा मलाई के लाग्छ भने, सर्वत्र साम्राज्यवादको एकलौटी छ, रेडियो, टि.भि., पत्रिपत्रिका, इन्टरनेट सबै क्षेत्रमा उनीहरूकै एकछत्र छ, र हामी निरीह छौं । अहिलेसम्मको इतिहासको नियम यो पनि देखिएको छ कि- जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध गर्ने चेतनाको विकास पनि भइरहेको हुन्छ । त्यसैले यी साम्राज्यवादीहरूको आक्रमणबाट म चिन्तित भए पनि, निराश भने भएको छैन । किनकि हामीले पनि हाम्रो ठाउँमा बसेर त्यसको विरोध गरिरहेका छौं । हामी कहिल्यै साम्राज्यवादको कमारो भएनौं । र हामीकहाँ साम्राज्यवादविरोधी संघर्षको लामो इतिहास पनि छ । साम्राज्यवादीहरूसंग लड्दा साम्राज्यवादविरोधी थुप्रै कविता र लोकगीतहरू रचिएको छ । त्यो कुरा अलि धेरैलाई थाहा छैन । त्यो हाम्रो इतिहासमा भेटिएको छ । साम्राज्यवादीहरूको नीति के छ भने, कुनै पनि ठाउँमा भएको राम्रो इतिहास र संस्कृतिलाई मेटेर जुन शून्य ठाउँ पैदा हुन्छ, त्यसमा उनीहरूका कुराहरू भरिदिनु । त्यसैले हामीले पनि हाम्रा यी साम्राज्यवादविरोधी इतिहासहरूलाई मेट्न नदिन विभिन्न पत्रपत्रिका र साहित्यमार्फत् ती कुराहरू प्रचार प्रसार गर्नु पर्दछ । नयाँ पुस्तामा साम्राज्यवादविरोधी संस्कृति हुर्काउनु पर्दछ ।

दोस्रो कुरा, हामीकहाँ साम्राज्यवादी संस्कृतिको प्रवेश हुनुमा सरकार पनि दोषी छ । हाम्रो नेपालको सरकार साम्राज्यवादमुखी र आत्मसमर्पणवादी सरकार हो । नेपालमा बेरोकटोक साम्राज्यवादी संस्कृति भित्रिरहनुको एउटा मूल कारण सरकारको फितलो नीतिले गर्दा हो । सरकारको आत्मसमर्पणवादी नीतिले गर्दा नै साम्राज्यवादी संस्कृति नेपालमा बेरोकटोक भित्रिरहेको हो भन्ने कुरामा हामीले जनतालाई सुशिक्षित पार्नु पर्दछ ।

अर्को कुरा, हाम्रो संस्कृतिको बारेमा पनि वैज्ञानिक मूल्यांकन भएको छैन । हाम्रो संस्कृति सामन्तवादी संस्कृति हो, हाम्रो संस्कृति खत्तम छ भनेर हामी भन्छौं । हामी हाम्रो संस्कृतिलाई पूरै तिजाञ्जली दिन्छौं । तर हाम्रो संस्कृतिको पनि के छोड्ने, के लिने भन्नेबारे वैज्ञानिक मूल्यांकन हुनु पर्दछ । हाम्रो पुरानै संस्कृतिमा पनि थुप्रै राम्रा मूल्य मान्यता छन्, तिनलाई हामीले बचाउनु पर्दछ, अगाडि लैजानु पर्दछ । नपुग कुराहरू नयाँ विकास गर्नु पर्दछ । राम्रा संस्कृतिहरू पहिल्याएर त्यसबारे जनतालाई शिक्षित पार्नु पर्दछ । जब जनताहरू सांस्कृतिक रूपबाट सुशिक्षित र सचेत हुन्छन्, तब उनीहरूमा साम्राज्यवादका विरूद्ध लड्ने आत्मबल पनि बढ्न जान्छ ।

## डा. चैतन्य मिश्र


**खगेन्द्रजी** र भट्टजीको कुरालाई समर्थन गर्दै म त्यसबाहेक थप्नुपर्ने कुरा राख्न चाहन्छु । पहिलो कुरा त, व्यक्ति आफू र आजको विश्व परिस्थिति, व्यक्ति आफू र विश्व साम्राज्यवादको बीच के सम्बन्ध छ, भन्ने कुरा हरेक व्यक्तिहरूलाई बुझाउनु पर्दछ । यसको लागि शिक्षा, अखबार, गोष्ठी, सभा आदिको माध्यम अप्नाउन सकिन्छ । दोस्रो, सारा कुरामा, शिक्षामा, स्वास्थ्यमा, विजुलीमा र साम्राज्यवादसंग सम्बन्धित, साम्राज्यवादी संस्कृति भित्र्याउने सारा सरकारी नीति-निर्णयहरू अति तीखो ढंगले राजनैतिक तवरले बुझ्ने, बुझाउने गर्नु पर्दछ । गएको ६-७ वर्षमा गैर-राजनीतीकरण गर्ने जुन प्रक्रिया शुरू भएको छ, त्यसलाई उल्टाउनु पर्दछ । सरकारका हरेक नीति निर्णयहरूभित्र लुकेर रहेका साम्राज्यवादको स्वार्थ सिद्धि गर्ने नियतहरूलाई स्पष्ट पारिदिनु पर्दछ । तेस्रो, साम्राज्यवादी आन्दोलन भनेको कम्युनिष्टहरूको मात्र होइन, सम्पूर्ण जनताको हो भनेर, बुझ्ने, बुझाउने गर्नु पर्दछ । हामी धेरैजसो बेलामा ज्यादै संकीर्ण हुने गर्छौं । हाम्रो पनि आफ्नै गूटबन्दी छ । केही कुराको लागि गूटबन्दी चाहिन्छ पनि । तर साम्राज्यवादविरूद्ध लड्नको लागि जहाँसम्म आम सहमति बन्नसक्छ, त्यो बनाउनेतिर लाग्ने गर्नु पर्छ र हामी कम संकीर्ण हुनु पर्दछ । चौथो कुरा, राष्ट्रवादको उपयुक्त परिभाषा गरेर विश्व साम्राज्यवादसंग लड्नको लागि अन्य छिमेकी मुलुक र छिमेकी प्रदेशका सोही धारणा राख्ने

**हाम्रो संघर्ष र विरोधका शैलीहरु र विधिहरु पनि प्रभावकारी हुन सकेका छैनन्**

राजनैतिक पार्टी तथा बुद्धिजीवीहरूसंग संयुक्त मोर्चा शुरू गर्नु पर्दछ ।

## गोविन्द भट्ट

**हामीले** यो काम सार्क मुलुकहरूबाटै शुरू गर्न सक्छौं । हामीले दक्षिण एशियामा शिक्षा, साहित्य, कला संस्कृतिमा यस्तो मोर्चा शुरू गर्नु पर्दछ ।



## विमल फुयाँल

**साम्राज्यवादी** सांस्कृतिक अतिक्रमणका विरूद्ध आज भइरहेको जस्तो अन्तर्क्रिया-गोष्ठी नै एक किसिमको संघर्षको थालनी हो ।

क्रान्ति भइसकेपछि सबै कुरा स्वतः हल हुन्छ, साम्राज्यवादी संस्कृतिको अतिक्रमणको समस्या पनि स्वतः हल हुन्छ भन्ने धारणा हटाउनु पर्दछ । यहीं र अहिल्यैदेखि हामी सूक्ष्म सूक्ष्म तहमा साम्राज्यवादी संस्कृतिको अतिक्रमणविरूद्ध कसरी लड्न सक्छौं, त्यसमा स्पष्ट भएर संघर्ष थालिनु पर्दछ ।

राष्ट्रवादको कुरा त हामीले गऱ्यौं । तर सामन्ती राष्ट्रवाद भन्ने कुरा पनि हुन्छ र त्यसविरूद्ध हामी सचेष्ट हुनु पर्दछ । साम्राज्यवादबाट आएका सबै कुरा बेठीक नभएजस्तै राष्ट्रवादका नाममा आएका सबै कुरा पनि ठीक हुँदैनन् भन्ने हामीले बुझ्नु पर्दछ ।

साम्राज्यवादको एकता र प्रभावको विश्वव्यापीकरण भएको छ । तर साम्राज्यवादका शिकारहरूको संघर्ष र एकताको विश्वव्यापीकरण हुन सकेको छैन । यो कमजोरी हामीले हटाउनु पर्दछ ।

हामीले नयाँ फोरम विकास गर्नुभन्दा पूरानै फोरमलाई कसरी प्रभावकारी बनाउने ?- पहिले त्यो नै सोच्नु पर्दछ ।

## निनु चापागाई

**सांस्कृतिक** आन्दोलन भनेको विचारधारात्मक संघर्ष हो । साम्राज्यवादी संस्कृति भनेको के हो ? त्यसको विकल्प के हो ? आदिबारे हामी विचारधारात्मक रूपमा जति स्पष्ट र सचेत हुन्छौं, उति नै यो आन्दोलन पनि सचेत र सक्रिय हुन्छ । त्यसकारण पहिलो कुरा विचारधारात्मक रूपमा स्पष्ट हुनु नै हो ।

दोस्रो कुरा, गोविन्दज्यूले भन्नुभए जस्तै सरकारको कमजोर सांस्कृतिक नीतिले पनि साम्राज्यवादी संस्कृति नेपालभित्र प्रवेश गरिरहेको छ र त्यो ठम्याएर त्यही सरकारी नीतिको विरूद्ध हामीले आवाज उठाउनु पर्दछ भन्ने कुरा जनतालाई प्रशिक्षित गर्नु पर्दछ । उनीहरूसंग रेडियो, टि.भि. जस्तो प्रभावकारी माध्यम छ, तर हामीसंग त्यो साधन छैन । तैपनि हामीसंग भएका पत्र-पत्रिकामार्फत् भएपनि त्यसका विरूद्ध सशक्त आवाज उठाउनु पर्दछ । र, विचारधारात्मक छलफल चलाउनु पर्दछ ।

## हरिगोविन्द लुइँटेल

**अहिलेको** हाम्रो समस्या के हो भने, यहाँ जे जति साम्राज्यवादविरोधी राजनैतिक पार्टीहरू छन्, तिनीहरूले साम्राज्यवादका विरूद्ध जे-जति आवाज उठाउन सक्थे, त्यति आवाज उठाइरहेका छैनन् । यी राजनैतिक पार्टीहरूले सांस्कृतिक आन्दोलनतिर ध्यानै दिइरहेका छैनन् । सांस्कृतिक टोलीहरूको प्रयोग पनि खालि चुनावको समयमा र चन्दा उठाउने समयमा नै बढी हुने गरेको छ । राजनैतिक पार्टीहरूलाई राजनैतिक क्षेत्रको बीस जना पेशेवर कार्यकर्ता पाल्न गाह्रो लाग्दैन, तर सांस्कृतिक क्षेत्रमा दुई जना पेशेवर पाल्न भने पसिना छुट्छ । बदलिएको अहिलेको परिस्थितिमा साम्राज्यवादीहरूले संस्कृतिलाई मुख्य हतियारको रूपमा प्रयोग गरिरहेका छन् । तर पार्टीहरूले भने त्यतातिर ध्यानै दिइरहेका छैनन् । पार्टीहरूको मातहतमा चल्ने पत्रिकाहरूले पनि त्यसबारे उठाउनु पर्ने कुराहरू उठाइरहेका छैनन्, बरू नउठाउनु पर्ने कुराहरू उठाइरहेका छन् । अझ उल्टो प्रभाव पार्ने प्रत्युत्पादक कुराहरू उठाइरहेका छन् । तर उनीहरूले ती पत्रिकाहरूलाई त्यस्ता कुराहरू लिएर जानमा सचेत गराइरहेका छैनन् । राजनीतिक पार्टीहरूले यो समस्या हल गर्नु जरूरी छ । किनभने साम्राज्यवादविरूद्ध प्रभावकारी संगठित सांस्कृतिक आन्दोलन पार्टीहरूले नै चलाउन सक्छन् ।

> साम्राज्यवादीहरू सांस्कृतिक रूपमा मिसाइल लिएर आइरहेको बेलामा हामीले धनुषवाणले उनीहरूको सामना गर्न सक्तैनौं ।

## श्याम श्रेष्ठ

**अहिलेको** विश्वमा साम्राज्यवादीहरू सांस्कृतिक क्षेत्रमा यसरी आइराखेका छन् कि हामी उनीहरूलाई हाम्रो राष्ट्रको सीमाले रोक्न सक्ने हालतमा छैनौं । कुनै पनि राष्ट्र-राज्यको सीमाले उनीहरूको सांस्कृतिक अतिक्रमणलाई रोक्नसक्ने स्थिति छैन । यो स्थितिमा हाम्रो सामुन्ने रहेको उपाय हो- आम जनतामा साम्राज्यवादी संस्कृतिविरूद्ध प्रतिरोध-क्षमता वा प्रतिजैविकी विकास गर्नु ।

साथ साथै, त्यो संस्कृतिका विरूद्ध आलोचनात्मक तवरले लड्नु पनि पर्ने भएको छ । जसरी रजहाँसले दूधबाट पानी निकालेर दूध मात्र ग्रहण गर्छ, त्यसरी नै हामीले पनि अहिले प्रवेश भइरहेका सांस्कृतिक सामग्रीहरूको आलोचनात्मक तवरले छनौट गर्ने क्षमता हासिल गर्नु जरूरी भएको छ । यसको निम्ति जरूरी हुन्छ- आलोचनात्मक चेतनाको । त्यही आलोचनात्मक चेतना आम जनतामा जागृत गर्न सकियो भने साम्राज्यवादीहरूले जतिसुकै मरिहत्ते गरे पनि उनीहरूको केही लाग्नेछैन ।

अर्को कुरा हो- हामीले पनि उन्नत सांस्कृतिक विकल्प विकास गर्नु । त्यसो भएको खण्डमा आम जनताले हाम्रा सामग्रीहरू र उनीहरूका सामग्रीहरूको तुलनात्मक छनौट गर्न सक्नेछन् । हामीले के बुझ्नु जरूरी छ भने, साम्राज्यवादीहरू सांस्कृतिक रूपमा मिसाइल लिएर आइरहेको बेलामा हामीले धनुषवाणले उनीहरूको सामना गर्न सक्तैनौं ।

हामीले पनि त्यसैले, सांस्कृतिक मिसाइलहरूको विकास गर्न प्रयत्न गर्नु जरूरी छ । अहिले नै भन्नुहोस् न, रेडियो र टि.भि. उनीहरूको हातमा छ । हामी चाहिं पत्रिकाले संघर्ष गर्ने कुरा गर्दैछौं । हामी किन राजनीतिमा बहुदल भएपछि सरकारी रेडियो र टि.भि.मा पनि बहुदलल आउनु पर्छ भनी संघर्ष गर्न सक्दैनौं ? क्रान्तिपछि त हाम्रो पनि रेडियो-टि.भि. होला, तर क्रान्तिअघि पनि रेडियो, टि.भि. र अन्य आधुनिक संचार माध्यममा हामीले हात नहाल्ने हो भने हामी कसरी सिर्फ पत्रिकाहरूबाट अहिलेको सांस्कृतिक अतिक्रमणको प्रतिरोध गर्न सक्छौं ? ❑



—समाप्त—

**तपाईले कुनै नयाँ उद्योग स्थापना गर्ने विचार गर्नुभएको छ भने वा विद्यमान उद्योगलाई नै विविधीकरण, विस्तार एवं आधुनिकीकरण गर्ने मनसाय राख्नु भएको छ भने अथवा तपाईलाई उद्योग संचालनका लागि चालु पूँजीको आवश्यकता परेको छ भने वित्तीय, प्राविधिक र व्यवस्थापकीय सरसल्लाह एवं आर्थिक सहयोगका लागि यस निगममा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

**हामी तपाईलाई सहयोग गर्न सदा तत्पर छौं !**

# नेपाल औद्योगिक विकास निगम

**ने.औ.वि.नि. भवन, दरबारमार्ग, काठमाडौं**
**टेलिफोन नं. २२८३२२, पोष्ट बक्स नं.-१०**

**नेपाल औद्योगिक विकास निगम**
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
टेलिफोन नं. २००८३

**नेपाल औद्योगिक विकास निगम**
पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर
टेलिफोन नं. २५३०४

**नेपाल औद्योगिक विकास निगम**
मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
नेपालगंज/ टेलिफोन नं. २०२०३

**नेपाल औद्योगिक विकास निगम**
सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,
धनगढी/ टेलिफोन नं. २१२०३

# आफूजस्तै मान्छे जन्माउन सक्ने प्रविधि
# क्लोनिंग

तुल्सीदास महर्जन

कोही महिलालाई पुरुषसङ्ग सम्बन्ध नै नराखी सन्तान जन्माउने इच्छा छ र अझ त्यो सन्तान दुरुस्त आफू जस्तै होस् भन्ने चाहना छ भने विज्ञानले अब त्यस्तो इच्छालाई पनि पूरा गरिदिन सक्ने व्यवहारिक संकेत दिएको छ। अर्को शब्दमा, महिलाले आफू जस्तै अर्को मान्छे जन्माउन सक्ने चमत्कारपूर्ण वैज्ञानिक प्रविधिको संभावित रुपरेखा हालै वैज्ञानिकहरुले कोरेका छन्। यो घटनालाई यस शताब्दीको परमाणु बमको आविष्कारपछिको अर्को सबैभन्दा आश्चर्यजनक र हलचल मच्चाउने वैज्ञानिक कार्यको रुपमा लिइएको छ।

यो वैज्ञानिक प्रविधिलाई अहिले विश्वले क्लोनिङ्ग (Cloning) को नाम दिएको छ।

यसै वर्ष गत फेब्रुअरी महिनामा बेलायतको स्कट्ल्याण्डको इडिनवर्गस्थित रोस्लीन इन्स्टिच्यूटका डा. इयान विल्मटले नेतृत्व गरेको अनुसन्धान टोली क्लोनिङ्ग प्रविधि अप्नाई केवल एउटै मात्र कोषबाट दुरुस्त माऊ भेंडी जस्ती भेंडी जन्माउन सफल भएको छ। त्यस बच्ची भेंडीको नाम डोली राखिएको छ। त्यसकी माऊसंग शारीरिक रुप र रङ्गले मात्र होइन, आनुवंशिक (Genetic) रुपमा समेत दुरुस्त उस्तै छे। डोलीको जन्मको खबरले विश्वलाई आश्चर्यचकित तुल्याएको छ। र, क्लोनिङ्गको यो सफलतालाई लिई यसको फाइदा, बेफाइदा र यसले मानव समाजमा पार्न सक्ने प्रभावबारे अहिले विश्वभरि बहस, छलफल चलिरहेको छ।

अहिलेसम्म विकसित प्राणीहरुमा पुरुष प्रजनन कोष (शुक्रकीट) र स्त्री प्रजनन कोष (डिम्ब) को मिलनले मात्र अर्थात् मैथुनिक क्रियाबाट मात्र प्रजनन कार्य सम्भव थियो। तर, क्लोनिङ्ग प्रविधि अप्नाई भेंडी जस्तो स्तनपायी जन्तुमा भेंडाको पुरुष प्रजनन कोषबिना नै गर्भाधान गर्न र सुरक्षित रुपमा बच्चाको जन्म गराउन डा. विल्मटको टोली सफल भएको छ। मैथुनबिनाको यस्तो अमैथुनिक प्रकारको प्रजनन क्रिया प्राकृतिक रुपमा साना तथा सूक्ष्म प्राणीहरु र वनस्पतिहरुमा मात्र यसअघि संभव थियो।

क्लोनिङ्ग प्रविधिबाट डोलीलाई जन्माउने कार्यमा वैज्ञानिकहरुले प्राप्त गरेको सफलताले मानव स्त्रीमा पनि यो प्रविधि अप्नाई पुरुषबिना नै आनुवंश (Gene) मा समेत दुरुस्तै आमा जस्तो भएको नयाँ सन्तान जन्माउन सकिने कुराको व्यवहारिक संकेत दिएको छ।

**डोलीको जन्म कसरी भयो ?**

शुरुमा डा. विल्मटको टोलीले गर्भवती एउटी माऊ भेंडीको थुनबाट केही कोषहरु झिक्यो। र, तिनीहरुलाई प्रयोगशालामा पर्याप्त रासायनिक पोषक तत्वसंग सुरक्षित गरियो। पोषक तत्वहरुसंग रहँदा कोषहरु विकसित हुँदै गए। त्यसपछि एक दिन ती कोषहरुमा पोषक तत्वको आपूर्तिमा कम गरी त्यसको मात्रा एक चौथाई तुल्याइयो।

पोषक तत्वको मात्रा कम गरिएको पाँच दिनपछि ती कोषहरु निद्रावस्था (Hibernation) मा रहन पुगे। अर्थात्, तिनीहरुमा कोष विभाजन प्रक्रिया बन्द भयो। निद्रावस्थामा रहेका कोषहरुलाई क्वीसेन्ट (Quiescent) कोषहरु भनिए।

वैज्ञानिकहरुले प्रयोगको दोस्रो चरणमा एक अर्को माऊ भेंडीबाट एक अनिषेचित अंडाणु बाहिर निकाले र त्यसको भित्रको नाभिक (Nucleus) लाई हटाइदिए। यसरी त्यहाँ एक नाभिकरहित अंडाणु बाँकी रह्यो। तर त्यस अंडाणुमा अन्य सामग्री अथवा साइटोप्लाज्मको मात्रा र स्थितिमा कुनै परिवर्तन गरिएन। यसको लगत्तै वैज्ञानिकहरुले त्यस नाभिकरहित (Enuclealed) अंडाणुसंग पहिलेको निद्रावस्थामा रहेको कोषिकालाई साथमा राखी त्यहाँ एक नरम मात्राको विद्युत तरंग प्रवाहित गरे। यो प्रक्रियाको दौरान अंडाणुले निद्रावस्थामा रहेको कोषिकाको नाभिकलाई स्वीकार गरिदियो, अर्थात् विद्युत तरंगको प्रवाहपछि निद्रावस्थामा रहेको कोषिकाभित्रको नाभिकले त्यो कोषिका छोडी अर्को नाभिकरहित अंडाणुभित्र स्थानान्तरेण गर्न पुग्यो।

यो घटनापछि अंडाणुभित्र जैव-रासायनिक क्रिया (Bio–chemical activity) शुरु भयो र कोष विभाजन हुन थाल्यो। यसरी बनेको भ्रुण (embryo) लाई वैज्ञानिकहरुले एक अर्को तेस्री माऊ भेंडीको गर्भाशयमा प्रत्यारोपण गरिदिए। गर्भ-अवधि पूरा भएपछि त्यस तेस्री भेंडीले सफलतापूर्वक 'डोली'लाई जन्म दिई, जो आनुवंशिक दृष्टिबाट त्यसको मूल माऊ अर्थात् थुनको कोषिका प्रदान गर्ने माउसंग दुरुस्त समान छे। अहिले डोली पूरा आठ महिनाकी भइसकी। र, ऊ पूर्णतः स्वस्थ छे।

रोसलिन इन्स्टिच्यूटका वैज्ञानिकहरुले गतः वर्षमा पनि क्लोनिङ्ग गरेर मेगन र मोर्गन नामका दुरुस्त समान दुई भेंडीहरु जन्माएका थिए। तर, त्यतिखेरको त्यो क्लोनिङ्गमा अहिले जस्तो सामान्य भ्रुणभन्दा बाहिरको गैर प्रजनन कोष (Somatic cell) को प्रत्यारोपण होइन, भ्रूणकै एक कोषिकालाई अंडाणुमा प्रत्यारोपण गरिएको थियो।

पहिलेको क्लोनिङ्ग प्रविधिमा क्लोनिङ्ग गर्नुभन्दा पहिले नै मैथुनिक प्रजननबाट बनेको सामान्य भ्रूण चाहिन्थ्यो। तर क्लोनिङ्गको यो प्रविधि तुलनात्मक रुपमा सरल थियो। किनकि, विभिन्न अंग प्रत्यंगको वयस्क कोषहरु कुनै खास गुणलाई प्रकट गरी स्थायी भएर बसिसकेका हुन्छन्, जबकि भ्रूणका कोषहरुले त्यस्तो कुनै खास गुण देखाई स्थायी बनेका हुँदैनन्। भ्रूणका कोषहरु तीव्र विभाजन प्रक्रियामा मात्र जुटेका हुन्छन्।

डा. इयान विल्मटको टोलीले भ्रूण कोषिकाबिना नै वयस्क कोषको उपयोग गरी गरेको सफल क्लोनिङ्गले के देखाएको छ भने- कुनै अंगमा स्थायी रुपमा बसेका कोषले पनि पूर्ण जीवलाई सृजना गर्ने आनुवंशिक चरित्रलाई बिर्सेको वा छोडेको हुँदैन। अर्को कुरा, त्यस कार्यले विकसित स्तनधारी प्राणीमा पनि मैथुनिक (sexual) प्रक्रियाको नामोनिसानबिना नै प्रजनन क्रिया गर्न सकिन्छ भन्ने कुरा देखाएको छ।

तर, वयस्क कोषहरुको प्रयोगबाट



**मेगन र मोर्गनः**
**क्लोनिङ्ग गरेर जन्माइएका दुरुस्तै एकै अनुहारका दुई भेंडीहरु**

**डा. इयान विल्मट**
**अनुसन्धान टोलीका नेता**





नाभिकीय स्थानान्तरण गरिएको भ्रूणबाट जन्मिएका 'सबै हिसाबले समान र उस्तै उस्तै' दुई बाँदरहरु



माऊ जस्तै दुरुस्तै जन्मिएकी भेँडी 'डोली'

गरिने यो क्लोनिङ्ग कार्य त्यति सजिलो भने छैन, जति भ्रूण कोषहरुको प्रयोगबाट सजिलो हुन्छ । भर्खरै डा. इयान विल्मटको टोलीले गरेको प्रयोगमा जम्मा २७७ वयस्क कोषिकाहरुबाट केवल २९ भ्रूण मात्र बनेका थिए र त्यसमा पनि डोलीबाहेक अरु सबै जन्म हुनुभन्दा पहिले नै मरे ।

### क्लोनिङको इतिहास

क्लोन (clone) ग्रीक शब्द Klon बाट बनेको हो । ग्रीक भाषामा यसको अर्थ बनस्पतिको हाँगा (twig) हो, जसलाई रोप्दा अर्को सिंगो विरुवाको विकास हुन्छ ।

एउटा हाँगा रोपेर नयाँ सिंगो विरुवाको विकास गर्दा त्यहाँ मैथुनिक कर्य भएको हुँदैन । नयाँ सिंगो विरुवा एउटै अभिभावक (Parent) विरुवाबाट विकसित भएको हुन्छ र त्यो आनुवंशिक दृष्टिले समेत आफ्नो अभिभावक विरुवासंग दुरुस्त समान हुन्छ ।

त्यसैले अहिले प्राणीको सन्दर्भमा पनि क्लोन भन्नाले एउटा यस्तो प्राणी भन्ने बुझिन्छ, जो अमैथुनिक तरिकाबाट केवल एउटै अभिभावकबाट विकसित भएको हुन्छ । र, यो आफ्नो अभिभावकसंग भौतिक रुपमा मात्र होइन, आनुवंशिक रुपमा समेत दुरुस्त उस्तै हुन्छ ।

परम्परादेखि नै विरुवाको क्लोनिङ्ग, वगैंचाविद्हरुका लागि रुचिको विषय बन्दै आएको देखिन्छ । उनीहरुले नयाँ स्वस्थ विरुवा प्राप्त गर्न विरुवाको क्लोन तयार गरी रोप्ने कार्य गर्दै आएका छन् ।

तर, प्राणीमा क्लोन तयार गर्ने प्रयत्न बीसौं शताब्दीको पचासको दशकमा मात्र आरम्भ भएको हो । प्राणी जगत्मा क्लोनिङ्गको परीक्षण सर्वप्रथम ब्रिग्स र किंग भन्ने दुई वैज्ञानिकहरुले भ्यागुतोमा गरेका थिए । क्लोनिङ्गको त्यो परीक्षण मुख्य रुपमा एउटा खास तरीकामा केन्द्रित रह्यो । त्यो हो- नाभिकीय स्थानान्तरण (nuclear transfer) ।

वैज्ञानिकहरुलाई के थाहा छ भने, कोषको नाभिक (nucleus) नै यस्तो ठाउँ हो, जहाँ सम्पूर्ण आनुवंशिक गुण बोकेका हज्जारौं हज्जार वंशाणुहरु (genes) रहेका हुन्छन् । मानव कोषभित्र सत्तरी हजारदेखि एक लाखसम्म वंशाणुहरु रहेका हुन्छन् । ती प्रत्येक वंशाणुले हाम्रो शरीरको कुनै खास एक गुणलाई बोकेको हुन्छ । वंशाणुहरु कोषको नाभिकभित्रको क्रोमोजोम (chromosome) मा रहेका डि.एन.ए. (DNA) मा रहेका हुन्छन् । स्मरणीय के छ भने, डि.एन.ए. को संरचनाबारे सन् पचासको दशकमा क्याम्ब्रिज विश्वविद्यालयका वैज्ञानिकहरु जेम्स वाट्सन र फ्रान्सिस क्रिकले पत्ता लगाएका हुन् ।

कोषको नाभिक नै जीवको सम्पूर्ण गुणको भण्डार गृह हो भन्ने कुरा बुझेर नै नाभिकीय स्थानान्तरण गरेर भ्यागुताको क्लोनिङ्ग गर्ने प्रयत्न गरिएको थियो । यस कार्यमा वैज्ञानिकहरुले भ्यागुताको भ्रूणबाट कुनै एक कोष झिकी त्यसलाई यान्त्रिक किसिमले नाभिक झिकिएको भ्यागुताको अंडाणु नजिक राखेर विद्युत झट्का दिई दिए । विद्युत झट्काले नाभिक स्थानान्तरण कार्य सम्पन्न भयो । अर्थात्, अब नजिक राखिएको कोषको नाभिक, नाभिक नभएको अण्डाणुमा पस्यो । र, यसले त्यहाँ कोष विभाजनको प्रक्रियाको थालनी गर्‍यो । यो प्रक्रिया अन्तर्गत बनेको भ्रूणबाट निश्चित अवधिपछि भ्यागुताको बच्चा चेपागाँडा (tad pole) को विकास भयो । तर, त्यो चेपागाँडा चाँडै नै मर्‍यो ।

भ्यागुतामा गरिएको क्लोनिङ्गपछि सन् १९५० देखि अहिलेसम्म विभिन्न समयमा विभिन्न वैज्ञानिकहरुले विभिन्न जीवजन्तुमा पटक पटक क्लोन तयार गर्ने परीक्षणहरु गरे । तर, ती सबैमा नै भ्रूणका कोषहरु प्रयोग भएका देखिन्छन् ।

अहिले भर्खरै मात्र पनि गएको मार्च महिनामा अमेरिकाको ओरेगन क्षेत्रीय (primate) अनुसन्धान केन्द्रका वैज्ञानिकहरुले भ्रूण कोषहरुलाई प्रयोग गरेर तयार पारिएको क्लोनबाट दुरुस्त एकै समानका दुई बाँदरहरु विकसित गरेका छन् ।

तर, स्कटल्याण्डमा डोलीको क्लोन भने ती सबैभन्दा फरक तरिकाबाट तयार पारियो । अर्थात्, यसमा प्रयोग गरिएको कोष भ्रूणबाट नलिई गर्भवती भेँडीको थुनबाट लिइयो ।

### उपलब्धिहरु

हाल वैज्ञानिकहरु कोषको नाभिकभित्र क्रोमोजोममा रहेका हज्जारौं हजार वंशाणुहरुलाई तिनीहरु प्रत्येकको वंशाणु संकेत (Genetic code) को आधारमा चिन्न प्रयत्न गरिरहेछन् । मानव कोषमा यो कार्य सन् २००५ सम्ममा

## क्लोनिंग परीक्षण

| वर्ष | वैज्ञानिकहरु | जीव | तरीका | नतीजा |
|---|---|---|---|---|
| - १९५० | ब्रिग्स र किङ्ग | भ्यागुता | नाभिक स्थानान्तरण, भ्रूणबाट अण्डाणुमा | चेपागाँडाको जन्म चाँडै मृत्यु |
| - १९६० | जोन बी गोर्डन | भ्यागुता | नाभिक स्थानान्तरण, छाला, कलेजो अथवा मृगौलाका कोषहरुबाट अण्डाणुमा | चेपागाँडाको जन्म, चाँडै मृत्यु |
| - १९७० | इल्मेन्स | फ्रुट फ्लाइ | नाभिक स्थानान्तरण, भ्रूणबाट अण्डाणुमा | लार्भाको जन्म, चाँडै मृत्यु |
| - १९८४ | माइक ग्राथ र सोल्टर | मूसा | नाभिक स्थानान्तरण, भ्रूणबाट अण्डाणुमा | केही मुसाहरुको जन्म सानो छँदा नै मृत्यु |
| - १९९३ | हल र स्टीलम्यान | मानिस | भ्रूणलाई कृत्रिम तरीकाले दुरुस्त समान दुई जुम्ल्याहाहरुमा छुट्याइएको | प्रथम पटक कृत्रिम जुम्ल्याहा मानव भ्रूण तयार गरिएको, तर जीवित हुन नसकेको |
| - मार्च १९९६ | रोसलिन इन्स्टिच्यूटको टिम, स्कटल्याण्ड | भेँडी | नाभिकीय स्थानान्तरण, भ्रूणबाट अण्डाणुमा | दुई भेँडीहरु मेगन र मोर्गनो सामान्य रुपले जन्म |
| - फेब्रुअरी १९९७ | रोसलिन इन्स्टिच्यूटको टिम, स्कटल्याण्ड | भेँडी | नाभिकीय स्थानान्तरण, थुनको कोषबाट अण्डाणुमा | डोली नामकी भेँडीको सामान्य जन्म |
| - मार्च १९९७ | डन ओल्फ एट अल | बाँदर | नाभिकीय स्थानान्तरण, भ्रूणबाट अण्डाणुमा | दुई बाँदरहरुको सामान्य जन्म |

— स्रोतः टाइम्स अफ इण्डिया

पूरा गर्ने उनीहरूको लक्ष्य छ। यो कार्य सम्पन्न भयो भने नराम्रो गुणको वंशाणुलाई हटाई राम्रो गुणको वंशाणु मात्र राखी मानव कोषलाई परिवर्तन गर्न सकिन्छ र त्यसबाट मानव क्लोन तयार गरी आफूले चाहेको जस्तो गुण भएको बच्चा जन्माउन सकिन्छ।

अर्को कुरा, मानिसमा महत्वपूर्ण अंगहरू, जस्तो: फोक्सो, मृगौला, मुटु आदि विकसित हुने वंशाणु जनावरको कोषमा राखेर क्लोन तयार गर्न सकिन्छ। र, यसबाट विकसित गरिएको जनावरबाट फोक्सो, मुटु, मृगौला आदि जस्ता अंगहरू बिग्रेका मानिसहरूमा ती अंगहरू प्रत्यारोपित गर्न सकिन्छ। यसले गर्दा शरीरका महत्वपूर्ण अंगहरू बिग्रेर अकालमै मर्नेहरूको संख्यालाई घटाउन सकिन्छ।

क्लोनिङबाट अर्को हुन सक्ने उपलब्धि के छ भने, शरीरभित्र रोग लागेर विभिन्न कोषहरू र अंगहरू बिग्रेकाहरूमा नयाँ कोषहरूको सृजना गरी बिग्रेका ती कोष तथा अंगहरूलाई प्रतिस्थापित पनि गर्न सकिन्छ।

त्यस्तै, संसारबाट लोप हुन लागेका जनावरहरूबाट कोषहरू लिई तिनीहरूको क्लोन तयार गरेर वंश नाश हुनबाट तिनीहरूलाई बचाउन सकिन्छ। क्लोनिङबाट हुन सक्ने यो एउटा अर्को महत्वपूर्ण उपलब्धि हो।

**क्लोनिङबाट हुनसक्ने असर**

क्लोनिङ प्रविधिले के देखाएको छ भने पुरूषबिना नै स्त्रीले आफू जस्ती दुरूस्त समानको बच्चा जन्माउन सक्छे। जनावरहरूमा गरिएको परीक्षणले मानवमा पनि यो संभव हुनेछ भन्ने सैद्धान्तिक आधार दिएको छ। यदि यो प्रविधि भविष्यमा व्यवहारिक रूपमा नै मानवमा पनि सफलतापूर्वक प्रयोग हुने र यो क्रमशः सरल हुँदै जाने हो भने समाजमा आमा मात्र अथवा एउटै मात्र अभिभावक भएका परिवारहरू देखा पर्नेछन्।

अझ, पुरूषबिना महिला मात्रैले पनि बच्चा जन्माउन सक्ने, तर पुरूषले भने त्यस्तो गर्न नसक्ने भएकोले भविष्यमा समाज कस्तो बन्ने होला भनेर अहिले अनुमान गर्न गाह्रो छ।

त्यस्तै, संसारको सृष्टि पूर्व नियोजित रूपमा ईश्वरले गरेको भन्ने आध्यात्मिक विश्वासलाई पनि यो सफल क्लोनिङले नराम्रो चड्कन हानेको छ। ईश्वरको त कुरा छोडौं, लोग्नेमान्छेबिना नै पनि यो वैज्ञानिक प्रविधिबाट एक्लो स्त्रीमान्छे स्वयंमा आफू स्वयं जस्तै अर्को मान्छे जन्माउने मूर्त संभावना छ भनेर प्रष्टै देखिएको छ। ❑

# क्यानाडामा गरीबी झन् झन् बढ्दैछ

**-दीपक वैद्यबाट**

> **क्यानाडामा गरीखानेहरुको जिन्दगी स्वर्गसरि छ ?**

१९९५ भन्दाअघि गएको पन्ध्र वर्षमा क्यानाडामा बहुसंख्यक जनताको पारिवारिक आय भने पटक्कै बढेन। तर यही अवधिमा गरीबीको रेखामुनि बाँच्ने क्यानाडालीहरू भने लगातार बढिरहे। यो तथ्य हालै Statistics Canada भन्ने आधिकारिक संस्थाले प्रकाशमा ल्याएको छ।

त्यस संस्थाका अनुसार, १९९६ को प्रारंभमा क्यानाडालीहरूको औसत पारिवारिक आय ४०,८०० डलर थियो। गजबको कुरा के भने- पन्ध्र वर्षअघि, सन् १९८० मा पनि क्यानाडावासीहरूको औसत पारिवारिक आय यति नै थियो। यसको मतलब गएको पन्ध्रवर्षमा क्यानाडाली जनताको पारिवारिक आम्दानीमा कुनै बढोत्तरी भएन। त्यो ज्यूँकात्यूँ रह्यो। तर यही अवधिमा विश्व बैंकका अनुसार, सन् १९८० देखि १९९३ सम्म क्यानाडामा महँगी भने वर्षेनी औसत ३.९ प्रतिशतका दरले लगातार बढिरह्यो।

महँगी वर्षेनी बढिरहने तर परिवारको आम्दानी नबढ्ने, यो स्थितिले गर्दा क्यानाडामा गरीबीको रेखामुनि बाँच्ने जनताको संख्या चुलिँदै गयो। १९९५ मा पुग्दा त्यहाँ गरीबीको रेखामुनि बाँच्ने जनसंख्या ५२ लाख पुग्यो। यो भनेको क्यानाडाको कूल जनसंख्याको १७.८ प्रतिशत हो। अर्थात्, क्यानाडामा ६ जनामा एक जना क्यानाडाली कंगालको जिन्दगी जिउँछ।

सन् १९९५ मा मात्र दुई लाख छयालीस हजार थप क्यानाडालीहरू गरीबीको डीलमुनि धकेलिए। सबैभन्दा कन्तविजोग बालकहरू र महिलाहरूको भयो। सन् १९९४ मा १९.५ प्रतिशत क्यानाडाली बालकहरू हरिकंगाल थिए। १९९५ मा त्यो २१ प्रतिशत पुग्यो। महिलाहरूको बिजोग कसरी भयो भने- यू.एन.डि.पि. का अनुसार, क्याडानमा पुरूषको ज्याला १०० डलर हुँदा महिलाको ज्याला ६३ डलर मात्रै छ। उसै त डेढ दशकसम्म महँगीको अनुपातमा ज्याला वृद्धि शून्य बराबर, त्यसमाथि पुरूषको भन्दा झण्डै आधा ज्याला, यो स्थितिमा महिलाहरूको कन्तबिजोग नभए के हुने ?

त्यस्तै, हरिविजोग क्यानाडाली मजदूरहरूको पनि भयो। क्यानाडामा १९८० देखि १९९२ सम्ममा मजदूरहरूको औसत वार्षिक ज्याला बृद्धि दर ०.१ प्रतिशत मात्र रहयो। तर यही अवधिमा उनीहरूले किनीखानुपर्ने सारा वस्तुहरू भने झण्डै वार्षिक चार प्रतिशतले महँगा भए। १९९५ मा त महँगीसंग मिलान गर्दा क्यानाडाली मजदूरहरूको साप्ताहिक ज्याला उल्टो १.२ प्रतिशतले अघिल्लो वर्षभन्दा घट्यो। अब ज्याला नबढ्ने, उल्टो महँगी बढ्ने भयो ! भन्नुहोस्, यो स्थितिमा क्यानाडाली मजदूरहरूको जीवन कति संकटमय बन्यो होला ?

क्यानाडालीहरूको गरीबीलाई त्यहाँको उच्च बेरोजगारी दरले अरू बेसी जटील बनाइदिएको छ। लगभग तीन करोड जनसंख्या भएको क्यानाडामा ९.७ प्रतिशत मानिसहरू अहिले पूर्ण बेरोजगार रहेका छन्। यो भनेको करीब २८ लाख क्यानाडालीहरूको कुनै रोजगारी नै नहुनु हो।

विकसित पूँजीवादी देशमा जनताको जीवन स्वर्गसरि छ भन्ने प्रचार निकै गरिन्छ। क्यानाडा अति विकसित पूँजीवादी देश हो। के यी तथ्यहरूले देखाउँछन्- त्यहाँ गरीखानेहरूको जिन्दगी स्वर्गसरि छ ? ❑

# स्विट्जरल्याण्डका उद्योगहरु टाट पल्टिने दिशातिर

चमत्कारपूर्ण विकासले विश्वलाई नै चकित पारिरहेको पूँजीवादी मुलुक स्विटजरल्याण्ड पनि अब निकै ठूलो मन्दीको चपेटामा परेको खबर छ। स्विस् क्रेडिट रिफर्म यूनियन भन्ने एउटा आधिकारिक स्विस संस्थाले जनाए अनुसार, त्यहाँ १९९६ मा मात्रै १०,१९२ वटा कम्पनीहरूले आफू टाट पल्टेको घोषणा गरेका छन्। यो संख्या अघिल्लो वर्षभन्दा ४.४ प्रतिशतले बढी छ।

स्विटजरल्याण्डमा अहिले औद्योगिक उत्पादन निकै ठूलो पैमानामा घटेको छ। लण्डनबाट प्रकाशित हुने प्रसिद्ध पूँजीवादी पत्रिका The Economist ले जनाए अनुसार, त्यहाँ पछिल्लो तीन महिनामा मात्र औद्योगिक उत्पादन २१.२ प्रतिशतले घट्न पुगेको छ। औद्योगिक मन्दी त त्यहाँ गएको वर्ष नै शुरू भएको थियो। तर यसको दर पोहोर ५.८ प्रतिशत मात्र थियो।

औद्योगिक मन्दी र कार्खानाहरूको टाट पल्टाइले गर्दा स्विट्जरल्याण्डको बेरोजगारी दर चौपट्टै बढ्न पुगेको छ। यही जनवरी महिनाको पछिल्लो तथ्यांक अनुसार, स्विटजरल्याण्डमा अहिले ५.७ प्रतिशत मानिसहरू पूर्ण बेरोजगार रहेका छन्। अर्थात्, त्यहाँ करीब दुई लाख मानिसहरूको कुनै रोजीरोटीको स्रोत छैन। अरू पूँजीवादी मुलुकको तुलनामा स्विटरल्याण्डको यो बेरोजगारी दर त्यति ठूलो होइन। तर स्विटजरल्याण्डकै विगत इतिहास हेर्ने हो भने- यो उसको रकेर्डमा सबैभन्दा उच्च बेरोजगारी दर हो। सात वर्षअघि, १९८९ सम्म मात्र फर्केर हेर्दा पनि स्विटजरल्याण्डको बेरोजगारी दर ०.६ प्रतिशत मात्र थियो।

किन यति चर्को मन्दी छ त स्विटजरल्याण्डमा अहिले ? किन कम्पनीहरू टाट पल्टँदैछन् यति धेरै ? यसको गहिरो आधिकारिक कारण त्यति प्रकाशमा आएको छैन। तथापि, स्विटजरल्याण्डका विज्ञहरूको अनुमान छ- स्विटजरल्याण्डका साभानको थोक बिक्री नै विश्व बजारमा घटेको छ। गएको वर्ष मात्रै उसको बिक्री २.५ प्रतिशतले घटेको थियो। उत्पादन धेरै- खपत थोरै, संभवतः यही कारणले त्यहाँका कारखानाहरू टाट पल्टन गएको हुनुपर्छ। ❑

# जर्मनीमा बेरोजगारी

*जर्मनीको एकीकरण भएयता त्यहाँको बेरोजगारीमा अभूतपूर्व बृद्धि भएको छ। यही जनवरीमा त्यहाँ पूर्ण बेरोजगार जनसंख्याको दर ११.३ प्रतिशत पुगेको छ। यो जर्मनी एकीकृत भए यताको सबैभन्दा उच्च दर हो। जर्मनीको डेस्ड्नर बैंकरले जनाए अनुसार, त्यहाँ अहिले ४६ लाख ६० हजार मानिसहरु पूर्ण बेरोजगार हुन गएका छन्। यस वर्ष मात्र थप अर्को तीन लाख जर्मन नागरिकहरु बेरोजगारहरुको बथानमा थपिनेछन्।*

*बेरोजगारी बढ्नुको मुख्य कारण चान्सलर हेल्मुट कोलका ती कदमहरु मानिएका छन्, जुन उनले जर्मनीलाई यूरोपली मुद्रा संघमा प्रवेश गराउनका लागि उठाएका छन्। यूरोपेली मुद्रा संघ सन् १९९९ देखि अस्तित्वमा आउन लागेंदैछ।*

*स्मरणीय छ, जर्मनीको बेरोजगारी दर आजभन्दा सात वर्ष अघिसम्म अहिलेभन्दा करीब आधा थियो। सन् १९८९ मा जर्मनीको बेरोजगारी दर ६.१ प्रतिशत मात्र थियो।* ❑

# घरेलु दासताबाट महिलाहरूको मुक्ति कसरी ?

## पुरुषहरुले कथंकदाचित घरको काममा सहयोग गरिहाले तापनि उनीहरुले गरेका कामहरुमा महिलाहरुलाई चित्त बुझ्दैन

❑ "ए कान्छी पानी लिएर आइज !"

"कतिबेर लागेको एक गाग्री पानी ल्याउन पनि ? भात पकाउन ढिला भइसक्यो ।"

❑ **"ए कान्छीऽऽ... ए कान्छीऽऽ... कता मर्न गई, घरको सबै काम छाडेर । हुँदा हुँदै पनि, घरको काम गर्दा गर्दै स्कूलको गृहकार्य गर्नसमेत फुर्सद पाउँदिन कान्छीले । यति हुँदा हुँदै पनि बिहानदेखि बेलुकीसम्म यस्तै करकर र गाली सुन्नु पर्छ कान्छीले आफ्नै आमाको । तर कान्छीका दुई दाजुहरु भने बिहानदेखि बेलुकीसम्म घरमा देखिँदैनन् । भात खान र खाजा खान मात्र घरमा आइपुग्छन् । कहिले जीम गर्न, कहिले फुटबल खेल्न र कहिले साथीहरुसंग घुम्न जानमै उनीहरुको दिन बित्छ । तैपनि, उनीहरुले आमाको गाली र करकर सुन्नु पर्दैन ।**

❑ "ए सीता भात पाक्यो ? किन यतिबेलासम्म भात नपकाएको ?"

"ए सीता, बच्चा रोयो, बच्चालाई किन रूवाएको ? किन नफकाएको ?"

"ए सीता, चिया एक कप बनाइ दे त !"

❑ **शिक्षिका सीताको यस्तै काम गर्दा गर्दै एक छिन समय हुँदैन । स्कूलको कपी जाँच्न ल्याइराखेको एक हप्ता भइसक्यो, जाँच्न पाएकी छैनन् । स्कूलले छिटो रिजल्ट ल्याउन जोड दिइरहेको छ ।**

खालि कान्छी र सीताको मात्र यो समस्या होइन । शहरमा होस् या गाउँमा होस्, सबै जसो महिलाहरूको स्थिति यस्तै रहेको छ । चाहे गृहिणी महिलाहरू होउन्, चाहे जागिरे महिलाहरू होउन्, घरको कामकाज र बच्चाहरूको हेरचाह गर्ने जिम्मा उनीहरूले नै बोकेका हुन्छन् । त्यही घरेलु कामको बोझले गर्दा महिलाहरूसंग छलफल गर्न, अध्ययन गर्न र विचार गर्न एकछिन फुर्सद पनि हुँदैन । अनि समाजमा उनीहरू नै ज्ञानहीन, बुद्धिहीन र विचारहीन ठहरिन्छन् ।

के महिलाहरूमाथिको यो आरोप न्यायोचित छ र ? जब महिलाहरूलाई विचार गर्ने र ज्ञान आर्जन गर्ने समय नै दिइँदैन भने ज्ञानवती, बृद्धिमान र विचारशील भएनन् भनेर उनीहरूलाई आरोप लगाउनु कत्तिको न्यायोचित ठहरिन्छ ?

हाम्रो समाजमा सदियौंदेखि यो चलन चलिआएको छ कि- घरका कामहरू गर्ने सम्पूर्ण जिम्मा महिलाहरूको मात्रै हो । पुरूषहरूले घरका कामहरू गर्नु हुँदैन । हामा आमाहरू छोरीहरू हुन्जेल छोराहरूलाई काम लगाउँदैनन् । छोरीहरू नहुने आमाहरू बरू आफैं जोतिन्छन्, तर छोराहरूलाई घरको काम गर्न दिँदैनन् । हाम्रो समाजमा कुनै पुरूषहरूले घरको काममा हात बाँट्न खोजे भने 'जोइटिंगे' भनेर गिल्ला गरिन्छ, होच्याइन्छ । घरेलु काम गर्नमा महिलाहरूलाई दास जस्तै सम्झिइन्छ ।

यसरी एकातिर आफू समाजमा होचिने र गिल्लिने डरले घरको काममा महिलाहरूलाई सहयोग गर्नु पर्छ भन्ने भावना भएका पुरूषहरू पनि घरको काम गर्न डराउँछन् र पछि हट्छन् । अर्कोतिर, महिला मुक्ति र महिला स्वतन्त्रताका कुरालाई सिद्धान्तमा व्याख्या गरेर त्यो सिद्धान्तलाई आफ्नो घरमा लागू नगर्ने अधिकांश पुरूषहरू पनि हाम्रो समाजमा बग्रेल्ती छन् । उनीहरू आफ्ना घरका छोरी स्वास्नीहरूलाई "महिला मुक्तिको लागि तिमीहरू जुट्नु पऱ्यो, उठ्नु पऱ्यो" भनेर पाठ त सिकाउँछन् । तर त्यस कामको लागि समय निकाल्नमा भने सहयोग गर्दैनन् ।

जुन पुरूषहरू समाज परिवर्तन गर्ने काममा लागिपरेका छन्, उनीहरू नै महिलाहरूलाई घरेलु दासताबाट मुक्त गर्नमा सहयोग गर्दैनन् भने अरू कसले महिलाहरूलाई घरेलु दासताबाट मुक्त गर्न सहयोग गर्छन् त ?

यही घरेलु दासता नै महिलाहरूको व्यक्तित्व विकासमा ठूलो बाधाको रूपमा अगाडि खडा छ । अफिसमा काम गर्ने महिलाहरू पनि पुरूषको दाँजोमा कम प्रतिशत मात्र बढुवा हुन पाउँछन् । यो समस्या खालि नेपालको मात्रै समस्या नभएर विश्वकै समस्या भएको छ । ज्ञान र अनुभवको आधारमा जुन बढुवा पाइने हो, त्यसकै कमीले गर्दा महिलाहरूले पुरूषहरूले भन्दा कम बढुवा पाउँछन् । घरेलु काम र बच्चाको लालन-पालनमा महिलाहरूले बढी समय दिनुपर्ने भएकोले ज्ञान र अनुभव आर्जन गर्नमा महिलाहरूको समय कम मात्र लगानी हुन्छ । फलस्वरूप, स्वभाविक रूपले ज्ञान र अनुभवमा महिलाहरू पुरूषहरूभन्दा पछि पर्छन् ।

महिलाहरू घरेलु दासतामै बाँधिइरहनुमा महिलाहरूकै पनि प्रशस्त कमजोरीहरू छन् । उनीहरू घरको काम लथालिङ्ग छोडेर अध्ययन गर्ने र छलफल गर्ने जस्ता ज्ञान हासिल गर्ने काममा जान चाहँदैनन् । त्यो काम भन्दा घरको काम नै उनीहरूको लागि महत्वपूर्ण हुन्छ । गइहाले पनि त्यहाँभन्दा घरमा बच्चाहरू के गरिरहेका होलान् ? बच्चाहरूले खाए कि खाएनन् ? घरमा पुगेर कुन बेला खाना पकाउने ?- भन्ने जस्ता कुराहरूमा बढी ध्यान तानिन्छ । त्यहाँ भएका कुराहरू एक चौथाई पनि ग्रहण गर्न सक्तैनन् । तर पुरूषहरू भने, अध्ययन र छलफल गर्नको लागि निर्धक्क बस्न सक्छन् ।

अर्को कुरा, पुरूषहरूले कथंकदाचित घरको काममा सहयोग गरिहाले तापनि उनीहरूले गरेका कामहरूमा महिलाहरूलाई चित्त बुझ्दैन । फुर्सद भई नभई आफैं गर्न अघि बढ्छन् । अझ पुरूषहरूलाई 'के खोज्छस् कानो आँखो' भने जस्तो हुन्छ । 'कहिल्यै नगरी राखेको काम शुरू शुरूमा गर्दा यस्तै हुन्छ । गर्दै जाँदा विस्तारै हात बस्ला र राम्रोसंग गर्लान्' भन्ने कुरा महिलाहरू सोच्दैनन् । पुरूषहरू पनि 'मन लगाएर राम्रो गर्छु' भन्ने सोच्दैनन् । 'मैले गरेको उनलाई चित्तै बुझ्दैन, के गर्नु ?' भनेर हात बाँधेर बस्छन् । महिलाहरू त्यसको विरोध पनि गर्न सक्तैनन् । चुपचाप सहेर भ्याई-नभ्याई आफैं काममा जोतिन्छन् ।

पुस्तौंपुस्तासम्म यही कुरा देख्दै आएका छन् हाम्रा सन्तानहरूले- आमाले भ्याई-नभ्याई घरको काम गरिरहेको । आमा बिरामी पर्दा पनि बाबुले घरको काम नगरेको । अथवा, गर्न खोज्दा पनि गर्नै नजानेको । यही कुरा सिक्छन् छोराहरूले । अनि छोरीहरूले 'घरको काम गर्ने जिम्मा त छोरीहरूकै हो, यो काम हामीहरूले गर्नै पर्ने रहेछ' भन्ने कुरा सिक्छन् । यही कुरा पुस्तौं पुस्तासम्म चल्दैआएको छ । अझ यस्तै भइरह्यो भने, अब आउने पुस्तौं-पुस्तासम्म पनि यही क्रम जारी रहनेछ । र, महिलाहरूको जीवन घरेलु दासतामै गुज्रिरहने छ ।

भ्याई नभ्याई घरको काममा आफूमात्रै जोतिनु पर्दा र पुरूषहरू तास खेलेर, बकम्फुसे गफ गरेर समय खेर फालिरहँदा र घरको काममा अलिकति पनि सहयोग नगर्दा महिलाहरू आक्रोशित त हुन्छन् । तर महिलाहरूमा भएको करूणा, ममता र सहनशीलताले गर्दा त्यसको विरोध पनि गर्न सक्तैनन् । करूणा, ममता र सहनशीलता महिलाहरूको प्राकृतिक गुण हो । यी भावनाहरू पुरूषहरूमा भन्दा स्वभाविक रूपले महिलाहरूमा बढी हुन्छ । यो राम्रो गुण पनि हो । तर आफ्नो दासताको सिक्री चुँडाल्न आफैंले प्रयत्न नगर्नु भनेको आफूमाथि आफैंले अन्याय गर्नु भएन र ?

जबसम्म महिलाहरू घरेलु कामबाट मुक्त भएर सामाजिक उत्पादनको काममा हात हाल्दैनन्, तबसम्म महिला मुक्तिको कुरा कोरा कल्पना मात्र हुन्छ । अनि आधा जनसंख्या भएका महिलाहरूको मुक्तिबिना देशको मुक्ति कसरी संभव हुन्छ ?

घरका सबै कामहरू महिलाले नै गर्नुपर्छ भन्ने शताब्दीऔंदेखि चलिआएको यो चलन हाम्रो संसकृतिको एउटा अंग नै बनिसकेको छ । यो चलनको अन्त्य पनि सांस्कृतिक आन्दोलनबाट नै संभव हुन्छ । यो आन्दोलन व्यक्ति-व्यक्तिबाट र घर-घरबाट शुरू हुनु आवश्यक छ । आन्दोलन क-कसको घरबाट शुरू हुने हो ?- त्यो चाहिं परीक्षाको र प्रतीक्षाको विषय भएको छ ।

महिलाको घरेलु दासता अन्त्य गर्न राज्यले पनि प्रशस्त भूमिका खेल्न सक्छ । विशेषतः महिलाहरूको प्रशस्त समय जाने भनेको शिशु स्याहार, लुगा धुवाइ, पानी ओसाराइ र भात-भान्सामा हो । यसबाट समय निक्लियो भने, महिलाहरूको प्रशस्त समय निस्कन्छ । यसका लागि राज्यले देशभरि सस्तो शिशु स्याहार केन्द्रको जालो फिँजाउन व्यवस्था गर्न सक्छ । सार्वजनिक लुगा धुलाइ केन्द्रको व्यवस्था गर्न सक्छ । खानेपानी क्रमशः टोल टोलमा र घर घरमा पुऱ्याउने प्रबन्ध गर्न सक्छ । र, सार्वजनिक क्यान्टिनको जालो पनि देशभरि फिँजाउने सक्छ । कतिपय समाजवादी देशमा र सामाजिक जनवादी राज्यमा यस्तो गरिएको पनि छ । जस्तो, हाल क्यूबामा, उत्तर कोरियामा र स्केण्डिनेभियन देशहरूमा । हाम्रो राज्यले पनि यस दिशामा किन पाइला चाल्दैन ?

मुक्ति मागेर मिल्दैन, लडेर लिन सक्नुपर्छ । घरेलु दासताबाट मुक्ति खोजिरहेका प्रत्येक महिलाले आफ्नो घर घरमा मात्र होइन, राज्यसित पनि माग गर्नुपर्छ कि- राज्यले महिलाहरूको निम्ति घरेलु दासताबाट मुक्त गर्ने माथि भनिएका ठोस कदमहरू चालोस् । यदि यो राज्य-व्यवस्थाले त्यस्तो कदम चाल्दैन भने उनीहरूले त्यस्तो उन्नत राज्य-व्यवस्थाको निम्तिसमेत आवाज उठाउनु जरूरी छ, जसले यस्तो प्रबन्ध गर्न सक्छ ।

❑ मुक्ता श्रेष्ठ

**जब महिलाहरुलाई विचार गर्ने र ज्ञान आर्जन गर्ने समय नै दिइँदैन भने ज्ञानवती, बृद्धिमान र विचारशील भएनन् भनेर उनीहरुलाई आरोप लगाउनु कत्तिको न्यायोचित ठहरिन्छ ?**

**"राहत मेरो प्रमुख माग होइन । ज्योति बसुलाई रातो कार्पेट बिच्छ्याएर स्वागत गर्नेहरुले मेरो इतिहास नामेट पार्न खोजेकोमा गुनासो मात्रै हो ।"**


४६ वर्षीय क. राजन राजवंशीले जन-आन्दोलनमा लागेका राजनीतिक पीडितहरूलाई भनी एकमना एमाले सरकारको पालामा सरकारले राहत वितरण गर्दा त्यसमा आफ्नो नाम नदेखेपछि यसरी दुखेसो पोखेका थिए ।

उनी एमाले नेताहरूले आफूलाई बिर्सेकोमा धेरै नै आश्चर्यचकित भएका छन् । गल्ती थियो भनी त्यसमा लागेका नेताहरूले हाल स्वीकार गरेका छन् । त्यसताका शुरूमा को-अर्डिनेशन केन्द्र र पछि नेकपा (माले) को रूपमा संगठित भएका त्यस विद्रोहका धेरै नेताहरू हाल नेकपा (एमाले) को शीर्ष स्थानमा रहेका छन् । नेकपा (एमाले), ०४६ सालको जन-आन्दोलनपछि नेकपा (माले) र नेकपा (मार्क्सवादी) मिलेर बनेको पार्टी हो । हाल नेकपा (एमाले) ले तत्कालीन नेकपा (माले) को सशस्त्र आन्दोलनको सार र मर्मलाई पूर्णतः त्याग गरिसकेको छ । र, शान्तिपूर्ण रूपले संसदीय बाटोबाटै देशमा आमूल परिवर्तन गर्न सकिन्छ भन्ने भएको थियो । नक्सलवादीहरूको राम्रो प्रभाव जमेको त्यस गाउँ नक्सलवादी आन्दोलनको एउटा आधार-गाउँ थियो । क. राजन राजवंशी पनि सानै उमेरदेखि नै नक्सलवादी आन्दोलनको प्रभावमा परे । र, १३ वर्षको उमेरमा नै उनले राम्ररी राइफल चलाउन जाने ।

सन् १९६७ मा भारतको पश्चिम बङ्गालको नक्सलवाडीबाट क. चारू मजूमदारको पार्टीले सशस्त्र किसान बिद्रोह शुरू गऱ्यो । खास गरिकन गाउँका सामन्त, शोषक, फटाहाहरूलाई हिंसात्मक कार्वाहीबाट खत्तम गर्ने अभियानको रूपमा संचालित त्यस सशस्त्र सोही वर्ष अर्थात् सन् १९७० को फेब्रुअरी २१ तारेखको दिनमा कारागारको ड्यूटीमा बसिरहेको गार्डको बन्दुक खोसेर अन्य ११ जना साथीहरूका साथमा क. राजन जेलबाट भाग्न सफल भए । त्यसपछि, उनले आफूलाई प्रहरीहरूबाट बचाउन नेपालको झापा जिल्लालाई नै सुरक्षाको थलोको रूपमा प्रयोग गर्दै रहे । त्यस समयमा झापाका क्रान्तिकारीहरूसित उनको गहिरो सम्बन्ध हुन पुग्यो ।

यता नेपालमा पार्टी विभाजनको कारणले छताछुल्ल भइरहेका झापाका युवा कम्युनिष्टहरू कुनै साहसिक क्रान्तिकारी बाटोको खोजीमा थिए ।

# झापा विद्रोहका एक योद्धा क. राजन राजवंशी अचेल के गर्दैछन् ?



आफ्ना सहकर्मीहरु र पत्रकारका साथ क. राजन राजवंशी

◆ कृष्णप्रसाद भट्टराई

क. राजन राजवंशी यथार्थमा भारतीय नागरिक हुन् । र, उनी भारतको पश्चिम बंगाल राज्यको नक्सालवाडीमा सन् १९६७ मा भएको नक्सलवाडी आन्दोलनअन्तर्गत सशस्त्र किसान विद्रोहका एक योद्धा हुन् ।

अन्तर्राष्ट्रिय भाइचारा सम्बन्धको नाताले नेपालको सशस्त्र विद्रोहमा साथ दिन क. चारू मजूमदारले नेतृत्व गरेको भा.क.पा. (माले) ले त्यस समयमा क. राजन राजवंशीलाई नेपाल पठाएको थियो ।

२०२८ सालको झापा विद्रोहका धेरैजसो सशस्त्र कारवाहीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने क. राजन राजवंशी कर्मको दृष्टिले नेपालका एक पक्का क्रान्तिकारी योद्धा हुन् । झापा विद्रोहमा उनले तत्कालीन निरंकुश पंचायती व्यवस्थाका मतियारहरू स्थानीय सामन्त-फटाहाहरूलाई पार्टीको निर्देशनमा सशस्त्र कारवाहीद्वारा खत्तम गर्ने कार्यमा आफूलाई पूर्णतः होमेका थिए ।

'झापा विद्रोह' एक उग्र वामपन्थी अभ्यासमा ऊ अहिले लागिपरेको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनले झापा विद्रोहबाट अवश्य नै नकारात्मक तथा सकारात्मक पाठ सिक्नु पर्दछ । त्यस आन्दोलनले देखाएको क्रान्तिकारी भावना, जोश र जाँगरलाई अवश्य नै आदर गर्नु पर्छ । तर, त्यस आन्दोलनले देखाएका नकारात्मक पक्षबाट अबको आन्दोलनलाई कसरी जोगाउने हो ?- अवश्य नै सबैले सोच्नु जरूरी छ ।

'झापा विद्रोह' लाई आमूल परिवर्तनको लागि भएको प्रतिक्रियावादी सामन्त वर्गसंगको लडाइँ हो भनी मान्ने हो भने, त्यस विद्रोहमा वर्गीय लडाइँको लागि विदेशबाट आएका क. राजन राजवंशी जस्ता योद्धाहरूलाई सम्झनु नेपाली कम्युनिष्टहरूको कर्तव्य हो ।

त्यसैले, क. राजन राजवंशीको विगतको बारेमा यहाँ एक छिन सरसर्ती चर्चा गरौं ।

आजभन्दा ४६ वर्ष पहिले भारतको पश्चिम बंगाल राज्यको नक्सलवाडी भन्ने ठाउँबाट पूर्वमा पर्ने रामभोला जोत गाउँमा क. राजन राजवंशीको जन्म

## २०३३ सालमा क. सि.पि. मैनालीको नेतृत्वमा भएको ऐतिहासिक नख्खु 'जेल ब्रेक' मा क. राजनको पनि महत्वपूर्ण भूमिका रहेको बताइन्छ

विद्रोह क्रमशः पश्चिम बंगालको अन्यत्र पनि फैलियो । नक्सलवाडीबाट शुरू भएकोले यसलाई नक्सलवादी आन्दोलन भनियो भने यो आन्दोलन गर्ने क. चारू मजूमदारको पार्टीलाई नक्सलवादी पार्टी भनियो ।

क. राजन राजवंशीले १६ वर्षको उमेरमै त्यस नक्सलवादी सशस्त्र विद्रोहमा नीडरताका साथ आफूलाई होमे । र, त्यसै सिलसिलामा उनी पक्राउमा परी १८ दिनसम्म दार्जिलिङ्ग जेलमा बन्दी हुन पुगे ।

जेलबाट छुटेपछि उनी पुनः गुप्त ढंगले सशस्त्र कार्वाहीको तयारीमा जुटे । र, सन् १९७० तिर सशस्त्र कार्वाही गरिरहेको समयमा क. राजन राजवंशी पुनः गिरफ्तार भए । पक्राउपछि उनलाई सिलिगुडी जेलमा राखिएको थियो । तर, उनीहरू नजिकको भारतीय भूमिमा भइरहेका 'वर्ग शत्रु खत्तम पार्ने' अभियानका सशस्त्र कार्वाहीहरूबाट प्रभावित भए । र, उनीहरूले त्यस्तै प्रकारको कार्वाहीहरू नेपालमा पनि गर्ने ध्येयले को-अर्डिनेशन केन्द्रको गठन गरे ।

नक्सलवादी आन्दोलनलाई नजिकबाट हेर्दै प्रभावित भइरहेको को-अर्डिनेशन केन्द्रले नेपालमा पनि त्यस्तो कार्वाही गर्न कुनै एक अनुभवी योद्धा नक्सलवादी पार्टीको तर्फबाट नेपालको लागि सहयोगको रूपमा आमन्त्रित गर्ने निधो गऱ्यो । साथै, त्यसको लागि पहिलेदेखि परिचित क. राजन राजवंशी नै उपयुक्त भएको ठहर भयो ।

यसै सन्दर्भमा क. राजन राजवंशीलाई नेपालमा काम गर्न लगाउन

को-अर्डिनेशन केन्द्रको तर्फबाट क. राधाकृष्ण मैनालीले भारतमा गई क. चारू मजूमदारसंग कुराकानी गर्नुभयो।

पटक पटकको कुराकानीपछि भा.क.पा. (माले) नेपालको आन्दोलनमा भारतीय स्वयंसेवी योद्धाहरू पठाउन राजी भयो। र, को-अर्डनेशन केन्द्रको अनुरोधमा क. राजन राजवंशी र क. भोगेन राजवंशीलाई उनीहरू कार्यरत दार्जिलिङ्ग अञ्चल कमिटीबाट अवकाश दिई को-अर्डिनेशन केन्द्रको मातहतमा काम गर्न नेपाल पठाइयो।

नेपालमा कार्यरत भएपछि क. राजनले 'झापा विद्रोह' को क्रममा भएका सशस्त्र कार्वाहीहरूमध्ये निरंकुश सामन्तीतन्त्रका स्थानीय शोषक सामन्त धर्मप्रसाद ढकाललाई खत्तम गर्ने कार्वाही र बुटन एक्सनबाहेक को-अर्डिनेशन केन्द्रको निर्देशनमा भएका अन्य सबै गतिविधिहरूमा सक्रियतापूर्वक भाग लिए।

झापा विद्रोहलाई तत्कालीन निरंकुश पंचायती व्यवस्थाले बलपूर्वक दबाउने प्रयत्न गर्‍यो। त्यही क्रममा त्यस बिद्रोहमा भाग लिने दर्जनौं क्रान्तिकारीहरूको निर्मम रूपमा हत्या गरियो। त्यस्तै, दर्जनौं नेता तथा कार्यकर्ताहरू यातनापूर्वक जेलमा कोचिए।

क. राजन राजवंशी पनि त्यस दमनमा परी जेलमा थुनिए। उनलाई २०३० साल श्रावण ११ गते झापाको नकलबन्दामा एक्लै पक्राउ गरिएको थियो। पक्राउपछि उनलाई झापा, वीरगंज, सेण्ट्रल र नख्खु जेल गरी एकपछि अर्कोमा राखियो।

तर, २०३३ सालमा क. सि.पि. मैनालीको साथमा जेल तोडी काठमाडौंको नख्खु जेलबाट बाहिर निस्कन उनी सफल भए। त्यस ऐतिहासिक 'जेल ब्रेक' घटनामा क. राजनको पनि महत्वपूर्ण भूमिका रहेको बताइन्छ।

जेल तोडेर बाहिर निस्केपछि क. राजनलाई को-अर्डिनेशन केन्द्रले क. चारू मजूमदारको भा.क.पा. (माले) मा नै फिर्ता पठायो। भारत फर्केपछि क. राजनले त्यसबेला पश्चिम बंगालमा पुनः चलाइएका कैयौं सशस्त्र कार्वाहीहरूमा बहादुरीपूर्वक भाग लिए।



वर्षौंसम्म सशस्त्र संघर्षमा ओर्लिसकेको भा.क.पा. (माले) पछि विभिन्न घटकहरूमा विभाजित हुन पुग्यो। त्यसको एउटा घटक क. ज्योति बसुको पार्टीले सशस्त्र संघर्षको बाटो त्यागी निर्वाचनमार्फत् सत्तामा जाने अभ्यासको थालनी गर्‍यो। र, त्यही क्रममा विगत १७/१८ वर्षदेखि पश्चिम बंगाल राज्यमा क. ज्योति बसुको पार्टीले सत्ता चलाउँदै आएको छ।

हाल भारतमा नक्सलवादी सशस्त्र विद्रोह एक इतिहासको कुरो भइसकेको छ। कम्युनिष्ट आन्दोलनको सन्दर्भमा त्यस विद्रोहलाई उग्रवामपन्थी कार्वाहीको रूपमा हाल मान्ने गरिन्छ।

क. राजन राजवंशी हाल पहिले जस्तो सक्रिय राजनीतिमा नलागे पनि आफैं उनी सर्वहारा वर्गको नेतृत्वमा हुने वास्तविक क्रान्तिको आशामा बसिरहेका छन्। उनी क. ज्योति बसुहरूले शुरू गरेको चुनावी राजनीतिमा सरिक भएका छैनन्।

हाल क. राजन राजवंशी आफ्नै जन्मथलो रामभोला जोतमा बस्छन् र सादा जीवन बिताइरहेछन्। उनका तीन छोरी र एक छोरा छन्। ती तीनै जना छोराछोरीहरू हाल सिलिगुडीको मेडिकल स्कूलमा पढ्छन्।


आफ्नो जीवनको महत्वपूर्ण अंश नेपालको कम्युनिष्ट आन्दोलनको लागि अर्पण गरेको नाताले क. राजन सधैं नेपालको कम्युनिष्ट राजनीतिप्रति चासो राख्छन्। ०४६ सालको जन-आन्दोलनपछि पहिलो पल्ट नेकपा (एमाले) सत्तामा पुग्दा उनी निक्कै खुशी भएका थिए। तर तत्कालीन निरंकुश पंचायतीतन्त्र फाल्न जीवनको आफ्नो अमूल्य समय लगाएर राजनीति पीडितको रूपमा रहेकाहरूलाई नेकपा (एमाले) को सरकारले वितरण गरेको राहत कार्यक्रमको सूचीमा उनको आफ्नो नाम नभेटिंदा क. राजन खिन्न हुन पुगे।

कदर गर्नुको साटो उनलाई एमालेका केही जिम्मेवार मानिसहरूले 'भारतीय जासूस' समेत भनी गलत आरोप लगाउने गरेको प्रसंगबारे झापा आन्दोलनकै अर्का योद्धा क. नरेश खरेल भन्नु हुन्छ- "उहाँ जासूस हो वा होइन भन्ने कुरा उहाँले गर्नुभएको निस्वार्थ संघर्षले नै प्रस्ट पारेको छ।"

विगतको 'झापा विद्रोह' मा लागेका क. सीता खड्का लगायत अन्य केही कार्यकर्ताहरू 'क. राजन भारतीय नागरिक भए पनि उनले आफ्नो जीवनको महत्वपूर्ण समय नेपालको कम्युनिष्ट आन्दोलनमा लगाएकोले उहाँलाई पनि अरूहरूलाई सरह नै नेकपा (एमाले) को सरकारले राहत प्रदान गर्नु पर्थ्यो' भन्ने मत राख्दछन्। तर, उनले अझैंसम्म राहत पाउन सकेका छैनन्। ❑






# पेरिस कम्युन र त्यसबाट सिक्नुपर्ने पाठ

◆ प्रा. माणिकलाल श्रेष्ठ

> ❛ पेरिस कम्युनको ऐतिहासिक महत्त्व राम्ररी जान्न त्यसको पृष्ठभूमि वा केही समय पहिलेदेखिको घटनाक्रमबारे जान्नु उपयुक्त हुन्छ । ❜

यसै वर्षको गत मार्च १८ तारीखको दिन पेरिस कम्युनको स्थापनाको १२६ औं वर्षगाँठ हो, अर्थात् आजभन्दा १२६ वर्ष पहिले मार्च १८, १८७१ को दिन फ्रान्सको पेरिस शहरका सर्वहारा वर्ग र व्यापक श्रमिक जनताले वीरतापूर्ण सशस्त्र विद्रोह गरेका थिए र पेरिस कम्युन स्थापना गरेका थिए । पेरिस कम्युन मानवजाति को इतिहासमा पहिलो सर्वहारा शासन सत्ता थियो । पूँजीपति तथा सामन्तीवर्गको शासन सत्तालाई फालेर सर्वहारा शासन स्थापना गर्ने पहिलो ऐतिहासिक प्रयास र कार्य यो थियो ।

पेरिस कम्युनको ऐतिहासिक महत्त्व राम्ररी जान्न त्यसको पृष्ठभूमि वा केही समय पहिलेदेखिको घटनाक्रमबारे जान्नु उपयुक्त हुन्छ ।

सन् १७९३ को फ्रान्सको राज्यक्रान्तिको समयदेखि नै फ्रान्सका व्यापक श्रमिक जनता (मजदूर तथा किसानहरू) ले आन्दोलनमा भाग लिइरहेका थिए, तर फ्रान्समा भएका एकपछि अर्का संघर्षहरूमा श्रमिक वर्गका कैयौं जनताले आफ्नो जीवन अर्पण त गरे, तर कुनै पनि राजनैतिक परिवर्तनहरूमा निर्णायक भूमिका लिन उनीहरूले सकेका थिएनन् । श्रमिक वर्गको रगत पसिना बगाएर गरिने संघर्षमा त एउटा शोषक समूहको ठाउँमा अर्को शोषक समूहलाई गद्दीमा ल्याउने मात्र काम भइरह्यो, बुर्जुवा वर्गको आह्वानमा र त्यही वर्गको स्वार्थको निम्ति हुने आन्दोलनमा श्रमिकहरूले रगत दिइरहनुपर्‍यो ।

एवं प्रकारको घटना अगाडि बढ्दै गई सन् १८३० मा आन्दोलनले एउटा नयाँ रूप लियो । सन् १८३० जुलाईको आन्दोलन मूलतः श्रमिक जनताको आन्दोलन थियो । त्यसमा फ्रान्सका श्रमिक जनताले पेरिसको सडक-सडकमा मोर्चा खडा गरी लडेर चार्ल्सको तानाशाही अत्याचारी सरकार ढाले । मतलब, श्रमिक जनताकै विद्रोहद्वारा सरकारको पतन भयो । तैपनि, त्यो जुलाई क्रान्ति पनि असफल नै भयो । किनभने, एउटा राजालाई गद्दीबाट हटाएर अर्को राजालाई गद्दीमा आसीन गर्ने काम मात्र त्यसबाट हुन गयो । त्यसपछि फ्रान्सका मजदूर वर्गले आफ्नै राज्यसत्ता स्थापना गर्न पूँजीपति वर्गको विरूद्ध संघर्ष चर्काउँदै लगे । सन् १८४८ मा फ्रान्सका मजदूर वर्गले पूँजीपतिहरूका विरूद्ध एउटा महान युद्ध गरेका थिए, जुन युद्धमा महान् सर्वहारावादी कवि तथा योद्धा युजें पोत्तेंले एउटा किल्लामा मोर्चाबन्दी लिनुभएको थियो ।

सन् १८७१ को शुरूमा जर्मनीको आक्रमणकारी सेनाले पेरिसलाई घेरामा हाल्दा फ्रान्सका तत्कालीन प्रतिक्रियावादी पूँजीवादी सरकार प्रमुख थेइ (Theirs) ले जर्मन सामु आत्म-समर्पण गरे र आफ्नो राष्ट्रिय सार्वभौमिकता र सम्मानभन्दा पनि आफ्नो (पूँजीपति वर्गको) स्वार्थलाई ठूलो ठान्ने फ्रान्सको सरकारले जर्मनीसित अपमानजनक फ्रांकफर्ट सन्धि सम्पन्न गर्‍यो । त्यस कार्यका विरूद्ध आम श्रमिक जनताको विरोध चर्कँदै गएको देखी डराएर थेइको सरकारले फ्रान्सको राष्ट्रिय एसेम्बलीको कार्यस्थल (मतलब फ्रान्सको राजधानी) नै पेरिसबाट हटाई वर्सायलीमा सारे । अनि सम्पूर्ण फ्रान्सका, विशेष गरी, पेरिस शहरका मजदूर वर्गले पूँजीपति वर्गको शासनसत्ताका विरूद्ध विद्रोह गरे तथा सर्वहारा वर्गकै शासनसत्ता स्थापना गर्नको लागि संघर्ष शुरूभयो ।



पेरिस टाउन हलमा पेरिस कम्युनको घोषणा हुँदै

यो संघर्ष ट्रेड यूनियन आन्दोलन थिएन, अर्थात् मजदूर वर्गको काम गर्ने स्थितिमा सुधार ल्याउने, सुविधा बढाउने, जीवनस्तर उठाउने आदि आर्थिक मागहरू राखी गरिएको आन्दोलन, उद्योग व्यवसाय र कारखानाका मालिक तथा सत्तासीन पूँजीपतिहरूबाट न्यायोचित व्यवहार पाउन गरिएको आन्दोलन थिएन । यो त थियो- पूँजीपति वर्गबाट शासनसत्ता खोसेर सर्वहारा वर्गले आफ्नो हातमा लिन गरिएको राजनैतिक आन्दोलन ।

यो संघर्षका फलस्वरूप, सन् १८७१ मार्च १८ को दिन विश्वको पहिलो सर्वहारा शासन-सत्ता, मानव इतिहासको पहिलो शोषणहीन राज्यसत्ता **पेरिस कम्युनको** स्थापना भयो । सर्वहारा वर्गको नेतृत्वमा चल्ने जन-आन्दोलनद्वारा सर्वहारा वर्गकै शासनसत्ता कायम भएपछि मात्र त्यस सर्वहारा राज्यको क्रान्तिकारी ध्वजामुनि क्रान्तिकारी परिवर्तनहरू ल्याई मानिसद्वारा मानिसको रगत चुस्ने वर्गीय शोषण सदाको लागि अन्त गर्न सकिन्छ र समतावादी न्यायपूर्ण समाज स्थापना गर्न सकिन्छ भन्ने मार्क्स र एंगेल्सको धारणालाई मूर्तरूप दिइएको शासनसत्ता पेरिस कम्युन थियो ।

यो संघर्षद्वारा पेरिसमा मजदूर वर्गको कम्यून स्थापना भयो, पेरिसमा क्रान्तिको लाल झण्डा फहरियो । पेरिस कम्युनले प्रतिक्रियावादी पूँजीपति वर्गको सरकारको सेना र पुलिसलाई विघटन गर्‍यो र त्यसको ठाउँमा जनताको हातमा हतियारको व्यवस्था लागू गर्‍यो, बन्दूक अब मजदूर वर्गको हातमा रह्यो । यसरी पेरिस कम्युनले पूँजीवादी कर्मचारीतन्त्र (ब्यूरोक्रासी) को संयन्त्र (जुन संयन्त्रद्वारा पूँजीपति वर्गद्वारा श्रमिक जनतालाई दास बनाएको थियो) लाई भत्काइदियो, श्रमिक जनताको हित रक्षाको निम्ति कैयौं नीतिहरू लागू गर्‍यो र राज्य संचालनमा आम जनतालाई परिचालन गरी सक्रिय सहभागी बनायो ।

फ्रान्सका अरू प्रान्तहरूमा पनि पेरिसमा झैं स्वतन्त्र कम्युनहरू स्थापना गरेर फ्रान्सलाई कम्युनहरूको संघ-राज्यको संघ शासनमा परिणत गर्ने आन्दोलन अगाडि बढ्यो । औद्योगिक क्षेत्रमा मजदुर वर्गको कम्युन र अरू ठाउँमा मजदूर वर्गको नेतृत्वमा कम्युन बनाएर सम्पूर्ण कम्युन समूहमा सर्वहारा वर्गको नेतृत्व कायम गर्ने शासन व्यवस्था यो थियो ।

# पेरिस कम्युन टिक्न सकेन, तर यसको ऐतिहासिक महत्व अमर छ ।

हुन त, पेरिस कम्युन ७२ दिन मात्र कायम रहन सक्यो । फ्रान्सको प्रतिक्रियावादी पूँजीपति वर्गको प्रतिनिधि थेइको सरकारले जर्मनीका बिस्मार्कको सहायता लिएर पेरिसमा आक्रमण गऱ्यो तथा पेरिसका श्रमिक जनताको आमहत्या गऱ्यो । तैपनि, पेरिस कम्युनका नेताहरूले आत्मसमर्पण गरेनन् । आफ्नो वर्गीय मुक्तिको लागि लडेर जित्ने वा लड्दा लड्दै मर्ने क्रान्तिकारी सर्वहारावादी उत्साहको बेजोड उदाहरण पेरिस कम्युनका नेताहरूले प्रस्तुत गरे । कम्युनको रक्षाको निमित आफ्नो ज्यान अर्पण गर्नेहरू र कम्युनको दमनपछि थेइको सेनाले हत्या गरेका क्रान्तिकारीहरूसमेत गर्दा शहीद हुनेको संख्या तीस हजारभन्दा बढी थियो र प्रतिक्रियावादीहरूले पेरिस कब्जा गरिसकेपछि देश निकाला गरिएकाहरूको संख्या पचास हजार थियो ।

पेरिस कम्युन टिक्न सकेन, तर यसको ऐतिहासिक महत्व अमर छ । कम्युनमाथि फ्रान्स र जर्मनीको सेनाको संयुक्त आक्रमण भइरहेको बेला मार्क्सले भन्नुभएको थियो- 'केही गरी पेरिस कम्युनलाइ खत्तम नै पारिए पनि, संघर्ष त पछि मात्र सारिने छ । कम्युनको सिद्धान्तहरू अमर छन्, अविनाशी छन् ।'

यसरी बारम्बार मजदूर वर्गको शासनसत्ता धराशायी भइरहे पनि मजदूर वर्गीय आन्दोलन चलिनै रहने छ र एक दिन विश्वव्यापी रूपमा श्रमिक वर्गको मुक्ति साकार हुनेछ । र, पेरिस कम्युन त मार्क्सको शब्दमा 'वर्ग शासनबाट सम्पूर्ण मानव जातिलाइ सदाको लागि मुक्त पार्ने सामाजिक क्रान्तिको शुरूवात' थियो ।

पेरिस कम्युनबाट सिक्नु पर्ने मुख्य पाठको विषयमा सर्वहारा विश्व आन्दोलनका महान गुरूहरू, मार्क्स र एंगेल्सले सार खिच्न हुँदै मार्क्सद्वारा लिखित 'फ्रान्सको गृहयुद्ध' भन्ने लेख र मार्क्स तथा एंगेल्सद्वारा लिखित कम्युनिष्ट घोषणापत्रको १८७२ को संस्करणको भूमिकामा भन्नुभएको थियो- 'सर्वहारा वर्गले खालि तयारी राज्य-संयन्त्रलाई कब्जा गरेर त्यसैलाई आफ्नो उद्देश्य पूर्तिको लागि प्रयोग गर्न संभव छैन ।'

यसको अर्थ के हो भने, सर्वहारा वर्गले क्रान्तिकारी शक्ति प्रयोगद्वारा पुरानो राज्य-संयन्त्रलाई तोड्नु पर्दछ, फोड्नु पर्दछ र सर्वहारा अधिनायकत्व स्थापना गर्नु पर्दछ । अनि सर्वहारा अधिनायकत्वको व्याख्या गर्दै 'यसको पहिले आवश्यकता सर्वहारा वर्गको सेना हुनु पर्दछ' भन्नुभयो । त्यसै गरी लेनिनले भन्नुभएको थियो- 'पुरानो प्रतिक्रियावादी राज्य-संयन्त्रलाई तोड्ने काममा पेरिस कम्युनले पहिलो ऐतिहासिक कदम लिएको थियो र दोस्रो कदम सोवियत सरकारले लियो ।'

पेरिस कम्युनको ऐतिहासिक अनुभवले सिकाएको अर्को महत्वपूर्ण पाठ के हो भने- सर्वहारा क्रान्ति र सर्वहारा अधिनायकत्वका लागि सबभन्दा महत्वपूर्ण कुरा क्रान्तिकारी शस्त्र उठाउनु हो । सशस्त्र क्रान्ति र सशस्त्र प्रतिक्रान्तिका बीचको संघर्षद्वारा पेरिस कम्युनको जन्म भयो र कम्युनको ७२ दिनको आयु पनि सशस्त्र संघर्ष र सशस्त्र प्रतिरक्षाका दिनहरू थिए । एंगेल्सले भन्नु भएझैं 'शस्त्रयुक्त जनताको शक्ति र शासन पूँजीपति वर्गका विरूद्ध प्रयोग नगरेको भए पेरिस कम्युन एक दिन पनि टिक्न सक्दैनथ्यो र यो शक्ति प्रयोग पूर्ण रूपले प्रयोग गर्न नसकेकोले नै लामो समय टिक्न नसकेको हो ।'

यसले स्पष्ट सन्देश हामीलाई के दिएको छ भने- कम्युनिष्ट पार्टी शान्तिपूर्ण आम निर्वाचनद्वारा सरकारमा जान सके पनि सरकारमा मात्र पुगिन्छ, व्यवस्था बदल्न सकिँदैन । अझ, विश्वको हालैका उदाहरणहरूबाट सिद्ध भएझैं बुर्जुवा वर्गले संसदीय चुनावद्वारा कम्युनिष्ट पार्टीलाई किनेर लिई संशोधनवादी पार्टीमा परिणत गर्ने खतरा पनि धेरै छ । कम्युनिष्टहरूले परिस्थितिको आवश्यकता र क्रान्तिको हित हेरी संसदीय निर्वाचनमा भाग लिन सकिन्छ, जितेमा सरकारमा जान पनि सकिन्छ, तर त्यसको उद्देश्य संसद र सरकारलाई संघर्षको थलो बनाउनको निम्ति मात्र हुनु पर्दछ, 'सरकारमा पुगेर प्रतिक्रियावादी राज्यसंयन्त्र बदल्न सकिन्छ' भनी सोच्नु संशोधनवादी धापमा डुब्नु हो । ❑

# कता लम्कँदैछ...

(१२ पेजको बाँकी)

गरेन, शोषण र अन्याय खत्तम गरेन- हाम्रो असंतोषको मुख्य विषय यो होइन । किनकि, दुनियाँको कुनै बहुदलले पनि यो समस्या जरैदेखि हल गर्न सकेको देखिन्न । हाम्रो आक्रोश यसमा हुनुपर्छ कि, बहुदलीय व्यवस्थाअन्तर्गत हुनसक्ने प्रजातान्त्रिक सुधार र जन-राहतका काम पनि यहाँका पार्टीहरूले गएको सात वर्षमा गरेनन् ।

प्रजातन्त्रको चुरो कुरो हो- सर्वाधिकार जनताको हातमा, नीति निर्णयमा जनताको व्यापकतम सहभागिता र जनताको जीवनस्थितिमा व्यापक सुधार । यी तीनवटै दिशामा नेपालमा कुनै गणनायोग्य काम भइरहेको छैन । सत्ता साधन हुनुपर्ने, प्रजातान्त्रिक र समाजवादी क्रान्तिको दिशामा । तर यहाँको राजनीतिक नेतृत्वले जसरी पनि आफू सत्तामा पुग्नुलाई आफ्नो जीवनको साध्य बनाइरहेछ । सबैभन्दा ठूलो गडबडीको स्रोत यही भइरहेछ ।

अहिले एमालेले पनि पहिले आफू येनकेन प्रकारेण सत्तामा त पुगौं, त्यसपछि राम्रा राम्रा सुधारका प्याकेजको वर्षाद्वारा जनतालाई साथमा लाने काम गरौंला भन्ने रणनीति बनाएको देखिन्छ । अरू सबै कुरालाई तपसीलमा राखेर आफूलाई सत्ताच्युत गरेकोमा कांग्रेससंग बदला लिने र निकट भविष्यको स्थानीय चुनाव र त्यसपछि संभावित आमचुनावमा राम्रो नतिजा ल्याउने कुरालाई उसले मुख्य रूपले ध्यानमा राखेको देखिन्छ । अन्यथा, बीस सीटको राप्रपालाई ९० सीटको एमालेले सारा हालीमुहाली सुम्पने कार्य कसरी हुन संभव हुन्छ ?

एमालेको अहिलेको क्रियाकलाप हेर्दा केही लोकप्रियतामुखी सुधारहरू गरेर निकट भविष्यमै मध्यावधि चुनाव गराउने उसको ध्येय बुझिन्छ । नेपाली कांग्रेस यतिखेर फेरि पनि सांसदहरू किनेर सूर्यबहादुरको अगुवाइमा भए पनि सरकार बनाउने षड्यन्त्रमा जुट्ने सम्भावना देखिन्छ ।

प्रतिशोध र प्रतिक्रियाको यो राजनीतिक खेलबाट नेपाल र नेपालीहरूको विकास हुने संभावना चाहिं ठ्याम्मै देखिन्न । देशको ढुकुटीको लखनौं-लूटसिवाय यसबाट केही हुनेवाला छैन ।

यो स्थितिमा आवश्यकता छ- संगठित र जागृत जनताको । अर्को जनआन्दोलनको तयारी गर्नुबाहेक अर्को कुनै विकल्प यतिखेर जनतासामु छैन । यसका लागि वैकल्पिक नेतृत्वको तयारी गर्नुबाहेक अर्को विकल्प हाम्रा सामु बाँकी देखिन्न ।

सबै पार्टीभित्र रहेका देश र प्रजातन्त्रप्रति सजग र प्रतिबद्ध मानिसहरूले आ-आफ्नो संगठनभित्र गैर प्रजातान्त्रिक स्वार्थी र भ्रष्ट नेतृत्वविरूद्ध निर्मम संघर्ष छेड्नु जरूरी छ । प्रजातान्त्रिक परिवर्तनको निम्ति सशक्त कदम उठाउने दवाब सिर्जना गर्नु जरूरी छ ।

सामाजिक न्याय र समतामा आधारित उन्नत र नयाँ प्रजातान्त्रिक नेपालको सिर्जना गर्नका लागि सबै वामपन्थी र प्रजातान्त्रिक तत्त्वहरूको एकता यतिखेरको आवश्यकता बनेको छ । जनताहरू आफ्नो आफ्नो टोल र छिमेकबाट संगठित र जागृत भएर संघर्षमा नउठेसम्म सत्तास्वार्थमा निर्लिप्त भएर लागेकाहरूको होश खुलाउन संभव छैन । संगठित र जागृत जनता मात्रै सर्वशक्तिमान र सार्वभौम शक्ति हुन् । नेपाल यतिखेर अन्धकारको बाटोतिर लम्किरहेछ । संगठित र जागृत जनताले मात्रै नेपाललाई अन्धकारतिर धकेल्न खोज्नेहरूलाई ठीक ठेगान लगाउन संभव छ । ❑

**-श्याम श्रेष्ठ**

नव वर्ष २०५४ को शुभ उपलक्ष्यमा हाम्रा ग्राहकहरूप्रति एवं समस्त देशवासीहरूप्रति हाम्रो हार्दिक शुभकामना !

नेपाल खानेपानी संस्थान
परिवार

नव वर्ष २०५४ को शुभ उपलक्ष्यमा हाम्रा ग्राहकहरूप्रति एवं समस्त देशवासीहरूप्रति हाम्रो हार्दिक शुभकामना !

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

नव वर्ष २०५४ को शुभ उपलक्ष्यमा हाम्रा ग्राहकहरूप्रति एवं समस्त देशवासीहरूप्रति हाम्रो हार्दिक शुभकामना !

कृषि विकास बैंक
परिवार

# मैले खाएको ठीक तैंले खाएको बेठीक !

◆ चन्द्रदेव नेपाली

राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा एमालेका एकजना नेता वामदेव गौतम उपप्रधानमन्त्री भएर र अरूहरू मन्त्री भएर नेपालमा हालै नयाँ सरकार बन्यो, एमाले-राप्रपा र सद्भावना पार्टीको संयुक्त सरकार !

यो र यस्तो सरकार बन्नु राम्रो हो कि हैन ?- यसबारे छुट्टै बहस गर्न सकिन्छ। त्यो बहस यहाँ गरिँदैछैन।

यहाँ नेपाली राजनीतिक क्षेत्रमा व्याप्त त्यस प्रवृत्तिको मात्र चर्चा गरिँदैछ, जुन प्रवृत्तिले दिनपरदिन आफूलाई फैलाउँदै लगिरहेछ। त्यो प्रवृत्ति हो- **"मैले त्यही कुरा खाएको ठीक, तैंले त्यही कुरा खाएको चाहिं बेठीक"** भन्ने प्रवृत्ति।

❑ हिजो राप्रपासंग आफ्नो पार्टीले गाँड-गर्धन जोडेर सरकार बनाई अठार महिना ब्रम्हलूट गर्दा चुँ पनि नबोल्ने एउटा कांग्रेसी नेता आज चिच्चाइरहेछ- **"लौ, एमालेले पंचसंग मिलेर जन-आन्दोलन २०४६ को धज्जी उडायो।"**

ऊ अन्तमा यसो भन्न पनि पछि परिरहेको छैन- **"यसै हो भने हाम्रो पार्टीले पनि राप्रपाकै अर्को नेता सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर आफू फेरि सत्तामा जाने विचार किन नगर्ने ?"**

❑ कांग्रेसले हिजो वामपन्थी विचारको 'व' सम्म पनि बोक्ने ठूला-साना कर्मचारीहरूलाई खुलेआम जागीरबाट निस्कासन गरेको, सरूवा-बढुवामा ठाडो पक्षपात गरेको कुरालाई देख्यानदेख्यै गर्ने एउटा कांग्रेसी पत्रकारले आज भँगेरा टाउके अक्षरमा लेखिरहेछ- **"लौ है लौ, एमालेले प्रशासनमा राजनीतिकरण गऱ्यो !"**

यसै क्रममा उक्त कांग्रेसी पत्रकारले प्रशासनमा राजनीतिकरण गर्नु हुन्न भनी व्याख्या गरिएका थुप्रै शास्त्रीय मान्यताहरूको उद्धरण गर्न पनि भुलेन।

❑ हुँदा हुँदा त, मन्त्री पद खान नपाएको झोंकमा एमालेका एकजना छोटे नेताले अन्तरवार्तामा भने- **"हाम्रो पार्टी एमालेले यसरी राप्रपालाई काँध चढाउनु सरासर गल्ती हो।"**

स्मरणीय छ, भित्रभित्र भने उक्त छोटे नेता अझै कतै कुनै बाँकी मन्त्री पदमा उक्लिन पाइन्छ कि भनी पार्टीमा बार्गेनिङ्ग गर्दैछन्।

❑ एमालेका नेता मनमोहन अधिकारी आफैं आफ्नो पार्टीलाई राप्रपाको नेतृत्वमा सरकारमा पठाउँछन् र जनतासामु भने 'हिरो' बन्न खोज्दै भन्छन्- **'यो समीकरण अप्राकृतिक छ, अपवित्र छ !'**

❑ आफ्नो पार्टीको नेता गृहमन्त्री स्वयंले अर्को पार्टीको सांसदलाई भारतको पूर्णिया जिल्लासम्म अपहरण गरेर लैजाँदा चुँसम्म नबोल्ने गिरिजाप्रसाद कोइरालाले केही दिनअघि मात्र भाषण गरे- **'सांसद किनबेच र अपहरणजस्ता अप्रजातान्त्रिक आचरण मुलुकमा शुरु भएकोमा म अति दुःखी छु।'**

❑ यसै गरी, एमालेको एउटा छापाका पत्रकारले एमाले-राप्रपा सरकार निर्माणको ठाडो विरोधमा समाचार र टिप्पणीहरू लेखे।

कारण हो- उनी एमालेभित्रको जुन लबीका अन्धसमर्थक हुन् र जुन लबीले उनलाई पालीराखेको छ, त्यो लबी अहिले सरकारको नेतृत्वमा छैन। अर्थात्, ती पत्रकार एमालेभित्र बामदेव गुटका पत्रकार हैनन्।

त्यसैले, उनको पत्रिका अहिले कांग्रेसी पत्रिकाहरूले भन्दा पनि ज्यादा "प्रतिपक्षी भूमिका निर्वाह गर्ने" होडबाजीमा लागेको छ।

❑ स्थानीय चुनावलाई अलि पर सार्ने र त्यसैबीच जनतामा आफ्नो पार्टीको पकड बलियो बनाउने विचार गरी हिजो "विकेन्द्रीकरण ऐन" ल्याउने तयारी गरिरहेको कांग्रेस पार्टीका नेता गिरिजाप्रसाद आज चन्द-एमाले सरकारले त्यही विधेयकलाई अध्यादेशको रूपमा लागू गर्न आँट्दा ठूलो ठूलो स्वरले विरोध गर्दैछन्। स्थानीय निकायको निर्वाचन तोकिएको समयमै गराउन हिजो कांग्रेसी नेतृत्वको सरकारले बेलैमा विकेन्द्रीकरण वा अन्य जरूरी कुराको ऐन-नियम बनाउन जानी जानी ढिलाई गरेकोमा गिरिजाप्रसादको कुनै आपत्ति देखिएन। आज कांग्रेसले नै हिजो प्रस्ताव गरेको ऐन छिट्टै एमालेले लागू गराउन खोज्यो भनेर उनी धारे हात लाएर सरापी रहेछन्। यस प्रसंगमा 'प्रजातन्त्र', 'संसदको सर्वोच्चता' आदिबारेमा आज घण्टौं सैद्धान्तिक भाषण गर्न गिरिजाप्रसाद पछि नपर्ने लक्षण देखिएको छ।

❑ सांसद सुविधाका निम्ति बदनाम "पजेरो गाडी' प्रकरणमा त्यसका विरूद्ध चुँसम्म पनि नबोल्ने एक जना एमाले 'युवा नेता' त्यही पजेरो गाडी माडबारीलाई बेचेर कमीशन खाई खरीद गरेको अर्को कुनै गाडीमा बसेर- भाषण छाँट्ने गर्छन्- **"बुझ्नु भयो कामरेड ! लोभ लालचमा जो पर्छ, त्यो कम्युनिष्ट हुनै सक्दैन।"**

यसो भनेर उनी पार्टीभित्रको अर्को गुटसमर्थक अन्य कुनै नेताको आलोचना गरिरहेका हुन्छन्।

❑ गत विद्यार्थी चुनावमा एमाले पक्षको विद्यार्थी संगठन अखिलले अरू अखिलहरूलाई थिचोमिचो गऱ्यो भनी आरोप लगाउने बाँकी अखिल संगठनहरू मध्येको अलि बलियो चाहिं संगठनले छुट्टाछुट्टै एमालेपक्षीय अखिलसंग छुट्टिएर चुनाव लडेपछि आफूले पनि उही रबैया अप्नायो। सबै महत्वपूर्ण पदहरू आफैंलाई चाहिने, बहुमत सदस्य संख्या पनि आफैलाई चाहिने। अर्कोको "संख्या-शक्ति अहंकारवाद" बेठीक, आफ्नो चाहिं त्यही अहंकारवाद ठीक ?

❑ "मानव अधिकारवादी" भनिने संगठनहरूलाई पनि जनताको पक्षमा उपयोग गर्नु राम्रो हुनेछ भनी सुझाव दिने मित्रहरूलाई हिजो "दक्षिणपन्थी अवसरवादी" भनी आरोपको पगरी गुटाइदिने केही "क्रान्तिकारी" मित्रहरू आज आफैं त्यस्ता संगठनहरू खोलेर आफ्नो पार्टीको राजनीतिक लाइनको पक्षमा काम गरिरहेका छन्। आज उनीहरू आफूलाई 'दक्षिणपन्थी सुधारवादी' मान्न तयार छैनन्।

हिजो अरूले त्यही कुरो सुझाव गर्दा मात्र पनि "खराब" हुने, आज आफैंले चाहिं त्यही कुरो व्यवहारमै लागू गर्दा पनि "असल" हुने !

वास्तवमा, हाम्रो समाजमा र हाम्रो सामाजिक-राजनीतिक आन्दोलनमा समेत विद्यमान रहेको यस्तो दोहोरो मापदण्डको प्रवृत्तिका पछाडि रहेको कारणका रूपमा कि त ठाडै बेइमानी लुकेको पाइन्छ, या न्यून नैतिक सांस्कृतिक धरातलले काम गरेको पाइन्छ, कि त वैचारिक अस्पष्टता लुकेको पाइन्छ।

एकथरि स्वार्थान्ध मानिसहरू ठाडै बेइमानी गरिरहेछन्। स्वार्थवश आफूले बदमासी गर्ने र जानी जानी त्यस बदमासीलाई ढाकछोप गर्ने। तर अर्काको सन्दर्भमा मात्र त्यस्तो बदमासीका विरूद्ध बोल्ने। नैतिकताको लाठी चलाउने अरूका थाप्लामा मात्र। अरूबेला भने त्यस लाठीलाई रछ्यानमा मिल्काइदिने।

यस्ता बेइमानहरूको ओखती भनेको यिनका विरूद्ध खबरदारी गर्नु, यिनको भण्डाफोर गर्नु र यिनका विरूद्ध निर्मम संघर्ष छेड्नु नै हो। अरू उपाय छैन।



भित्रभित्रै चाहिं मन्त्री पदको चाहना गरिरहेका एमालेका एकजना छोटे नेताले भने- "हाम्रो पार्टी एमालेले यसरी राप्रपालाई काँध चढाउनु सरासर गल्ती हो।"

वचन एउटा छ, व्यवहार अर्को । कुरो एउटा छ, काम अर्को । त्यस्तो गर्नु परेकोमा उनीहरूको मन पनि पोल्छ । उनीहरूलाई छट्पटी पनि हुन्छ र लाज पनि । तर.....

यस्ता खालका बेइमानहरू सुधिने संभावना हुँदैन ।

तर अर्काथरि दोहोरो मापदण्ड अप्नाउने मानिसहरू पनि हामीकहाँ बग्रेल्ती छन् । उनीहरू नियतवश नै बेइमानी गर्दैनन् । तर उनीहरूको समस्या हो- पछौटे समाजबाट आएको हुनाले तल्लो स्तरको नैतिक-सांस्कृतिक स्तर र त्यसलाई माथि उठाउन आफ्नै दरो प्रयत्न र संघर्षको अभाव । यस्ता मानिसहरू शुरूमा त इमान्दार नै हुन्छन्, तर उनीरूभित्र आफ्नै कुप्रवृत्ति विरूद्ध संघर्षको अभाव भएका कारणले कालान्तरमा यो प्रक्रियाबाट उनीहरू बेइमान हुन पुग्छन् ।

वचन एउटा छ, व्यवहार अर्को । कुरो एउटा छ, काम अर्को । त्यस्तो गर्नु परेकोमा उनीहरूको मन पनि पोल्छ । उनीहरूलाई छट्पटी पनि हुन्छ र लाज पनि । तर आफ्नो कमजोरी र नराम्रो बानी विरूद्ध उनीहरू दरो संघर्ष गर्न अघि बढ्दैनन् । अघि बढ्यो भने सफल नहुने कुरै छैन । कतिपय मानिसहरू प्रयत्न पनि गर्छन् र सफल पनि हुन्छन्, तर कमजोर मन र कमजोर पतिवद्धता भएका मानिसहरू संघर्ष नै गर्दैनन् । पहिलो पाइला नै चाल्दैनन् । पछि गएर आफ्नै वचनविरूद्ध बेठीक काम गर्दा गर्दा उनीहरूको लाज पनि पच्छ, छट्पटी पनि हराउँछ र कमजोरी उनीहरूको बानीको रूपमा बदलिन्छ । यसरी उनीहरू बेइमानमै बदलिन्छन्, ढोंगीमै बदलिन्छन् ।

दोहोरो मापदण्डको तेस्रो कारणको रूपमा रहेको वैचारिक अस्पष्टताका सन्दर्भमा भने स्थिति यो भन्दा पनि गएगुज्रेको छ भन्ने यो लेखकको ठम्याइ रहेको छ ।

कुन कुरो ठीक वा बेठीक भन्ने कुरा राम्ररी छानबीन गरी, केलाई, अध्ययन गरी, निर्क्यौल निकाली धारणा बनाएर मात्र काम गर्ने परिपाटी हामीकहाँ कम मात्र पाइन्छ । यसले गर्दा काम गर्दै जाँदा हामी कहिले एक थरि पाइला चाल्छौं- बेहोशीमै र हचुवामै, अनि कहिले भने हामी उस्तै परिस्थितिमा पनि ठीक उल्टो पाइला चाल्न पुग्छौं, त्यो पनि बेहोशीमै र हचुवामै । हाम्रा धारणाहरू पनि यसै गरी बन्ने र बिग्रने गर्छन्, बेहोशीमै र हचुवामै । अगाडि जस्तो माहौल तयार भयो, त्यस्तै धारणा बनाउने, हा हु र हाटहुटका भरमा ।

मानव अधिकारवादी संगठनको उपयोगका बारेको माथिको उदाहरणमा हिजो मित्रहरूले बनाएको धारणा यस्तै वैचारिक अस्पष्टतामा आधारित धारणा थियो । हिजै गहिराइमा गएर सोचिदिएको भए उहाँहरूले आज आएर आफैंले व्यवहारमा लागू गर्नु पर्ने धारणाको खिल्ली उडाउने काम त्यतिखेर गर्नु हुन्थेन होला । आज आफैंले संख्या शक्तिको आधारमा मित्रहरूलाई पेल्न खोज्नेहरूले हिजो नै "संख्या, शक्ति र पदको दावी" बीचका वस्तुगत र न्यायसंगत आधार के ? भन्ने बारेमा राम्ररी स्पष्ट हुने काम गरेको भए कि हिजो उहाँहरूले एमालेपक्षीय अखिल संगठनलाई दोष दिनु मिल्दैनथ्यो, कि आज आफूले अरूलाई उसैगरी पेल्न मिल्दैनथ्यो । स्पष्टताले उहाँहरूलाई ठीक ठाउँमा ल्याउँथ्यो ।

एउटा अर्को उदाहरणको चर्चा गरौं । दुई तीन वर्षअघि काठमाडौं रत्नपार्कमा एमालेका विद्यार्थीहरू र डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको संयुक्त जनमोर्चाको बीचमा त्यहाँको एउटा भित्तालाई कसले नारा लेख्नमा प्रयोग गर्ने भन्नेबारेमा विवाद हुँदा कतिपय एमालेपक्षीय छापाहरूले डा. बाबुराम पक्षको विरोध गर्दा "बन्दूकको कुरा मात्र गर्ने तर गुलेलीसम्म पनि हान्न नसक्नेले भित्तामा दावी गरेर संघर्ष गर्ने ?!" भनी लाछना लगाएका थिए, व्यंग्य गरेका थिए ।

आज डा. बाबुरामहरूले "जनयुद्ध" को नाममा बन्दूक चलाउनै थाल्नु भयो त !

अब के त्यतिखेर भित्तामा दावी गर्नु उचित भयो भनेर ती छापाहरूले स्वीकार्न सक्छन् ? सक्तैनन् ।

किन ?

यसको कारण हो- हिजो ती छापाहरूले हचुवामा वा बेहोशीमै ती लाछनाहरू लगाएका थिए । बन्दूकको कुरा गर्नेले साँच्चै बन्दूक समाउन थाल्नुले वा नथाल्नुले त्यो भित्ता विवाद चर्किएको थिएन । विवादको मूल कारण खोतल्नतिर नलागी ती छापाहरूले डा. भट्टराईहरूसंग यस्तो माग राखे- मानौं, उनीहरू उहाँहरूबाट बन्दूकको कुरा मात्र सुन्न हैन, बन्दूकको काम नै देख्न चाहन्थे ।

आफ्नो भनाइ आफ्नो राजनीतिक मतसंग फरक अर्थ दिने खालको भएकोमा समेत उनीहरूको होश रहेन ।

अर्को उदाहरण हामी दुई वर्षअघि मात्र एमालेका धेरैजसो नेताहरूले बोलेका भाषणहरूमा पनि भेट्छौं- "कांग्रेसले राप्रपासंग मिलेर सरकार बनाउनुले जनआन्दोलनको उपहास भएको छ!" यस्ता असंख्य भाषणहरू उनीहरूले गरेका छन् ।

तर खै त आज व्यवहारमा किन आफैं उनीहरू यस भाषणको उल्टो काम गरिरहेछन् ?

कि उनीहरूले हिजो बोलेको बेठीक होला, कि उनीहरूले आज व्यवहार गरिरहेको बेठीक होला !-

यी दुई मध्ये एक न एक त अवश्यै बेठीक छ । ❑




नव वर्ष २०५४ सालको उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरु तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय

**शुभकामना**

व्यक्त गर्दछौं ।

चिराग उद्योग समूहको तर्फबाट
- चिराग फोम ई. प्रा. लि.
- श्री राम रबर ई.
- अन्नपूर्ण पेट बोटल्स प्रा. लि.
- मुक्तेश्वर पाइप ई. प्रा. लि.

टेलिफोन नं. ४२०७७३, २७२३८४, ३१२१९७, २७०००८
पो. ब. नं. ११४९१, फ्याक्स नं. ४२१९४५
बा. औं क्षे. बालाजु, काठमाडौं ।

निर्माताः पि.भि.सि. पाइप, पेट बोटल्स, पि.यू. फोम तथा प्राकृतिक रबरको डस्ना, कुशन, तकिया तथा सिटहरु

रिपोर्ट




# 'मूल्यांकन'को समीक्षा तथा परामर्श भेला सम्पन्न

गत पुस १६ गते काठमाडौंमा यस मासिक प्रकाशन 'मूल्यांकन'को चौथो वार्षिक समीक्षा तथा परामर्श भेला सम्पन्न भयो । 'मूल्यांकन'का हालसम्मका अंकहरूको समीक्षा गरी यसलाई झन् झन् परिमार्जित र परिस्कृत गर्नका निम्ति आयोजित त्यस भेलामा 'मूल्यांकन'का सल्लाहकारहरूका अतिरिक्त पार्टी नेताहरू, बुद्धिजीवीहरू, विषयविद्हरू र पत्रकारहरूको उपस्थिति थियो । त्यस भेलामा मूलतः गत दुई वर्षभरि प्रकाशित 'मूल्यांकन'का अंकहरूको समीक्षा गरिएको थियो ।

## दीपेन्द्र क्षेत्री

सो अवसरमा अर्थविद् दीपेन्द्रबहादुर क्षेत्रीले 'मूल्यांकन'मा प्रकाशित राजनीतिक-अर्थशास्त्र सम्बन्धी सामग्रीहरूको विस्तृत विश्लेषण प्रस्तुत गर्नु भयो । यस सन्दर्भमा उहाँले विगतका २१ वटा अंकहरू मध्ये जलस्रोतबारे ११ अंकमा, भूमिसुधारबारे ८ अंकमा, वाणिज्यबारे २ अंकमा, अरू देशका आर्थिक अनुभवबारे ३ अंकमा, बजेटका सम्बन्धमा २ अंकमा, सहकारिता र मजदूरबारे एक एक अंकमा सामग्रीहरू समाविष्ट भएको उल्लेख गर्दै भन्नुभयो- 'अरूण र महाकालीबारे 'मूल्यांकन'ले ल्याएका सामग्रीहरू विशेष र गहन छन् । विषयवस्तुको सान्दर्भिकता र पूर्णता, समस्याबोध गराउने काम, विकल्पबोध गराउने काम र त्यसको पुष्टि गर्ने काम; यी पाँच पक्षको आधारमा 'मूल्यांकन' का सामग्रीहरूको मूल्याकन गर्दा मैले यिनीहरू आफ्नो स्थानमा सफल र महत्वपूर्ण भएको पाएको छु । स्वतन्त्र अर्थतन्त्रको निर्माण गर्न र राष्ट्रिय स्रोत साधनको अत्युत्तम उपयोग गर्न दिशा निर्देश गर्न 'मूल्यांकन'ले ठोस काम गरेको छ । यसले विदेशबाट हुनसक्ने जालसाजीबारे पनि सजग गराएको छ, स्वदेशबाट हुनसक्ने लापरवाहीविरूद्ध खबरदारी पनि गराएको छ । तैपनि तथ्यांकहरूमा पटक्कै त्रुटी हुन नदिन र यो स्तंभलाई नियमित गर्न 'मूल्यांकन' सजग हुनुपर्छ भन्ने मलाई लाग्छ । सामान्य जनतालाई अर्थशास्त्रका जटील कुराहरू बुझाउने सामाग्री पनि यसले दिनु जरूरी छ । उहाँको सुझाव यस्तो थियो ।

## चेतेन्द्रजंग हिमाली

नेपालको जलस्रोत क्षेत्रमा विदेशीहरूद्वारा हाम्रो हक अधिकारै मेट्ने जुन प्रयत्नहरू हुँदै आएका छन्, ती प्रयत्नहरूको भण्डाफोर गर्न 'मूल्यांकन' र यसका लेखक, समीक्षक, विषयविज्ञहरू अरू सक्षम बन्न सकून् भन्ने कामना गर्दै चेतेन्द्रजंग हिमालीले साम्राज्यवादी 'डिक्टेसन'हरूका विरूद्ध यसले राम्रो काम गरोस् भन्नु भयो ।

## डा. सुन्दरमणि दीक्षित

मूल्यांकनले जुन अन्तर्क्रियाहरू चलाउँदैछ, यो क्रमलाई एकदमैसंग बढाउनु जरूरी छ भन्दै बरिष्ठ चिकित्सक डा. सुन्दरमणि दीक्षितले भन्नु भयो- अन्तरक्रियामा सबैथरि विचारवालाहरूलाई संगेट्नु पर्छ । विचारलाई सँग्लो बनाउन विवाद र छलफल एकदमै जरूरी हुन्छ भन्दै उहाँले थप्नु भयो- "यसले अनेक कोणबाट विषयवस्तुहरूलाई विवाद र छलफलमा लैजानमा विशेष ध्यान पुऱ्याओस् ।' [redacted]

## प्रा. माणिकलाल श्रेष्ठ

सो भेलामा प्रा. माणिकलाल श्रेष्ठले अंक २५ देखि ४४ सम्मको समग्र रूपमा समीक्षा गर्नुभएको थियो । उहाँले त्यस अवसरमा 'मूल्यांकन' अहिलेसम्म यसका घोषित उद्देश्यहरू अनुरूप नै प्रकाशित भइरहेको राय व्यक्त गर्नु भयो । 'मूल्यांकन'कै एउटा अंकमा साहित्यकार खगेन्द्र संग्रौलाले श्याम श्रेष्ठको एक लेखको प्रतिक्रियामा यो घोषित उद्देश्य अनुरूप भएन भनी व्यक्त गर्नुभएको विचारप्रति उहाँले असहमति जनाउनु भयो । 'मूल्यांकन'ले अरूण, महाकाली, कालीगण्डकी आदिको विषयमा सटिक सामाग्रीहरू प्रकाशित गरी जनतालाई जागृत गर्ने काम गरेको विचार पनि उहाँले व्यक्त गर्नुभयो । चन्द्रदेव नेपालीका नीति/संस्कृतिसम्बन्धी लेखहरूले हाम्रो समाजमा र हाम्रो आन्दोलनमा विद्यमान खराबीहरू हटाउन मानिसहरूलाई सचेत गरेको छ भन्दै उहाँले चर्चित फिल्महरू बारेका समीक्षाहरूले पाठक वर्गमा आलोचनात्मक चेतना बढाउन मद्दत गरेको छ भनी बताउनु भयो । तर उहाँले एउटा एउटा फिल्मको मात्र समीक्षा नगरी समग्रमा फिल्महरूको प्रवृत्तिगत चिरफार गरिएमा राम्रो हुने सुझाव पनि दिनु भयो । 'मूल्यांकन'ले इतिहास र शहीदहरूबारे पनि सामाग्रीहरू दिन थाल्नु राम्रो भएको छ भन्दै उहाँले व्यक्तित्वहरूबारे लेख्दा महत्वपूर्ण काम गरेका तर प्रचारमा धेरै नआएका व्यक्तिहरूलाई छान्नु जरूरी छ भन्ने थप सुझाव दिनु भयो ।

'मूल्यांकन'ले इतिहासमा भएका त्रुटीहरू केलाई स्पष्ट पार्ने खालका रचनाहरू, विगतका आन्दोलनहरू र क्रान्तिहरूबारे लेख्दा र अन्तरक्रियाको रिपोर्ट दिँदा सानातिना पक्षहरूसमेत उल्लेख गर्नुको सट्टा महत्वपूर्ण कुराहरू मात्र दिएमा छोटो छरितो हुने विचार राख्दै उहाँले कुनै पनि विषयमा रिपोर्ट दिँदा सम्पादक मण्डलले आफ्नो विचार पनि अलग्गै प्रस्तुत गर्नु आवश्यक छ भन्ने राय व्यक्त गर्नुभयो ।


## रामेश

'मूल्यांकन'को पर्दा रंगमंच स्तंभको समीक्षा गर्दै कलाकार रामेशले 'मूल्यांकन' आफ्नो विश्वासको साथी भएको छ भन्दै व्यक्त गर्नुभयो- हाल समाजमा उच्छृंखल कलाको बाढी आइरहेको समयमा 'मूल्यांकन'ले यसको विकल्पमा राम्रो कला श्रृजनाको निम्ति सम्बन्धित पक्षलाई निरन्तर घच्घच्याउने काम गरेको छ । उहाँले फिल्महरूका सबल र कमजोर पक्षहरूको जुन विश्लेषण 'मूल्यांकन'ले प्रस्तुत गर्ने गरेको छ, त्यसले पाठकहरू र हामी जस्ता कलाकर्मीहरू समेतलाई बाटो देखाउने र चनाखो पार्ने काम गरेको छ भन्नुभयो । अहिले नेपालमा नेताहरू जुन सुविधाभोगी जीवन जिउनतिर लागिरहेछन्, उनीहरूको यस प्रकारको जीवनशैलीका विरूद्धमा पनि 'मूल्यांकन'ले प्रेरणा दिने र बाटो देखाउने खालका सामाग्रीहरू प्रकाशित गर्नु जरूरी छ भन्ने कुरामा जोड दिनु भयो ।

**'मूल्यांकन' मासिकलाई थप उपयोगी र उद्देश्यमूलक बनाउनका निम्ति चौथो वार्षिक समीक्षा भेलामा उपस्थित बौद्धिक वर्ग**









# विचारलाई सँग्लो बनाउन विवाद र छलफल एकदमै जरूरी हुन्छ

### डा. नारायण पोखरेल

विज्ञान सम्बन्धी दुई वर्षका सम्पूर्ण सामाग्रीहरूको लिखित रूपमै समीक्षा पेश गर्दै विज्ञानविद् डा. नारायण पोखरेलले 'मूल्यांकन'ले अंक ३३ यता विज्ञान-प्रविधि स्तम्भमा नियमित रूपमा राम्रा र उपयोगी रचनाहरू दिन थालेको देखिन्छ भन्नुभयो। तर पनि 'मूल्यांकन'लाई सामाग्रीको उपलब्धताकै समस्या परेको भान हुन्छ भन्नुभयो। विज्ञानसम्बन्धी लेख रचनाको चयनमा 'मूल्यांकन' अझै स्पष्ट देखिन्न भन्दै उहाँले गन्तव्यको लक्ष्य भने 'मूल्यांकन'ले निर्क्यौल गर्नै पर्ने देखिन्छ भन्नुभयो। विज्ञानका सबै उपलब्धिहरू चमत्कार र आश्चर्य नै हुन्। तर जुनसुकै सामाग्री पनि रोचक हुन्छ भनेर 'मूल्यांकन' जस्तो पत्रिकाले सोच्नु गल्ती हुन्छ। मेरो सुझाव छ- विज्ञानलाई 'मूल्यांकन'ले समाजग्राह्य बनाउन प्रयत्न गरोस्। वैज्ञानिक उपलब्धी र दृष्टिकोणलाई नेपाली समाजको निम्ति उपयोगी हुने ढंगले सामाजिकीकरण गर्ने खालका सामाग्री यसले दिने गरोस्। उहाँको आग्रह यस्तो थियो।

### प्रत्यूष वन्त

यसै सन्दर्भमा समाजशास्त्री प्रत्यूष वन्तले विज्ञानलाई सामाजिक विश्लेषणसंग सम्बन्धित गरिनुपर्छ भन्ने राय दिनुभयो।

### दीपक ज्ञवाली

जलस्रोतविज्ञ दीपक ज्ञवालीले 'मूल्यांकन'मा मेलाम्चीको पानी ड्रमबाट पाइप लगाई मट्टीतेल खन्याएझैं सरल प्रविधिद्वारा काठमाडौंमा ल्याउन सकिन्छ भन्ने खालका अतिरन्जित कुराहरू पनि प्रकाशमा आएको छ, यस्तो गरिनु भएन भन्दै 'मूल्यांकन'ले समाजमा विज्ञानको संस्कृतिको विकास कसरी गराउने भन्ने कुरामा ध्यान दिनु पर्छ भन्नुभयो।

### सुलोचना मानन्धर

लेखिका सुलोचना मानन्धरले 'मूल्यांकन'मा प्रकाशित मुक्ता श्रेष्ठको "अझै प्रजातन्त्र आएको छैन खेतीहर महिलाहरूलाई" भन्ने लेख र उषा श्रेष्ठको महिला मजदूर सम्बन्धी लेख अनुसन्धानात्मक भएको बताउँदै यस पत्रिकाले महिला स्तम्भलाई नियमित पार्नु जरूरी भएको विचार व्यक्त गर्नुभयो। समाजका विशिष्ट पुरूषहरू एक्लैले आफ्नो त्यो विशिष्टता हासिल गरेका हुँदैनन्। त्यसमा उनीहरूका श्रीमती-हरूको समेत ठोस योगदान हुने गर्छ। यो योगदानको पक्षलाई 'मूल्यांकन'ले खोजेर अगाडि ल्याउनु पर्यो भन्दै उहाँले 'मूल्यांकन' मा छोरीलाई पैत्रिक सम्पत्तिको हकबारेको सामाग्री प्रस्तुत गर्दा विपक्षीहरूको मत पनि संगेटिनु जरूरी थियो भन्ने राय व्यक्त गर्नुभयो।

> **'मूल्यांकन'ले वैज्ञानिक दृष्टिकोण निर्माणमा सघाउ पुऱ्याउने आफ्नो उद्देश्यलाई गंभीरतापूर्वक लिएको देखिनु खुशीको कुरा हो**

### गोविन्द भट्ट

लेखक तथा समालोचक गोविन्द भट्टले दर्शनसम्बन्धी लेखहरूको समीक्षा गर्दै भन्नुभयो- 'मूल्यांकन'ले वैज्ञानिक दृष्टिकोण निर्माणमा सघाउ पुऱ्याउने आफ्नो उद्देश्यलाई गंभीरतापूर्वक लिएको देखिनु खुशीको कुरा हो, यसले मार्क्सवादी दृष्टिकोण र पद्धतिको विकास गर्न पुऱ्याएको टेवा उल्लेखनीय छ। दर्शनलाई बेग्लै स्तम्भमा नराखेर प्रत्येक रचनामा वैज्ञानिक दृष्टिकोण प्रयुक्त गरी यस दृष्टिकोणको व्यवहारिक स्वरूप नै प्रष्ट पार्नेतिर 'मूल्यांकन'को थप ध्यान जानु जरूरी छ भन्ने राय पनि उहाँले व्यक्त गर्नुभयो। नीति/ संस्कृति स्तम्भमा पनि दर्शनसंग सम्बन्धित कुराहरू आएका छन्, यिनीहरू कहींकहीं उपदेशात्मक प्रकारका भएका देखिएका छन्। यो शैली परिवर्तन गर्न सके राम्रो होला।

### क. केशवलाल श्रेष्ठ

नेकपा एमालेका केन्द्रीय सदस्य तथा युवा नेता केशवलाल श्रेष्ठले 'मूल्यांकन'को "विश्व कम्युनिष्ट आन्दोलन" स्तम्भबारे आफ्नो राय व्यक्त गर्नुभयो। यस क्रममा उहाँले 'मूल्यांकन'ले विश्वभरिका विभिन्न देशहरूमा भइरहेका कम्युनिष्ट गतिविधिहरूबारे सामाग्रीहरू प्रकाशित गरेर नेपाली वामपन्थी आन्दोलनमा लागेका व्यक्तिहरूलाई प्रेरणा दिने काम गरेको छ। विश्वमा समाजवाद खत्तम भएर पूँजीवादी विकृतिहरू देखा परिरहेको वर्तमान स्थितिमा विगतका समाजवादी व्यवहारहरूका त्रुटी-कमीहरूको खोजीनीति गर्ने काममा मूल्यांकन'ले अरू जोड दिनु परेको छ भन्दै उहाँले समाजवादी आन्दोलन कसरी दक्षिणपन्थी वा उग्र-वामपन्थी भड्कावतिर जान्छ भन्ने कुराको गहन विश्लेषण पनि यसले प्रस्तुत गर्न सके आजको सामाजिक आवश्यकता अनुकूल हुने राय दिनुभयो।

### दीपक ज्ञवाली

अरूण, पंचेश्वर आदिका बारेमा वैचारिक विकल्प प्रस्तुत गर्ने काममा 'मूल्यांकन'ले राम्रो काम गरेको छ भन्दै दीपक ज्ञवालीले भन्नुभयो- यो पत्रिका गाउँ-गाउँसम्म पनि पुगेको मैले पाएँ, तर यसमा कम्युनिष्टहरूका विचारहरू मात्र नदिएर अरूहरूका विचारहरू पनि दिने गरिएको भए राम्रो हुने थियो। र, यसो भएमा 'मूल्यांकन' अरू राजनीतिक विचार राख्नेहरूसम्म पनि पुग्नसक्थ्यो।

### डा. सरोज धिताल

नीति/संस्कृति स्तंभको समीक्षा गर्दै चिकित्सक तथा चिन्तक डा. सरोज धितालले यो स्तंभ अन्तर्गत चन्द्रदेव नेपालीले उठाउनु भएका प्रसंगहरू हाम्रो समाजका आजका विचारणीय र व्यावहारिक प्रसंगहरू हुन् भन्नु भयो। सबै अंकमा प्रस्तुत विषय र विश्लेषण आफूलाई निकै राम्रो लागेको र यो सबैले पढ्नु जरूरी छ भन्दै उहाँले थप्नु भयो- यो स्तंभ हाम्रा नेताहरूले पनि नियमित पढिदिए झन धेरै राम्रो हुने थियो।

दीपक प्रधानले संसार बदल्न चाहनेहरू पहिले आफैं बदलिनु पर्छ भनी दिनुभएको सन्देश एकदमै विचारणीय र अनुकरणीय छ भन्दै उहाँले थप्नु भयो- "आफूले लिएको मतमा आफू स्वयं नै प्रतिवद्ध नहुनु भनेको साँच्चै डरलाग्दो कमजोरी नै हो।"

### कविताराम श्रेष्ठ

कला र पर्दा रंगमंचको समीक्षा क्षेत्रमा हरिगोविन्द लुईंटेलले गंभीर काम गरिरहनु भएको छ तर अरू बौद्धिक व्यक्तिहरूले पनि यो क्षेत्रलाई महत्व दिनु पर्छ र यसमा हात बढाउनु पर्छ भन्दै साहित्यकार तथा समाजशास्त्री कविताराम श्रेष्ठले भन्नु भयो- "आज विकृत फिल्महरूले फैलाइरहेका मन्द विषहरूप्रति सबै जिम्मेवार मानिसहरू सजग हुनुपर्छ।"



'मूल्यांकन'ले आफ्नो उद्देश्यलाई ज्ञानमा मात्र सीमित नगरेर ज्ञानलाई व्यवहारमा कसरी परिणत गर्ने भन्ने पक्षमा पनि प्रयत्न गर्नुपर्छ र यसबारे सामाग्रीहरू पनि दिनु पर्छ। नेपालका जनपक्षीय पत्रिकाहरूबीच कसरी एकताको अभिवृद्धि गर्ने भन्नेबारेमा पनि 'मूल्यांकन'ले ध्यान दिन सकेमा राम्रो हुनेथियो, यस्तो उहाँको राय रहेको थियो।

**जगदीशचन्द्र भण्डारी**

समालोचक जगदीशचन्द्र भण्डारीले समग्रमा 'मूल्यांकन'ले गरेको योगदान प्रशंसनीय छ भन्नुभयो। उहाँले थप्नुभयो- तर 'मूल्यांकन'मा संसदवादी चिन्तन ज्यादा देखिएको छ। र, साहित्य-कला क्षेत्रमा पनि वैचारिक रूपले भेदन गरेरै जानु पर्नेमा यो तटस्थ बस्न खोजेको हो कि भन्ने भान पर्दछ।

**प्रत्यूष वन्त**

'मूल्यांकन'लाई अरू यस्तै प्रकाशनहरूको तुलनामा हेरिएन भने 'आफ्नै टुँडिखेल मात्र सबैभन्दा सफा र ठूलो' भने जस्तै हुनेछ। यो संकुचितताबाट समीक्षकहरू माथि उठ्नुपर्छ भन्नुहुँदै प्रत्यूष वन्तले भन्नुभयो- आफूलाई मार्क्सवादी भन्न नचाहने 'अस्मिता' र 'हिमाल' जस्ता पत्रिकाहरूले पनि नेपाललाई बुझ्नमा र सूक्ष्मरूपले विषयलाई केलाउनमा उल्लेखनीय योगदान गरेका छन्, उनीहरूबाट पनि 'मूल्यांकन'ले सिक्नु जरूरी छ।

**गणेश शाह**

नेकपा संयुक्तका नेता क. गणेश शाहले भन्नुभयो- 'मूल्यांकन' वामपन्थी आन्दोलनको महत्वपूर्ण पत्रिका हो। राष्ट्रियताको पक्षमा यसले महत्वपूर्ण भूमिका खेलेको छ। भूमिसुधार, स्वास्थ्य, नेपाल-भारत सम्बन्ध आदि विषयमा यसले ठोस कुरा उठाउने शुरूवात गरेको छ। तर यसले वामपन्थी आन्दोलनमा किसान र मजदूर आन्दोलनसम्बन्धी विषयमा ठोस सामाग्रीहरू प्रस्तुत गर्न सकेको छैन। बालश्रम र चेलीबेटी बेचबिखन सम्बन्धमा पनि यसले ध्यान दिन सकेको छैन।

**मञ्जु थापा**

लेखिका तथा पत्रकार मञ्जु थापाले 'मूल्यांकन'ले महिलाहरूको विषयवस्तुलाई विशेष रूपमा उठाउने काम वार्षिक रूपमा मार्च ८ को समयमा मात्र गर्ने गरेको छ भन्नुहुँदै सुझाव दिनुभयो- यो काम अरू समयमा पनि गरिनु जरूरी छ। महिला सम्बन्धी विषय समाजको आम समस्या पनि भएकोले यसबारे लेख्ने काम महिलाहरूको मात्र हो भन्ने सोच राख्नु भएन भन्नुहुँदै उहाँले 'मूल्यांकन'का विविध अन्तरक्रिया कार्यक्रमहरूमा महिलाहरूलाई पनि सहभागी बनाउने तर्फ यसको ध्यान जाओस् भन्नुभयो।

**स्नेह सायमी**

साहित्यकार तथा उद्योगविद् स्नेह सायमीले 'मूल्यांकन'को सानो टिमले आफ्नो बुतामा वैचारिक अभियानलाई यहाँसम्म ल्याइपुऱ्याएको छ भन्नुहुँदै यस अभियानमा चिन्तनशील सबैको थप टेवा र सहभागिता हुनु जरूरी छ भन्ने राय व्यक्त गर्नुभयो।

**शम्भुराम महर्जन**

राजनीतिक तथा सामाजिककर्मी शम्भुराम महर्जनले 'मूल्यांकन' एक लाखभन्दा बढी मानिसहरूले पढिरहेको अनुमान गर्न सकिन्छ भन्दै सुझाव दिनु भयो- यी सबै मानिसहरूमा यसको कस्तो प्रभाव परेको छ ? र, उनीहरूको थप माग के छ ? भन्नेबारेमा 'मूल्यांकन'ले सर्वेक्षण गर्नु जरूरी छ। उहाँले 'मूल्यांकन'लाई साधारण मानिसहरूसम्म कसरी लान सकिन्छ भन्नेबारेमा पनि सोच्नु जरूरी छ भन्नुभयो।

कार्यक्रमको अन्त्यमा प्रधान सम्पादक श्याम श्रेष्ठले 'मूल्यांकन' परिवारलाई आगामी दिनहरूमा यसका सामाग्रीहरूमा सुधार गर्न र यसनिम्ति हरदम सचेत हुन यस भेलाले दिएका सम्पूर्ण सुझावहरूबाट मद्दत पुगेको बताउनु हुँदै सबै सहभागीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो। ❑




रु. ५।- मात्र

**पुराना अंकहरूमा भारी छूट !**



रु. ४।- मात्र

**मूल्यांकन र नव युवाका पुराना अंकका सीमित प्रतिहरु भारी छूटका साथ निम्न स्थानहरुमा उपलब्ध छन् :**

❑ मूल्यांकन अंक ३८ सम्म (१ अंकबाहेक) ◆ नव युवा अंक ६ सम्म

◆ पाठ्यसामग्री पसल
जामे मस्जिद सपिङ्ग कम्पलेक्स,
बागबजार (घण्टाघरसंगै)

◆ पुस्तक पत्रपत्रिका बिक्री वितरण केन्द्र
डिल्लीबजारको उकालो,
काठमाडौं।

◆ अन्तर्क्रिया प्रकाशन प्रा. लि.को कार्यालय, पुतलीसडक, काठमाडौं।

अंक पुरानो भएपनि पुराना नहुने सामग्रीहरुका निम्ति- तपाईंको संकलनलाई पूर्णता दिनका निम्ति।


साहित्य/कविता

आज़का एक सक्रिय प्रगतिशील युवा कवि पुरूषोत्तम सुवेदीको नयाँ कविता-

# बीज

◆ पुरूषोत्तम सुवेदी



घरमा कविता लेख्न
सन्दर्भ र सृंखला हराएपछि
कवि सडकमा निस्कियो
जीवन खोज्न
तर मान्छेहरू भेट्यो
सत्ता उन्मादले मृतप्रायः।

अर्को यात्री भेटियो
कविसंग परिचित
त्यसले कविताको पाण्डुलिपी हातमा लियो
देख्यो कविताको रौद्र मुखौटा
र सडकमा फालेर कविताको पाना
बेतोडसंग दौड्यो
जब जान्यो, कविताले उसलाई सुरक्षा दिंदैन
उत्तेजनाको तत्काल औषधि आस्था हुँदैन
अनि मारिने डरले
कविको छेउबाटै
कुनै बंकरभित्र भूमिगत भयो।

कविले सोच्यो-
जहाँ स्वतन्त्र उडानहरूमाथि हमला हुन्छ
जहाँ आस्थाको किनबेच हुन्छ
त्यहाँ कसैको सुरक्षा हुँदैन
अनि कविले भूमिगत हुने निर्णय गऱ्यो
आस्थाको रक्षामा कुनै गुप्त सेल्टरमा।

कविताको रातो ओभरकोट
बुख्याँचाले भिरेको देखेर
कवि क्रुद्ध भयो
र आह्वान गऱ्यो
भक्ति थापा
चेन यी
र अरू योद्धाहरूलाई।

युद्धमा कवि बाँच्यो भने
कविताको शब्द अग्निले
क्रान्तिको बीज जोगाउने छ। ❑



सबैले एक पटक पढ्नैपर्ने पुस्तक

विश्वप्रसिद्ध बंगाली-लेखिका तसलीमा नसरीनको महिला-मुक्तिसंग सम्बन्धित अनुपम उपन्यास

आइमाईको हकमा

नेपाली अनुवाद बजारमा सर्वत्र उपलब्ध छ।

# मार्क्सभन्दा अघिका सबै भौतिकवादको दोष



◆ प्रज्ञानरत्न

मार्क्सको भनाइ छ- यसअघिका सबै भौतिकवादले वस्तु नै माउ हो, चेतना त्यसको उपज भन्ने कुरा त गरे । यो संसारमा जुन वस्तु-जगत् छ, विचार त्यसैको प्रतिबिम्ब हो पनि भने । यो संसारमा वास्तविकता भनेको के त ? भन्ने सवालमा उनीहरूले वास्तविकतालाई या त वस्तुको रूपमा या विचारको रूपमा सोचे । तर ती सबै भौतिकवादीले एउटा अति महत्त्वपूर्ण कुरालाई वास्तविकताको रूपमा लिन भुले, त्यो हो- मान्छेको संवेदन क्रियाकलाप । अथवा, मान्छेको होशपूर्ण क्रियाकलाप ।

मान्छेको सवेदनशील क्रियाकलापले नै पूरै संसार बदल्यो । मान्छेको होशपूर्ण क्रियाकलापले नै यो दुनियाँमा अजंगका हेरफेरहरू ल्यायो । क्रान्ति ल्यायो मान्छेको जीवनमा । विश्वकै कायापलट भयो । देश-दुनियाँमा यति ठूलो परिवर्तन ल्याउने क्रान्तिकारी तत्व मान्छेको संवेदनशील क्रियाकलापलाई मार्क्सभन्दा अघिका सबै भौकिवादले वस्तुगत यथार्थकै रूपमा लिएनन् । ती सबै भौतिकवादको मुख्य दोष नै यही रहयो ।

मार्क्सको के आलोचना छ भने- फायरवाख जस्ता घघडान भौतिकवादीको पनि यही दोष थियो । फायरबाखले सवेदनशील वस्तुको कुरा गरे । संवेदनशील विचारको पनि कुरा गरे । तर उनले मान्छेको क्रियाकलापलाई वस्तुगत क्रियाकलाप ठानेनन् । उनले मान्छेले सिद्धान्त बनाउन सक्ने कुरा गरे । तर आखिर सही सिद्धान्त आउँछ कहाँबाट ? विचार र चेतना आउँछ कहाँबाट ? यी प्रश्नको सही हल उनले दिन सकेनन् । यसरी फायरवाखले मान्छेको होशपूर्ण क्रियाकलापको क्रान्तिकारी महत्वलाई नै बुझेनन् ।

यसअघिको भौतिकवादमा रहेको यो दोषलाई मार्क्सले नै सच्याए । मार्क्सले नै सबैभन्दा पहिले मान्छेको संवेदनशील क्रियाकलापलाई वस्तुगत यथार्थ माने । जसरी यो ससारमा पहाड छ, नदीनालाहरू छन्, चन्द्रमा र सूर्य छ, त्यसरी नै यो संसारमा मान्छेको होशपूर्ण क्रियाकलाप भन्ने कुरा पनि छ । मान्छेले होशपूर्ण क्रियाकलाप गरेर आफ्नो जीविकाको उत्पादन आफैं गर्न सक्छ । त्यसका लागि औजार बनाउन सक्छ । दुनियाँको अर्को कुनै जन्तुले त्यस्तो गर्न सक्दैन । बाँदर र चिम्पान्जीका पनि मान्छेका झैं टाउको र हातगोडा छन् । तर कुनै बाँदर र चिम्पान्जीलाई वर्षौंसम्म मान्छेको संगतमा राखे पनि ऊ होशपूर्ण क्रियालाप गरेर आफ्नो जीविकाको उत्पादन आफैं गर्न सक्दैन । ऊ उत्पादनको सामान्य औजार पनि आफ्नो हातले बनाउन सक्दैन । ऊ एउटा गुलेली पनि आफ्नो हातले बनाउन सक्दैन । मान्छे र सारा जन्तुमा मुख्य फरक नै यही हो । यो नै वस्तुगत यथार्थ हो- यो संसारको । यही यथार्थलाई अरू भौतिकवादीहरूले भुले ।

होशपूर्ण क्रियाकलाप गरेर आफ्नो जीविकाको उत्पादन आफैं गर्न थाल्यो मान्छे भन्ने जन्तुले- यही क्रियाकलापले नै मान्छेलाई अरू सबै जन्तुभन्दा झन्झन् फरक पार्दै लग्यो । मान्छेले जति जति उत्पादनको क्रियाकलाप अघि बढाउँदै लग्यो, उति उति मान्छेको ज्ञान र सीप बढ्दै गयो । उसले झन्झन् नयाँ उत्पादनका औजार बनाउँदै लग्यो । झन् झन् नयाँ सीप र विचार हासिल गर्दै गयो । यही प्रक्रियामा मान्छेको विकास भएको हो । आजको विकसित मान्छे र समाज त्यसैको उपज हो । संसारमा भएका सारा क्रान्ति यसैको परिणाम हो । मान्छेको सारा चेतना र ज्ञान उसको होशपूर्ण उत्पादनशील क्रियाकलापबाट पैदा भएको हो ।

त्यसैले, मार्क्सको ठम्याइ छ- मान्छेको संवेदनशीलता भनेकै व्यावहारिक क्रियाकलाप हो । मान्छेको चेतना भनेकै उसको उत्पादनशील श्रम अथवा क्रियाकलापको उपज हो । मान्छेको इतिहास भनेको मान्छेले आफ्नो उत्पादनशील क्रियाकलापद्वारा आफ्नो जीवन र संसारमा के कस्तो परिवर्तन ल्यायो, त्यसको यथार्थ वृत्तान्त हो ।

मार्क्सको यो ठम्याइ धेरै नै घत लाग्दो र महत्त्वपूर्ण छ । मार्क्सको भनाइको तात्पर्य हो- बन्द कोठामा थुनिएर वा व्यावहारिक क्रियाकलापबाट अलग रहेर मान्छेमा आफसेआफ ज्ञान, संवेदनशीलता वा चेतना विकास हुँदैन । जुन क्षेत्रको व्यावहारिक क्रियाकलापमा मान्छे केही सामेल भयो, त्यही क्षेत्रमा मान्छेको ज्ञान, चेतना वा संवेदनशीलता बढ्दै जान्छ । स्वयं घर बनाउने क्रियाकलापमा आफैं नलागेसम्म कोही पनि मान्छे डकर्मी बन्न सक्दैन । पानीमा आफैं नहेलिएसम्म कुनै पनि मान्छे पौडीबाज बन्न सक्दैन । व्यावहारिक क्रान्तिकारी संघर्षमा आफैं नहेलिएसम्म कोही पनि मान्छे क्रान्तिकारी बन्न सक्दैन ।

अरू सबै भौतिकवादभन्दा मार्क्सको भौतिकवाद यही कुरामा पूरापूर फरक छ । ◆

नव वर्ष २०५४ को हार्दिक शुभकामना

N B Bank
नेपाल बङ्गलादेश बैंक लि
Nepal Bangladesh Bank Ltd
Joint Venture with IFIC Bank Ltd. Bangladesh

Head Office/Main Bra.
Ram Rukmani Sadan
Ram Shah Path
P. O. Box 9062
Kathmandu, Nepal.
Phone: 419297, 418707

New Road Bra.
Meera Home
Khichapokhari
Kathmandu, Nepal.
Phone: 217541, 241368

Battar Bazar Bra.
Battar Bazar
Nuwakot, Nepal
Phone: 010-60207

Sainbu Bhainsepati Bra.
Sainbu VDC- 4
Bhainsepati
Lalitpur, Nepal
Phone: 520028

नव वर्ष २०५४ को शुभ उपलक्ष्यमा
हाम्रा ग्राहकहरू एवं समस्त
देशवासीहरूप्रति हाम्रो
हार्दिक शुभकामना !

DUCKHAMS
माली आयल स्टोर
पो.ब.नं. ४१११, कालीमाटी, काठमाडौं ।
फोन: २७०४८६, २७२२३८

# छाडा फिल्म र विकृत संस्कृति

## छाडा फिल्महरुका कारणले समाजमा बढिरहेको विकृति र भ्रष्टतालाई कसरी रोक्न सकिएला ?

◆ कामवासनालाई आकर्षक बनाएर कामुकता झल्काउने फिल्मलाई छाडा फिल्म् (चलचित्र) को रूपमा लिइन्छ, जुन कुनै पनि व्यक्तिले आफ्नो घरमा आमाबाबु, दाजुभाइ, दिदीबहिनीसंग बसेर हेर्न सक्दैन वा संकोच मान्दछ ।

प्रायः मानिस नराम्रा, असामाजिक कार्यप्रति सजिलैसंग आकर्षित हुनजाने गरेको देखिन्छ । तर ऊ सामाजिक वा धार्मिक अनुशासन (नीति-नियम) का कारणले त्यस्तो काम गर्नबाट रोकिएको हुन्छ । त्यसरी नै कडा कानून पनि असामाजिक कार्यको एक बाधक हो ।

तर एकातिर आज हामी धार्मिक मान्यतालाई मान्न छोडिसकेका छौं भने, अर्कोतिर, मनोरंजन र आधुनिकताको नाममा सामाजिक अनुशासनलाई बिस्तारै तोडेर छाडा संस्कृति अंगालिरहेका छौं । यसले गर्दा क्रमिक रूपमा हामीभित्रै कम मात्रामा र नयाँ पीढीमा बढी मात्रामा विकृति र भ्रष्टता बढिरहेको पाइन्छ । त्यसरी नै आजकाल त यस्ता प्रकृतिको गफ एफ.एम. रेडियोबाट पनि प्रसारित हुने गर्दा विकृति अझ बढी विकसित हुने कुरा निश्चित छ ।

आधुनिकताको नाममा भित्रिएका छाडा फिल्महरूको प्रभावले गर्दा दिदीबहिनी र दाजुभाइबीच रहेको सामाजिक मान मर्यादासमेत संकुचित बन्दै गइरहेको भेटिन्छ । यस किसिमको प्रभाव संस्कारको रूपमा परिणत भएमा यसले विकृत समाजको श्रृजना गरी जटील समस्या खडा गरिदिनेछ ।

छाडा र अश्लील फिल्महरूको व्यक्तिगत, सामाजिक र राजनैतिक दवावका साथ विरोध र बहिष्कार नहुनु, विदेशी फिल्महरूमा र टेलिभिजनको प्रसारण र वितरणमा प्रचूर कर नलगाई हचुवा तालमा खुला गरिनु, सरकारी नियन्त्रण नहुनु, भिडियो क्यासेट पसलहरूमा सुलभ तरिकाले छाडा फिल्महरू प्राप्त हुनु, कार्वाहीका लागि प्रहरी र प्रशासनसंग ठोस नीति, नियम र कानूनी प्रावधान नहुनु, स्वदेशी सामाजिक फिल्महरू कम बन्नु, बने पनि दर्शक सामु पुऱ्याउन स्थान नपाउनु, विदेशी मनोरंजनात्मक चलचित्रमा अत्याधिक कर नलगाइनु आदि इत्यादि सबै पक्षहरू छाडा फिल्महरू भित्रिने प्रमुख कारण हुन् । सामाजिक विकृति र भ्रष्टताहरू यस्तै किसिमका पूँजीवादी छाडा फिल्मका नतिजा हुन् ।

साना बाल-बालिकाहरूलाई छाडा फिल्महरूबाट अलग्गै राख्ने र त्यस्ता फिल्महरूविरूद्ध अभिभावक र गुरू वर्गले चेतना फैलाई वितृष्णा जगाउनुपर्ने जरूरी छ । छाडा फिल्महरूको विरोध, बहिष्कार गर्न र त्यस्ता चलचित्रहरूलाई हतोत्साह पार्न हरेक व्यक्ति र क्षेत्रले लागिपर्नु र कडा कानूनी व्यवस्था लागू गर्नु नै यसको दुस्परिणामबाट बच्ने एक मात्र उपाय हो ।

**-पीयूष दाहाल,** मेडिसिन क्याम्पस, महाराजगंज, काठमाडौं ।

◆ नेपालमा छाडा सिनेमाहरूको प्रवेश बढ्दो छ र यस्ता सिनेमाहरूले गर्दा सिर्जनशील युवाहरूको मस्तिष्क बेकम्मा भएर गइरहेको छ । बाल-व्यभिचार, बलात्कार, हत्याजस्ता अपराधहरूले समाजमा प्रश्रय पाइरहेका छन् । महिलाहरूमाथि अश्लील हाउभाउ तथा इशारा गरेर जिस्क्याउने र अपमानित गर्ने चलन बढ्दो छ । आज हामीहरूले यस्ता असंख्य विकृति र दुष्परिणामहरू भोगिरहेका छौं । जसको कारणको रूपमा 'रंगीला' जस्ता विदेशी तथा स्वदेशी फिल्महरूलाई लिन सकिन्छ ।



यसका स्थायी निदानका लागि अश्लील फिल्मका चक्काहरू, जुन विदेशबाट गोप्य रूपमा आयात हुन्छन्, तिनीहरूमा कडा निगरानी राखी भन्सार चेकपोष्टमै तिनलाई जफत गरिनु पर्छ । अझ विदेशबाट आयात गरिने हरेक भाषाका क्यासेटहरूमा प्रतिबन्ध लगाइनुपर्छ वा ती क्यासेटहरू आयात गर्नु नै छ भने पनि बरू लामो समय लागे पनि प्रशासनले सेन्सर पास गरेर मात्र बजारमा छाड्नु पर्छ ।

यति गर्दैमा मात्र समस्याको समाधान भइहाल्ने होइन । किनभने, मानिसमा परिश्रमबिना धनी बन्न चाहने लालसाले गर्दा स्वदेशमै यस्ता फिल्महरू नबन्लान् भन्न सकिँदैन । यदि कसैले यस्तो सिनेमा बनाउँछ भने उसलाई कडाभन्दा कडा सजायँ गर्ने ऐन नियम बनाउनुपर्छ र सो बमोजिम कारवाही गर्न प्रशासनले नै कडा कदम चाल्नुपर्ने देखिन्छ । त्यसरी नै यस्तो सिनेमा कसैले प्रदर्शन गरिरहेको भए सो बारेमा गोप्य सूचना दिने सुराकीलाई पुरस्कार दिने गर्नुपर्दछ । भ्रष्ट कृयाकलापमा संलग्न व्यक्तिको धन-सम्पत्ति जफत गरिनुपर्छ ।

सरकारले मात्र यी कार्यहरू गर्न सक्ने र यसो गरेमा यस्ता कूल अपराधिक कृयाकलापमध्ये ठूलो प्रतिशतमा भ्रष्टताको स्थायी समाधान हुन्छ भन्नेमा विश्वास गर्न सकिन्छ ।

**-विश्वनाथ आचार्य**, समाजशास्त्र दोस्रो वर्ष, त्रि.वि., कीर्तिपुर

◆ छाडा फिल्महरूका कारणले समाजमा बढिरहेको विकृति र भ्रष्टतालाई रोक्नको लागि फिल्म निर्माता, कलाकारदेखि लिएर सर्वसाधारण दर्शक सबैले इमान्दारिताका साथ पहलकदमी गर्नुपर्दछ । फिल्मका कथा लेखकले कथा लेख्दा समाजलाई र राष्ट्रलाई केही राम्रो कुराको सन्देश दिन खोज्नु अझ भनौं, देशभक्तिपूर्ण, स्वाभिमानी खालको तथा पिछडिएका जनजातिको उत्थानको लागि प्रगतिशील खालको कथा दिन खोज्नु पर्दछ । त्यस्ता फिल्महरूमा बढी मात्रामा लोकलयका गीतहरूलाई र समाजमा प्रचलित परम्परागत आफ्नो स्वपहिचान राख्ने खालका पोशाकहरूलाई प्राथमिकता दिँदा निकै राम्रो हुन्छ । नग्नता र यौन उत्तेजनामूलक दृश्यहरू प्रस्तुत गरिनु हुन्न ।

यसका साथै, फिल्मी विकृति र भ्रष्टतालाई रोक्न समाजमा जनचेतनाको ठूलो भूमिका हुन्छ । दर्शक आफैंले फिल्मको कथावस्तु बुझी खराब कथा भएका फिल्महरू बहिष्कार गरिएमा त्यस्ता फिल्म आफैं थन्किन्छन् । साथै, देशमा एउटा सक्षम सिने बोर्ड गठन गरी फिल्म बनाउने सीमा निर्धारण गरी बनिसकेका फिल्मलाई पहिला नै सिने बोर्डले हेरी समाजलाई पर्ने वा नपर्ने खराबीबारे विश्लेषण गरी अनि मात्रै बजारमा ती फिल्मलाई प्रवेश दिँदा राम्रो हुन्छ । विदेशबाट आयातित फिल्महरूमा कडाइका साथ छानबीन गरी, अनि मात्रै बजारमा जान दिने अन्यथा देशमा चलाउनै प्रतिबन्ध लगाउनु पर्दछ । यसो भएमा समाजलाई छाडा फिल्मबाट बढिरहेको विकृति र भ्रष्टतालाई रोक्न सकिन्छ ।

**-विनोद कार्की "दिपशीखा"** बेंगाडावर-८, लालगढ, (धनुषा)

◆ विदेशबाट ल्याइने छाडा प्रकारका फिल्महरूलाई पूर्ण रूपमा बन्देज गरिनु पर्दछ । देशभित्रका राष्ट्रभक्तियुक्त, लोक-संस्कृतिलाई संरक्षण दिएर सामाजिक एवं लोक-संस्कृतिमा आधारित फिल्म निर्माण गर्ने कथाकार, कलाकार र निर्मातालाई प्रोत्साहन दिई त्यस्ता प्रकारका फिल्म



निर्माणमा तीव्रता ल्याइनु पर्दछ । टेलिभिजनमा विभिन्न च्यानलबाट प्रशारण भइरहेका अश्लील प्रकारका कार्यक्रमहरूलाई पूर्णरूपमा रोक लगाइनु पर्दछ । नेपाल टि.भि.बाट सामाजिक एवं लोक-संस्कृतिको जगेर्ना गर्ने फिल्महरू प्रशारण गरिनु पर्दछ । यस्ताप्रकारका कार्यहरूप्रति विशेष पहल गरिएमा मात्र छाडा फिल्मको कारणले समाजमा बढिरहेको विकृति र भ्रष्टतालाई रोक्न सकिने हुन्छ ।

**-विश्वराज बराल** सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन

◆ हामीकहाँ युवा पुस्ताको लागि उचित मार्गदर्शनको अत्यन्तै अभाव छ । शिक्षा व्यवहारिक तथा यथार्थ छैन । र, यो यथार्थताभन्दा टाढा छ । यहाँ कुनै खराब कुराको आलोचना गर्ने परम्परा छैन । उल्टो, अन्ध-समर्थन गरिन्छ र आजका युवा तथा विद्यार्थी वर्गमा यस्तै विकृतिलाई स्वी-कार गर्ने र वास्त-विकताबाट टाढै बस्ने लत बसेको छ ।



फिल्ममा भएका असल पक्षहरूलाई छुट्याएर खराब पक्षका विरूद्ध वैचारिक संघर्ष हुनुपर्नेमा त्यो सशक्त रूपमा हुन सकेको छैन । यसमा उचित ध्यान दिएर अश्लील फिल्मविरूद्ध युवा पुस्तालाई वैचारिक सशक्तता प्रदान गर्नु नै अश्लील फिल्मद्वारा फैलिएका विकृति रोक्ने उचित उपाय हो भन्ने मलाई लाग्छ ।

**-रामकुमार घिमिरे** देउराली गाविस ३, भोजपुर, हाल: विराटनगर

◆ सरकारले विकृतिहरूको नियन्त्रण गर्नुपर्ने थियो । तर त्यसो नगरी सरकारले उल्टो त्यस्ता विकृति र भ्रष्टतालाई प्रोत्साहित गर्ने र त्यसका विरूद्ध आवाज उठाउनेलाई दमन गर्ने नीति अवलम्बन गरेको छ । यस परिवेशमा यहाँका बुद्धिजीवी, साहित्यकार र संघ-संस्थाहरूले आवाज उठाएर यी विकृतिहरूलाई निर्मुल पार्न सरकारलाई बाध्य तुल्याउनु पर्छ । फिल्म निर्माताहरूले विदेशी फिल्मको नक्कल गर्ने काम छोडेर आफ्नो मातृभूमि तथा संस्कृतिको परिधिभित्र रहेर फिल्म निर्माण गर्नुपर्छ । आम प्रगतिवादी अथवा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको ग्यारेन्टी चाहने मुक्तिकामी नेपाली जनताले यस्ता सामाजिक विकृतिबाट अश्लील र नग्न फिल्म तथा कलाहरूलाई बहिष्कार गर्नुपर्छ । त्यस्ता संस्कृति र फिल्मका विरूद्ध सडक-नाटक लगायत अन्य जनवादी तथा प्रगतिशील सांस्कृतिक अभियान संचालन गर्नुपर्छ । हाम्रा चेलीबेटीहरूले आफूलाई नंग्याउने र सिंगार्ने कामलाई कम गरी चारित्रिक सीमारेखाभित्र आफूलाई राख्नुपर्छ । र, चेलीबेटी बेचबिखन गर्ने अपराधी तथा भ्रष्ट व्यक्तिहरूलाई समाजबाट तिरस्कार गर्नुका साथै कडा कार्वाही गर्दै यो वर्तमान पूँजीवादी व्यवस्थालाई नै आमूल परिवर्तन गरेर मात्र यस्ता छाडा विकृति र भ्रष्टतालाई रोक्न सकिएला ।

**-बालकराम बुढा** कारागार शाखा, रोल्पा

◆ युवावर्गलाई भ्रष्ट बनाउन आफ्नो न्वारानदेखिको बल निकालेर वर्तमानमा साम्राज्यवादीहरू तथा पूँजीवादीहरू टि.भि.का विभिन्न च्यानलहरूमार्फत् र हलमार्फत् चल्ने चलचित्रहरूको माध्यमबाट लागिपरेका छन् । सिंगो मुलुकको लागि योदुर्भाग्यको कुरो हो । हामीले यसको उद्गमस्थलमै मूल नियन्त्रण गर्नुपर्छ । तर वर्तमानमा मूल बन्द गर्ने, नियन्त्रण गर्ने ठेक्का लिएर बसेका आफूलाई

# भारतमा जनवादी कलाकार गद्दरमाथि गोली प्रहार




गद्दरको हत्या प्रयासविरुद्ध तीव्र आक्रोश पोख्दै प्रदर्शनकारीहरु

भारतको पिपुल्स वार ग्रुप नजिकका चर्चित क्रान्तिकारी जनगायक गद्दरलाई गत चैत्र २४ गते साँझ उहाँकै घर हैदराबादमा आई अज्ञात बन्दूकधारीहरूले गोली प्रहार गरेका छन् । नजिकैबाट प्रहार गरिएका चारैवटा गोलीहरूको चोटका बावजूद उनी बच्न सफल भएका छन् । निजाम इन्स्टिच्यूट अफ मेडिकल साइन्सेज हस्पिटलमा उहाँको शरीरका विभिन्न भागहरूबाट जटील अपरेशन गरी गोलीहरू निकालिएका छन् । उहाँको स्वास्थ्यको स्थिति हाल खतराभन्दा बाहिर रहेको सूचना डाक्टरहरूले दिएका छन् ।

साँझपख एउटा सेतो एम्बेसडर कारमा आएका चारजना व्यक्तिहरूमध्ये एकजना आफ्नो ज्यान संकटमा परेको भनी सहयोगको माग गर्दै कलाकार गद्दरको घरमा प्रवेश गऱ्यो । उसका कुरा सुन्दै गरिरहँदा बाँकी तीन जना पनि घरभित्र पसे र एकजनाले फटाफट गोली चलायो । गद्दर मरेको निश्चय मानी उनीहरू त्यहाँबाट सोही कारमा बसी फरार भए ।

गंभीर रूपले घाइते भएका गद्दरलाई उनकी श्रीमती र छोराछोरीहरूले तुरुन्तै अस्पताल लगे ।

कलाकार गद्दर आन्ध्र प्रदेशका अत्यन्त लोकप्रिय व्यक्तिहरूमध्ये एक ठानिन्छन् । उनका क्रान्तिकारी गीतहरूका क्यासेटहरू लाखौंको संख्यामा बिक्री हुने गरेका छन् । उनी मूलतः सडक गायक हुन् । 'जन-नाट्य मण्डली' नामक सांस्कृतिक संस्थाका उनी अध्यक्ष रहेका छन् ।

स्मरणीय छ, जन-नाट्य मण्डलीको तर्फबाट उनले आन्ध्र प्रदेशमा निर्मित दुई फिल्महरू 'हाम्रो जमीन' र 'रंगीन सपनाहरू' मा गीत संगीतको रचना र संयोजनको प्रमुख जिम्मेवारी लिएका थिए, जुन फिल्महरू उनकै गीत संगीतका कारण निकै चर्चित र सफलसमेत भएका थिए ।

कलाकार गद्दरको हत्या गर्ने उद्देश्यले भएको यो गोली प्रहारको जानकारी पाउन नपाई उनको घर वरपर र उनलाई राखिएको अस्पताल वरपर उनको पक्षमा असंख्य मानिसहरूको भीड जम्मा भई नारा र जुलुस गऱ्यो । भीडलाई नियन्त्रण गर्न सरकारलाई निकै गाह्रो भयो । जनदवाबका कारण सरकारले उनको हत्या प्रयत्नका अपराधीहरू पत्ता लगाउन प्रहरी डि.आई.जी को अध्यक्षतामा एक आयोगको गठन पनि गरेको छ ।

कलाकार गद्दरलाई पिपुल्स वार ग्रुप विरोधी कुनै प्रतिक्रियावादी पक्षले आक्रमण गरेको हुनसक्ने अनुमान गरिएको छ । गोली काण्डमा पुलिसकै हात हुनसक्ने शंका पनि गरिएको छ । तर पुलिस पक्षले यसको खण्डन गरेको छ ।

गद्दरमाथि गोली हान्ने अपराधी पत्ता लगाई कारवाही गर्नका निम्ति भारतका विभिन्न स्थानमा ठूलो स्तरमा जनदवाब र जनसंघर्षहरू अझै पनि भइरहेका छन् । भारतको एक दर्जनभन्दा बढी प्रगतिशील संघ-संस्थाहरूले पनि यस गोलीकाण्डका विरूद्ध आवाज उठाएका छन् । ◆

प्रगतिशीलदेखि क्रान्तिकारी भन्ने हामीहरू भ्रष्टता र विकृति उत्पादन गर्ने अगतिशील-हरूको विरूद्धमा अथवा त्यस किसिमका प्रवृत्तिको प्रतिरोधमा चिन्तित त छौं, तर त्यसमा हाम्रो सामूहिक तथा संगठित प्रयत्न छैन । एउटै लक्ष्य र उद्देश्य बोकेर पनि आफ्नो सारा बलबुद्धि एक अर्काको खुट्टा तान्न हामी खर्च गरिरहेका छौं ।



तसर्थ, स्वच्छ चिजलाई अस्वस्थ फोहोरको डँगुरले छोपेको वर्तमान अवस्थामा उनीहरूको आक्रमणका विरूद्ध प्रतिरोधको घनत्व बढी र संगठित हुनुपर्छ । रोगको मूल जरो समातेर आवश्यकता अनुसार औषधी वा अप्रेशन गर्नुपर्छ, जसको उत्तम उपाय प्रचार-मिडियालाई उपयोग गर्नु नै हो ।

**-कैलाशकुमार सिवाकोटी**
बयरवन-९, मोरंग

◆ जनताका पक्षमा जनताको मुक्तिका लागि लड्ने, संघर्ष गर्ने अलग खेमा र समूहमा विभक्त हाम्रा जनताका कलाकारहरूबीच सामूहिक र बलियो एकता हुनु जरूरी छ । सामूहिक एकतामा नै एउटा बल हुन्छ । त्यही बल वा शक्तिले नै हरेक क्षेत्रमा सफलता हासिल गर्न सकिन्छ ।

जीवनमुखी, व्यावहारिक, सार्थक र जनताको भावनाले ओतप्रोत भएको गीत-संगीत र फिल्मको उत्पादन र व्यापक प्रचारप्रसार एवं प्रदर्शन गरिनु पर्दछ । इलेक्ट्रोनिक मिडियामा जानु पर्दछ । सबै प्रगतिशलि जन-पक्षीय कलाकार-हरू र जनतान्त्रिक शक्तिहरू एकजुट भई प्रतिक्रियावादी संस्कृतिका विरूद्ध अभियान छेड्नु पर्छ । संख्यात्मक बृद्धितर्फ होइन, गुणात्मक बृद्धि र उत्पादनमा जोड दिनुपर्छ । श्रव्यदृश्यको हरेक क्षेत्रमा व्यापक परिवर्तन ल्याई जनताको घरदैलोमा व्यापक प्रचारप्रसार गर्नुपर्छ । परिवर्तनशील युवा-युवतीहरूले र बौद्धिक वर्गहरूले हरेक क्षेत्रमा विकृतियुक्त फिल्म र अन्य विकृत सांस्कृतिक अतिक्रमणले पार्ने असरबारे व्यापक शिक्षादिक्षाको प्रचारप्रसार गर्नुपर्छ । अनि मात्रै कुहिगन्धे दुर्गन्धित र विकृतियुक्त फिल्महरूप्रति जनताको घृणा जाग्दछ र उनीहरूकै नजरमा यी भस्म हुनेछन् ।



**-सूर्य विनोद कुईकेल**
नुवाकोट रामति

◆ विकृत फिल्महरूका कारणले समाजमा बढिरहेको विकृति र भ्रष्टतालाई कसरी रोक्न सकिएला भन्ने कुरा छ, त्यो त्यति सरल नभए पनि असंभव नै छ भन्ने चाहिँ अवश्य होइन । मानिसमा स्वार्थीपन, हिंस्रक क्रुर, बिलासी, भड्किलो, पाशविक प्रवृत्ति र यौनउत्तेजना भड्काउने फिल्महरूको निर्माण र प्रदर्शनी कार्यमा एकातर्फ कठोरताका साथ बन्देज र नियन्त्रण कायम गरिनु पर्दछ भने अर्कोतर्फ समुचित भण्डाफोर, विरोध र धज्जी उडाउने जस्ता कार्यका माध्यमले जनमानसमा त्यस्ता फिल्महरूप्रति घृणाभाव जाग्रित गर्नु पर्दछ । यसरी उच्च मानवीय मूल्य-मान्यता, आदर्श, सुसंस्कृति र सत्चरित्रको जगेर्ना गर्ने स्वस्थ, जीवनोपयोगी, ज्ञानबर्धक, व्यवहारिक जनमुखी र प्रगतिशील फिल्महरूप्रति रूचि र आकर्षण अभिवृद्धि गर्नुपर्दछ । त्यस्ता फिल्महरूको उत्पादन कार्यलाई प्रोत्साहित पार्न सुझबुझपूर्ण र योजनाबद्ध अभियानको थालनी गर्नुपर्ने हुन्छ । यस कार्यमा सरकारी पक्ष र यस क्षेत्रका नीति -निर्माताहरू र जनस्तरबाट प्रगतिशील लेखक, समीक्षक, समालोचक, बुद्धिजीवी र सबै सचेत नागरिकहरूको महत्त्वपूर्ण भूमिका रहन सक्छ ।

**-गोकुल घोरासइने**
निजगढ-५, बारा

◆ छाडा फिल्म र श्रव्यदृश्य सामाग्रीले प्रत्यक्ष रूपमा प्रभाव पार्ने वर्ग भनेको अचेतन युवा मन हो । यी उर्वर युवा मनलाई सामाजिक विकास र चेतनाको बाटोबाट विचलित तुल्याउनमा फिल्महरूको ठूलो हात छ ।

यसको समाधानका निम्ति २ प्रकारका उपायहरू छन् । प्रथमतः समाज र सामाजिक विकासको वैज्ञानिक विश्लेषण गर्न सक्ने खालको आफ्नो मनस्थिति तयार पार्न स्वयं युवा वर्गबाट स्वनिर्माणको प्रकृया थाल्नु जरूरी छ । उपभोक्तावादको प्रचारले फिल्म निर्माता र निर्माताको समग्र वर्गलाई फाइदा गराउन गलत सांस्कृतिक मान्यताको स्थापना गर्ने प्रयास यहाँ भइरहेको छ । हामी यिनलाई बुझ्न सक्ने बन्नु जरूरी छ । कसरी युवाशक्ति र चिन्तनको दुरूपयोग भइराखेको छ ? कसरी युवा शक्तिलाई देशको निर्णायक चेतनशील वर्ग बन्नबाट रोकेर खाने, पिउने र मोज गर्ने अराजक दस्ताको रूपमा विकसित पार्ने षड्यन्त्र भइराखेको छ ?- यी कुराहरूप्रति हामी स्वयं युवा नै चेतनशील बन्नु एउटा उपाय हो ।

अर्को, जनता र राष्ट्रहितप्रति समर्पित वामपन्थी पार्टीहरू, संघ, संस्था र अन्तर्क्रिया प्रकाशन जस्ता संचारमाध्यमले यसकाविरूद्ध महत्वपूर्ण भूमिका खेल्नु आवश्यक छ । पत्रिका वा कुनै मिडियाले यी फिल्म राम्रा हुन्, नराम्रा हुन् भन्ने खालको उपदेशात्मक सन्देश मात्र नदिई पाठक वा दर्शकलाई समग्र चलचित्रको मूल्यांकन गर्न सक्ने चेतनाको विकास गराउनु ज्यादै आवश्यक छ ।

सरकारी क्षेत्रबाट गर्नुपर्ने कुरा त उल्लेख गर्नु आवश्यक छैन । किनकि, श्रमिक वर्गका दुरगामी हितका कुरामा गैर श्रमिकको सरकारसंग बिलौना गर्नु, हिन्दीमा भनेझैं 'भैंस के आगे बीन' हुन जान्छ ।

**कुसुम ज्ञवाली**
पुल्चोक, इन्जीनियरिंग क्याम्पस

## आगामी अंकको लागि प्रश्न

के के मूलभूत त्रुटी कमजोरी देखिदैछ नेपाली कम्युनिष्ट आन्दोलनमा ?

**यस विषयमा २०० शब्दमा नबढाई आफ्नो विचार लेखी पठाउन हुन पाठक वर्गमा अनुरोध छ । प्राप्त विचारहरुमध्ये छानिएका विचारहरु प्रकाशित गरिनेछन् । साथमा आफ्नो एक प्रति फोटो पनि पठाउन हुन अनुरोध छ । -मूल्यांकन**

### अंक ४५ समग्रमा

पूर्णाङ्क ४५ समयमै हात पर्‍यो। "हाम्रो मूल्याङ्कन" एकदमै सटीक र समय सान्दर्भिक रहेको छ। राजा फर्काउन निश्चय पनि पुनरूत्थानवादी शक्तिहरूद्वारा चाल चलिएको छ र यस्ता किसिमका विभिन्न कार्यक्रमहरू पनि संचालित भएको यो अवस्थामा देशभक्त र मार्क्सवादी मित्रहरूलाई 'मूल्यांकन'ले सोच्न बाध्य तुल्याएको छ। वर्तमान अवस्थामा माओका विचारलाई 'वाद'को नाम दिएर जडसूत्रवादी भएर छापामार युद्ध गरिराखेका माओवादी मित्रहरूका गतिविधिहरूको चिरफार गरेर सोसम्बन्धी तमाम शंकाहरू हटाइदिनु भएकोमा धन्यवाद छ। निश्चय पनि सर्वहारा वर्गको मुक्तिको लागि जनसंघर्ष र क्रान्ति जरूरी हुन्छ। तर सोको लागि पूर्वाधार तैयार भएको हुनुपर्छ, समाज स्थिति सोअनुरूप विकसित भएको हुनुपर्छ। माओवादी मित्रहरूसितको सैद्धान्तिक बहसले यो झन् स्पष्ट भएको छ।

विश्व कम्युनिष्ट आन्दोलनको सन्दर्भमा यस पटक अष्ट्रेलिया, रूस र PKK का बारेमा जानकारी पाउँदा हर्षित छु। समाजवादी मुलुकमा महिलाहरूले स्वतन्त्रता र समानता पाउन सक्दैनन् भन्ने बुर्जुवा कथनहरूको विरूद्ध यो पाला 'प्रजातन्त्रका जननी...' लेखले यी कथनहरूको यथार्थता स्पष्ट पारेको छ। साथै, विगत लामो समयदेखि चर्चित पेरू बन्धक प्रकरणमा क. सेर्पाको जीवनीले मुक्ति पथमा अगाडि बढ्न प्रेरणा दिएको छ। साथै, भिक्टर पोलेको जीवनगाथा पनि प्रेरणादायक रहेको छ। मैले शहीद दशरथचन्दकै जिल्लाको निवासी भएर पनि शहीद दशरथ चन्दबारे स्पष्ट जान्न नपाएकोमा यो पालाको मूल्यांकनमा उनको राजनैतिक प्रभाव र विचार-धाराबारे स्पष्ट जान्न पाएकोमा धेरै खुसी लागेको छ। चन्द्रदेव नेपालीको 'उपदेश...' बारेको लेख पनि राम्रो रहेको छ। 'भलो कुराको नमूना' ले जनसाहित्यलाई अगाडि बढाउन र चाकडीवादी साहित्यको विरोध गर्न प्रेरणा दिएको छ।

महत्वपूर्ण स्तम्भ 'अन्तर्क्रिया' मा यो पालको अन्तर्क्रिया राम्रो छ। पश्चिमेली संस्कृतिको मारमा छटपटिएको हाम्रो संस्कृतिको विकास र संरक्षणको निम्ति कम्युनिष्टहरूबाट ठोस कदम चालिनुपर्ने हो, सो भएको छैन र यसबारे 'मूल्यांकन'ले उठाएको कदमको म सराहना गर्दछु।

नयाँ स्तंभ 'उत्पीडित चौतारी' शुरू गर्नु भएकोमा धन्यवाद। साथै, मार्क्सवाद परिचयमाला थप्नु भएकोमा पनि धन्यवाद छ।

-**गोकर्ण विष्फोट**, सिद्धनाथ साइन्स क्याम्पस, महेन्द्रनगर, कंचनपुर-२, गुरूखोला उल्टाखामा

### माओवादी जनयुद्धबारे

हामी रोल्पाका बन्दीहरू 'मूल्यांकन' मासिकका नियमित पाठक हौं। खुला वातावरणमा मात्र होइन, पर्खालभित्र 'मूल्यांकन' बन्दी बनाइएका निर्दोष आत्माहरूको पनि ढुकढुकी बन्दै आइरहेको छ र हाम्रो बन्दी जीवनलाई नौलो जीवनदान दिइरहेको अनुभूति गरिरहेका छौं र भविष्यसम्म पनि गर्न पाइरहने छौं भन्ने आशा र भरोसा गरेका छौं।

गतांकमा ने.क.पा. माओवादीद्वारा संचालित जनयुद्धको चिरफार शीर्षकमा लेखेको रचना पढियो। त्यसमा अलिकति अस्पष्ट भएजस्तो अनुभव भयो। किनभने, त्यस रचनामा कुनै प्यारागाफमा माओवादी पार्टीको अतिमूल्यांकन गरेको पाइयो भने कुनै प्यारागाफमा अवमूल्यांकन गरेको पाइयो। फेरि कतै अर्को क्रान्तिकारी शक्ति प्रादुर्भाव भएमा माओवादीहरूको प्रभाव घट्ने कुरा लेखेको पाइयो। त्यस्तो कुन पार्टी क्रान्तिकारी भएर निस्केला ? सो पार्टीको नाम पनि उल्लेख गरेको भए हामीहरू स्पष्ट हुने थियौं।

**तीर्थराज ओली**, ढिकपुर-६, अंस्परी दाङ (हाल: रोल्पा, कारागार)

### एउटा पढूँ, अर्को छुट्ने !

म 'मूल्यांकन'को नियमित पाठक हुँ साथै नवयुवाको पनि। तर हाल आएर मूल्यांकन र नवयुवाको मूल्य बृद्धि गर्ने भनेर छापिएकोमा म जस्तो युवाले पत्रिका पढ्न बन्चित हुनुपर्ने अवस्था आएको छ। किनकि, मूल्यांकनको रू १५।- र नवयुवाको रू १०।- जम्मा २५ मासिक खर्च पत्रिकामा नै हुन्छ। तर एउटा साधारण नेपालीको आम्दानी भने भन्न पर्दैन। म एक विद्यार्थी पनि हुँ, कोर्षको लागि उत्तिनै खर्च हुन्छ।

त्यसैले, मूल्यांकनको पनि बढ्ने र नवयुवाको पनि बढ्ने। एउटा पढुँ एउटा छुट्ने, एउटा पढूँ एउटा छुट्ने ! के गर्ने दोसाँधमा छु। पत्रिका पढ्ने पाठक सबैको एउटै स्तर हुँदैन। विचार पुऱ्याइयोस्।

-**वीरेन विकल तमु**
पाङ्मा-४, सेकाहा, संखुवासभा

### मूल्य बढाए हुन्छ

'मूल्यांकन'को पूर्णाङ्क ४४ सशक्त ज्ञानबर्द्धकका साथै रोचकताले भरिपूर्ण पाएँ। अतः यस्तो ज्ञानमूलक पत्रिकाको रू. ५।- मूल्य बृद्धिको लागि म पूर्ण सहमत छु। बरू पृष्ठसंख्या बढाई छापिनु पर्‍यो र संस्मरण जस्ता विषयलाई पनि नियमित स्थान दिनु पर्‍यो।

**विषाद**, भ्यालुण्टर-७

### मूल्यबारे

म पनि 'मूल्यांकन' मासिकको नियमित ग्राहक हुँ। मुद्रा, कागज र उत्पादन कार्यका अन्य सबै पक्षहरूमा निरन्तर मूल्यबृद्धि भएको कुरा जायज हो। मलाई त यो पत्रिका रू. १५।- मा प्रकाशित भएर बजारमा आउनु यसका लागि समस्या नै भएको होला भन्ने महसुस भएको छ। यही साइजको र करीब यसकै जति पानाहरू भएका अन्य पत्रिकाको मूल्य पनि २०/-, २५/- सम्म भएको पनि देखिन्छ। र, अबका हरेक अंकमा नियमित रूपमा विचार अन्तर्क्रियाको सामग्री प्रकाशित गरियोस्, अरू थप ज्ञानबर्द्धक र रोचक सामग्रीलाई पनि समेटियोस्। यति गरेर यस पत्रिकाको मूल्य रू.२०/- गर्दा ठीक, समयानुकूल र जायज नै होला जस्तो लाग्दछ। अन्तमा, यस पत्रिकालाई नव वर्ष २०५४ को हार्दिक शुभकामनासहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

-**सुनिल लम्साल**, कैलाली जिल्ला हुलाक कार्यालय, धनगढी, कैलाली

### ५० पेजको मूल्यांकन

म येनकेन प्रकारले मूल्यांकनको नियमित पाठक बन्दै आइरहेको छु। पूर्णाङ्क ४४ समयमै हात पर्‍यो। यसैगरी मूल्यांकनको सच्चा प्रगतिवादी निरन्तरता बढ्दै जाओस्। संसदीय मोहले यसलाई पतीत तुल्याउन नसकोस्। केही पाठकहरूले "८ पेज थप गरियोस्' भनी दिनु भएको सुझाव अत्यन्त उपयोगी छ। मूल्य बढ्नु त स्वभाविकै हो। ५० पेजको मूल्यांकनको प्रतिक्षामा छु।

-**खडानन्द बजगाईं**, अर्जुनधारा-१, हुलाक शनिश्चरे, झापा

### गतांकमा

आवरण पृष्ठमा छापिएको डा. बाबुराम भट्टराई र माओवादी जनयुद्धमा संलग्न योद्धाको काल्पनिक चित्रले माओवादीहरूको एक वर्षको सम्झना गराएको छ। हाम्रा शहीद दशरथ चन्दको बारेमा विभिन्न ग्रन्थहरूबाट खोजी लेखिदिनु भएकोमा मुक्ता श्रेष्ठलाई धन्यवाद छ। यसमा अझ बढी सफलता कमाउन नयाँ स्तम्भहरूको पनि थालनी गरेकोमा हृदयदेखि नै धन्यवाद दिन्छु। साथै यसले रमाइला चुट्किला पनि प्रकाशित गर्ने गरेमा सुनमा सुगन्ध हुने थियो। यसले कागजमा ध्यान दिनुपर्‍यो र अक्षर पनि केही ठूला बनाएर छाप्ने गर्नुपर्‍यो।

-**भवनाथ घिमिरे 'प्रवासी'**, तपेश्वरी-७ (भालमन्ती), उदयपुर, सगरमाथा

### दार्जिलिङ्गबाट

नेपाली पत्रिका 'मूल्यांकन' विचार अन्तर्क्रिया मासिक अति उत्तम लाग्यो। अन्य नेपाली पत्रपत्रिकाले दिन नसकेको खुराक यसले पुऱ्याउँदैछ। यसका निमित्त दार्जिलिङ्गेहरूको तर्फबाट मेरो मुरीमुरी धन्यवाद।

-**दीपक 'दीप' बरुवाल**
मिनेरल स्प्रीङ, लेबोङ-दार्जिलिङ

### भारतमा रहेका नेपालीहरुको आवाज

आफ्नो प्यारो देशबाट रोजीरोटीको खोजमा विदेशिन बाध्य भएका हामी नेपालीहरू प्रायः गरेर भारतको जम्मु काश्मिरदेखि लिएर कन्याकुमारीसम्म, आसाम मेघालयदेखि लिएर बम्बैको खाडीसम्म जतासुकै भारतका गल्ली-गल्लीहरूमा आफ्नो अमूल्य खून पसिना भारतका दलाल नोकरशाही पूँजीपतिहरूलाई सस्तोभन्दा सस्तो मूल्यमा बेच्न र अमानवीय जीवन बिताउन बाध्य भएका छौं तर देशप्रतिको अपार माया र स्नेह स्वदेशमा बस्ने नेपालीहरूको भन्दा हाम्रो कम छैन, बरू बढी नै होला। त्यसैले होला, विदेशमा बस्ने हामी लाखौंलाख शोषित-पीडित नेपालीहरूका लागि मातृभूमि मुटुको ढुक-ढुकी बनेर बसेको छ। त्यहाँ हुने राष्ट्रिय जन-आन्दोलनहरूमा हाम्रो पूर्ण समर्थन रहँदै आएको छ। भरखरै मेची सीमानाको अतिक्रमण र महाकाली जस्तो राष्ट्रघाती सन्धि सम्झौताहरूको विषयलाई लिएर हाम्रों रगत तातेर आएको छ। विदेशी संचारमाध्यमहरूले हाम्रो जस्तो देशका सत्य समाचारहरू एक त दिँदैनन्, पछि दिइहाले पनि आफ्नै देशको बढाइँचढाइँ गरेर दिने गर्दछन्। यसै सन्दर्भमा केही साल पहिलाबाट मात्रै स्वदेशबाट 'मूल्यांकन' जस्तो स्तरीय पत्रिका मगाएर नियमित अध्ययन मनन गर्न लागेका छौं। यसको भूमिका अति नै सह्रानीय छ। पूर्णांक ४४ सम्ममा प्रकाशित, विश्व कम्युनिष्ट आन्दोलन, आवरण कथा, घटना प्रवृत्ति, विज्ञान-प्रविधि, नीति संस्कृति, दर्शन दिगदर्शन आदि स्तम्भ अति नै प्रशंसनीय छन्। साथै २०५३ जेष्ठमा प्रकाशित नेपालका नौं वामपार्टीहरूको दस्तावेजसम्बन्धी स्तम्भ अति नै अध्ययनयोग्य थियो तर बीचैमा रोकियो, किन होला ?

-**आर.पि. शर्मा, धनबहादुर थापा, शिवलाल रोका, धनबहादुर नेपाली लगायत अन्य साथीहरु**, कविनपुरम्, तिरूवनन्दपुरम केरला प्रदेश, दक्षिण भारत

### पढ्न छाड्नु पो पर्छ कि ?

तपाईको लोकप्रिय प्रकाशन ज्यादै स्तरीय छ। पत्रिकाको स्तर ज्यादै राम्रो र पठनीय छ। यसनिम्ति हामी हृदयदेखि सम्पादक मण्डललाई धन्यवाद दिन चाहन्छौं। तर फागुन अंकमा पत्रिकाको पेज बढाई मूल्य बढाउने पाठक सुझाव जो मागिएको छ, यसमा हामीलाई ठूलो आपत्ति छ। विश्वस्तरमा पुग्ने 'इण्डिया टुडे'को मूल्यलाई दाँज्दा तपाईको प्रकाशन अति नै महँगो लाग्दछ। तर पनि नेपालको प्रकाशन, बृद्धिजीवीहरूको प्रयासलाई सऱ्हाहना गरी पत्रिका किन्दै आएका छौं। तर पुनः मूल्यबृद्धिको कुरा पाठकसंग सुझाव मागी बढाउनु कहाँसम्म उचित होला ? चेपुवामा नचेपी तिल, तोरीबाट पनि तेल आउँदैन, पाठकलाई चेप्नै पर्छ भनी चेप्ने मूल्यांकनको धारणा भए यसप्रति हामीलाई खेद छ। अन्त्यमा, मूल्य स्थिर राखी पत्रिकाको पेज बढाउनु भएमा हाम्रो तर्फबाट साधुवाद व्यक्त गर्ने थियौं। धन्यवाद।

-**मनिता कोइराला**, भरतपुर १, धनुषा

# A taste of Shangrila in the sky



Royal Nepal Airlines operate regular flight from Kathmandu to London, Paris, Frankfurt, Dubai, Bombay, Culcutta, Delhi, Bankok, Singapore, Osaka, Shanghai & Hong Kong.

You can warm to the gentleness of Nepalese culture, tradition and the authentic spirit of Nepalese hospitality aboard.

*Best way to visit Nepal is Royal Nepal*

visit nepal '98

**Royal Nepal Airlines**

RNAC, Building, P.O.Box 401
Kathmandu, Nepal
Tel: 977-1-220757
Fax: 977-1-225348

| BANGKOK | BOMBAY | CALCUTTA | DELHI | DUBAI | FRANKFURT | HONGKONG | LONDON | OSAKA | SHANGHAI | SINGAPORE |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 2165691 | 2835489 | 298534 | 3321577 | 287122 | 259342 | 23759151 | 4940974 | 2292541 | 2708352 | 3395535 |

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

## Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)